# दोधारा चाँदनी नगरपालिकाको

## दश वर्षे

# नगर शिक्षा योजना

### आ.व. २०८१।०८२ देखि २०९०।०९१




## दोधारा चाँदनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कञ्चनपुर

## नगर प्रमुखको तर्फबाट दुई शब्द



शिक्षा प्रत्येक व्यक्तिको जीवनमा परिवर्तनको संवाहक हो । समावेशी, सुलभ, गुणस्तरीय र व्यवहारिक शिक्षाको माध्यमबाट मात्र समुन्नत समाजको निर्माण सम्भव हुन्छ । यही तथ्यलाई आत्मसात गर्दै दोधारा चाँदनी नगरपालिकाले दश वर्षे नगर शिक्षा योजना (आर्थिक वर्ष २०८१/८२ देखि २०९०/९१ सम्म) तर्जुमा गरेको छ, जसले नगरको समग्र शैक्षिक विकासका लागि मार्गचित्रको रूपमा कार्य गर्नेछ । विगतका वर्षहरूमा शिक्षा क्षेत्रमा थुप्रै पहलहरू गरिए तापनि योजना, कार्यान्वयन र अनुगमनमा देखिएको असमर्थता, स्रोत र साधनको न्यून उपयोग, तथा शिक्षामा गुणस्तर र समान पहुँचको अभाव जस्ता विभिन्न कमी कमजोरीहरू देखिँदै आएका छन्। यिनै समस्याहरूको पहिचान गर्दै, दीर्घकालीन सोच र रणनीतिका साथ यो योजना निर्माण गरिएको हो ।

उक्त योजनाले विद्यालय शिक्षा मात्रै होइन, माध्यमिक, प्राविधिक तथा उच्च शिक्षासम्मको पहुँच, गुणस्तर र उत्तरदायित्वलाई सुनिश्चित गर्ने उद्देश्य लिएको छ। डिजिटल शिक्षा प्रवर्द्धन, शैक्षिक पूर्वाधारको सुधार, शिक्षकको क्षमता अभिवृद्धि, समावेशी र बालमैत्री शिक्षण वातावरण निर्माण, विपन्न तथा पहुँचबिहीन समुदायका बालबालिकाका लागि विशेष कार्यक्रमको सञ्चालन लगायतका बहुआयामिक विषयहरू यस योजनामा समेटिएका छन् ।

यस दस वर्षे योजनाको मस्यौदा निर्माण तथा रणनीतिक तयारी प्रक्रियामा सक्रिय सहयोग पुऱ्याउने सम्पूर्ण सरोकारवाला पक्षहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं। यस कार्यमा अमूल्य मार्गदर्शन तथा सुझाव दिनु हुने आदरणीय जनप्रतिनिधिहरू, विषय विशेषज्ञहरू, निर्माण मस्यौदा समिति, UNICEF, सामुदायिक विकास केन्द्र (CDC) , अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID), EGL लगायतका विकास साझेदार संस्थाहरूलाई विशेष कृतज्ञता प्रकट गर्दछौं । तपाईंहरूको निरन्तर सहयोग, सल्लाह र प्रतिबद्धता बिना यो योजना यथार्थपरक, समावेशी र दीर्घकालीन विकासको दिशामा मार्गदर्शक बन्न सक्दैनथ्यो ।

नगरपालिकाको नेतृत्वमा स्थानीय स्रोत, सरोकारवाला निकायहरूको सहभागिता, शिक्षा क्षेत्रका विज्ञहरूको सल्लाह तथा समुदायको सक्रिय सहकार्यमा यो योजना कार्यान्वयन गरिनेछ। विद्यालय तहदेखि प्राविधिक तथा उच्च शिक्षासम्म दोधारा चाँदनी नगरलाई शिक्षामा आत्मनिर्भर, समावेशी, नवप्रवर्तनशील र सक्षम नगर बनाउने हाम्रो साझा उद्देश्य रहेको छ ।

म यस योजनाको सफल कार्यान्वयनका लागि नगरभित्रका सम्पूर्ण शैक्षिक संस्था, शिक्षक, अभिभावक, विद्यार्थी, सामाजिक संघ–संस्था तथा सरोकारवाला पक्षहरूबाट सक्रिय भूमिका र निरन्तर सहयोगको अपेक्षा गर्दछु ।सम्पूर्ण नगरवासीहरूलाई यस ऐतिहासिक योजनाको शुभारम्भमा हार्दिक बधाई ज्ञापन गर्दै, शिक्षाको माध्यमबाट समृद्ध र सभ्य समाज निर्माणमा सबैलाई सहभागी हुन अनुरोध गर्दछु ।

धन्यवाद।

किशोर कुमार लिम्बु
नगर प्रमुख

## नगर उप-प्रमुखको तर्फबाट दुई शब्द



शिक्षा जीवनको आधार स्तम्भ हो। "गुणस्तरीय शिक्षा, समावेशी पहुँच" भन्ने मूल नाराका साथ दोधारा चाँदनी नगरपालिकाले आगामी १० वर्ष (२०८१/८२ देखि २०९०/९१ सम्म) का लागि नगर शिक्षा योजना निर्माण गरेको छ। विगतका अनुभवहरूलाई आत्मसात गर्दै भविष्यप्रति दूरदृष्टि राखी बनाइएको यस योजनाले विद्यालय शिक्षा मात्र होइन, माध्यमिक, प्राविधिक तथा उच्च शिक्षासम्मको पहुँच, गुणस्तर, समावेशिता र उत्तरदायित्व सुनिश्चित गर्ने विश्वास लिएको छ। डिजिटल शिक्षाको प्रवर्द्धन, पूर्वाधार सुधार, शिक्षक क्षमता अभिवृद्धि, र सीमान्तकृत समुदायका बालबालिकालाई लक्षित कार्यक्रमहरू यस योजनाको मूल अङ्ग हुन्।

यस महत्त्वपूर्ण कार्यमा सहकार्य र योगदान गर्ने सम्पूर्ण सरोकारवाला निकाय, जनप्रतिनिधि, शिक्षा अभियन्ता, विषय विशेषज्ञ, विकास साझेदार (UNICEF, CDC, USAID, EGL आदि) सबैप्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

तपाईंहरूको समर्थन बिना यति समावेशी, यथार्थपरक र दीर्घकालीन योजना सम्भव हुने थिएन। अब यो योजनाको सफल कार्यान्वयनमा पनि तपाईंकै निरन्तर सहकार्य अपेक्षित छ।

धन्यवाद।

गंगा देवी जोशी
नगर उप–प्रमुख

## हार्दिक आभार



जनताको सबै भन्दा नजिकको सरकार स्थानिय तहभएको हुनाले जनता सँग प्रत्यक्ष रुपमा सरोकार राख्ने कुराहरु लगायत आधारभूत आवश्यकताहरुको सम्बोधन गर्ने कर्तव्य स्थानिय तहलाई हुन आउछ। शिक्षा, स्वास्थ्य, पूर्वधार, कृषि, पशु लगायतका विषयमा प्रत्यक्ष र परोक्षरुपमा स्थानिय सरकार र जनताको सम्बन्ध रहेको हुन्छ भने जनजीवीका र रोजगारीका सन्दर्भमा पनि उत्तिकै ध्यान दिनुपर्ने हुन्छ। शिक्षाले व्यक्ति समाज र राष्ट्रको परिवर्तन गर्ने महत्वपूर्ण भूमिका खेल्ने हुँदा प्रत्येक व्यक्तिलाई गुणस्तरिय शिक्षा प्रदान गर्नु स्थानीय सरकारको जिम्मेवारी हुन आउछ। शिक्षाको समग्र पक्षको विकासका लागि स्पष्ट शिक्षा नीति, लगानीमा बृद्धि, शैक्षिक सुधारका कार्यक्रमहरुको छनौट र कार्यान्वयन गर्नु जरुरी हुन आउछ। शिक्षाका राष्ट्रिय तहगत उद्देश्यहरु पुरा गर्नका लागि सबै तहका सरकारले स्पष्ट शिक्षा नीति लिई कार्यान्वयन गर्नु जरुरी हुन्छ। यस तथ्यलाई मध्यनजर गर्दै दोधारा चाँदनी नगरपालिकाले नगर क्षेत्र भित्रको शैक्षिक विकास गरी, यसलाई गन्तव्यको थलोको रुपमा विकास गर्न १० वर्षका लागि नगर शिक्षा योजना कार्यान्वयनमा ल्याई शिक्षाको लक्ष्य एवं उद्देश्यहरु हासिल हुने अपेक्षा लिएको छ। योजना नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि सहयोग पुर्याउने पथप्रर्दशकको भूमिकामा रहनुहुने सम्पूर्ण सरोकारवाला पक्षहरुप्रति आभार प्रकट गर्दछु ।

शिक्षा योजना एउटा दस्तावेज भएको हुनाले यसका लक्ष्य, उद्देश्य र कार्यक्रमहरु केही बढी महत्वाकांक्षी पनि हुन सक्छन भने कतिपय कार्यक्रमहरु छुटेका र दोहोरिएका पनि हुन सक्छन्। त्यसका लागि योजना निर्माण टोलीले विशेष ध्यान दिएको महसुस गरेको छु। यो १० वर्षे शिक्षा योजना कार्यान्वयन गर्नका लागि संघिय सरकार, प्रदेश सरकार, स्थानिय सरकार, जनप्रतिनिधी, सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको महत्वपूर्ण भूमिका रहने आपेक्षा लिएको छु। अन्तमा नगर शिक्षा योजना निर्माणमा रहेका कमीकमजोरी आगामी दिनमा सच्याउनका लागि सुझावको अपेक्षा गर्दै योजना निर्माणमा खटिनुहुने सम्पूर्ण नगरबासी, शिक्षाप्रेमी मित्रहरु लगायत यसलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्ने संघ संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु।

धन्यवाद

गणेश दत्त जोशी
प्रखुम प्रशासकीय अधिकृत

## नगर शिक्षा योजन निर्माण मस्यौदा समिति को नामावली

| | |
|---|---|
| १. नगरप्रमुख श्री किशोर कुमार लिम्बु - | संयोजक, |
| २. नगर उपप्रमुख श्री गंगा जोशी - | सदस्य |
| ३.श्री ओमप्रकाश रोकाया- | सदस्य |
| ४. श्री पुरुषोतम पन्त - | सदस्य |
| ५. श्री श्रीनाथ बराल - | सदस्य |
| ६. श्री खिमा चन्द - | सदस्य |
| ७. श्री गोकूल देव विष्ट,. | सदस्य |
| ८. श्री गगन बहादुर खड्का- | सदस्य |
| ९ श्री कृष्ण बहादुर चन्द | सदस्य |
| १०.श्री ओकिल बस्नेत | सदस्य |
| ११.शिक्षा शाखा प्रमुख श्री हरि दत्त जोशी- | सदस्य सचिव |

## नगर शिक्षा योजन निर्माण मस्यौदा उप- समिति को नामावली

| | |
|---|---|
| १. श्री पुरुषोतम पन्त - | संयोजक, |
| २.. श्री श्रीनाथ बराल - | सदस्य |
| ३ . श्री खिमा चन्द - | सदस्य |
| ४. श्री गोकूल देव विष्ट,. | सदस्य |
| ५. श्री गगन बहादुर खड्का- | सदस्य |
| ६. श्री कृष्ण बहादुर चन्द | सदस्य |
| ७.श्री ओकिल बस्नेत | सदस्य |

## विषय सूची


**योजनाको सारांश** पेज नं.

क. विषय प्रवेश........................................................ १
ख. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य........................ २
ग. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य........................ २
घ. शिक्षा योजना निर्माणका आधार........................................ ३
ङ. शिक्षा योजना निर्माण प्रक्रिया........................................... ३
च. योजनाको लेखाजोखा................................................ ४
छ. योजनाको दस्तावेजको स्वरूप......................................... ५

**परिच्छेद एक: परिचय**

१.१ वर्तमान अवस्था ........................................................ ६
१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण ................................ १८
१.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण...................................... १९
१.४ अवसर........................................................................ २१

**परिच्छेद दुई: दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण**

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधारहरू ........................ २२
२.२ दूरदृष्टि.................................................................................... २२
२.३ लक्ष्य........................................................................................ २२
२.४ उद्देश्य...................................................................................... २५
२.५ रणनीति.................................................................................... २६
२.६ कार्यनीति ................................................................................. २६
२.७ अपेक्षित उपलब्धि........................................................................ २७
२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........................................ २८

**परिच्छेद तीन: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू**

३.१ प्रारम्भिकबाल विकासर शिक्षा......................................................... ४३
३.२ आधारभूत शिक्षा ........................................................................ ५०
३.३ माध्यमिक शिक्षा.......................................................................... ५४
३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम ........................................ ५९
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........................................... ६३

**परिच्छेद चार: अन्तर-सम्बन्धित विषय क्षेत्रहरू**

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन.................... ७७
४.२ शिक्षक व्यवस्थापन र विकास ........................................................ ७७
४.३ शिक्षामा समता र समावेसीकरण .................................................... ८७
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम .......................................... ९४
४.५ विद्यालय सुरक्षा,विपद् न्यूनीकरण तथा उत्थानशिलता ........................ ९८
४.६ भौतिक पूर्वाधार र विकास ........................................................... १०७
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि.......................................... ११२

**परिच्छेद पाँच: अन्य उपक्षेत्र**


५.१ माध्यमिक शिक्षा र उच्च शिक्षाको सम्वन्ध ........................................... ११८
५.२ वर्तमान अवस्था ........................................................................... ११९
५.३ सामुदायिक क्याम्पसका समस्याहरू ................................................... ११९
५.४ सामुदायिक क्याम्पसका अवसरहरू.................................................... १२०
५.५ सामुदायिक क्याम्पसका लक्ष्यहरू ..................................................... १२०
५.६ सामुदायिक क्याम्पसका रणनितिहरू ................................................. १२१
५.७ अपेक्षित उपलब्धि तथा नतिजाहरू .................................................... १२२
५.८ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू ..................................................... १२३


**परिच्छेद छ: सुशासन तथा व्यवस्थापन**


६.१ परिचय ........................................................................................ १२५
६.२ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास.............................. १२६
६.२.१ वर्तमान अवस्था ........................................................................ १२६
६.२.२ चुनौती र अवसरहरू .................................................................... १२७
६.२.३ उद्देश्यहरू.................................................................................. १२७
६.२.४ रणनितिहरू ................................................................................ १२८
६.२.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरू ...................... १२८
६.३ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........................................ १३१
६.३.१ वर्तमान अवस्था ........................................................................ १३१
६.३.२ समस्या तथा चुनौतीहरू ................................................................ १३२
६.३.३ योजना कार्यान्वयनको प्रबन्ध .......................................................... १३२


**परिच्छेद सात: लगानी र श्रोत व्यवस्थापन**


७.१ परिचय ........................................................................................ १३५
७.२ वर्तमान अवस्था ........................................................................... १३५
७.३ शिक्षामा निजी लगानी ..................................................................... १३७
७.४ शिक्षाका विभिन्न उपक्षेत्रमा भएको लगानीको अवस्था.......................... १४५
७.५ उद्देश्यहरू ................................................................................... १४८
७.६ रणनीतिहरू .................................................................................. १४८
७.७ लगानी र स्रोत व्यवस्थापन ............................................................ १४९


**परिच्छेद आठ :** अनुगमन तथा मुल्यांकन


८.१ परिचय ........................................................................................ १५४
८.२ वर्तमान अवस्था............................................................................ १५४
८.३ उद्देश्य.......................................................................................... १५६
८.४ रणनीतिहरू .................................................................................. १५६
८.५ उपलब्धि, नतिजाहरू, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू ...................... १५७
**सन्दर्भ सामग्रीहरू/ अनुसूचीहरू**................................................ १६२

# योजनाको सारांश(Summary of Plan)

## १) विषय प्रवेश (Subject Entry)

विकास योजना भनेको निर्धारित समयावधिमा उपलब्ध स्रोत र साधनको अधिक्तम उपयोग गरि सार्वजनिक हित र विकासको प्रवर्धनका निम्ति तयार गरिएको मार्गचित्र हो भन्नेमा दुइमत छैन।विश्व इतिहासलाई केलाउदा सर्वप्रथम सन् १९२८ मा तत्कालीन सोभियत सङ्घले "पाताले" नामक योजना कार्यान्वयनमा ल्याए सँगै आधुनिक योजनावद्ध विकासको अवधारणाको शुरुवात भएको मानिन्छ। नेपालको परिवेशमा योजनाको कुरा गर्ने हो भने वि. स. २०१३ साल देखि आवधिक रुपमा योजना निर्माण एवम् कार्यान्वयन हुदै आएका छन् । योजना बिनाको कुनै पनि कार्यले सफलता प्राप्त गर्न सक्दैन। त्यसैले समाजको आर्थिक, सामाजिक, सास्कृतिक, शैक्षिक, भौतिक, लगायत जुनसुकै कुराको क्रमिक विकास गर्नका लागि योजनाको आवश्यकता पर्दछ । त्यसैले जुनसुकै योजना निर्माण गर्नु परेता पनि उक्त योजना निर्माणको लक्ष्य, उदेश्य, रणनीति तथा कार्यनीति स्पष्ट हुनु जरुरी हुन्छ । यसका साथै योजना निर्माण गर्दा त्यसको वर्तमान अवस्थाको विश्लेषण तथा भविष्यमा प्राप्त गर्न खोजिएको लक्ष्य र लक्ष्य प्राप्त गर्नका लागि लाग्ने समय, स्रोत साधन तथा गरिने क्रियाकलापहरूको स्पष्ट विश्लेषण गरिएको हुनुपर्दछ ।योजनाले हिजोको स्थिति, वर्तमानको यथार्थ र भविष्यको सपनालाई बोध गराएको हुन्छ।जसको अध्ययनबाटहिजोका दिनको ज्ञान, सिप र अनुभवलाई आत्मसाथ गर्दै वर्तमानमा भविष्यको आशाका लागि काम गर्न सघाउँछ।यी र यिनै विचारहरूलाई मन्थन गर्दै दोधारा चाँदनी नगरपालिका कञ्चनपुरले आफ्नो अवस्था, भूगोल एवम् उपलब्ध हुन सक्ने साधन श्रोत सुहाउँदो दश बर्षे शिक्षा योजना तर्जुमा गरेको छ । वि.सं. २०७१ मा दोधारा चाँदनी नगरपालिका स्थापना भई (*राज्यको पुनर्सरँचना र नयाँ संविधान जारी गरिए पछि २०७१ सालमा नेपालको सुदुरपश्चिम प्रदेश अन्र्तगत कञ्चनपुर जिल्लाको दक्षिण पश्चिम भागमा अवस्थित यस दोधारा चाँदनी नगरपालिका साविक चाँदनी गाविस र दोधारा गा.वि.स. समेटी हालको दोधारा चाँदनी नगरपालिकाको स्थापना २०७१।०८।१६ मा गरिएको हो ।यस पालिकाको नाम सुरुमा दोधारा-चाँदनी नगरपालिका रहेता पनि २०७३।११।२२ देखि २०७७।०९ ।१२ सम्म माहाकाली नगरपालिका रहेकोमा २०७७।०९ ।१३ देखि दोधारा चाँदनी नगरपालिका कायम गरिएको हो*) नियमित रुपमा कार्यक्रमहरू सञ्चालन गर्न थाले देखि प्रत्येक वर्ष नगर कार्यपालिकाको कार्यालयले शिक्षासम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिसकेको छ। ती कार्यक्रमहरू केही सङ्घीय सरकारको योजनाले डोर्याएको बाटो अँगाल्दै, केही सुदूरपश्चिम प्रदेश सरकारको लक्ष्य र उद्देश्यलाई साथ दिंदै र केही नगरपालिकाको आफ्नै रणनीति अनुसार सञ्चालन भएका थिए र हुँदै पनि आएका छन् ।प्रत्येक वर्ष सञ्चालन हुनेकार्यक्रमहरू विगतका शैक्षिक योजनाले हासिल गर्न बाँकी रहेका उपलब्धि हासिल गर्ने र निर्धारित पुर्व योजना अनुसारको दिशामा केन्द्रीत रहेको पाइन्छन् । नगरपालिकाले आगामी दश वर्षको अवधिमा शिक्षा विकासका लागि मार्गचित्र तय गर्न मिश्रितअवधारणामा केन्द्रित रही यो योजना तयार पारिएको छ ।यस योजनामा भएका योजनाहरू मध्ये केही काल्पनिक (Hypothetical) जस्ता लागेता पनि समयको माग अनुसार अनिवार्य रुपमा पूरा गर्नुपर्ने खालका रहेका छन्।

नेपालको संविधानले दिएको अधिकारको परिधि भित्र रहि आफ्नै मौलिकता र स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने गरि दोधारा चाँदनी नगरपालिकाले यो योजना निर्माणको क्रममा सरोकारवालाहरू सँग समन्वय तथा छलफल र सुझाब संकलन गरि आगामी दश वर्षमा निश्चित उदेश्य प्राप्त गर्नका लागि योजनाको निर्माण गरिएको छ । यस योजनाले निम्नलिखित प्रमुख बुँदाहरूमा ध्यान केन्द्रित गरेको छ:

१. सबै विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि आवश्यक पूर्वाधार विकास र पहुँच सुनिश्चित गर्ने।
२. शिक्षकहरूका लागि विशेष तालिम र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरि शिक्षणको गुणस्तर सुधार गर्ने।
३. आधुनिक शिक्षा सामग्री र प्रविधिहरूको प्रयोग गर्न प्रोत्साहित गर्दै विद्यालयहरूमा आवश्यक स्रोतहरूको उपलब्धता सुनिश्चित गर्ने ।
४. अभिभावक र समुदायलाई शिक्षामा संलग्न गराउने कार्यक्रमहरू आयोजना गरि शिक्षा सुधारमा उनीहरूको योगदान सुनिश्चित गर्ने।
५. औपचारिक एवम् अनौपचारिक, डिजिटल एवम् म्यानुअल, व्यावहारिक एवम् दक्षतायुक्त, प्रत्यक्ष एवम् दूरशिक्षा सबै प्रकारका माध्यमहरू अपनाएर शाक्षरता, शिक्षा तथा जनचेतना वृद्धि गर्ने।
६. विद्यार्थीहरूको समग्र विकासका लागि स्वास्थ्य र शैक्षिक कार्यक्रमहरूको समन्वय गर्दै राम्रो वातावरण सिर्जना गर्ने।
७. योजना कार्यान्वयनको प्रभावकारीता मापन गर्न नियमित अनुगमन र मूल्याङ्कनका प्रक्रिया लागु गर्ने।

## २) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य (The necessity and relevance of educational planning)

१. उपलब्ध सीमित स्रोत साधनको अधिकतम् उपयोग गरि शिक्षा विकासलाई जनताको चाहाना पूरा गर्न निर्धारित शैक्षिक लक्ष्य तथा उदेश्यहरू हासिल गर्न ।
२. शिक्षामा प्रभावकारिता र दक्षता अधिकतम रुपमा हासिल गर्न।
३. शैक्षिक उपलब्धि हासिल गर्नका लागि लिइने विभिन्न निर्णय निर्माणमा निर्णयकर्ताहरूलाई सघाउन
४. शिक्षाका लक्ष्य र प्राथमिकताहरू निर्धारण गर्न।
५. उपलब्ध भौतिक, वित्तीय र मानवीय स्रोतको विवेकशील उपयोग गरि प्रतिफल प्राप्त गर्न ।
६. शैक्षिक योजनाले भावी शैक्षिक कार्यक्रमहरूको स्पष्ट दिशाबोध गर्न ।
७. शिक्षाक्षेत्रमा सुशासन प्रवर्धन गर्न।
८. विभिन्न शैक्षिक कार्यक्रमहरू कार्यान्वयन गर्ने निकायहरूबिच समन्वय स्थापित गर्न।
९. शैक्षिक विकासका लागि जनसहभागिता महत्वपूर्ण पक्ष भएकाले स्रोत र साधनको न्यायोचि वितरणबाट जनसहभागिता अभिवृद्धि गर्न।
१०. सन्तुलित शैक्षिक विकासका लागि योजना आवश्यक हुन्छ।
११. प्राविधिक पेसागत, रोजगारमूलक, सीपमूलक व्यावसायिक शिक्षाको विकास र बिस्तार गर्न।
१२. सार्वजनिकनिजी साझेदारी र आवस्यक लगानी आकर्षण गर्न।
१३. जनसहभागिता सुनिश्चित गरि शैक्षिक योजना निर्माण गर्न ।
१४. शिक्षाको विकासमा जनताको अपनत्व बढाउन।

**ग) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य** (The relevance of educational planning at the local level

तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न।

१. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न।

२. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न ।

३. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन । २

४. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन ।

५. सहज अवस्थामा जनता लाई शिक्षाको पहुचमा ल्याउन ।

**घ ) शिक्षा योजना निर्माणका आधार** (Foundations of education planning)

१. नेपालको संविधान २०७२

२. सोह्रौँ आवधिक योजना

३. स्थानीय सरकार सञ्चालन ऐन २०७४

४. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७

५. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

६. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

७. शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

८. विद्यालय शिक्षामा समता रणनीति

९. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

१०. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

११. स्थानीय तहको मध्यमकालिन खर्च संरचना

१२. राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

१३. विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि।

स्थानीय शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आयुर्वेद, संस्कृत, योग आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानि विभिन्न योजना बिचको अन्तर्सम्बन्ध कायम हुने गरि योजना तर्जुमा हुनुपर्छ। यसका लागि स्थानीय तह अन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग पनि समन्वय गर्नुपर्छ।शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरि अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्नुपर्ने छ । यस्तै यस्तै आधारहरूलाई परिलक्षित गरि यो योजनाको निर्माण भएको हो ।

**ङ ) योजना निर्माण प्रक्रिया** (Plan Formulation Process)

देशमा विभिन्न समयमा भए गरेका सामाजिक, राजनैतिक गतिविधिहरूले हामीलाई संक्रमणकालिन अवस्थामा पुऱ्याएको छ । देश सङ्घीयतामा प्रवेश गरेको छ । राष्ट्र निर्माणका नविन आयामहरू स्थापित हुने क्रममा रहेका छन् । यस अवस्थामा उपलब्ध स्रोत र साधनको समुचित र अधिकतम परिचालन गरि मुलुकले राखेका दीर्घकालिन सोच, शिक्षा सम्बन्धी संवैधानिक व्यवस्था, राष्ट्रिय शिक्षा नीति, राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरणका लागि सम्बोधन गर्नुपर्ने विषयहरू, दिगो विकासका लक्ष्यहरू, आवधिक

योजनाका लक्ष्यहरू, नेपाल सरकारले अन्तर्राष्ट्रिय रुपमा व्यक्त गरेका प्रतिवद्धता, कोभिड लगायतका महामारीले पारेका प्रभाव र प्राकृतिक जोखिमलाई समेत सम्बोधन गर्ने गरि दोधारा चाँदनी नगरपालिकालाई एउटा शैक्षिक केन्द्र बिन्दु ( Educational Hub) बनाउने गरि नगरको दश वर्षीय (२०८१ /८२ –२०९०/९१ ) शिक्षा योजना निर्माण गर्न उपयुक्त हुने भएकाले यो योजना निर्माण गरिएको हो । यसमा दोधारा चाँदनीको समग्र शैक्षिक विकासका योजनाहरू के, कसरी, कसद्वारा, कुन स्रोत सामग्रीको उपयोग गरेर शैक्षिक व्यवस्थापनमा सुधार गरि शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने एवम् विद्यालय शिक्षालाई निरन्तरता दिने भन्ने कुरालाई प्रस्तुत गरिएको छ । यसका साथै शिक्षामा नवीनतम् सूचना सञ्चार प्रविधि लगायतको प्रयोग, शिक्षकको पेसागत विकास, बालमैत्री विद्यालय वातावरण निर्माण जस्ता प्राथमिक मुद्दाहरूलाई समेत समेटेर योजनालाई यस रुपमा ल्याई प्रकाशनका लागि तयार पार्न अहोरात्र खटेर लाग्ने मस्यौदा निर्माण उप-समिति (श्री पुरुषोतम पन्त, श्री श्रीनाथ बराल, श्री खिमा चन्द, श्री गोकूल देव विष्ट, श्री गगन बहादुर खड्का, श्री कृष्ण बहादुर चन्द, श्री ओकिल बस्नेत) र पूर्णतादिने मस्यौदा समिति (नगरप्रमुख श्री किशोर कुमार लिम्बु - संयोजक, नगर उपप्रमुख श्री गंगा जोशी, श्री ओमप्रकाश रोकाया, श्री पुरुषोतम पन्त, श्री श्रीनाथ बराल, श्री खिमा चन्द, श्री गोकूल देव विष्ट, श्री गगन बहादुर खड्का, श्री कृष्ण बहादुर चन्द, श्री ओकिल बस्नेत, शिक्षा शाखा प्रमुख श्री हरि दत्त जोशी- सदस्य सचिव, शिक्षा शाखामा कार्यरत, प्रा.स. श्री पूजा बिष्ट ,श्री निर्मल चन्द) लगायत बहुमुल्य सुझाव सहित सहयोग गर्ने विद्वत व्यक्तित्वहरूको भूमिका स्मरण योग्य छ । त्यस्तै सी.डी.सी, युएसएड ,इ.जी.एल, लगायतका संस्थाहरूको सहयोग पनि महत्वपूर्ण रहेको छ । शिक्षामा राज्यको ठूलो लगानी मात्र हुने होइन अपेक्षा पनि ठूलै हुने गर्दछ । मानव संसाधनको विकासबाट प्राकृतिक स्रोत साधन र अवसरको समुचित परिचालन गरि समुन्नत राष्ट्र निर्माणको जिम्मेवारी शिक्षाको काँधमा रहेको हुन्छ । हाम्रा वर्तमानका प्रयासहरू राज्यका यी अपेक्षा सम्बोधन गर्न पर्याप्त छैनन् ।

अतः नयाँ सोच, नवीन शैलीद्धारा नागरिकको बढ्दो चासो, राष्ट्रिय अपेक्षा र विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासलाई सम्बोधन गर्ने शिक्षा प्रणालीको स्थापना गर्न योजनाबद्ध शैक्षिक विकासको खाँचो छ त्यस्तै शिक्षा र शिक्षित जनशक्ति विश्व बजारमा सजिलैसँग समायोजन हुन सक्ने व्यवसायिक एवम् व्यवहारीक शिक्षा योजनाको आवश्यकता टड्कारो रहेको छ। शिक्षामा व्यक्ति, समाज, राष्ट्र, सरकारी तथा गैह्र सरकारी सङ्घ सस्था र अन्तराष्ट्रिय समुदायको समेत ठूलो लगानी रहेको छ । यो लगानी दोहोरो नपर्ने गरि समुचित र न्यायपूर्ण वितरणका लागि पनि हामी सचेत र सतर्क भइ यस क्षेत्रमा लगानी गर्न इच्छुक सबै पक्ष सँग एक आपसमा हातेमालो गर्दै शिक्षा क्षेत्रको विकासका लागि प्रतिवद्ध हुनु पनि आवश्यक छ । योजना उपयुक्त र परिणाम दिनसक्ने होस भन्ने कुराको हेक्का राख्दै घनिभूत छलफल गरि निष्कर्षका आधारमा तयार पारिएको छ ।

## च) योजनाको लेखाजोखा (Accounting for the plan)

स्थानीय तहको शिक्षा योजना निर्माण गरी सकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ दिगो र लगानी योग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिने छ; जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो l निर्माण भएको योजनाको लेखाजोखा कार्यलाई सम्बन्धित स्थानीय तहले आन्तरिक र बाहिरका विभिन्न विषय क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य विवरण तोकी सम्पन्न गरिएको हो । नगर शिक्षा योजना, दोधारा चाँदनी क्षेत्रको शिक्षामा पहुँच र गुणस्तर सुधार गर्ने उद्देश्यले बनाईएको योजना हो । यस योजनाको लेखाजोखा निम्न लिखित बुँदामा प्रस्तुत गरिएको छ:

### १.उद्देश्यहरू (Objectives)

- दोधारा चाँदनी क्षेत्रमा सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।
- शिक्षासँग सम्बन्धित असमानताहरू घटाउनु।
- शिक्षकहरूको क्षमता र प्रशिक्षितताको सुधार गर्नु।

**२. मुख्य पहलहरू (Key initiatives)**

- नयाँ विद्यालयहरूको निर्माण, पूराना विद्यालयहरूको मर्मत र सुधार।
- शिक्षकहरूको लागि नियमित तालिम र कार्यशाला आयोजना गर्नु ।
- पुस्तकालय, खेलकुदका लागि मैदान, र अन्य शैक्षिक स्रोतहरू।

**३. प्रमुख कार्यक्रमहरू (Major programs)**

- विद्यालयमा भर्ना हुनका लागि जागरूकता कार्यक्रमहरू गर्ने ।
- वयस्क र किशोरका लागि साक्षरता तालिम सञ्चालन गर्ने ।
- युवा पुस्ताका लागि नयाँ अवसर सिर्जना गर्ने ।

**४. निगरानी र मुल्यांकन (Monitoring and Evaluation)**

- विद्यार्थीहरूको शैक्षणिक प्रगति र परीक्षा परिणामहरूको नियमित मूल्याङ्कन ।
- वार्षिक रिपोर्ट मार्फत योजनाको प्रभाव र सफलता मूल्याङ्कन।
- समुदायको सहभागितालाई बढावा दिन विभिन्न गतिविधिहरूको मूल्याङ्कन ।

**५. सफलताहरू र चुनौतीहरू (Successes and challenges)**

- सफलताहरू: विद्यालयमा नामाङ्कन दरमा वृद्धि, बालबालिकाको शिक्षा स्तरमा सुधार।
- चुनौतीहरू: स्रोतको कमी, शिक्षकको अभाव, र पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा कठिनाइ ।

**६. भविष्यको दिशा (Future direction)**

- डिजिटल शिक्षा र प्रविधिको प्रयोगलाई प्राथमिकता दिनु ।
- समावेशी र गुणस्तरीय शिक्षा नीतिहरूको विकास।
- अभिभावक र समुदायको संलग्नता र सहयोगमा वृद्धि।
- समय सापेक्ष भौतिक संरचनाहरू निर्माण गर्नु ।
- शिक्षामा सबैको पहुँच स्थापना गराउनु ।

**छ) योजनाको दस्तावेजको स्वरूप (Form of planning document)**

नगर शिक्षा योजनाको दस्तावेजको स्वरूप सामान्यतः तलका तत्वहरूमा आधारित हुन्छ:

**१. प्रस्तावना (Preface)**

क. योजना के हो ?

ख. यसको महत्व र आवश्यकता

**२. पृष्ठभूमि (Background)**

क. नगरको शैक्षिक अवस्थाबारेको जानकारी

ख. विगतका योजनाहरू र तिनीहरूको प्रभाव

**३. लक्ष्य र उद्देश्य ( Goals and objectives)**

क. योजनाका मुख्य लक्ष्यहरू

ख. विशेष उद्देश्यहरू

**४. विधि र कार्यविधि (Methods and Procedures)**

क. योजना कसरी कार्यान्वयन गर्ने?

ख. आवश्यक स्रोतहरू र साधनहरू

ग. कार्यक्रम र गतिविधिहरू (Programs and Activities)

घ. शिक्षाका लागि प्रस्तावित विशेष कार्यक्रमहरू

ङ. गतिविधिहरू र तिनको कार्यान्वयन समय तालिका

**६. बजेट र वित्तीय योजना (Budgeting and Financial Planning)**

क. अनुमानित लागत

ख. स्रोतहरूको विवरण

**७. निगरानी र मूल्याङ्कन (Monitoring and Evaluation)**

क. योजना कार्यान्वयनको निगरानी कसरी गरिने छ ?

ख. मूल्याङ्कनका मापदण्डहरू

**८. निष्कर्ष (Conclusion)**

क. योजनाको समग्र सन्देश

ख. भविष्यका योजनाहरू

**९. परिशिष्ट (Appendix)**

क. अतिरिक्त विवरण र तालिकाहरू

यो संरचनाले नगर शिक्षा योजनाको स्पष्टता र कार्यान्वयनमा मद्दत गर्नेछ।

# परिच्छेद : एक

## परिचय (Introduction)

### १.१ वर्तमान अवस्था (Current Situation)

सङ्घीय शासन व्यवस्था लागु भएपछि दोधारा चाँदनी नगरपालिकाको पहिचान अझ स्पष्ट र प्रचारित भएको छ। त्यसमा पनि शिक्षाको अवस्था अझै सुधार गर्न सके सुनमा सुगन्ध हुने थियो। शिक्षालाई जनसङ्ख्याले पनि उत्तिकै प्रभाव पारि राखेको हुन्छ। यहाँको जनसङ्ख्या जनगणना २०७८ अनुसार ४२,९७४ रहेको छ। चुस्त एवम् नियन्त्रित जनसङ्ख्या र दीर्घकालीन एवम् प्रष्ट रणनीतिक कार्ययोजना हाम्रो आवश्यकता हो।


शिक्षाले नै मुलुकको सामाजिक, आर्थिक, सांस्कृतिक एवम् नैतिक रुपान्तरण गर्न मुख्य भूमिका निर्वाह गरेको हुन्छ। शिक्षा मानव विकास र समाज विकासको मुख्य आधार एवम् मौलिक अधिकारको विषय हो। मुलुकको आर्थिक

समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणमा शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ। शिक्षाको यही महत्वलाई बुझेर प्रायः सबै देशहरूले शिक्षालाई सर्वसुलभ, पहुँचयोग्य एवम् गुणस्तरीय बनाउन यसमा लगानी गरेका हुन्छन्। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गरेको छ। यसरी संविधानले सुनिश्चित गरेको शिक्षा सम्बन्धी मौलिक हक आत्मसात गरि कार्यान्वयन गर्ने जिम्मेवारी तथा दायित्व सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरूको रहेको छ। यो सँगै नेपाल सरकारले जोमटिन, डकार र इन्चोन घोषणामा हस्ताक्षर गरि नेपालको सार्वजनिक शिक्षा सुदृढीकरण गर्ने प्रतिबद्धता जनाई तदनुरुप कार्यक्रमहरू गर्दै आएको छ । देशको विकास योजनावद्ध ढंगबाट गर्ने सोचका साथ २०१३ साल देखि नेपालमा सुरुवात गरिएको योजनाबद्ध विकासको ढाँचालाई हालसम्म निरन्तरता दिइएको छ। प्रथम योजनादेखि नै शिक्षा क्षेत्रको विकासका लागि प्रयास गरिदै आएको र हालको सोह्रौं योजनामा पनि सो सम्बन्धी दिशा बोध गरिएको छ। आवधिक योजनाका अतिरिक्त शिक्षा क्षेत्रमा विभिन्न योजनाहरू कार्यान्वयन गरिदै आएका छन्। सार्वजनिक शिक्षामा पहुँच, गुणस्तर र संस्थागत सुधार गर्ने उद्देश्य राखी नेपाल सरकारले शिक्षा सम्बन्धी क्षेत्रगत योजनाहरू कार्यान्वयन गर्दै आएको छ। हाल क्षेत्रगत योजनाका रूपमा विद्यालय शिक्षा क्षेत्र योजना (SESP) निर्माण भई कार्यान्वयनमा रहेको अवस्था छ। दोधारा चाँदनी नगरपालिकाले दिगो विकासका लक्ष्यहरू (SDGs), सन् २०३० सम्मको शिक्षा, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) जस्ता विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्च तथा दस्तावेजमा नेपाल सरकारले गरेका प्रतिवद्धताहरूलाई समेत आत्मसात गरि तत्-तत् दस्तावेजको कार्यान्वयनमा जोड दिइरहेको छ। सीमित स्रोत साधन र असीमित आवश्यकताले गर्दा दोधारा चाँदनी नगरपालिकाले यी सबै कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनलाई चुनौतीको रुपमा लिएको छ। यसका लागि अन्य स्थानीय तह, प्रदेश तथा सङ्घीय सरकार र सहयोगी सङ्घ संस्थाहरूसँग निरन्तर समन्वय गरि आवश्यक सहयोग जुटाउन समेत नगरपालिका प्रयासरत रहेको छ।

### १.१.२ भौगोलिक अवस्थिति (Geographical location)

नेपालको पश्चिम सीमा नदी महाकालीदेखि पनि पश्चिममा रहेका साविकका दुई गा.वि.स. दोधारा र चाँदनीलाई मिलाएर २०७१ सालमा अहिलेको दोधारा चाँदनी नगरपालिका बनाइएको हो। यो क्षेत्र दोधारा र चाँदनी बनाइनु भन्दा पहिले महाकालीदेखि पूर्वको साविकको ऐरी गाउँ पञ्चायत वडा नं. ५ अन्तर्गत रहेको र तत्कालीन राजा महेन्द्रले २०२३ सालबाट यहाँ आफ्नो देशको भूमिको सुरक्षालाई मध्यनजर गर्दै विशेष गरि भूपु-सैनिकहरूको लागि भनेर बस्ती बिस्तार गरे पश्चात् भूगोलविद डा. हर्क गुरुङ्द्वारा गरिएको नेपालको भौगोलिक पुनर्संरचना अन्तर्गत महाकाली देखि पश्चिमको भू-भागलाई छुट्टाछुट्टै २ वटा दोधारा गाउँ पञ्चायत र चाँदनी गाउँ पञ्चायत बनाइएको इतिहास छ। पूर्व महाकाली नदी, पश्चिम जोगबुडा नदी र बिचमा पत्थरनाला /मलेरियानालाले गर्दा कैयौं टापुमा विभक्त यस दोधारा चाँदनीलाई नेपालकै श्रीलङ्का अथवा नेपालको टापु पनि भन्ने गरिन्छ। हाल आएर यो ठाउँ तरकारी लगायत गहुँ, उखु खेतीको लागि पनि प्रख्यात छ।

दोधारा चाँदनी एशियाकै दोश्रो लामो झोलुङ्गे पुल (२०६१ सालमा बनेको १४५२.९६ मि. लामो) एवम् निर्माणाधीन सुख्खा बन्दरगाहले गर्दा पनि चर्चामा छ। यो ठाउँ बहुसांस्कृतिक, बहुधार्मिक, बहुभाषिक एवम् फरक किसिमको रहन सहन भएको विशाल गाउँ हो; जहाँ प्राय सबै जिल्लाका मानिसहरू बसोबास गर्दछन्। त्यसैले दोधारा चाँदनी कञ्चनपुरको एउटा पर्यटकीय ठाउँको रुपमा पनि परिचित भएको छ।




सङ्घीयताले ल्याएको नयाँ संरचना पछि २०७१/८/१६ को निर्णय अनुसार साबिकका दुई गा.वि.स. दोधारा र चाँदनीलाई जोडेर एउटा दोधारा चाँदनी नगरपालिका भएको हो। कञ्चनपुर जिल्लाको सङ्घीय निर्वाचन क्षेत्र नं ३ र प्रदेश निर्वाचन क्षेत्र नं ३ ख अन्तर्गत पर्ने यस नगरपालिकाको नाम मन्त्रिपरिषद्को २०७१/०८/१६ को निर्णय अनुसार दोधारा चाँदनी नगरपालिका राखिएकोमा २०७३/११/२२ मा परिवर्तन गरि महाकाली नगरपालिका राखियो तर दोधारा चाँदनीका जनताहरूको आग्रह र अनुरोध पछि पुनः २०७७/०९/११ दोधारा चाँदनी नगरपालिका राखिएको हो। यसरी स्थानीय निकायको समीकरण गर्दा साबिकका दुई गा.वि.स. का १८ वटा वडाहरू मध्ये चाँदनीका साबिकको ७ नं लाई

हालको १ नं वडा, ४ र ८ लाई २ नं, २ र ३ लाई ३ नं, ५ र ६ लाई ४ नं, ९ र १ लाई ५ नं, र दोधाराका साबिकको २ र ३ लाई ६ नं, १ र ४ लाई ७ नं, ५ लाई ८ नं, ६ र ७ लाई ९ नं वडा र ८ र ९ लाई १० नं, वडामा कायम गरिएको छ।

दोधारा चाँदनी नगरपालिकाको भौगोलिक अवस्थितिको कुरा गर्दा यो द्विपसमूह २८° ४९' मिनट देखि २८° ५९' उत्तरी अक्षांश र ८०° ४' देखि ८०° ६' ३०" पूर्वी देशान्तर सम्ममा अवस्थित रहेको छ र यस नगरपालिकाको कूल क्षेत्रफल ५६.८४ व.कि.मि. रहेको छ। त्यस्तै यो दोधारा चाँदनी टापु समुद्र सतहदेखि १६० मि. देखि २०० मि. सम्मको उचाईमा पर्दछ। यहाँको हावापानी उष्ण समशीतोष्ण प्रकृतिको रहेको छ। उत्तर र पश्चिम तर्फ भारतको उत्तर प्रदेश र उत्तराखण्ड राज्य, जङ्गल र ठुल्ठुला २ वटा जलाशय चुकाडाम (भारतको दोश्रो ठुलो डाम) र नानकसागर डाम हुनु, दुईतर्फ जोगबुडा र महाकाली नदी, बिचमा नाला रहनु, पूर्वतर्फ ठुलो शुक्लाफांटा राष्ट्रिय निकुन्ज अवस्थित रहनुले पनि हावापानी अनुकूल भएको हुनुपर्दछ। यहाँको औषत तापक्रम ६.९° देखि ४४° सेल्सियस रहने गरेको छ। वर्षा याममा मनसुन वर्षा र हिउँदमा पश्चिमी वायुको प्रभावयुक्त चक्रपतीय (Cyclonic) वर्षा हुनु यहाँको विशेषता हो। यहाँको माटो बलौटे दोमट खालको भएकोले मल र पानी भएमा जुनसुकै बाली पनि प्रशस्त हुँने गर्दछ। सिँचाइको लागि नहरको व्यवस्था नभए पनि प्राय: घरमा ट्यूवेलहरू रहेकोले केही सहजता भएको छ। प्रकोप र जोखिम को कुरा गर्दा यो क्षेत्र दुवैतर्फ बाट नदीले घेरिएको कारण खासगरि वर्षा याममा कटान तथा डुबानमा पर्ने गर्दछ। त्यसै गरि चट्याङ्ग पनि यस क्षेत्रको सामान्य प्रकोप को रुपमा राख्नुपर्ने हुन्छ।

दोधारा चाँदनीको तिनतिर बाट भारतको खूला सीमाना रहेकोले विभिन्न प्रकारका महामारी पनि सहज रुपमा भित्रिने सम्भावना रहेको छ। नदी नियन्त्रण गरि व्यवस्थित र दिगो विकास गर्न सकेमा यस ठाउँको भविष्य उज्वल छ। विविध प्रकारका सम्भावनाहरू रहेको यस दोधारा चाँदनीमा विवेकपूर्ण ढङ्गबाट उपयोग गर्न सके भौतिक एवम् आर्थिक विकास चाडै गर्न सकिने देखिन्छ। त्यसका निम्ति भारत जस्तो विकसित मुलुकसँगको खुला र नजिकको सीमाना हुनु पनि एउटा अवसर नै मान्न सकिन्छ। त्यस्तै सुझबुझका साथ महाकाली नदीलाई दिगो र भरपर्दो सिँचाइ एवम् जलविद्युत दुवै प्रयोजनको संरचना निर्माण गरि प्रयोगमा ल्याउन सकेमा दोधारा चाँदनी लाई आवश्यक पर्ने सिँचाइ र बिजुली सहजरुपमा पाउने श्रोत यहाँ रहेको छ।

### १ .१.३ जनसाङ्ख्यिकीय संरचना (Demographic Structure)

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार दोधारा चाँदनी नगरपालिकाको कूल जनसङ्ख्या ४२,९७४ मध्ये महिला २४०४६ (५५.९५ प्रतिशत) र पुरुष १८९२८ (४४.०५ प्रतिशत) रहेको छ। यस नगरपालिकामा १० ओटा वडाहरू रहेका छन्। पारिवारिक आम्दानीमा पनि एकै किसिमको नभई अति न्यून देखि अति उच्च किसिमको रहेको छ। धेरै जसो अति निम्न र निम्न वर्गका मानिसहरूको यहाँ बसोबास गर्दछन्। कृषि यहाँको सबैभन्दा ठूलो व्यवसाय रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरूमा व्यापार, नोकरी र वैदेशिक रोजगारी आदि रहेको छ। अधिकांश क्षेत्रमा विद्युतीकरण भएको भए तापनि केही सीमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्।

योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाइ तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाइ हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। जनसङ्ख्या वृद्धि दर ठुलो हुनु र बसाइ सराइको दर उच्च भएकोले जनसङ्ख्याको चाप दिन प्रतिदिन बढ्दो क्रममा रहेको छ। जनसङ्ख्या वृद्धि र बसाइसराइ नियन्त्रण गरि व्यवस्थित आवस सहितको दिगो विकासको कामको थालनी आजैबाट सुरु नगरे यहाँको भविष्य भयावह देखिन्छ।

### १.१.४ सामाजिक तथा सांस्कृतिक अवस्था (Social and Cultural Conditions)

विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। नेपालमा पाइने प्राय: धेरै जसो जातजातिका मानिसहरू देशका विभिन्न ठाउँहरूबाट यहाँ आएर बसोबास गरेका छन्। धर्मको हिसाबले भन्ने हो भने हिन्दू, बौद्ध ,बहाई, इशाई, तथा प्रकृति पूजकहरूको यहाँ बसोबास रहेको छ। दशैँ, तिहार, गौरा, कृष्ण जन्माष्टमी, शिवरात्री, बुद्धजयन्ती, नवरुज(नयाँवर्ष), क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाइन्छ। त्यस्तै विभिन्न मेला, पर्व, जाँत ,लगायतको धेरै प्रकारका सांस्कृतिक कार्यक्रमहरू यहाँ निरन्तर भइ नै रहन्छ। रामायणमा आधारित रामलीला, कृष्णलीला, शिवयात्रा एवम् शिवरात्री मेला, घोडेनाँच तथा मेला, तीजको नाँच सहितको मेला, गौरा मेला, भुवा पर्व , भोसी पर्व, लहरे नाँच , डेउडा, बहाईहरूको याम्मेहा पर्व, अनन्ते पर्व, देउसी भैलो, क्रिकिटि नाँच,गर्रा तथा मयुरनाँच, शेलोनाँच, मारुनीनाँच, दोहोरी साँझ हुड्केलो ,पंचेबाजा ,झाम्रे ,बाजा, छलिया नाँच ,विशु पर्व, ओल्के पर्व , नौमती बाजा, सारङ्गी, सोरठी नाँच आदि यहाँका संस्कृति हुन्। पहिरनहरूमा नेपालको सबै ठाँउमा लगाइने गरगहनाहरू, नेपालका प्राय सबै :खाले पहिरनहरू लगायत भारतीय पहिरनहरू पनि यहाँ लगाइने गरिन्छ। खानपिनमा पनि दोधारा चाँदनीमा धेरै विविधता पाइन्छ। यो ठाउँ सामाजिक तथा सांस्कृतिक क्षेत्रमा विविधतामा एकता भएको ठाउँ हो भन्दा फरक पर्दैन।

### १.१.५ आर्थिक अवस्था (Economic Condition)

आर्थिक दृष्टिकोणले दोधारा चाँदनीलाई सम्पन्न बनाउन सकिने प्रशस्त सम्भावनाहरू रहेका छन् । यहाँ कृषि व्यवसायको लागि माटो, हावा र पानी लगायतको उपयुक्तता रहेकोले मनग्य उत्पादन हुने गरेको छ। भारततर्फको सीमाना खुला र सहज रहेकोले व्यापारमा पनि यो ठाउँ नाम चलेकै हो। दोधारा चाँदनीमै त्रिदेशीय नाका सहितको नेपालकै ठुलो सुख्खा बन्दरगाह निर्माणाधीन अवस्थामा रहेको कारण व्यापारमा अझैँ सम्भावना बढेर गएको छ।

यहाँका नागरिकहरू विशेष गरि भारत तर्फ नोकरी एवम् मजदुरी गर्न जाने गर्दछन्। तेस्रो मुलुकतर्फको वैदेशिक रोजगारीमा पनि यहाँबाट उल्लेख्य सङ्ख्यामा युवाहरू गएका छन्। बिगतमा बसाइ अनिश्चितताको कारण लगायतको समस्याले गर्दा आर्थिक क्रियाकलापमा यहाँका जनताको संलग्नता न्यून रहे पनि पछिल्लो समय आर्थिक गतिविधिहरू बढेर गएका छन्। तथापि शिक्षा लगायतको प्रगतिको लागि वर्तमानमा आवश्यक आर्थिक भार बहन गर्न सक्ने क्षमता भएका जनसङ्ख्या भने थोरै रहेको छ। शिक्षामा विभिन्न शीर्षकमा थुप्रै खर्चहरू हुने भएकोले यहाँ आर्थिक पक्षको धेरै महत्व रहेको हुन्छ। तसर्थ सरकारले पनि आफ्नो घोषित नीति वमोजिम शिक्षा नि:शुल्क, खाजाको राम्रो व्यवस्था, राम्रो शैक्षिक एवम् भौतिक व्यवस्थापन , शिक्षकको कदर सम्मान तथा व्यवस्थपन, अभिभावक शिक्षा, सामुदायिक विद्यालयलाई प्राथमिकतामा राखेर पूर्ण ईच्छा शक्तिका साथ काम गर्नसके शिक्षामा धेरै सुधार गर्न सकिने सम्भावना रहेको छ। त्यसका लागि जनताको आय श्रोत वृद्धि हुने गरि पूर्वाधार विकासमा जोड दिनु पर्ने देखिन्छ।

### १ .१.६ शैक्षिक अवस्था (Educational Condition)

वर्तमान शिक्षा प्रणालीमा शिक्षक, विद्यार्थी, व्यवस्थापन, प्रशासन, नेतृत्व, पाठ्यक्रम, पाठ्यपुस्तक, लगानी, पठनपाठन प्रक्रिया, मूल्याङ्कन प्रणाली र व्यक्तिको क्षमता विगतमा धेरै थोरै आलोचित रहे । यसै बिच संविधानको अनुसूची ८ अनुसार माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिइएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार शिक्षा सम्बन्धी २३ वटा कामहरू स्थानीय सरकारको कार्यक्षेत्र भित्र राखिएको छ। प्रादेशिक तथा सङ्घीय सरकारलाई उच्चशिक्षाको जिम्मेवारी तोकिएको छ; तर संविधानको अनुसूची ९ मा उच्च शिक्षामा तीनै तहको साझा जिम्मेवारी तोकिएको छ। यसरी भन्दा शिक्षालाई तीनै तहका सरकारहरूको अधिकारहरूको साझा सूचिमा राखिएको छ भन्न सकिन्छ । प्राविधिक तथा व्यवसायिक शिक्षा स्थानीय, प्रदेश एव

सङ्घीय सरकारको साझा जिम्मेवारीमा रहेको छ । नेपालको शिक्षालाई  व्यवहारिक प्रतिस्पर्धी वैज्ञानिक, रोजगारउन्मुख, गुणस्तरीय, जनमुखी, जीवनोपयोगी, समालोचकीय क्षमतासहितको अनुसन्धानमूलक, एवम् पूर्वीय दर्शन तथा ज्ञानको विकास र बिस्तार गर्नुपर्ने  दायित्व रहेको छ।

यस दोधारा चाँदनी  नगरपालिकाका विविध कला, सँस्कृति, ज्ञान, सिप, प्रविधि, धार्मिक तथा अनुभव आदि सँग जोड्दै पश्चिमी प्रविधि, ज्ञान तथा सिपको पनि भरपूर प्रयोग गर्नसक्ने विद्यार्थी उत्पादन गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ। यस नगरपालिकाका बालबालिका तथा युवाहरूले आजीवन शिक्षा पाउने हक कसरी सुनिश्चित गर्ने भन्ने कुराको पनि उत्तिकै जरुरी छ।

शिक्षामा राज्यको ठूलो लगानी मात्र हुने होइन; अपेक्षा पनि ठूलै हुने गर्दछ। मानव संसाधनको विकासबाट प्राकृतिक स्रोत साधन र अवसरको समुचित परिचालन गरि समुन्नत राष्ट्र निर्माणको जिम्मेवारी शिक्षाको काँधमा रहेको छ। हाम्रा वर्तमानका प्रयासहरू राज्यका यी अपेक्षा सम्बोधन गर्न पर्याप्त छैनन्। अतः नयाँ सोच, नवीन शैलीद्वारा नागरिकको बढ्दो चाँसो, राष्ट्रिय अपेक्षा र विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासलाई सम्बोधन गर्ने शिक्षा प्रणालीको स्थापना गर्न योजनाबद्ध शैक्षिक विकासको खाँचो छ। यो लगानी दोहोरो नपर्ने गरि समुचित र न्यायपूर्ण वितरणका लागि पनि हामी सचेत र सतर्क भई यस क्षेत्रमा लगानी गर्न इच्छुक सबै पक्षसँग एक आपसमा हातेमालो गर्दै शिक्षा क्षेत्रको विकासका लागि प्रतिवद्ध हुनु पनि आवश्यक छ।

नेपालमा प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्मको शिक्षालाई विद्यालय शिक्षा भनिन्छ। प्रारम्भिक बाल विकास शिक्षा ४ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि व्यवस्था गरिएको भए तापनि यो शिक्षामा ३ देखि ४ वर्ष उमेर समूहका बालबालिकाहरू समावेश हुने गरेका छन्। संवैधानिक रुपमा अनिवार्य तथा निशुल्क रहेका आधारभूत तह (कक्षा १–८) को उमेर समूहमा ५–१२ वर्षका बालबालिकाहरू पर्दछन्।

## दोधारा चाँदनीमा रहेको सामुदायिक विद्यालयको शैक्षिक विवरण-

| क्र.सं. | विद्यालयको नाम | ठेगाना वडा नं. | सञ्चालित कक्षा | विद्यार्थी सङ्ख्या | शिक्षक /स.का. सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात | विद्यालय कर्मचारी | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री महाकाली आ.मा.वि. | १ | १० सम्म | ३९६ | १४ | १:२८ | २ | |
| २ | श्री पशुपति आ. वि. | १ | ८ सम्म | १७५ | ७ | १:२५ | १ | |
| ३ | श्री पूर्णागिरी आ. वि. | १ | ५ सम्म | ७९ | ५ | १:१६ | १ | |
| ४ | श्री पूर्णा आ. वि. | २ | ८ सम्म | २५४ | १३ | १:२० | १ | |
| ५ | श्री कालिका आ. वि. | २ | ५ सम्म | ९२ | ८ | १:१२ | १ | |
| ६ | श्री शंकर पार्वती मा.वि. | ३ | १० सम्म | ५०० | १८ | १:२८ | २ | |
| ७ | श्री गणेश आ. वि. | ३ | ५ सम्म | १४९ | ५ | १:३० | १ | |
| ८ | श्री जमुना आ. वि. | ३ | ५ सम्म | ९५ | ७ | १:१४ | १ | |
| ९ | श्री शारदा स. मा. वि. | ४ | १२ सम्म | ७५५ | २२ | १:३४ | ४ | |
| १० | श्री मालिका आ. वि. | ४ | ६ सम्म | २३८ | ११ | १:२२ | १ | |
| ११ | श्री भानु मा. वि. | ६ | १२ सम्म | ६०२ | ३५ | १:१७ | ४ | |
| १२ | श्री कमलाशा आ. वि. | ६ | ५ सम्म | १०० | ६ | १:१७ | १ | |
| १३ | श्री लक्ष्मी मा. वि. | ७ | १२ सम्म | ५०१ | १५ | १:३३ | ३ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | श्री राष्ट्रिय आ. वि. | ७ | ८ सम्म | १४५ | १० | १:१५ | १ | |
| १५ | श्री पुर्णागिरी आ. वि. | ७ | ५ सम्म | ७० | ७ | १:१० | १ | |
| १६ | श्री जनज्योति मा. वि. | ८ | १० सम्म | ४८४ | १७ | १:२८ | २ | |
| १७ | श्री भैरव आ. वि. | ८ | ५ सम्म | ६५ | ५ | १:१३ | १ | |
| १८ | श्री अम्बिका मा. वि. | ९ | १२ सम्म | ७५७ | २२ | १:३४ | २ | |
| १९ | श्री सिर्जना आ. वि. | ९ | ८ सम्म | २३४ | ९ | १:२६ | १ | |
| २० | श्री नवयुग आ. वि. | ९ | ५ सम्म | ५४ | ५ | १:११ | १ | |
| २१ | श्री ओमकार आ. वि. | १० | ८ सम्म | ३२६ | १३ | १:२५ | १ | |
| २२ | श्री हरिओम आ. वि. | १० | ५ सम्म | ३२ | ४ | १:८ | १ | |
| नगरको कूल विवरण | | | | ६१०३ | २५८ | १:२४ | ३४ | |
| क | भानु बहुमुखी क्याम्पस | ५ | स्नातक तह | ३५५ | १८ | १:२० | ४ | |

## दोधारा चाँदनीमा रहेको संस्थागत विद्यालयको शैक्षिक विवरण-

| क्र.सं. | विद्यालयको नाम | ठेगाना वडा नं | सञ्चालित कक्षा | विद्यार्थी सङ्ख्या | शिक्षकसङ्ख्या | शिक्षक विद्यार्थी अनुपात | विद्यालय कर्मचारी | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | पशुपति इ. बो. स्कुल | १ | ५ सम्म | ५४ | ४ | १: १४ | १ | |
| २ | हिमालय एकेडेमी | १ | ८ सम्म | १५५ | ११ | १:१४ | १ | |
| ३ | सावलिन इ. बो. स्कुल | १ | ५ सम्म | १६८ | ८ | १:२१ | १ | |
| ४ | नोवेल एकेडेमी | २ | १२ सम्म | ४११ | १२ | १:३४ | १ | |
| ५ | लिटिल स्टार इ. स्कुल | ४ | ७ सम्म | १७५ | १२ | १:१४ | १ | |
| ६ | सगरमाथा इ. स्कुल | २ | ६ सम्म | १५६ | १५ | १:१० | १ | |
| ७ | न्यू सनसाइन इ. स्कुल | ३ | १० सम्म | ०० | | | १ | |
| ८ | चाँदनी बाल विद्यालय | ३ | ८ सम्म | ४५४ | १३ | १:३४ | १ | |
| ९ | कन्चन लि. बो. स्कुल | ४ | १० सम्म | ३९१ | १६ | १:१६ | १ | |
| १० | ध्रुवतारा पब्लिक स्कुल | ४ | १० सम्म | ६०८ | १३ | १ :४६ | १ | |
| ११ | इलाईट बो स्कुल | ५ | ६ सम्म | ३९९ | १० | १ :४० | १ | |
| १२ | एशियन स्टार इ. स्कुल | ६ | ८ सम्म | २०६ | १२ | १: १७ | १ | |
| १३ | नवोदय एजुकेशन फा. | ६ | ५ सम्म | १५० | ८ | १:१९ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | ओम पुष्पान्जली स्कुल | ७ | १० सम्म | ८३४ | २० | १:४२ | २ | |
| १५ | न्यु गार्डेन इ. स्कुल | ७ | ५ सम्म | १९३ | ११ | १:१८ | १ | |
| १६ | आदर्श पब्लिक स्कुल | ७ | ८ सम्म | ३७७ | | | १ | |
| १७ | दोधारा न्यु भिजन इ. स्कुल | ८ | ५ सम्म | २८१ | ११ | १:२५ | १ | |
| १८ | जेरोक्स मंटेशोरी स्कुल | ९ | मंटेशोरी | ६३ | ३ | १:२१ | १ | |
| १९ | युनिक सनराइज इ. स्कुल | ९ | १० सम्म | ३२४ | १६ | १:२० | २ | |
| २० | सुदूरपश्चिम एकेडेमी | ९ | ८ सम्म | ३५१ | १९ | १:१४ | १ | |
| २१ | नोभाइस हेवन इ. स्कुल | १० | ८ सम्म | ५०७ | २० | १:२५ | १ | |
| | जम्मा | | | ६२५७ | | | | |

माथिको तालिकाबाट यस नगरपालिकाको शौक्षिक अवस्थाको बारेमा केही स्पष्ट भएकै हुनुपर्छ । तालिका अनुसार यहाँ १ वटा क्याम्पस, १० वटा मा. वि, ३२ वटा आ.वि, ४६ वटा बालविकास, २ वटा समुदायिक अध्ययन केन्द्र र अँझै ५ वटा संस्थागत विद्यालय दर्ता प्रक्रियामा रहेको बुझिन्छ ।

यस नगरपालिकामा रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूको अध्ययन गर्दा यहाँ २२ ओटा समुदायिक र २१ वटा संस्थागत गरि जम्मा ४३ ओटा विद्यालयहरू रहेका छन् जस अन्तर्गत सामुदायिक विद्यालयमा ६,१०३ र संस्थागत विद्यालयमा ६,२५७ गरि जम्मा १२,३६० विद्यार्थीहरू अध्ययनरत छन् । यस तथ्याङ्कलाई बिश्लेषण गर्दा विगत २/३ वर्ष देखि सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या घट्दो क्रममा र संस्थागत विद्यालयहरूमा विद्यार्थी सङ्ख्या बढ्दो क्रममा रहेको देखिन्छ । विद्यार्थी-शिक्षक अनुपात (STR) लाई हेर्दा सामुदायिक विद्यालयमा सो अनुपात नमिलेको देखिन्छ । यसको फैलावट १:८ देखि १:३५ सम्म रहेको र समग्रमा औषत अनुपात १:२४ रहेको देखिन्छ । यो तथ्याङ्कलाई हेर्दा आगामी दिनमा आधारभूत तहदेखि माध्यमिक तहसम्म विद्यार्थी शिक्षक अनुपात (STR), दरबन्दी मिलान र विषयगत शिक्षकको समायोजन गर्नुपर्ने देखिन्छ । यसका साथै कुनै कुनै आधारभूत तह (१-५), का विद्यालयमा विद्यार्थी सङ्ख्या ज्यादै न्यून रहेकोले विद्यालयहरू मर्ज गर्ने वा विद्यार्थी सङ्ख्या बढाउने तर्फ विशेष योजनासहित अगाडि बढ्नु पर्ने देखिन्छ । माथिको तथ्याङ्कलाई आधार मानी हेर्दा जम्मा जनसङ्ख्याको २८.७६ प्रतिशत विद्यार्थीहरू मात्र विद्यालय तहमा अध्यनरत रहेको देखियो ।

आर्थिक स्थिति कमजोर भएका परिवार मजदुरी गर्न भारततर्फ परिवारसहित जाने र फर्कने प्रक्रिया चलिरहने भएकाले दोधारा चाँदनीको शैक्षिक तथ्याङ्कमा तल माथि देखिनु, उमेर समूहका बालबालिकाहरू विद्यालय बाहिर देखिनु र शैक्षिक उपलब्धि स्कोर पनि न्यून देखिनु एउटा परिस्थिजन्य वाध्यता पनि हो । यहाँ हालको जनसङ्ख्या र शिक्षण संस्थाको सङ्ख्या हेर्दा विद्यालयहरू थप्नुपर्ने देखिदैन बरु मर्ज वा विषयान्तर गरेर मिलाउनु पर्ने देखिन्छ । शिक्षामा विशेष लगानी, औपचारिक र कागजी मात्र नभई ठोस र कार्यगत योजना, प्रभावकारी अनुगमन-प्रोत्साहन र कारवाही, शिक्षकको लागि सम्मानजनक संस्कार र व्यवस्था, आकर्षक-उपयुक्त र पर्याप्त भौतिक शैक्षिक सामग्री तर्फको निरन्तर अभ्यासले नै यहाँको शिक्षा सुधार्न सकिन्छ । जीविकोपार्जनको समस्या, प्राकृतिक प्रकोप, सीमान्तकृत बस्ती, शिक्षा प्रतिको सकारात्मक चेतनाको अभाव, तेस्रो मुलुकतिरको गन्तव्यको लालायिकता, सञ्चार प्रविधिको नकारात्मक प्रयोग, लागु औषध एवम् कूलतको बढ्दो प्रभाव आदि पनि यहाँको शिक्षा विकासको बाधकको रुपमा रहेको कुरा पनि नकार्न सकिदैन । तर माथि सुझाइएका नीति कडाइका साथ अवलम्वन गर्दै जाने हो भने बाँकी समस्या स्वतः समाधान हुँदै जाने छन् ।

माथि उल्लेखित संस्थागत विद्यालय बाहेक मन्टेश्वरी विद्यालयको रुपमा अन्य पनि विद्यालयहरू दर्ता नगरि कनै दोधारा चाँदनीमा सञ्चालित रहेको देखिन्छन । दोधाराको बाबाथान बजारमा र चाँदनीको कृष्ण हाटबजारमा सञ्चालित मन्टेश्वरी त्यसका उदाहरण हुन् । सुरुवाति क्रममा रहेको कारण पनि त्यसो गरिएको हुन सक्छ । निकट भविष्यमा मन्टेश्वरी विद्यालयहरू पनि नियमन हुने नै छन् । यसका साथै केही संस्थागत विद्यालयहरू थप हुने प्रक्रियामा रहेको पनि बुझिएको छ ।

त्यस्तै दोधारा चाँदनीमा सामुदायिक सिकाइ केन्द्रहरू पनि सञ्चालनमा रहेका छन् । चाँदनीमा वडा नं. ४ को वडा कार्यालय नजिकै सरस्वती सामुदायिक अध्ययन केन्द्र आफ्नै भवनमा सञ्चालित रहेको छ भने दोधारमा पनि वडा नं. ६ को सँगम चोकमा आफ्नै भवनमा दोधारा सामुदायिक अध्ययन केन्द्र सञ्चालित रहेको छ । यिनी अध्ययन केन्द्रहरूले पनि यहाँको शैक्षिक विकासमा टेवा पुगाई रहेको अवस्था छ । हालांकी यी सिकाइ केन्द्रहरूमा नियमित अध्ययन अध्यापनको काम हुँदैन तथापि विभिन्न समयमा विभिन्न प्रकारका कार्यक्रमहरू मार्फत सिकेका कक्षाहरू सञ्चालन हुने गरेका छन् । यस प्रकारका कार्यक्रमहरू मार्फत सिकाइका केही कार्यक्रमहरू समेट्ने गरि यहाँ निरन्तर एवम् नियमित कक्षाहरू चलाई जीवनोपयोगी ज्ञान सिपका कुराहरू सिकाइने व्यवस्था मिलाउन सके सामुदायिक सिकाइ केन्द्रको महत्व र उपयोगिता बढेर जाने थियो ।

दोधारा चाँदनीमा नेपालको राष्ट्रिय बहाई समुदायद्वारा अनौपचारिक रुपमा सञ्चालित बाल नैतिक कक्षा, किशोरकिशोरी सशक्तीकरण कक्षा, गहिरो अध्ययन कक्षा लगायत विभिन्न जनचेतनामुलक अभियानहरूले पनि यहाँको शैक्षिक अवस्थालाई धैरै टेवा पुर्याएको छ; तथापि आवश्यकता अनुरुप पर्याप्त मात्रामा यस प्रकारका शैक्षिक गतिविधिहरू सञ्चालन गर्न अँझै पनि सकिएको छैन । यसमा सबै क्षेत्रबाट सहयोग र हातेमालो गर्दै बिस्तारित रुपमा कार्यक्रमहरू सञ्चालन गरिनु पर्दछ । बहाई समुदाय यस कार्यमा निरन्तर लागि राखेको प्रमाण हामी दोधारा चाँदनी मा धैरै देख्न सक्दछौँ । बालबालिकाहरूमा अनुशासन, लगनशीलता, आदर गर्ने बानी, मेहनत गर्ने गुणहरूको विकास भई नैतिक आचरणको विकास गर्नमा सहयोग पुगि राखेको छ । बाल कक्षाहरूमा उनीहरूको क्षमता विकासका निम्ति खेलकुद, कथा, गीत–संगीत, नृत्य, चित्रकला लगायतको माध्यम बाट निरन्तर प्रयास हुने गरेको छ । त्यस्तै किशोर किशोरी सशक्तीकरण कक्षाको माध्यमबाट उनीहरूमा देखा पर्ने शारीरिक एवम् मानसिक परिवर्तनलाई स्वीकार गरेर भविष्यमा आइपर्ने विभिन्न खाले जटिलताहरूसँग जुध्ने गरि मनोबल प्रदान गर्ने, आध्यात्मिक यथार्थ र सान्दर्भिक सिद्धान्तहरू चिन्न मद्दत गर्ने, समुदायमा देखिएका समस्याहरूलाई पहिचान गर्दै त्यसका समाधानका उपायको बारेमा खोजी गर्दै समाधानका निम्ति पहल गर्ने प्रवृत्तिको विकास गर्ने, नेतृत्व लिने तथा आफ्ना कुरा अभिव्यक्त गर्न सक्ने क्षमतामा विकास गराउने जस्ता शैक्षिक एवम् चेतनामुलक तत्परताको विकासमा पनि कार्यक्रम गर्ने गरिएको छ ।

दोधारा चाँदनीमा साक्षरताको अवस्था विगतको तुलनामा बढेको देखिन्छ तर शिक्षितको अवस्थामा भने खासै सुधार भएको देखिदैन । भएको प्राविधिक विद्यालयले पनि औपचारिकतामा मात्र सीमित रही खासै योग्य जनशक्ति उत्पादन गर्न सकेको छैन । तथापि सम्भावना प्रशस्त रहेकोले कडाइका साथ काम गरे सुधार गर्न अवश्य सकिन्छ । सोको लागि विद्यालयहरूको पुनर्संरचना सहित व्यवस्थित गर्नुपर्ने हुन सक्छ । यहाँ भएका विद्यालयहरूलाई विषयान्तर गरि एउटा पूर्वाधार सहित योग तथा आयुर्वेदिक विद्यालयको रुपमा विकास गर्न आवश्यक देखिन्छ । यसका लागि भारत स्थित पतञ्जली महाविद्यालयसँग समन्वय गर्न सकिन्छ । त्यसै गरि मा.वि. तहका विद्यालमा फरक फरक विषयको पढाईको व्यवस्था गर्ने (विज्ञान, कानुन, वाणिज्य, कला, प्रविधि, भाषा, योग तथा आयुर्वेद आदि) विशेष गरि आधारभूततर्फ लगानी, प्रोत्साहन र सबैको जोडबल हुन जरुरी छ । यहाँ रहेको एक मात्र क्याम्पसलाई पनि विशेष निगरानीमा राखी त्यसको पनि स्तर उन्नति गराउनु पर्ने देखिन्छ । नगरपालिकाको मार्ग चित्रमा उच्च शिक्षा हुनु भनेको विकासको सकारात्मक सूचक मानिन्छ । नगरपालिका भित्र विद्यालयहरूको वितरण

(अवस्थिति) को स्थिति पनि उपयुक्त खालको छैन । कुनै वडामा धेरै विद्यालयहरू छन् भने कुनै वडामा एउटा पनि विद्यालय छैन । जनसङ्ख्याको घनत्व र भूगोलको अवस्थाको आधारमा पनि विद्यालयको वितरण मिलाउनु पर्ने हुन्छ ।

छिमेकी देशहरू चीन र भारत दासत्वको/पराधिनताको स्थितिमा गुज्रिरहेको बखतमा नेपाल मजबुत र स्वतन्त्र थियो । तर विगत लगभग ६०/७० वर्षमा छिमेकी देशहरू चीन र भारत संसारकै उच्च विकासको स्तरमा पुगिसक्दा हाम्रो देश भने शिक्षामा मात्र होइन हरेक क्षेत्रमा सन्तोषजनक अवस्था छैन । यसबाट दोधारा चाँदनी पनि अछुतो रहन सकेको छैन । गाउँ बस्तीको बिचमा भएर पनि समुदायिक विद्यालयहरूमा विद्यार्थीहरू घट्दै जानु पनि एउटा चिन्ताजनक अवस्था रहेको छ । धेरै पछि जनबसोबास भएको र बाँकी मुलु सँगको सम्पर्कमा पनि धेरै पछि (पुलहरू बने पछि) मात्र आएकोले शैक्षिक विकास हुन नसकेको यो ठाउँलाई विशेष पहल गर्न सके मात्र शिक्षामा अगाडि लाग्न सकिने अवस्था छ । यसका लागि सबै दोधरा चाँदनीबासीहरू एकजुट भएर पूर्ण इच्छाशक्तिका साथ लाग्नु जरुरी छ ।प्रत्येक वर्ष सञ्चालन हुने कार्यक्रमहरू विगतका शैक्षिक योजनाले हासिल गर्न बाँकी रहेका उपलब्धि हाँसिल गर्ने र निर्धारित पूर्व योजना अनुसारको दिशामा केन्द्रित रहेका पाइन्छन् । नगरपालिकाले आगामी दश वर्षको अवधिमा शिक्षा विकासका लागि मार्गचित्र तय गर्न मिश्रित अवधारणामा केन्द्रित रही यो योजना तयार पारिएको छ ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण (Analysis of key issues and challenges)

दोधारा चाँदनीको बस्तीको इतिहास धेरै लामो नभए जस्तै यहाँको शैक्षिक इतिहास पनि धेरै लामो छैन । वि.स. २०२३ सालबाट औपचारिक बस्ती बसेको यस बस्तीमा २०२४ साल बाट औपचारिक शिक्षाको थालनी गरिए तापनि संस्थागत सुरुवात २०२८/२९ सालबाट मात्र भएको देखिन्छ । चारैतिर जङ्गलैजङ्गल , जङ्गली जनावरको भयङ्कर डर र औलोको महाप्रकोप, वरिपरि विशालकाय दुईवटा नदीहरू, डुबान र नदी कटानको समस्या, भारतीय चोर डाँकाहरूको बिगबिगी, बाटोघाटो को पनि ठुलो समस्या, दैनिक आवश्यकताका समान नपाइने तथा कुटाइ पिँधाइको समस्या, सरकार र सुरक्षाको उपस्थिति नरहनु आदिका कारण बस्ती बसेको धेरै समय पछि सम्म पनि यो ठाउँमा बस्ने की अन्तै बसाइ सरेर जाने दोधारे मन बनाएर बसिरहेका जनता भएकोले पनि धेरै पछि सम्म यहाँको विकास तथा सुरक्षा प्रबन्धमा सरकारले पनि चाँसो नदेखाएको देखिन्छ । यही दोधारे मन बनाएर बसेको बस्ती भएको र दुईतिर बाट पानीका ठुला ठुला धाराहरू( नदीहरू) बग्ने भएकाले पनि यस ठाउँको नाम दोधारा राखेको देखिन्छ ।

पछि गएर उपल्लो भागलाई चाँदनी र तल्लो भागलाई दोधारा नामाकरण गरि माथि चाँदनी गाउँ पञ्चायत र तल्लोलाई दोधारा गाउँ पञ्चायत भनिएको थियो । दोधारा चाँदनीमा शिक्षाको कुरा गर्दा खासगरि २०२८ सालमा . नयाँ शिक्षा ऐन लागु भए पछि पढ्ने पढाउने काममा तिब्रता आएको देखिन्छ । वि सं . २०३९/४० सालबाट मात्र कक्षा १० को पढाइ सुरु भएको भए तापनि SLC को केन्द्र भने धेरै पछि मात्र आएको र क्याम्पसको स्थापना पनि धेरै पछि भएको हो । पर्याप्त मात्रामा विद्यालयहरूको स्थापना भने २०५०/६० साल बाट मात्र भएको हुनाले पनि यो क्षेत्र शिक्षामा पछाडि परेको हो । यहाँको प्रमुख समस्या भनेको नै शैक्षिक गुणस्तरमा ह्रास आउनु हो ।

**दोधारा चाँदनीको शिक्षा क्षेत्रमा देखा परेका चुनौतीहरू मध्ये केही निम्नानुसार रहेका छन् :**

**चुनौतीहरू(challenges)**

१. प्रारम्भिक बालविकास केन्द्रको भौतिक पूर्वाधार निर्माण गरि गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नुपर्ने,
२. प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षामा पहुँच बिस्तार गर्नुपर्ने,
३. बालमैत्री एवम् अपाङ्गमैत्री भौतिक संरचना निर्माण गर्नुपर्ने,
४. शिक्षालाई राजनैतिक हस्तक्षेपबाट मुक्त गरि शान्ति क्षेत्र बनाउनुपर्ने,
५. पर्याप्त शिक्षक सङ्ख्या र सेवाकालीन तालिमको व्यवस्था गर्नुपर्ने,
६. पूरा समय विद्यार्थी विद्यालयमा बस्ने वातावरण बनाउनुपर्ने
७. अभिभावकको चेतनास्तरमा वृद्धि गरि शिक्षामा अभिभावकको संलग्नता अभिवृद्धि गर्नुपर्ने,
८. सुचना प्रविधिलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा स्थापित गर्ने र सुचना तथा प्रविधिमा विद्यार्थीहरूको पहुँच सुनिश्चित गर्नुपर्ने,
९. गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षामा सबैको पहुँच बिस्तार गरि सिपयुक्त सक्षम नागरिक उत्पादन गर्नुपर्ने,
१०. शिक्षकहरूलाई पेसाप्रति उत्तरदायी र जवाफदेही बनाउने ,विषयगत शिक्षक मिलान र शिक्षक सहयोग प्रणालीलाई व्यवस्थित गर्नुपर्ने,
११. शिक्षकहरूमा स्व-अध्ययन गर्ने बानीको विकास गर्ने र सो को लागि बिद्यालायमा स्व अध्ययन-एवम् रिफ्रेस कक्षको स्थापना गर्नुपर्ने,
१२. आम अभिभावकहरूको सामुदायिक विद्यालय प्रतिको साझा धारणा विकास गर्नुपर्ने,
१३. गुणस्तरीय परीक्षा तथा मुल्याङ्कन प्रणालीको विकास गर्नुपर्ने
१४. प्राविधिक तथा व्यवसायिक शिक्षा तर्फ जनशक्तिको व्यवस्थापन गर्ने र उपयुक्त प्राविधिक तथा व्यावसायिक कार्यक्रमहरू विकास गरि कार्यान्वयन गर्नुपर्ने,
१५. वैकल्पिक शिक्षण विधिलाई प्रयोगमा ल्याई कोभिड जस्ता महामारीका समयमा पनि सिकाइलाई निरन्तरता दिन सक्ने संयन्त्रको व्यवस्था गर्नुपर्ने,
१६. प्रभावकारी एवम् सहयोगात्मक तथा निरन्तर अनुगमनको उचित प्रबन्ध गर्नुपर्ने,
१७. उच्च शिक्षा प्रदायक संस्थाको क्षमता बिस्तार गर्नुपर्ने,
१८. विद्यालय हतालाई सुरक्षित छ भन्ने कुराको प्रत्याभूत गराउने गरि घेरा पर्खाल ,बिद्युतीकरण , सुरक्षा ,कार्यक्रम हल ,पर्याप्त शौचालय ,पर्याप्त खानेपानीको व्यवस्था ,क्यामेरा जडान.सी.सीसंयन्त्र आदिको व्यवस्था गर्न।

**माथिका चुनौतीहरूले शिक्षाको क्षेत्रमा पारेका असरहरू ( opportunities)**

१- BLE, SEE र SLC मा न्यून नतिजा
२- विद्यालय छोड्ने दरमा वृद्धि

३- आधारभूत तहमा (१-५) न्यून विद्यार्थी सङ्ख्या

४- अभिभावकको उदासीनता

५- विद्यार्थीको उपस्थिति न्यून

६- शैक्षिक सामाग्री न्यून हुनु

७- विषयगत शिक्षक नपाइनु आदि

## १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण (SWOT Analysis of challenges of education sector )

कुनै पनि विषय क्षेत्र तथा कार्यको सबल पक्ष, दुर्बल पक्ष अवसर र चुनौतीहरूको चीरफार SWOT विश्लेषणमा गरिन्छ । सबल पक्ष र समस्या जहिले पनि संस्थाको आन्तरिक पक्षसँग सम्बन्धित हुन्छन् भने अवसर र चुनौती बाह्य पक्षसँग सम्बन्धित हुन्छन् । योजना कार्यान्वनमा SWOT विश्लेषणको महत्वपूर्ण भूमिका हुने भएकोले यहाँ शिक्षाक्षेत्रको SWOT विश्लेषण गरिएको छ । यो SWOT विश्लेषण दोधारा चाँदनी नगरपालिकाको समग्र शैक्षिक अवस्थाको सुधारका लागि गरिएको छ। यसका लागि आवस्यक पर्ने तथ्याङ्क र जानकारी दोधारा चाँदनी नगरपालिका शिक्षा शाखा तथा यस नगरपालिका अन्तरगत सञ्चालित बिभिन्न विद्यालयबाट प्राप्त गरियो । प्राप्त तथ्याङ्क र जानकारी विश्लेषण गर्दा सम्मबन्धित विषय क्षेत्रका सबल पक्षहरू:

**सबल पक्षहरू ( Strengths)**

१. विद्यालय शिक्षा स्थानीय निकायको मातहतमा हुनु,

२. तालिम प्राप्त शिक्षकहरू हुनु,

३. भौतिक पूर्वाधार तथा कक्षाकोठाहरू आवश्यक मात्रामा पुग्नेगरि रहनु वा निर्माणाधीन रहनु,

४. शैक्षिक सामग्रीको व्यवस्था हुनु,

५. विद्यार्थी सङ्ख्या पर्याप्त हुनु,

६. खेलमैदान पर्याप्त रहनु,

७. स्थानीय पाठ्यक्रम निर्माण भै कार्यान्वयनमा रहनु,

८. शैक्षिक विकासका लागि सबै पक्ष सकारात्मक हुनु, आदि।

**दुर्बल पक्षहरू( Weaknesses)**

१. विद्यालय छोड्ने दर बढी हुनु,

२. न्यून विद्यार्थी उपस्थिति हुनु,

३. बी.एल.ई, एस. ई. ई. र एस. एल. सी. को नतिजा सन्तोषजनक नहुनु,

४. प्रविधिमैत्री सिकाइ नहुनु,

५. सरोकारवालाहरूबाट प्रभावकारी अनुगमन एवम् निगरानी नहुनु,

६. शिक्षा विकासका लागि पर्याप्त बजेटको व्यवस्था नगरिनु, आदि ।

**अवसरहरू ( Opportunities)**

१. संवैधानिक तथा कानुनी आधारहरू प्राप्त हुनु,

२. शिक्षामा लगानी वृद्धि गरि गुणस्तर सुधार गर्न सक्नु ,

३. स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु,

४. तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु,

५. सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा बिस्तार हुनु,

६. विभिन्न गैह्सरकारी सङ्घ संस्थाहरूले पनि विभिन्न प्रकारका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु,

७. स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण,

८. जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरि निर्माण र कार्यान्वयनको अवसर हुनु ,

९. स्थानीयतहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्न,

१०.वैकल्पिक सिकाइ सहजीकरण गरि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनुलाई शिक्षा क्षेत्रको अवसरको रूपमा लिन सकिन्छ,

११ . बी.एल.ई, एस. ई. ई. र एस. एल. सी. को नतिजा सुधार गर्न सकिने ,

१२ . विद्यार्थी सङ्ख्या वृद्धि गर्न सकिने अवस्था रहनु, आदि ।

**चुनौतीहरू ( Threats)**

१. विपतको उच्च जोखिम,

२. विद्यार्थी विद्यालयमा टिकाउन नसकिने ,

३. खुला सीमाना,

४. अभिभावकको आर्थिक अवस्था कमजोर,

५. लैङ्गिक भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जातजाति आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न कठिन,

६. जनसाङ्ख्यिकीय प्रवृत्ति (विशेषतः जन्म र बसाइ सराइ) का कारणले व्यवहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन कठिन,

७. शिक्षा प्रतिको सकारात्मक चेतना अथवा शिक्षाको महत्व बुझाइको कमी,

८. विद्यालयहरूको भौतिक, आर्थिक, शैक्षिक, लगायत व्यवस्थापकीय कमीकमजोरीहरू रहनु,

९. शिक्षा प्रतिको सकारात्मक सोच र व्यवहारको कमी, आदि ।

## १.४ अवसरहरू ( Opportunities)

१. अधिकांश बालबालिका शिक्षाको पहुँचमा पुगेका छन् । विद्यालयमा भौतिक एवम् शैक्षिक आकर्षण ल्याई विद्यालय छोड्ने, कक्षा दोहोर्याउने दरमा कमी ल्याई शैक्षिक क्षति न्यून गर्न सकिने अवस्था छ।

२. नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाका लागि नीतिगत, कानुनी र संवैधानिक आधार तयार भएको छ ।

३. स्थानीय तहसँग व्यवस्थापकीय र कार्यपालिकीय अधिकार रहेकाले स्थानीय आवश्यकतालाई सम्बोधन हुने गरि शैक्षिक नीति, योजना तथा कार्यक्रम निर्माण गर्न स्थानीय तह स्वतन्त्र रहेको छ ।

४. शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय क्षेत्र विकास कार्यक्रम मार्फत विद्यालयलाई सूचना प्रविधि, सुविधायुक्त पुस्तकालय तथा विज्ञान प्रयोगशाला उपलब्ध गरिएका छन् ।

५. विद्यालयमा व्यवस्थापन र सुशासन कायम राख्न विद्यालय व्यवस्थापन समिति गठन गरिएको छ।

६. शैक्षिक गुणस्तर कायम राख्न निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रयोगमा ल्याइएको छ।

७. सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरूको लागि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था, छात्रवृत्ति व्यवस्था सेनिटरी प्याड, एवम् दिवा खाजाको व्यवस्था रहेको छ ।

८. शिक्षकको बढुवामा तालिमवापत अङ्क दिने व्यवस्था गरि तालिमतिर आकर्षण गरिएको छ ।

९. विद्यालय शिक्षाको व्यवस्थापन तथा शैक्षिक गुणस्तर वृद्धिका लागि तिनवटै तहका सरकारले लगानी गरिरहेका छन्।

१०. स्थानीय आवश्यकता र सम्भावनालाई दृष्टिगत गरि स्थानीय तहमा नै स्थानीय पाठ्यक्रमको निर्माण गर्ने आधार तयार भएको छ ।

११. वित्तीय अधिकार केही हदसम्म स्थानीय तहलाई दिइएको छ ।

# परिच्छेद : दुई

# दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**(Vision, Goals, Objectives, Strategies and Workplan)**

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधारहरू

नेपालको संविधान (२०७२) लागू भई सङ्घीयता कार्यान्वयनमा आए सँगै राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्दै आएका छन् । सङ्घ प्रदेश र स्थानीय तहलाई संविधानले निर्दिष्ट गरेका शिक्षा सम्बन्धी एकल तथा साझा अधिकारहरूलाई कार्यान्वयन गर्न सहकारिता सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गरि शिक्षाको राष्ट्रिय गन्तव्य एवम् राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता पूरा गर्नुपर्ने हुन्छ । नेपाललाई सन २०२२ सम्म विकासशील तथा सन् २०३० सम्म मध्यम आय भएको देशको रुपमा विकास गरि समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्नुपर्ने अभिभारा हाम्रो सामु छ । यसका लागि शिक्षाको क्षेत्रमा हालसम्म भए गरेका प्रयास उपलब्धि र पहिचान गरिएका समस्या एवम् चुनौतीहरूको समीक्षा गर्दै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तीनै तहको शिक्षा क्षेत्रको योजनाको ढाँचामा एकरुपता ल्याउने गरि शिक्षा

क्षेत्रको १० वर्षे योजना निर्माणको कार्यलाई तीनै तहका सरकारहरू मार्फत  अगाडि बढाएको छ । विगतमा पनि पञ्चवर्षीय, त्रिवर्षीय योजनाका अतिरिक्त सेती परियोजना, प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (प्रथम), आधारभूत तथा प्राथमिक शिक्षा परियोजा (दोस्रो), सबैका लागि शिक्षा (EFA) कार्यक्रम, विद्यालय क्षेत्र सुधार योजना (SSEP), विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) लागु भए ।

यिनै योजना तथा कार्यक्रमहरूको परिणामस्वरूप नेपालको साक्षरता,  सिपयुक्त जनशक्ति, रोजगारी, विकास र  देशको आर्थिक समृद्धिले गति ल्याएको देखिन्छ । यी योजना तथा कार्यक्रमहरूका उपलब्धिको रक्षा तथा .संवैधानिक प्रावधान अनुसार "धारा ३१" मा भएको व्यवस्थामा  निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा एवम् निशुल्क माध्यमिक शिक्षा उपलब्ध गराउने दायित्व,  स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४ " दफा" ११ (२) ज (स्थानीय तहका शिक्षासम्बन्धी  काम, कर्तव्य र अधिकार(, सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माणसम्बन्धी) आयोजना तर्जुमा र कार्यान्वयनः (क:(दफा १३ मा भएको योजना तर्जुमासम्बन्धी व्यवस्था) र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ लाई आधार मान्दै दोधारा चाँदनी नगरपालिकाद्वारा यो दशवर्षे नयाँ शिक्षा योजना (२०८१ -२०९१ ) तयार पारिएको छ।

अबको शिक्षा योजनाले भविष्यका पिँढीहरूको आकाङ्क्षा र चाहनाहरूको सम्बोधन गरि अन्तर्राष्ट्रिय स्तरमा पहिचान भएका कुशल नागरिक उत्पादनमा सहयोग पुर्याउने छ। केन्द्रीकृत योजनाबाट स्थानीय आवश्यकता सम्बोधन गर्न नसक्ने भएकाले स्थानीय तहमा आवश्यक्तानुसार योजना निर्माण गर्न र स्थानीय तहहरूको योजनाको आधारमा सङ्घीय शिक्षा योजना बनाउन यस योजनाले सहयोग पुर्याउने छ । विगतका योजनाका उपलब्धिको रक्षा गर्दै भविष्यमा शिक्षालाई समयानुकूल, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, मूल्य उन्मुख, देशप्रेमी नागरिक उत्पादनमा सहयोग पुर्‍याउन यो योजना औचित्यपूर्ण हुने छ । यो योजना तपसिलका आधारहरू निर्माण गरिएको हो ।

## २.२ दूर दृष्टि (Vision)

"अनुशासित एवम् सक्षम नागरिक र गुणस्तरीय शिक्षा, दोधारा चाँदनी  नगरपालिकाको सदिच्छा"

## २.३ लक्ष्य (Goals)

१. विद्यार्थीहरूलाई उच्च स्तरको शिक्षा तथा गुणस्तरीय शिक्षा सुनिश्चित   गर्न ।

२.सबै वर्गका विद्यार्थीहरूलाई, विशेष गरि महिला, बालबालिका, अपङगता भएका र सीमान्तकृत  व्यक्तिहरूलाई शिक्षा प्राप्त गर्ने अवसर दिनु ।

३. विद्यालयहरूको भौतिक संरचना, स्रोतसाधन र प्राविधिक उपकरणहरू  सुधार  गर्नु ।

४. शिक्षकहरूको पेशागत विकास र तालिममा लगानी गर्नु  ।

५. शिक्षा योजनामा स्थानीय समुदायको भागिदारी र सहयोगलाई प्रोत्साहन गर्नु ।

६ .स्थानीय स्रोत र सामाग्रीको प्रयोग गरि शिक्षालाई अधिकतम  प्रभावकारी  बनाउनु ।

७. प्रविधिको उपयोग गरेर अनलाईन शिक्षा र उपयुक्त शैक्षिक विधिहरूको  विकास गर्नु ।

८.विद्यार्थीहरूलाई व्यावसायिक सीप र तालिम प्रदान गरेर रोजगारीको अवसर सिर्जना गर्नु ।

९. शिक्षाको प्रभाव र गुणस्तरको निरन्तर मूल्याङ्कन र सुधार प्रक्रिया अपनाउनु ।

१०.सबै विद्यार्थीहरूलाई शिक्षा प्राप्तिका लागि समान अवसर प्रदान गर्नु ।

११. उच्च शिक्षाका लागि विद्यार्थीहरूलाई तयार गर्नु ।

यी लक्ष्यहरूलाई पूरा गर्न विभिन्न रणनीतिहरू र कार्यक्रमहरू लागु गर्न आवश्यक छ; जस्तै

१. नैतिकता, आर्थिक, सामाजिक र मानवीय विकासमा आधारित शिक्षाको विकास गर्ने ।

२. विद्यालय नक्साङ्कन पूर्ण रुपमा गर्ने ।

३. प्रारम्भिक बालविकास केन्द्रहरूको पुनःव्यवस्थापन गरिने छ ।

४. विद्यालयमा विद्यार्थी सङ्ख्या अनुसार भौतिक पूर्वाधारहरू निर्माण गर्ने ।

५. निजी क्षेत्रबाट प्रदान गरिने शिक्षालाई पनि व्यवस्थित गराई राज्यको मुलधारमा ल्याइने छ ।

६. असल व्यक्ति, असल समाज र असल चरित्र निर्माण गर्नका लागि नैतिक शिक्षालाई वर्तमानको आवश्यकतामा जोड दिन विद्यार्थीहरूलाई नैतिक शिक्षा समबन्धी विभिन्न कार्यक्रम गराउन लगाइने छ ।

७. नगरपालिकाभित्र प्राविधिक तथा व्यावसायिक विद्यालय स्थापनाका लागि सहजीकरण र प्रोत्साहन गरिने छ ।

८. बौद्धिक क्षमता तीव्र भएका विद्यार्थीहरूलाई पलायन हुनबाट रोक्नका लागि विद्यालयहरूमा माध्यमिक तहदेखि नै सुलभ मूल्यमा प्राविधिक तथा व्यवसायिक शिक्षामा निरन्तरता दिइने छ ।

९. आधारभूत तह पूरा गरेर बिचमै कक्षा छोडेका युवा तथा युवतीहरूलाई सिलाई बुनाइ, कटाइ, बुटिक, ब्युटिपार्लर आदि सम्बन्धी सीपमूलक तालिमहरू सञ्चालनमा ल्याइने छ ।

१०. कृषि तथा पशुपालन (जस्तैः केरा खेती, बेमौसमी तरकारी खेती, कुखुरापालन बङ्गुरपालन ) जस्ता बिभिन्न कार्यक्रमहरू सञ्चालन गर्नका लागि स्थानीय तहबाट पहल गरिने छ ।

११. व्यवसायिक तथा प्राविधिक जनशक्तिको व्यवस्थापन गरिने छ ।

१२. सामाजिक सास्कृतिक, धार्मिक, पर्टकीय, प्राकृतिक विषयवस्तुलाई स्थानीय पाठ्यक्रममा समावेश गर्ने ।

१३. शिक्षा र शैक्षिक पूर्वाधारहरू बालमैत्री, छात्रामैत्री एवम् अपाङ्गमैत्री बनाइने छन् ।

१४. लक्षित समूहका बालबालिकाहरूका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

१५. प्रत्येक विद्यालयहरूका लागि वडागत र पालिका स्तरीय गरि शिक्षामा विनियोजित गरिने बजेटको दर बढाउने ।

१६. आधारभूत तहको शिक्षा व्यवस्थापनका लागि वडास्तरीय शिक्षा योजना निर्माण गरि त्यसको कार्यान्वयन गरिने छ ।

१७.विद्यालयमा भर्ना भएका बालबालिकाहरूका लागि छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक एवम् दिवा खाजा उपलब्ध गराइने छ ।

१८.विद्यालयमा आवश्यकता अनुसार विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन गरिने छ ।

१९. सामुदायिक माध्यमिक तहमा भर्ना भएका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक र सबै विद्यालयका छात्राहरूका लागि स्यानिटरी प्याड उपलब्ध गराइने छ ।

२०. संस्थागत विद्यालयहरूलाई भौतिक अवस्था र शैक्षिक गुणस्तरका आधारमा वर्गीकरण गरिने छ।

२१.बालिका शिक्षाका लागि विशेष प्राथमिकता दिदै नीति र कार्यक्रम बनाइ कार्यान्वयन गरिने छ ।

२२.वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगारमूलक एव जनमुखी शिक्षा मार्फत सिर्जनशील, प्रतिस्पर्धी र राष्ट्रप्रति जिम्मेवार दक्ष जनशक्ति तयार गरिने छ ।

२३.गरिव तथा विपन्न जेहेन्दार एवम् विविध भाषा धर्म संस्कृति एवम् फरक क्षमता भएका लगायत सबै विद्यार्थीहरूलाई गुणस्तरीय माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गरिने छ ।

२४. सबै विद्यालयका शिक्षक तालिमको व्यवस्था, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको क्षमता अभिवृद्धि गरिने छ ।

२५.गुणस्तर सुधारका लागि प्रभावकारी अनुगमन, सुपरीवेक्षण एवम् पृष्ठपोषणलाई निरन्तरता दिइने छ ।

२६.अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरि सचेतना बढाइने छ ।

२७.विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ ।

२८.कक्षा १-८ मा स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक निर्माण गरि कार्यान्वयनमा ल्याइने छ ।

२९.सङ्घीय सरकार र प्रदेश सरकार सँगको समन्वयमा विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

३०.विद्यालयहरूमा सूचना प्रविधि प्रयोगशाला स्थापना गरिने छ ।

३१.सबै शिक्षक तथा कर्मचारीहरूलाई कम्प्युटर तालिम लिन प्रेरित गरिने छ र एक शिक्षक एक ल्यापटपको कार्यक्रमलाई अगाडि बढिने छ ।

३२. विद्यालयको आवश्यकताका आधारमा विद्यालय कर्मचारीहरूको व्यस्थापन गरिने छ।

३३. कर्मचारीहरूको कार्यक्षमता वृद्धिकोलागि समयानुकूल तालिमहरूको व्यवस्था गर्नुको साथै कार्यभारका आधारमा थप सुबिधा उपलब्ध गराइने छ।

३४.पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था गरिने छ ।

३५.विद्यार्थी दैनिक ट्रेकिङ् प्रणाली कार्यान्वयनमा ल्याइ विद्यार्थीहरूको नियमिततामा सुधार ल्याइने छ ।

३६.शिक्षण सिकाइको अभिन्न अंगको रुपमा सूचना प्रविधिको प्रयोग गरिने छ ।

३७.विद्यालयहरूमा बालमैत्री शिक्षण क्रियाकलापहरूका साथै जीवन उपयोगि सिपलाई सञ्चालन गरिने छ ।

३८.उपचारात्मक शिक्षण गरि सिकाइ उपलब्धि सुनिश्चित गरिने छ ।

३९.निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ ।

४०.विद्यालयको आवश्यकता हेरी भौतिक संरचनाहरू निर्माण गरिने छन्।।

४१.विद्यार्थी शिक्षक अनुपातका आधारमा लगानी वृद्धि गरिने छ ।

४२.छात्र छात्रा एवम् शिक्षक कर्मचारीहरूका लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था गरिने छ ।

४३.विद्यालयमा स्वच्छ एवम् पर्याप्त खानेपानीको व्यवस्था गरिने छ ।

४४.विद्यार्थी,शिक्षक, कर्मचारीहरूको स्वास्थ्यलाई मध्यनजर गरि एक विद्यालय एक नर्स कार्यक्रम लागु गरिने छ।

४५.विद्यालयहरूमा घेरावार निर्माणको काम क्रमश गरिने छ ।

४६.विद्यालय परिसरमा वृक्षारोपण गरि हरित विद्यालय निर्माण एवम् वायो फेन्सिङ गरिने छ ।

४७.बालबालिकाहरूलाई विद्यालयमा बसी सिकौँ सिकौँ र पढौँ पढौँ हुने वातावरण सिर्जना गरिने छ ।

४८.रेडक्रस, स्काउट, बालक्लब, लगायतका बालबालिका तथा युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरिने छ ।

४९. आयुर्वेद तथा योग शिक्षाको साथै संस्कृत अध्ययन को लागि महाविद्यालय सञ्चालन को सुरुवात गरिने छ।

५०.जडिबुटीको उत्पादनमा जोड दिंदै जडिबुटीयुक्त जैविक वन स्थापनाको पूर्वाधार तयार गरिने छ।

५१.शैक्षिक बस, वाहन लागयतका यातायातका साधन सुबिधाको थालनी गरिने छ।

५२.सार्वजनिक वाचनालय, सार्वजनिक पुस्तकालय, फ्री वाईफाई जोन, यजुकेशनल पार्क आदिको लागि मास्टर प्लानको निर्माण गरिने छ ।

५३. बाल विकास ,राहत , नगर अनुदान, विद्यालय कर्मचारी र सङ्घीय अनुदान शिक्षकहरूको बिरामी बिदा, र उपदानको लागि पहल गरिने छ।

५४. शैक्षिक उपलब्धि परीक्षणमा शिक्षकहरूलाई सहभगि गराइने छ।

५५.शिक्षक र विद्यार्थी आवासकालागि विशेष पहल गरिने छ।

## २.४ उद्देश्यहरू (Objectives)

गुणस्तरीय शिक्षामा पहुँचको सुनिश्चितता गर्नु,गुणस्तरमा सुधार गर्नु,संस्थागत क्षमता वृद्धी गर्नु, शिक्षामा समता एवम् समावेशिता कायम गर्नु नै मुख्य उद्देश्य हो। यसैको सेरोफेरोमा रही यस दोधाराचाँदनी नगरपालिकाको नयाँ शिक्षा क्षेत्र योजनाका प्रमुख उद्देश्यहरू निम्नानुसार छन् :

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क गरि माध्यमिक तह सम्मको शिक्षा निःशुल्क गराउनु।

२. सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

३. माध्यमिक शिक्षा व्यवहारिक व्यवसायिक एवम् प्राविधिक, समतामूलक, पहुँचयुक्त, गुणस्तरीय, सक्षमतामा आधारित र सान्दर्भिक बनाउनु।

४. औपचारिक शिक्षाबाट वञ्चित भएका बालबालिकाहरूलाई अनौपचारिक तथा वैकल्पिक शिक्षाको माध्यमद्धारा शिक्षाको मूलधारमा ल्याउनु।

५. युवा तथा प्रौढहरूका लागि कार्यमूलक साक्षरता , जीवनोपयोगी निरन्तर शिक्षा एवम् सीपयुक्त तालिमको व्यवस्था गर्नु।

६. शैक्षिक सेवा प्रवाहमा सुलभता र प्रभावकारिता ल्याई शिक्षाको गुणस्तर सुधार गर्नु ।

७. विद्यालयको शिक्षण सिकाइ र शैक्षिक कार्यक्रमहरू सूचना प्रविधिमैत्री बनाउनु।

८. सबै विद्यालयहरूलाई प्रविधिमैत्री,बालमैत्री, छात्रामैत्री अपाङ्गतामैत्री र हरित विद्यालय बनाउनु।

९. शिक्षा प्रणालिमा सुशासन कायम गरि पारदर्शिता, उत्तरदायित्व र जबाफदेहिताको विकास गर्नु।

१०.ज्ञान, विज्ञान, सूचना र प्रविधिको विकाससँगै आएको नवीन परिवर्तन शिक्षा क्षेत्रमा समावेश गर्नु।

११. प्राविधिक तथा व्यवसायिक शिक्षाको बिस्तार गरि सबैको पहुँच तथा गुणस्तर सुनिश्चित गर्नु ।

१२. गुणस्तरीय उच्च शिक्षामा सर्वसाधारणको पहुँच बिस्तार गर्नु ।

१३. योग एवम् आयुर्वेदिक विद्यालय स्थापना गर्नु ।

१४. विद्यार्थी दिवाखाजामा केही रकम थप गरि सबैका लागि बनाउन प्रयत्न गर्नु ।

१५. दैनिक जीवनमा आईपर्ने विविध कानुनी समस्याहरूको समाधानलाई आधारमानी उपयूक्त कानुनी शिक्षा लाई स्थानीय विषयमा समावेश गर्नु आदि ।

## २.५ रणनीति (Strategies )

१. प्रारम्भिक बालविकासको गुणात्मक विकाश गरि सबै बालबालिकाको लागि अनिवार्य गर्ने ।

२. अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न सरोकारवाला सबै निकायको क्षमता विकास, जागरुक र जवाफदेही बनाउने ।

३. विद्यालय शिक्षामा गुणस्तर कायम गर्न गुणस्तर मापदण्ड र प्रत्यायन प्रणाली कार्यान्वयनमा ल्याइने ।

४. प्रतिभा पलायनबाट बच्न मागमा आधारित प्रविधिमैत्री शिक्षा प्रणालिको विकास गरि सिपयुक्त जनशक्ति तयार पार्ने ।

५. युवाहरूका लागि यसै नगरपालिकामा प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरू सञ्चालन गरि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

६. गुणस्तरीय उच्च शिक्षामा पहुँच सुनिश्चित गर्न उच्च शिक्षा प्रदायक संस्थाहरूको संस्थागत क्षमता विकास र प्राविधिक सहयोग उपलब्ध गर्ने ।

७. नागरिकहरूलाई कामको संसारसँग परिचित गराई सिपको प्रमाणीकरणको व्यवस्था मिलाईने ।

८. शिक्षाको समग्र गुणस्तर कायम गर्न प्रतिफलमा आधारित लगानी पद्धतिको विकास गर्ने ।

९. सम्पूर्ण शिक्षा प्रणालिलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाउने ।

१०. उच्च शिक्षा प्रदायक संस्थाहरूको संस्थागत क्षमताको विकासमा सहयोग गर्ने ।

११. योग एवम् आयुर्वेदिक विद्द्यालय स्थापना गर्ने ।

१२. विद्यार्थी दिवाखाजामा केही रकम थप गरि सबैका लागि बनाउन प्रयत्न गर्ने ।

१३. दैनिक जीवनमा आईपर्ने विविध कानुनी समस्याहरूको समाधानलाई आधारमानी उपुक्त कानुनी शिक्षा लाई स्थानीय विषयमा समावेश गर्ने ।

१४. नमुना विद्यालय को अवधारणा अनुसार भएकै विद्यालयहरू बाटै कम्तिमा एउटा विद्यालयलाई नमुना विद्यालय निर्माण गर्ने ।

१५. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको मापदण्डबमोजिम विद्यालय शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच, गुणस्तर र निरन्तरता सुनिश्चित गर्न विभिन्न प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गर्ने ।

## २.६ कार्यनीति

१. विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा बिस्तार गरिने छ ।

२. विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामाग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रम सञ्चालन गरिने छ।

३.विद्यालयबाहिर रहेका सबै बालबालिकलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिँदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरि स्थानीय तहले आफ्नो सेवा क्षेत्रभित्र कुनै पनि बालबालिका बाहिर नरहेको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

४.सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा रूपमा पछाडि परेका बालबालिकालाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सृजना गरिने छ ।

५. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरूको प्रयोग गर्दै उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन, शिक्षक पेसागत क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गरिने छ।

६. विद्यार्थीहरूको प्रगति र शिक्षणको प्रभावकारिता अनुगमन गर्नका लागि नियमित मूल्याङ्कन प्रणाली लागू गर्ने।

७. डिजिटल शिक्षण सामग्री र प्रविधिको प्रयोग गरेर शिक्षण पद्धतिमा नवीनता ल्याउने।

८.अभिभावक र समुदायका सदस्यहरूलाई शिक्षा योजनामा संलग्न गराउने र उनीहरूको योगदानलाई प्रोत्साहित गर्ने।

९.विद्यालयहरूमा आवश्यक शैक्षिक सामग्री र स्रोतहरूको उपलब्धता सुनिश्चित गर्नका लागि बजेट र स्रोत व्यवस्थापनमा ध्यान पुर्‍याउने।

१०.शैक्षिक पद्धतिमा नवीनता र रचनात्मकता प्रवर्धन गर्ने।

## २.७ अपेक्षित उपलब्धिहरू (Expected Outcomes)

यस योजना अवधिका मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्यहरू देहाय बमोजिम निर्धारण गरि उक्त लक्ष्यहरू योजना अवधिमा पूरा हुने अपेक्षा गरिएको छ ।

### मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्यहरू (Key performance indicators and targets)

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८० | लक्ष्य | |
|---|---|---|---|---|
| | | | २०८१ | २०९१ |
| १ | **प्रारम्भिक बालविकास र शिक्षा** | | | |
| क | कूल भर्ना दर | ९१.८% | ९८ | ९९ |
| ख | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | १०० | १०० | १०० |
| ग | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० |
| घ | कक्षा १ का नव प्रवेशीमध्ये प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्त बालबालिका प्रतिशत | ६२.० | ७५ | ९५ |
| २ | **आधारभूत शिक्षा** | | | |
| क | कक्षा १ मा कूल प्रवेश दर | ११०.८ | १०३ | १०० |
| ख | कक्षा १ मा खुद प्रवेश दर | ९८.० | ९९ | ९९ |
| ग | कक्षा १–५ मा कूल भर्ना दर | १११.२ | १०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| घ | कक्षा १–५ मा खुद भर्ना दर | ९७.४ | १०० | १०० |
| ङ | कक्षा १–८ मा कूल भर्ना दर | ११२.४ | १०४ | ९९ |
| च | कक्षा १–८ मा खुद भर्ना दर | ९७.१ | १०० | १०० |
| छ | कक्षा १–८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ९८.१ | १०० | १०० |
| ज | कक्षा ८ मा टिकाउ दर | ७९.२ | १०० | १०० |
| झ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ७६.४ | १०० | १०० |
| ञ | ५–१२ वर्ष उमेरका विद्यालय वाहिर रहेका बालबालिका प्रतिशत | ४.२ | ३.२ | २.२ |
| ३ | **माध्यमिक शिक्षा** | | | |
| क | कक्षा ९–१० को कूल भर्ना दर | १०३.५ | १०१ | १०० |
| ख | कक्षा ९–१० को खुद भर्ना दर | ८०.४ | १०० | १०० |
| ग | कक्षा ९–१२ को कूल भर्ना दर | ९०.६ | ९५ | १०० |
| घ | कक्षा ९–१२ को खुद भर्ना दर | ६५.० | ७५ | ९५ |
| ङ | कक्षा ११–१२ को कूल भर्ना दर | १०१ | १०० | १०० |
| च | कक्षा ११–१२ को खुद भर्ना दर | ८०.४ | १०० | १०० |
| छ | कक्षा १० सम्मको टिकाउ दर | ६९.० | ८० | ९० |
| ज | कक्षा १२ सम्मको टिकाउ दर | ३८ | ५० | ६० |
| झ | कक्षा १–१२ मा खुद भर्ना दरको आधारमा लैङ्गिक समता सूचाङ्क | १.२३ | १.० | १.० |
| ४ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ | | | |
| क | ६ वर्ष माथिको साक्षरता दर | ७९.२ | ८५ | ९५ |
| ख | १५–२४ वर्षको साक्षरता दर | ४३.५ | ५० | ६० |
| ग | १५ वर्ष माथिको साक्षरता दर | ७९.२ | ८५ | ९५ |
| घ | महिला साक्षरता प्रतिशत | ७२.७ | ८० | ९० |
| ५ | शिक्षा क्षेत्रको वजेट प्रतिशत | ४.५ | ८ | १२ |

योजना अवधिको अन्तमा प्रस्तुत योजना पूर्ण रुपमा कार्यान्वयनमा आइ देहाय अनुसारका उपलब्धिहरू प्राप्त हुने छन् ।

१. सबै बालबालिकाहरू गुणस्तरीय प्रारम्भिकबाल विकासतथा शिक्षा सहित कक्षा एकमा भर्ना भएका हुने छन् ।

२. गुणस्तरीय आधारभूत शिक्षाको पहूँच सुनिश्चित भएको हुने छ ।

३. माध्यमिक शिक्षाको पहूँच, गुणस्तर र सान्दर्भिकता अभिवृद्धि भएको हुने छ ।

४. कार्यमूलक साक्षरताको अभिवृद्धि भई निरन्तर शिक्षाको अवसर उपलब्ध भएको हुने छ ।

५. सूचना तथा प्राविधिक शिक्षण सिकाइ क्रियाकलाप, विद्यालय सञ्चालन तथा व्यवस्थापनको अभिन्न अङ्गको रुपमा स्थापित भएको हुने छ ।

६. आपत्कालिन परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने छ ।

७. सबै विद्यार्थीहरूले भौतिक तथा शैक्षिक रुपमा सुरक्षित विद्यालयमा पढ्न पाउने अवसर प्राप्त गरेका हुने छन् ।

८. प्राविधिक तथा व्यवसायिक शिक्षाको सुनिश्चिताको आधार तयार एवम् सञ्चालन भएको हुने छ ।

९. सक्षम, समर्पित र मर्यादित शिक्षकहरूद्धारा विद्यार्थीको सिकाइमा सुधार आएको हुने छ ।

१०. बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार आइ सिकाइ स्तर अभिवृद्धि भएको हुने छ ।

१२. आवश्यकता अनुसार विद्यालयहरू तथा बालविकासहरू बिस्तार एवम् मर्ज भएका हुने छन्। ।

१३. विद्यालयहरूलाई उपयोगिताको आधारमा विषयान्तर (एक विद्यालय एक मुख्य विषय) गरिएको हुने छ ।

१४. संस्कृत, योग तथा आयुर्वेदिक महाविद्यालय सञ्चालन भएको हुने छ ।

१५. यस नगरपालिकामा कार्यरत सम्पूर्ण शिक्षकहरूको सेवा सुविधा तथा प्रोत्साहन तुलनात्मक रुपमा राम्रो गरिएको हुने छ ।

१६. बालविकास, सिकाइ केन्द्र, विद्यालय एवम् क्याम्पसमा भौतिक विकास तथा शैक्षिक सामग्रीहरूको राम्रो एवम् अपाङ्ग मैत्री व्यवस्था भएको हुने छ ।

१७. आधुनिक सूचना तथा प्रविधिको ज्ञान एवम् प्रयोगमा वृद्धिको साथै उन्नत्ता कायम (Digitalisetion) भएको हुने छ ।

१८. नमुना विद्यालय स्थापना गर्ने आधार तयार भइ सञ्चालनमा ल्याउने क्रम सुरु गरिने छ ।

१९. विद्यालयमा रेडक्रस तथा स्काउटको गठन, सञ्चालन तथा नियमितता गरिएको हुने छ ।

२०. विद्यालयहरूमा रहेका निजी प्रकृतिका शिक्षकहरूलाई नगर शिक्षकमा रुपान्तरण गरिएको हुने छ ।

२१. प्रत्येक विद्यालयमा विषयगत शिक्षकको व्यवस्था सुनिश्चित गरिएको हुने छ ।

२२. भयरहित, बालमैत्री, सुरक्षित, सफा एवम् सुन्दर विद्यालय वातावरण निर्माण भएको हुने छ ।

२३. नियमित खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रम, प्रदर्शनि कार्यक्रम, शिक्षक शैक्षिक भ्रमण/ विद्यार्थी शैक्षिक भ्रमण, विभिन्न परियोजना कार्य लगायतका कार्यक्रम भएको हुने छ ।

२४. विद्यालयहरूमा क्रमशः यातायातका साधनहरू(स्कुल बस)को सुविधा बिस्तार गर्ने कार्यको सुरुवात गरिएको हुने छ ।

२५. नगरपालिकामा सञ्चालित सम्पूर्ण विद्यालयहरूमा तहगत र विषयगत शिक्षकहरूको पूर्ण व्यवस्था गरिएको हुने छ ।

२६. विद्यार्थी स्वास्थ्य परीक्षण कार्यक्रमलाई नियमित र प्रभावकारी बनाइने छ।

दश वर्षे शिक्षा योजनाको कार्यान्वयन पश्चात आधारभूत तहको खुद भर्नादर १०० प्रतिशत पुर्‍याउने , कूल भर्ना दर १०० प्रतिशतमा झार्ने, विद्यार्थी टिकाउ दर १०० प्रतिशत पुर्‍याउने, लैङ्गिक समता सूचक १ पुर्‍याउने, विद्यालय बाहिर रहेका बालबालिकाको संङ्ख्या शून्यमा झार्ने, कक्षा दोहोर्‍याउने दर शून्यमा झार्ने, पन्ध्र वर्ष भन्दा माथिको साक्षरता दर ९७ प्रतिशत पुर्‍याउने, शैक्षिक उपलब्धि स्कोरलाई ९९ प्रतिशत पुर्‍याउने र दोधारा चाँदनी नगरपालिकाले आफ्नो बार्षिक कूल बजेटको शिक्षामा २१ प्रतिशत लगानी गरेको हुने छ ।

## २.८ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण (Major activities, Indicators, targets)

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर(%) | स्थानीय | ९०.२ | ९१ | ९२ | ९३ | ९४ | ९६ | १०० | | IEMIS |
| | | प्रदेश | ९८.९ | | | | | | | | |
| | | राष्ट्रिय | ८६.2 | | | | | | | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका(%) | स्थानीय | ७५. ० | ७६ | ७८ | ७९ | ८३ | ९० | ९८ | | |
| | | प्रदेश | ८१.३ | | | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | | | | | | | | |
| आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९६.२ | ९६,५ | ९७ | ९८ | ९९ | १०० | १०० | | IEMIS |
| | | प्रदेश | ९६.० | | | | | | | | |
| | | राष्ट्रिय | ९६.९ | | | | | | | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ९३.३ | ९४ | ९५ | ९६ | ९७ | १०० | १०० | | IEMIS |
| | | प्रदेश | ११५.० | | | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | | | | | | | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) | स्थानीय | ९५.६ | ९६ | ९७ | ९७.५ | ९८ | १०० | १०० | | IEMIS |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मा खुद भर्ना दर* (%) | प्रदेश | ९५.७ | ९६ | ९७ | ९८ | ९९ | १०० | १०० | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | | ९९.५ | १०० | १०० | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १०२.१ | १०१.५ | १०० | १०० | १०० | १०० | १०० | | IEMIS |
| | | प्रदेश | १२७.३ | | | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | | | | | | | | |
| २.५ | आधारभूत तहको कक्षा१-५ को खुदप्रवेश दर* (%) | स्थानीय | ९६.२ | ९७.५ | ९७,८ | ९८ | ९८.२ | ९८.५ | १०० | | IEMIS |
| | | प्रदेश | ९५.७ | | | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | | | | |
| २.६ | आधारभूत तहको कक्षा १-५ को कूलप्रवेश दर* (%) | स्थानीय | १००.५ | १००.४ | १००.३ | १००.२ | १००.१ | १०० | १०० | | |
| | | प्रदेश | ११५.७ | | | | | | | | IEMIS |
| | | राष्ट्रिय | ११३ | | | | | | | | |
| २.७ | आधारभूत तहको कक्षा १-५ सम्म टिकाउ दर* (%) | स्थानीय | ८६.४ | ८६.५ | ८६.६ | ८६.७ | ८६.८ | ८६.९ | ८७.० | | |
| | | प्रदेश | ८८ .३ | | | | | | | | |
| | | राष्ट्रिय | ८८.४ | | | | | | | | |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा १-५) पूरा गर्ने दर* (%) | स्थानीय | ८५.१ | ८५.२ | ८५.३ | ८५.४ | ८५.५ | ८६ | ९० | | |
| | | प्रदेश | ७८.४ | | | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | | | | | | | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | २९ | २८ | २७ | २५ | २० | १५ | १० | | IEMIS |
| | | प्रदेश | १८ | | | | | | | | |
| | | राष्ट्रिय | २२.२ | | | | | | | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | १.०३ | १.०२ | १.०१ | १.०० | १.०० | १.०० | १.०० | | |
| | | प्रदेश | ०.९५ | | | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | | | | | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.८ | ९५.७ | ९५.८ | ९६.० | ९७ | ९९ | १०० | | |
| | | प्रदेश | ९५ | | | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | | | | | | | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | १०३.० | १०२.५ | १०२ | १०१.५ | १०१.४ | १०१.३ | १०० | | |
| | | प्रदेश | ९० | | | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा १-८ सम्मको | स्थानीय | ८६.४ | ८६.५ | ८६.६ | ८७ | ८९ | ९० | ९२ | | |

| क्र.सं | सूचक | | सूचकको तहको | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | दश वर्षे लक्ष्य (१०) | सूचककको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | टिकाउ दर* (%) | | प्रदेश | ८६.७ | | | | | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | | | | | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | ८५.३९ | ८६ | ८७ | ८८ | ८९ | ९२ | ९२ | | |
| | | | प्रदेश | ७५ | | | | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | | | | | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | ०.९९ | ०.९९ | ०.९९ | ०.९९ | ०.९९ | ०.९९ | १.० | | |
| | | | प्रदेश | ०.९८ | | | | | | | | |
| | | | राष्ट्रिय | १.०१ | | | | | | | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | २.५८ | २.५९ | २.६५ | २.६७ | २.६८ | २.६८ | २.६९ | | |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोहीबमोजिम पछि राखिने | | | | | | | | |
| | | गणित | स्थानीय | २.५८ | २.५६ | २.५७ | २.५८ | २.५८ | २.५९ | २.६५ | | |
| | | | प्रदेश | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोहीबमोजिम | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | | |

| क्र.सं | सूचक | | सूचकको तहको | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पछि राखिने | | | | | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | २.५३ | २.५६ | २.५७ | २.५८ | २.५८ | २.५९ | २.६७ | | |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | | |
| | | गणित | स्थानीय | २.५३ | २.५४ | २.५५ | २.५७ | २.५८ | २.८० | ३.० | | |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | | | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | २.५२ | २.५६ | २.५९ | २.६० | २.८० | २.९० | ३.२ | | |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको | नेपाली भाषा | स्थानीय | २.५१ | २.५२ | २.५४ | २.५८ | २.५९ | २.७० | ३.० | | |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | | |
| | | गणित | स्थानीय | २.४७ | २.४८ | २.६० | २.६७ | २.८० | २.९० | ३.३ | | |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६४ | ६५.० | ७०.० | | | | |

| क्र.सं | सूचक | | सूचकको तहको | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | दश वर्षे लक्ष्य (१०) | सूचककको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या (%) | विज्ञान | स्थानीय | २.५१ | २.५३ | २.५४ | २.५८ | २.७५ | २.७८ | २.९० | | |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | ४.२ | ४.० | ३.५ | ३.० | २.५ | २.० | १.० | | |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | | ०.५ | ० | | | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | ४.१७ | ४.० | ३.५ | २.० | १.५ | १.२५ | १.० | | |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | | १.० | ० | | | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | ४१ | ४२ | ४३ | ४४ | ४५ | ४६ | ५० | | |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | ४3.७ | | | | | | | | |
| माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ५५.६ | ५५.८ | ५६ | ६० | ६८ | ७५ | ८० | | |
| | | | प्रदेश | | | | | | | | | |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ४७.६ | | | | | | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | ६९.३ | ६९.४ | ६९.५ | ६९.६ | ६९.७ | ६९.८ | ७० | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | | | | | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | १.०४ | १.०४ | १.०३ | १.०२ | १.०१ | १.०० | १/०० | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | १.०२ | | | | | | | | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | ७५ | ७६ | ७७ | ७९ | ८० | ८३ | ८६.४ | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ७२ | ७३ | ७४ | ७५ | ७६ | ७७ | ८० | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | ३८ | ३९ | ४० | ४१ | ४२ | ४५ | ५० | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | २४.० | | | | | | | | |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | १५ | २० | २५ | ३५ | ३८ | ४० | ५० | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | २०.६ | | | | | | | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या(%) | स्थानीय | विज्ञान | | | | | | | | |
| | | | प्रा.व्या. | ४.३ | ७.५ | १० | १५ | २० | २५ | | |
| | | प्रदेश | विज्ञान | | | | | | | | |
| | | | प्रा.व्या. | | | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | | | | | | |
| | | | प्रा.व्या. | १०.० | | | | | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | २.१७ | २.१८ | २.१९ | २.२० | २.२२ | ३.० | | |
| | | | प्रदेश | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | |
| | | गणित | स्थानीय | १.९३ | १.९५ | १.९६ | १.९८ | १.९९ | २.०० | | |
| | | | प्रदेश | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | |
| | | विज्ञान | स्थानीय | १.८७ | १.८८ | १.९० | १.९२ | १.९४ | १.९५ | | |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | २.० | २.५ | २.७ | २.८ | २.३९ | २.९ | | |
| | | | प्रदेश | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | |
| जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा( नभएको) | | | | | | | | | | | |
| ४.१ | साक्षरता दर (१पाँच वर्ष भन्दा माथि) (%) | स्थानीय | | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ५८.० | | | | | | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ८२.० | | | | | | | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ९२.० | | | | | | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता | स्थानीय | | | | | | | | | |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | (१पाँच वर्ष भन्दा माथि) | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | | | | | | |
| प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम | | | | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति(%) | स्थानीय | १० | १२ | १४ | १५ | १६ | १८ | २० | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ३१.० | | | | | | | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | ५ | ८ | १२ | १५ | १८ | २५ | | |
| | | | छात्र | ८ | ९ | १५ | १८ | २० | ३० | | |
| | | प्रदेश | छात्रा | | | | | | | | |
| | | | छात्र | | | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | | | |
| | | | छात्र | | | | | | | | |
| सुशासन तथा व्यवस्थापन | | | | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | १७:१ | २०:१ | २२:१ | ३०: १ | ३०: १ | ३०: १ | ३०: १ | | |
| | | प्रदेश | | | | | | | | | |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | (सामुदायिक विद्यालय) | राष्ट्रिय | २४:१ | | | | | | | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ५६:१ | ५५:१ | ५४:१ | ५३: १ | ५२:१ | ५१:१ | ५०:१ | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ३०:१ | | | | | | | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २५:१ | ३०:१ | ३५:१ | ४०:१ | ४५:१ | ५०:१ | ५०:१ | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | | | | | | | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ४०:१ | ४२:१ | ४३:१ | ४४:१ | ४५:१ | ४८:१ | ५०:१ | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | | | | | | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | ४०:१ | ४२:१ | ४३;१ | ४४:१ | ४६:१ | ४८:१ | ५०:१ | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | |
| शिक्षामा लगानी | | | | | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | ०.२ | ०.३ | ०.५ | १ | २ | ३ | ४ | | नपा |
| | | प्रदेश | | | | | | | | | |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | १०.६८ | १५.० | | १७.० | २०.० | | | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | १.५ | २.० | २.५ | २.६ | २.७ | २.८ | ३ | | नपा |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | | २४ | | | | | |
| ८.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | १.९ | २.० | ३.० | ३.५ | ३.७ | ३.८ | ४. | | नपा |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | | १७ | | | | | |

# परिच्छेद : तीन

## विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू

## (Major Sub-Sectors of the School Education Sectors)

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा (Early Child Development and Education)

"घर बलियो जगले, शिक्षा बलियो प्रारम्भिक बालविकासले।"

नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमको सुरुवात सन २००४ सालमा काठमाण्डौमा स्थापना भएको मन्टेश्वरी स्कुलबाट भएको पाइन्छ। यस उमेर समूहका बालबालिकाहरूको सर्वाङ्गीण (शारीरिक, वौद्धिक, सामाजिक, सम्वेगात्मक एवम् भाषिक पक्षहरूको समुचित) विकासका लागि स्वास्थ्यकर्मी, बाल विकास शिक्षकहरू, अभिभावक एवम् बालबालिकालाई लक्षित गरिएको नीति तथा कार्यक्रम समेतलाई प्रारम्भिक बालविकास कार्यक्रम भन्ने जनाउँदछ। मानव जीवनको सुरुवाती अवस्थालाई प्रारम्भिक बाल्यावस्था भनिएको हो। राष्ट्रिय योजना आयोगबाट तयार गरिएको प्रारम्भिक' बालविकास राष्ट्रिय रणनीति (२०७७–२०८८) ले प्रारम्भिक बाल्यावस्थालाई गर्भावस्थादेखि आठ वर्षसम्मको उमेर भनी परिभाषित गरेको छ। बालविकासको मुख्य उद्देश्य गर्भावस्थादेखि पूर्व बाल्यावस्था सम्मका सम्पूर्ण बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि अति आवश्यक तत्वहरू राम्रो स्वास्थ्य, पर्याप्त पोषण, सुरक्षा तथा संरक्षण उत्प्रेरणा तथा सिकाइ एवम् संवेदनशील स्याहार उचित पालनपोषणका अवसरहरू प्रदान गर्नु हो। दिगो विकासका १७ ओटा लक्ष्यहरू मध्ये ११ ओटा लक्ष्यहरू प्रत्यक्ष रुपमा प्रारम्भिक बालविकाससँग सम्बन्धीत रहेकोले सबै नीति तथा कार्यक्रमले ती लक्ष्यहरूलाई प्राप्त गर्न आपसी समन्वय र सहकार्यमा काम गर्ने वातावरण बन्नु पर्ने देखिन्छ।

चार वर्ष उमेर पूरा गरेका बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बाल शिक्षा र चार वर्ष उमेर पूरा नगरेका बालबालिकाहरूलाई शारीरिक, मानसिक वा बौद्धिक शिक्षा स्याहार केन्द्रको स्थापना गर्न सकिने कानूनी व्यवस्था छ। बालबालिकाको सर्वाङ्गिण विकासका लागि प्रारम्भिक बालविकास र शिक्षा बलियो आधार भएकोले प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रुपमा लिइएको छ। गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षालाई आधारभूत तथा माध्यमिक शिक्षामा बालबालिकाहरूको पहुँच र गुणस्तर सुनिश्चित गर्ने एक प्रमुख रणनीतिको रुपमा लिन सकिन्छ। प्रारम्भिक बालविकास र शिक्षा सम्बन्धी गरिएका विभिन्न अध्ययनहरूले प्रारम्भिक बालविकास शिक्षाको अनुभव पाएका बालबालिकाहरू विद्यालयको वातावरणमा छिटो तथा बढी घुलमिल हुन सक्ने तथ्य औल्याएका छन्। प्रारम्भिक बालविकास तथा शिक्षाको आवश्यकता र औचित्यलाई बोध गरि यस योजनाले गुणस्तरीय बालविकास शिक्षामा पहुँच स्थापित गर्ने कार्यलाई जोड दिएको छ।

संवैधानिक हकको सुनिश्चितता गर्न, अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू पूरा गर्न , विभिन्न तहका सरकारहरूका योजना तथा प्राथमिकताहरू पूरा गर्न शिक्षा क्षेत्रमा योजनाबद्ध विकासका लागि योजना निर्माण गरिएको छ। योजनाका आधार, प्राथमिकता, सोच, उद्देश्य तथा अपेक्षित उपलब्धिहरूका आधारमा यस परिच्छेदमा विद्यालय शिक्षाका विभिन्न क्षेत्रहरू प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, पाठ्यक्रम र पाठ्यसामग्री, शिक्षक व्यवस्थापन र विकास एवम् अनौपचारिक शिक्षा र आजीवन सिकाइ क्षेत्रहरूमा वर्तमान अवस्थाको विश्लेषण तथा चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गर्नका लागि यस परिच्छेदमा क्षेत्रगत रुपमा उद्देश्य, रणनीतिहरू, प्रमुख नतिजाको आँकलन तथा प्रमुख क्रियाकलापहरू समावेश गरिएको छ।

यस नगरपालिकामा विद्यालयमा आधारित ३७ र समुदायमा आधारित ९ गरि जम्मा ४६ वटा बालविकास केन्द्र रहेका छन् । शैक्षिक सत्र २०८१ को एकीकृत शैक्षिक व्यवस्थापन प्रणाली (IEMIS) प्रतिवेदनका आधारमा यस नरपालिकामा प्रारम्भिक बालविकास शिक्षामा भर्ना भएका बालबालिकाको सङ्ख्या ७३३ रहेको छ जस मध्ये बालिका ३९६ र बालक ३३७ भर्ना भएको देखिन्छ । बालविकास सहजकर्ता सङ्ख्या जम्मा ४६ जना रहेको छ । बालविकास तहमा कूल प्रवेश दर ८३.५ रहेको छ । यसैगरि हाल सञ्चालित रहेका २० ओटा संस्थागत विद्यालयहरूमा अध्ययनरत कक्षा १ पूर्वका बालबालिकाहरू जम्मा १७४२ रहेका छन् । जस मध्ये बालिकाहरू ७८६ र बालकहरू ९५६ रहेको तथ्याङ्कले देखाउछ ।

प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम अन्तर्गत चार वर्ष उमेर पूरा गरेका बालबालिकाहरूलाई लक्षित गरि समुदाय र विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालित छन् भने संस्थागत विद्यालयहरूमा दुईदेखि चारवर्षसम्मको पूर्वप्राथमिक कक्षाहरू सञ्चालनमा रहेका छन् । प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता तथा कार्यक्रमको गुणस्तर पूर्वाधार, आर्थिक लगानी, सहजकर्ता र बालबालिकाको सङ्ख्या तथा सिकाइ सामग्रीमा निर्भर गर्छ । यिनै कुरालाई आधार मानेर प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमका चुनौतीहरूको पहिचान गरि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका उद्देश्य, रणनीतिहरू, कार्यक्रम कार्यान्वयनका प्रमुख नतिजा र क्रियाकलाप तथा लक्ष्यहरू तय गरिएको छ ।

### ३.१.१ वर्तमान अवस्था (Current Situation)

यस नगरपालिकाको विद्यालयमा आधारित ३७ र समुदायमा आधारित ९ गरि जम्मा ४६ वटा बालविकास केन्द्र रहेका छन् भने २० ओटा संस्थागत पूर्व विद्यालय कक्षाहरू सञ्चालित रहेका छन् । शैक्षिक सत्र २०८१ को एकिकृत शैक्षिक व्यवस्थापन प्रणाली (IEMIS) प्रतिवेदनका आधारमा यस नरपालिकामा प्रारम्भिक बालविकास शिक्षामा भर्ना भएका सामुदायिक र संस्थागत गरि जम्मा बालबालिका सङ्ख्या २४७५ रहेको छ जस मध्ये बालिका ११८२ र बालक १२९३ भर्ना भएको देखिन्छ । बालविकास सहजकर्ता सङ्ख्या सामुदायिक तर्फ जम्मा ४६ जना रहेको छ । बालविकास तहमा कूल प्रवेश दर ९३.२ रहेको छ ।

### ३.१.२ . चुनौती (Challenges)

बालविकास शिक्षा सन्दर्भमा देखिएका प्रमुख चुनौतीहरू देहायमा उल्लेखित छन्-

१. प्रारम्भिक बालविकास स्थापना र पुनर्वितरण न्यायोचित एवम् बैज्ञानिक बनाउनु,
२. प्रारम्भिक बालविकास र शिक्षामा आवश्यक लगानी बढाउनु,
३. आधारभूत बालअधिकारको प्रत्याभूत गराउनु,
४. सबै बालबालिकाहरूको लागि आवश्यक स्वास्थ्य, खोप, पोषण, सरसफाई तथा शुद्ध पिउने पानी जस्ता एकीकृत सेवा उपलब्ध गराउनु,
५. जोखिम र विपद्मा परेका अति विपन्न बालबालिकाका लागि आपतकालीन सेवा सुनिश्चित गर्नु,
६. भर्ना भएका बालबालिकाहरू कक्षामा नियमित उपस्थितिको सुनिश्चित गर्नु,
७. बालशिक्षकको सेवा सुविधामा सुधार गर्नु ।

### ३.१.३ अवसर

१. संविधानमा बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको,
२. शिक्षा ऐन २०२८ ले बालविकास शिक्षालाई विद्यालय शिक्षाको रुपमा स्वीकार गरिएको,
३. राष्ट्रिय शिक्षा नीति २०७६ ले बालविकास र शिक्षालाई प्राथमिकता दिएको,

४. नेपाल बालअधिकार महासन्धिको पक्ष राष्ट्र भएको,
५. यस क्षेत्रमा अन्तर्राष्ट्रिय सहकार्यको सम्भावना रहेको,
६. गैरसरकारी क्षेत्र लगानी गर्न आकर्षित रहेको,

**३.१.४ उद्देश्य**

१. गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षा प्रदान गर्न आवश्यक नीतिगत व्यवस्था गर्नु ।
२. प्रारम्भिक बालविकास र शिक्षाका शिक्षकको सेवा सुविधा तथा पेशागत विकास गर्नु ।
३. बालविकास शिक्षाको व्यवस्थापनका लागि साधनस्रोत पहिचान र परिचालनमा सहयोग गर्नु ।
४. सुविधाविहिन तथा अपाङ्गता भएका बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको सुनिश्चितताको अवसर सिर्जना गर्न सहयोग गर्ने ।
५. एकीकृत सेवा (खोप, पोषण, शिक्षा, संरक्षण तथा समुदायको सहभागिता) प्रवाह सहित प्रारम्भिक बालविकास केन्द्रसञ्चालनमा सहयोग गर्नु ।
६. प्रारम्भिक बाल विकास कक्षामा पढाउने शिक्षकहरू लाई एकिकृत पाठयक्रम सम्बन्धि तालिम दिने ।
७. प्र.अ. हरूलाई नेतृत्व विकास सम्बन्धि तालिमको व्यवस्था गरिने छ ।

**३.१.५ रणनीतिहरू (Strategies)**

प्रारम्भिक बालविकास र शिक्षाका उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू तय गरिएका छन् :-

१. स्थानीय तहको बालविकास शिक्षाको नीति तथा रणनीति तयार गर्ने,
२. गुणस्तरीय बालविकास तथा शिक्षाको सेवा प्रवाहको लागि कानुनी, संस्थागत संयन्त्र तयार गर्ने,
३. आवश्यकताको आधारमा प्रारम्भिक बालविकास केन्द्र स्थापना र पुनर्वितरण गर्ने,
४. बालविकास शिक्षकको पेशागत अभिवृद्धिका लागि मापदण्ड तयार गर्ने,
५. बालविकास तथा शिक्षाका शिक्षकहरूको क्षमता विकास गर्ने,
६. बालविकास शिक्षकको सेवा सुविधाका लागि सहयोग गर्ने,
७. बालविकास केन्द्रको आर्थिक व्यवस्थापनका लागि सङ्घ, प्रदेश र समुदाय तथा विकास साझेदारसँग समन्वय गर्ने,
८. बालविकास केन्द्रको कार्यसम्पादनको आधारमा अनुदान प्रदान गर्ने,
९. अनाथ, असहाय, विपन्न र लक्षित वर्गका बालबालिकालाई बालविकास शिक्षाको पहुँचमा ल्याउन सहयोग गर्ने,
१०. अपाङ्गता भएका बालबालिकाको बालअधिकार तथा शिक्षाको अधिकार सुनिश्चित गर्ने,
११. एकीकृत सेवा जस्तैः खोप, पोषण, शिक्षा, संरक्षण तथा समुदायको सहभागिता प्रवाह सहित प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा सहयोग गर्ने
१२. एकीकृत सेवा प्रवाहका लागि सरकारी, गैरसरकारी, निजी क्षेत्र र निकायसँग सहकार्य गर्ने ।

**३.१.६ कार्यनीतिहरू**

१. सङ्घीय सरकारले तयार गरेको मापदण्ड र ढाँचाका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्थापन गरिने छ ।
२. चार वर्ष उमेर पुगेका सबै बालवालिकाहरूलाई एक वर्षको बालविकास शिक्षा कार्यक्रममा सहभागी गराइने छ ।

३.अनुदान रकमहरू उपलब्ध गराउँदा समूदायमा आधारित मातृविद्यालयहरूलाई प्रारम्भिक बालविकास केन्द्रहरूको खातामा र विद्यालयमा आधारित बालविकास केन्द्रहरू विद्यालयको खातामा निकासा दिई उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

४. सबै बालविकास केन्द्र तथा बालविकास कक्षा सञ्चालन भएका विद्यालयहरूले शैक्षिक सत्रको सुरू महिनामा केन्द्र/कक्षामा अध्ययरत बालबालिका सम्बन्धि तथ्याङ्क सम्बन्धित मातृविद्यालय मार्फत एकीकृत शैक्षिक व्यवस्थापन प्रणाली (IEMIS) मा अद्यावधिक गरिने व्यवस्था मिलाईने छ ।

५. बालबालिकाहरूको सर्वाङ्गिण विकास तथा मनोरञ्जनका लागि प्रत्येक वडाहरूमा क्रमशः बालउद्यान निर्माण गरिने छन्।

६. बालविकास केन्द्रका न्युनतम मापदण्डहरू जस्तै खानेपानी सिकाइ सामग्री शौचालय आदिको व्यवस्थापन गर्दै भौतिक व्यवस्थापनलाई सवल र सक्षम बनाउँदै लगिने छ ।

७. बालविकास केन्द्रका भौतिक संरचनाहरू निर्माण गर्दा अभिभावकहरूको साझेदारीमा निर्माण गरिने छ ।

८. बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूको पेसागत क्षमता विकासका लागि समय समयमा तालिम सञ्चालन गरिने छ ।

९. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नियमित सुपरिवेक्षण गरि प्राविधिक सहायता उपलब्ध गराउनका लागि उपयुक्त संयन्त्रको व्यवस्था मिलाइने छ ।

१०. सङ्घीय तथा प्रदेश सरकार सङ्घको समन्वयमा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूको पारिश्रमिक वृद्धी गर्दै लगिने छ ।

११. प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि अभिभावक शिक्षाको व्यवस्था गरिने छ।

१२. प्रारम्भिक बालविकासमा सबै खाले बालवालिकाहरूको पहुँच पुग्ने, समावेशिताको सुनिश्चत गरिने छ।

## ३.१.६ . उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

### ३.१.६.१ अपेक्षित उपलब्धि

१. गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षा प्रदान गर्न आवश्यक नीतिगत व्यवस्था गरिने छ।
२. प्रारम्भिक बालविकास र शिक्षक शिक्षिका को सेवा सुविधा तथा पेशागत विकास को सुनिश्चित्ता गरिने छ।
३. बालविकास शिक्षाको व्यवस्थापनका लागि साधनस्रोत पहिचान र परिचालनमा सहयोग गरिने छ।
४. यस योजनाको अन्त्यमा प्रारम्भिक बालविकासमा खुद भर्ना दर सहजै देखिने भर्ना दर १०० प्रतिशत पुगेको हुने छ ।
५. बालविकासको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने बालवालिकाको सङ्ख्या पनि शतप्रतिशत नै पुगेको हुने छ ।
६. सबै प्रारम्भिक बालविकास तथा शिक्षामा सङ्घीय सरकारले तयार गरेको न्यूनतम मापदण्ड पूरा भएको हुने छ।
७. बालविकास केन्द्रहरूको प्रभावकारी सुपरिवेक्षण, नियमन तथा प्राविधिक सहायता संयन्त्र स्थापना भएको हुने छ ।
८. प्रारम्भिक बालविकास सहजकर्ताहरूका लागि मागमा आधारित क्षमता विकासका कार्यक्रमहरूको अवसर प्राप्त भएको हुने छ।
९. यस योजनाको अन्तमा प्रारम्भिक उमेरका सबै बालबालिकाहरूलाई गुणस्तरीय तथा समतामुलक प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर प्राप्त हुने छ।
१०. प्रारम्भिक उमेरका बालबालिकाहरूले बालशिक्षाको अवसर प्राप्त गरेका हुने छन् ।
११.प्रारम्भिक बाल विकास कक्षामा पढाउने शिक्षकहरू लाई एकिकृत पाठयक्रम सम्बन्धि तालिम प्राप्त गरेका हुने छन्।
१२.प्र . अ. हरूले तालिम प्राप्त गरेको हुने छन्।

### ३.१.६.२ प्रमुख नतिजा

१. कम्तिमा एउटा पूर्वाधार सहितको एकीकृत प्रारम्भिक बालविकास केन्द्र स्थापना भइ कार्यान्वयनमा आएको  हुने छ ,
२. सबै बालबालिकाहरू १ वर्षे बालविकास शिक्षाको पहुँचमा हुने छन्,
३. प्रत्येक बालविकास केन्द्रमा सहयोगी कर्मचारी सहित न्युनतम् योग्यता तथा तालिम प्राप्त दक्ष शिक्षकको व्यवस्था भएको हुने छ ,
४. बालविकास केन्द्रका सबै शिक्षक तथा कर्मचारीहरूले न्युनतम् सेवा सुविधा प्राप्त गरेका हुने छन्,
५. बालविकास शिक्षाको नीति तयार भइ कार्यान्वयन भएको हुने छ ,
६. वालविकास केन्द्रको पुनर्वितरण भएको हुने छ  र बाल विकासशिक्षकको पेशागत दक्षताका कार्यक्रम सञ्चालन भएको हुने छ ,
७. अपाङ्गता भएका बालबालिकाको बालअधिकार तथा शिक्षाको अधिकार सुनिश्चित गर्न समन्वय र सहयोग गरिने छ ,
८. प्रारम्भिक बालविकास र शिक्षाको स्वीकृत पाठ्यक्रम र सिकाइ सामग्री तथा क्रियाकलापहरू प्रभावकारी रुपमा प्रयोग भएको हुने छ ।

### ३.१.६.३ मुख्य क्रियाकलाप तथा लक्ष्यहरू

| क्र.स. | मुख्य क्रियाकलापहरू | एकाइ | लक्ष्य (५ वर्ष) | | | | | | लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ३. | बालविकास केन्द्रको नक्शाङ्कन र पुन:वितरण | सङ्ख्या | | | | | | सबै | सबै | नगरपालिका |
| ४. | पेशागत क्षमता विकास तालिम | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५ | सबै | नगरपालिका |
| ५. | समुदाय, विकास साझेदार र निजीक्षेत्रलाई लगानी बढाउन प्रोत्साहन | नगरपालिका तह | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५ | १० | सङ्घ, प्रदेश र स्थानीय तहले |
| ६. | बालविकास शिक्षामा पहुँच वृद्धिका लागि अभिभावक शिक्षा, बालविकास शिविर, वैकल्पिक कार्यक्रमहरू | स्थानीय तह | ✓ | ✓ | ✓ | ✓ | ✓ | ५ | १० | सङ्घ, प्रदेश |
| ७. | नमुना एकीकृत बालविकास केन्द्र स्थापना र सञ्चालन | ओटा | | | | १ | | १ | २ | नगरपालिका |
| ८. | विद्यालयमा आधारित बालविकास शिक्षाका लागि अपाङ्गतामैत्री शौचालय सहितका दुई कोठा व्यवस्थापनमा सहयोग | स्थानीय तह | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तहसँगको साझेदारीमा |
| ९. | पोषणयुक्त दिवा खाजा | केन्द्र | ✓ | ✓ | ✓ | ✓ | ✓ | सबै | सबै | सङ्घ, प्रदेश |
| १०. | अनुगमन | नियमित | ✓ | ✓ | ✓ | ✓ | ✓ | सबै | सबै | प्रदेश र स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११. | बालविकास केन्द्रको पूर्वाधार विकास, बालमैत्री उद्यान निर्माण र खेल सामग्री व्यवस्थापनमा सहयोग | बल बिकास केन्द्र | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह र सङ्घ, प्रदेश अन्य सरोकारवालासँगको समन्वयमा |
| १२. | आवश्यकतानुसार मातृभाषामा सहजीकरण | केन्द्र | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | स्थानीय तह र प्रदेशको समन्वयमा |
| १३. | समीक्षा र कार्यसम्पादनका आधारमा अनुदान | केन्द्र | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | सङ्घ, प्रदेश समन्वयमा |

## ३.२ आधारभूत शिक्षा (Basic education)

आधारभूत शिक्षा मानवीय जीवनयापनको लागि अपरिहार्य शिक्षा हो । मानवोचित जीवनयापन गर्न आवश्यक पर्ने आधारभूत ज्ञान,सिप एवम् दक्षता शिक्षाबाट प्राप्त हुन्छ । अनिवार्य र निःशुल्क गुणस्तरीय आधारभूत शिक्षामा पहुँच अभिवृद्धि गर्ने संवैधानिक व्यवस्था छ । गुणस्तरीय जीवनयापनका लागि व्यक्तिको अन्तर्निहित प्रतिभाको विकास गर्न आधारभूत शिक्षा महत्वपूर्ण हुन्छ । आधारभुत शिक्षाले अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने, दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् बनाउन महत्वपूर्ण हुने भएकाले आधारभूत शिक्षाको प्रभावकारिता तथा कार्यक्रमको गुणस्तर सबैका लागि समतामूलक पहुँच, सिकाइ सक्षमताको प्राप्ति, पूर्वाधार विकास, आर्थिक लगानी, शिक्षकहरूको क्षमता विकास, सिकाइ वातावरण, शैक्षिक सुशासन तथा व्यवस्थापकीय सक्षमता विकास जस्ता कुराहरूमा निर्भर गर्छ ।

### ३.२.१ वर्तमान अवस्था ( Current situation)

शैक्षिक सत्र २०८० को तथ्याङ्क अनुसार आधारभूत तह (कक्षा १–५) को राष्ट्रिय तहमा खुद भर्नादर ९७.१ प्रतिशत रहेको छ भने यस नगरपालिकाको खुद भर्नादर ९५.६ रहेको छ । यसैगरि आधारभूत (कक्षा १–८) को राष्ट्रिय तहमा खुद भर्नादर ९३.४ प्रतिशत रहेको छ भने यस नगरपालिकाको खुद भर्नादर ९५.८ प्रतिशत रहेको छ । राष्ट्रिय तहमा आधारभूत तह (कक्षा १–८) को कूल भर्ना दर ११०.४ प्रतिशत रहेको छ । यस नगरपालिकाको आधारभूत तह (कक्षा १–८) को सहजै देखिने भर्नादर १०३ .० प्रतिशत कक्षा ५ सम्मको टिकाउ दर ९५ प्रतिशत र कक्षा ८ सम्मको टिकाउदर ९७.२ प्रतिशत रहेको छ । कक्षा उत्तीर्ण दर कक्षा १ मा ९२.४ प्रतिशत,कक्षा ५ मा ९२.३ प्रतिशत र कक्षा ८ मा ९३.८ प्रतिशत रहेको छ । त्यसैगरि कक्षा छोड्ने दर कक्षा १ मा ३.९ प्रतिशत,कक्षा ५ मा ३.१ र कक्षा ८ मा ३.६ प्रतिशत रहेको छ । कक्षा दोहोर्याउने दर कक्षा १ मा ३.७ प्रतिशत,कक्षा ५ मा ४.६ प्रतिशत र कक्षा ८ मा २.५ प्रतिशत रहेको छ । हाल यस नगरपालिकामा सामुदायिक २२ वटा र संस्थागत २१ वटा गरि जम्मा ४३ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । यसमध्ये सामुदायिक तर्फ ५ संस्थागत तर्फ ६ वटा विद्यालयहरू गरि जम्मा ११ वटा विद्यालयहरूमा आधारभूत तहका मात्र कक्षाहरू सञ्चालन गरिएका छन् । यस नगरपालिका भित्रका विद्यालयहरूमा शैक्षिक सत्र २०८१ मा कक्षा १ देखि कक्षा ८ सम्म जम्मा ६९०० विद्यार्थीहरू अध्ययनरत रहेका छन् ।

### ३.२.२ समस्याहरू ( Problems)

१.सबै बालबालिकाहरूका लागि अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न नसक्नु ।

२.विद्यालय छोड्ने दर र कक्षा दोहोऱ्याउने दरलाई शुन्यमा झार्न नसक्नु ।

३.आधारभूत शिक्षाको विकासका लागि पर्याप्त स्रोतको व्यवस्थापन गर्न नसकिनु ।

४.शिक्षण सिकाइमा सूचना प्रविधिलाई महत्वपूर्ण अंगको रुपमा स्थापित गर्न नसक्नु ।

५. विद्यालयहरूमा सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री, भौतिक पूर्वाधार विकास गरि सबै बालबालिकाका लागि सिकाइमैत्री वातावरणको विकास गर्न नसक्नु ।

### ३.२.३ चुनौतीहरू (Challenges)

१. आधारभूत शिक्षा उमेरका सबै बालबालिकाहरूको समतामूलक पहुँच सुनिश्चित गर्ने ।

२. आधारभूत शिक्षालाई वास्तविक अर्थमा निःशुल्क र अनिवार्य बनाउने,सबै शिक्षकहरूलाई बालबालिकाको सिकाइप्रति जिम्मेवार र नविन प्रविधि तथा परिवर्तन प्रति उत्साहित बनाउने ।

३. शिक्षण सिकाइमा नवीन प्रविधिको प्रयोग मार्फत न्यूनतम सिकाइ सक्षमता तथा गुणस्तरको सुनिश्चितता गर्ने ।
४. विद्यालयमा न्यूनतम भौतिक, आर्थिक तथा शैक्षिक गुणस्तर सुनिश्चित गर्ने ।
५. विद्यालयको नियमित सुपरिवेक्षण तथा प्राविधिक सहायताको प्रणालीलाई प्रभावकारी बनाउने ।
६. सामुदायिक र संस्थागत विद्यालयहरू बिच रहेको शैक्षिक गुणस्तरको अन्तरमा समानता कायम गर्ने ।
७. आधारभूत शिक्षाको सञ्चालन तथा व्यवस्थापनका लागि कानुन, नीति तथा मापदण्डको विकासका साथै संस्थागत सक्षमता अभिवृद्धि गर्ने ।
८. सिकाइका लागि मूल्याङ्कनको प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन तथा उपयोग गर्ने ।
९. खुद भर्ना दर शतप्रतिशत पुर्याउने ।
१०. कक्षा दोहोर्याउने र छोड्ने दर शून्यमा झार्ने ।
११. सिकाइ उपलब्धिमा उल्लेख्य वृद्धि गर्ने ।
१२. लैङ्गिक समता कायम गर्ने ।
१३. बालमैत्री वातावरण निर्माण गर्ने ।
१४. पर्याप्त भौतिक पूर्वाधार विकास गर्ने ।
१५. शैक्षिक सुशासन तथा जवाफदेहिताको प्रत्याभूति दिने ।

### ३.२.४ लक्ष्य (Goals)

सबैका लागि आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै विद्यालयमा बालमैत्री वातावरणमा ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता गर्ने।

### ३.२.५ आधारभूत तह शिक्षाका उदेश्यहरू (Objectives)

आधारभूत शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्दै जीवनोपयोगी समावेशी एवम् गुणस्तरयुक्त अनिवार्य तथा निशुल्क शिक्षाको प्रत्याभूति गर्ने

**रणनीतिहरू ( Strategies ) :**

१.अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न सबै बालबालिकालाई विद्यालय भर्ना गराउने ।
२.भर्ना भएका सबै विद्यार्थीहरूलाई अध्ययनमा निरन्तरता दिन र गुणस्तर अभिवृद्धिका लागि उत्प्रेरणामूलक उपायहरू अवलम्वन गर्ने ।
३.आधारभूत शिक्षामा सबै विद्यार्थीको सहज समतामूलक पहुँच र निरन्तर सिकाइका लागि औपचारिक, अनौपचारिक तथा वैकल्पिक खुला शिक्षा प्रणालीको अवलम्बन गर्ने ।
४.आधारभूत तहको शिक्षाको गुणस्तर सुधार गर्न शिक्षा सम्बद्ध सरोकारवाला निकाय शिक्षक, अभिभावक,बुद्धिजीवि,समाजसेवी सबै सरोकारवालाहरूलाई सहभागी गराई जागरण अभियान सञ्चालन गर्ने ।
५.आधारभूत शिक्षामा निरन्तरता दिन विद्यालय छोड्ने, कक्षा दोहर्याउने दर घटाउने तथा खूद भर्ना दर तह पूरा गर्ने दरमा वृद्धि गर्न यस्ता बालबालिकाको अवस्था पहिचान गरि लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।
६.विद्यालयहरूमा सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरि सबै बालबालिकाका लागि सिकाइमैत्री वातावरणको विकास गर्ने
७.प्रत्येक बालबालिकालाई आत्म सम्मानपूर्वक सिक्ने वातावरण निर्माण गर्न सम्बन्धित विद्यालयका शिक्षक, अभिभावक विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई जिम्मेवार बनाउने ।

८.कक्षा १ मा भर्ना भएका सबै बालबालिकाहरूलाई कक्षा ८ सम्म अनिवार्य रुपमा निरन्तरता दिने कुरामा सुनिश्चितता गरिने ।

९.विविधताको सम्मान गर्दै स्वावलम्बी,उद्यमशील जीवनोपयोगी सीप र मूल्यमा आधारित शिक्षा हासिल गराउने।

१०.विद्यालयहरूले गरेका राम्रा अभ्यासहरूको प्रचार प्रसार तथा अनुसरण गर्नका लागि प्रोत्साहन गरिने छ ।

११.विद्यालयमा सूचना संकलन तथा तथ्याङ्क व्यवस्थापन प्रणालीमा सुधार ल्याई समग्र नगरपालिकाको शैक्षिक गुणस्तर मापन गर्ने प्रक्रिया अंगाल्ने।

१२.आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षा भित्र सहभागी गराउन वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्ने।

१३.गरेर सिक्ने वातावरण निर्माण गर्न प्रत्येक विद्यालयमा विज्ञान प्रयोगशाला र स्वयम् खोज्ने बानीको विकास गर्न पुस्तकालय, इ-पुस्तकालय,अनलाईन पढाइ आदिको अनिवार्य व्यवस्था गर्ने।

१४.स्थानीय भाषा, कला, संस्कृति, सभ्यताको जगेर्ना, जीवनोपयोगी सिप, व्यावहारिक सिप र मूल्यमा आधारित शिक्षाको विकास गर्न स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने।

१५.शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न पूर्वाधार विकास तथा क्षमता विकास गरिने छ ।

१६.विद्यालयको नियमित सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाई शिक्षक तथा विद्यालयलाई आवश्यक प्राविधिक सहायता प्रदान गरिने छ ।

१७.प्रत्येक विद्यालयमा बाल सञ्जाल गठन गरि पढाइ लेखाइका साथै अतिरिक्त क्रियाकयाप प्रतियोगिता आयोजना गरि बहुमुखी प्रतिभाको विकासमा सहयोग पुर्‍याउने।

१८.प्रत्येक विद्यालयमा विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाई उपलब्धि समीक्षा गरिने छ ।

१९.विद्यालयमा अधिकतम हाजिरी हुने विद्यार्थी र तिनका अभिभावकहरूलाई सम्मान गरिने छ ।

२०.कक्षाकोठाभित्र शिक्षक र विद्यालयमा अभिभावकको उपस्थितिलाई वृद्धि गर्न विद्यालयहरूलाई प्रोत्साहन गरिने छ ।

### ३.२.६ अपेक्षित उपलब्धि (Expected outcomes)

१.अपेक्षित उपलब्धिको कुरा गर्दा आधारभूत तह (कक्षा १–५) र (कक्षा १–८) को खुद भर्नादर ९९ प्रतिशत पुगेको हुने छ ।

२.यसैगरि आधारभूत तह (कक्षा १–८) को सहजै देखिने भर्ना दर ९९ प्रतिशतमा झरेको हुने छ ।

३.कक्षा ५ र कक्षा ८ सम्मको टिकाउ दर शत प्रतिशत पुगेको हुने छ ।

४.बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको सङ्ख्यामा उल्लेख्य वृद्धि हुने छ ।

५.आधारभूत तहमा विद्यालय छोड्ने दर र कक्षा दोहोर्‍याउने दरमा उलेख्य कमी आइ कक्षा उत्तीर्ण दर शत प्रतिशत पुगेको हुने छ ।

## आधारभूत शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target)

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| १ | भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | बालमैत्री तथा मापदण्ड अनुसारको भौतिक पूर्वाधार व्यवस्थापन | सङ्ख्या | ० | ८ | ८ | ८ | ८ | ६० | |
| ३ | सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | शिक्षकको विषयगत क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | परीक्षा व्यवस्थापन | पटक | ३ | ३ | ३ | ३ | ३ | ३० | |
| ६ | समितिका पदाधिकारीहरू सँग क्षमता विकाससम्बन्धी अभिमुखीकरण, अन्तरक्रिया कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | कक्षाकोठा तथा फर्निचर व्यवस्थापन | विद्यालय | ० | ७ | ७ | ७ | ७ | २८ | |
| ८ | एकीकृत पाठ्यक्रम सम्वन्धी शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | शिक्षक पेशागत सहयोग प्रणाली बिस्तार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |

### ३.३ माध्यमिक शिक्षा (Secondary Education)

कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षाको रुपमा लिइन्छ । नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकको रुपमा परिभाषित गर्दै माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । माध्यमिक शिक्षालाई साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा भनि ३ प्रकारमा वर्गीकरण गरिएको छ । आधारभूत तहको सिप सिकेर वा प्रारम्भिक स्तरको प्राविधिक दक्षता हासिल गरेर पेसागत हिसावले स्वरोजगारी वा रोजगारीमा जान चाहनेहरूका लागि यो विद्यालय शिक्षाको सबैभन्दा महत्वपूर्ण खुड्किलो हो । हरेक व्यक्तिमा लुकेर रहेको गुण, क्षमता र प्रतिभाको पहिचान गरि त्यसको प्रस्फुटन र विकास गर्ने महत्वपूर्ण ठाउँ पनि माध्यमिक तह नै हो । उच्च शिक्षालाई आधारभूत शिक्षासँग जोड्ने मुख्य सेतु पनि माध्यमिक तहको शिक्षा नै हो ।

### ३.३.१ वर्तमान अवस्था (Current Situation)

हाल सम्म दोधारा चाँदनी नगरपालिकामा जम्मा ४३ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । यस मध्ये २२ वटा सामुदायिक र २१ वटा संस्थागत विद्यालयहरू रहेका छन् । सामुदायिक तर्फ ७ वटा र संस्थागत तर्फ ६ वटा गरि जम्मा १३ वटा माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । शैक्षिक सत्र २०८१ मा यस नगरपालिका अन्तर्गतका सामुदायिक मा.वि.मा २४२६ जना र संस्थागत मा.वि.मा २८४ जना गरि जम्मा २७१० जना विद्यार्थीहरू अध्ययनरत रहेका छन् । माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर राष्ट्रिय तहमा ४७.६ रहेको छ भने यस नगरपालिकामा ९०.६ रहेको छ । माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर राष्ट्रिय तहमा ७१.४ रहेको छ भने यस नगरपालिकामा ६५.० रहेको छ । त्यसैगरि यस नगरपालिकामा कक्षा ९-१० मा खुद भर्नादर ८०.४ र कूल भर्नादर १०३.५ रहेको छ । कक्षा १ मा भर्ना भएका मध्ये कक्षा १० मा पुग्ने दर राष्ट्रिय तहमा ६०.३ र यस नगरपालिकामा ६१.४ प्रतिशत रहेको छ ।

### ३.३.२ माध्यमिक शिक्षाका समस्याहरू (Problems)

विद्यालयको गुणस्तर भौतिक पूर्वाधार, शिक्षण सिकाइ वातावरण, शिक्षकको पर्याप्तता र दक्षता, नेतृत्व जस्ता कुरामा निर्भर हुन्छ ।

१. अधिकांश विद्यालयहरूमा बालमैत्री तथा सिकाइ मैत्री भौतिक पूर्वाधारको अभाव रहेको छ ।
२. यसैगरि शिक्षक दरवन्दीको कमी, विषयगत शिक्षकको अभाव, शिक्षकको दक्षताको कमी जस्ता समस्या पनि गुणस्तर वृद्धिको बाधक तत्वको रुपमा रहेको छ ।
३. सबै विद्यालयहरूमा विद्यमान शिक्षा ऐन तथा नियमहरूले तोकेको योग्यता पुगेका प्रधानाध्यापकहरूको पनि व्यवस्था हुन सकेको छैन ।
४. तालिम प्राप्त शिक्षकको अभाव र तालिममा निरन्तरताको कमी ।
५. शिक्षेकलाई उत्प्रेणात्मक वातावरणको कमी ।

### ३.३.३ माध्यमिक शिक्षाका चुनौतीहरू (Challenges)

१. माध्यमिक शिक्षा उमेरका सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्ने
२. माध्यमिक शिक्षालाई वास्तविक अर्थमा निःशुल्क बनाउने
३. सबै शिक्षकलाई बालबालिकाको सिकाइप्रति जिम्मेवार र नविन प्रविधि तथा परिवर्तन प्रति उत्साहित बनाउने
४. शिक्षण सिकाइमा नवीन प्रविधिको प्रयोगमार्फत न्यूनतम सिकाइ सक्षमता तथा गुणस्तरको सुनिश्चितता गर्ने
५. विद्यालयमा न्यूनतम भौतिक तथा शैक्षिक गुणस्तर सुनिश्चित गर्ने
६. सामुदायिक र संस्थागत विद्यालयबिच रहेको शैक्षिक गुणस्तरको अन्तर कम गर्ने

७. विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापनका लागि कानुन, नीति तथा मापदण्डको विकासका साथै संस्थागत सक्षमता अभिवृद्धि गर्ने

८. विद्यालय शिक्षामा सङ्घ, प्रदेश र स्थानीय तहको साझा तथा विशिष्टिकृत भूमिका सुस्पष्ट ढंगले परिभाषित गर्ने।

९. शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग गर्ने, शैक्षिक सुशासन तथा जवाफदेहिताको प्रत्याभूति दिने ।

### ३.३.४ माध्यमिक शिक्षाका उद्देश्यहरू (Objectives)

१. गुणस्तरीय माध्यमिक शिक्षामा समतामूलक पहुँच स्थापित गरि गुणस्तर तथा सान्दर्भिकता सुनिश्चित गर्नु

२. माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र बिस्तार गरि स्वरोजगार,उद्यमशील र देश निर्माणको लागि योग्य र मूल्यमा आधारित जनशक्ति उत्पादन गर्नु

३. उच्च शिक्षाका लागि आवश्यक योग्य, दक्ष, क्षमतावान र स्व पहिचान सहितको जनशक्ति उत्पादन गर्नु

४. दैनिक जीवनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरि नवीनतम् सूचना लिन र दिन साथै पेसा तथा व्यवसायमा यसको सहज प्रयोग गर्न सक्षम बनाउनु

५. राष्ट्र, राष्ट्रियता र लोकतान्त्रिक भावना र संस्कारको विकास गर्नु

६. विद्यालय शिक्षा प्रणालीमा जवाफदेहिता र सुशासनको प्रत्याभूति गराउनु, आदि।

### ३.३ .५ रणनीतिक क्रियाकलापहरू (Strategic activities )

१. माध्यमिक शिक्षामा पहुँच नभएका बालबालिकाहरूको पहिचान गरि आवश्यकतामा आधारित लक्षित कार्यक्रम सञ्चालन गर्ने र सरोकारवाला निकायहरूमा चेतनाको विकास गरि पहुँच बिस्तार गर्ने

२. शारीरिक मानसिक बौद्धिक लगायत विभिन्न प्रकृतिका अपाङ्गता भएका बालबालिकाहरूको माध्यमिक तहको अध्ययनलाई निरन्तरता दिन सम्बन्धित कार्यक्रमहरू सञ्चालित भएका विद्यालयहरूमा सिफारिस गर्ने

३. गरिबी, विपन्न र विविध समस्याका कारणले माध्यमिक शिक्षा अध्ययन गर्न नसक्ने अवस्थाका बालबालिकाहरूका लागि आर्थिक सहयोगको अवसरको व्यवस्था गर्ने

४. कक्षा ८ उत्तीर्ण गरेका मेधावी विद्यार्थीहरूका लागि माध्यमिक शिक्षा र उच्च शिक्षा प्रदान गर्न नगरपालिकाले आवश्यक सहयोग गर्ने

५. सम्पूर्ण बालबालिकाहरूलाई सुरक्षित विद्यालय वातावरण निर्माण गर्न प्राकृतिक प्रकोप पूर्व सजकता,उद्दार तथा पुनस्थापनाको व्यवस्था गर्ने

६. विद्यार्थीको मनोबल बढाउन मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने

७. प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षामा पहुँच बिस्तार गर्न प्राविधिक एवम् व्यावसायिक धारका कार्यक्रमहरू सञ्चालन गर्ने

८. प्रत्येक माध्यमिक विद्यालयहरूमा गुणस्तरमा आधारित तहगत रुपमा प्रतिस्पर्धात्मक कार्यक्रम सञ्चालन गर्ने

९. प्रत्येक माध्यमिक विद्यालयमा ई-पुस्तकालय, विज्ञान प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटर ल्याबको अनिवार्य व्यवस्था गर्ने

१० .शिक्षकहरूको मागमा आधारित रही नवीन प्रविधिको प्रयोग गर्न सक्षम हुने गरि निरन्तर पेसागत क्षमता विकास गरिने छ

११ .विद्यार्थीहरूको बहुमुखी प्रतिभाको विकास गराउन स्थानीय तह स्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम सञ्चालन गर्ने

१२ .विद्यालय व्यवस्थपन समिति र प्रधानाध्यापक एवम् लेखा सम्बन्धी काम गर्ने शिक्षक तथा कर्मचारिहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने

१३ .अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरी विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउने

१४ .विद्यालयको नियमित सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कनलाइ प्रभावकारी बनाई शिक्षक तथा विद्यालयलाई आवश्यक प्राविधिक सहायता प्रदान गरिने छ

१५ .निश्चित अन्तरालमा विद्यालयको भौतिक, शैक्षिक, आर्थिक लगायत समग्र पक्षको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरि जवाफदेही बनाइने छ र सुधारका क्षेत्र पहिचान गरिने छ ,

१६ .छात्रवृत्ति,शैक्षिक सामग्री लगायतका कार्यक्रमहरू थप प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने

### ३.३.६ अपेक्षित उपलब्धि (Expected Outcomes)

१. यस योजनाको अन्त्यमा माध्यमिक शिक्षामा पहुँचको सुनिश्चितता भई गुणस्तर वृद्धि भएको हुने छ ।

२. माध्यमिक तह कक्षा ९ - १२ को खुद भर्ना दर ९५ प्रतिशत र कूल भर्ना दर ९९ प्रतिशत पुगेको हुने छ ।

३. कक्षा १२ सम्मको टिकाउदर ९४ प्रतिशत पुगेको हुने छ ।

४. एउटा नमूना विद्यालय र २ वटा प्राविधिक तथा व्यावसायिक माध्यमिक विद्यालयको स्थापना भइ प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँचको अवसर सिर्जना हुने छ ।

५. उच्च शिक्षा अध्ययनका लागि विद्यार्थीहरू उपलब्ध हुने छन्।।

६. दैनिक जीवनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरि नवीनतम् सूचना लिने प्रणालीको विकास गरिने छ।

७. राष्ट्र, राष्ट्रियता र लोकतान्त्रिक भावना र संस्कार भएका विद्यार्थीहरू प्राप्त हुने छन्।

८. विद्यालय शिक्षा प्रणालीमा जवाफदेहिता र सुशासनको प्रत्याभूति भएको हुने छ।

## ३.६.७ . प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target)

| सी.न. | प्रमुख क्रियाकलाप | इकाइ | बजेट व्यवस्था | | | | | | भौतिक लक्ष १०.वर्ष | जिम्मेवार पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | विद्यालय भवन, कक्षाकोठा, शौचालय, पुस्तकालय, र प्रयोगशाला निर्माण तथा मर्मत।<br>विद्युतीकरण, पानीको सुविधा र डिजिटल प्रविधिहरूको समावेश। | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ ,प्रदेशको समन्वय र सहकार्यमा |
| २. | योग्य शिक्षकहरूको भर्ना र तालिम प्रदान गर्ने। | नगरपालिका | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ३. | पुस्तक, पाठ्यपुस्तक र डिजिटल सामग्री वितरण। | विद्यालय र नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ४ . | आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूका लागि छात्रवृत्ति तथा सहायता कार्यक्रम। | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० | प्रदेश र नगरपालिका |
| ५. | अभिभावक-शिक्षक सङ्घ गठन र नियमित बैठक। | पटक | | २ | २ | २ | २ | ८ | १६ | विद्यालय |
| ६. | समुदायको सक्रिय सहभागितामा शैक्षिक क्रियाकलापहरू सञ्चालन। बालिका शिक्षा, लैंगिक समानता, र विभेद विरुद्धका सचेतना अभियान। | जनचेतना र भर्ना अभियान | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका र विद्यालय |
| ७. | कम्प्युटर र इन्टरनेट पहुँच बढाउने।<br>डिजिटल कक्षा र अनलाईन शिक्षा प्रणाली लागू गर्ने। | विद्यालय | | १० | १० | १० | १० | ४० | १२० | प्रदेश सरकार र नगरपालिका |
| ८. | विद्यार्थीहरूको स्वास्थ्य परीक्षण र पोषण सुनिश्चित। | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ९. | विद्यालयहरूको प्रगतिलाई अनुगमन गर्ने। शिक्षण र सिकाइ परिणामहरूको मूल्याङ्कन गर्दै सुधारका कदम चाल्ने। | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |

### ३.५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (Technical education and vocational training)

कुनै पनि देशको समग्र विकासमा शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसमा पनि प्राविधिक शिक्षाको अझ बढी भूमिका रहन्छ । त्यसैबाट देश विकास र समृद्धिको बाटोमा अघि बढ्न सक्छ । यसै कुरालाई दृष्टिगत गरी नेपालको संविधान २०७२ को भाग ४ धारा ५१ राज्यका नीतिहरूअन्तर्गत उपधारा (ज १) मा उल्लिखित नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिअनुसार शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने भन्ने रहेकाले राष्ट्रिय आकाङक्षा पूरा गर्न राष्ट्रिय योजना आयोगले नौ ओटा राष्ट्रिय लक्ष्यअन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको छ । त्यसका लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकास र बिस्तारमा जोड दिइएको देखिन्छ । सन २०१५ मा संयुक्त राष्ट्र सङ्घले निर्धारण गरेको दिगो विकास लक्ष्यले सन २०३० सम्म विश्वमा प्रत्येक व्यक्तिलाई सम्मानित जीवन निर्वाहका लागि आवश्यक प्राविधिक शिक्षा प्रदान गर्ने रहको छ । यसका लागि समावेशी, समतामूलक र समन्यायिक दृष्टिबाट अवसरलाई व्यापक बनाउन जोड दिएको छ ।

#### ३.५.१ वर्तमान अवस्था ( Current Situation)

राष्ट्रिय पाठयक्रम प्रारूप २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेटने प्रयास गरिएको छ । यस प्रकारको शिक्षाको विकासले यस नगरपालिकामा सीपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवम् स्वरोजगारका अवसरहरू सृजना भई विदेशिने युवाहरू स्वदेशमै आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुने छ । यसबाट दक्ष जनशक्ति विदेशिने सङ्ख्यामा कमी आउने देखिन्छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पछिल्लो तथ्याङक अनुसार नेपालमा ५७ वटा आङगिक पोलिटेक्निक शिक्षालयहरू, १७ वटा साझेदारीमा सञ्चालित पोलिटेक्निक शिक्षालयहरू, ४३४ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ वटा सम्बन्धन प्राप्त शिक्षालयहरू र ५८७ प्राविधिक एस.एल.सी.(प्रि–डिप्लोमा) तहका कार्यक्रम र ६१४ डिप्लोमा तहका कार्यक्रम सञ्चालनमा रहेका छन् (प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एकीकृत बार्षिक प्रतिवेदन, २०७६) । दोधारा चाँदनीको हकमा हलसम्म एउटा मात्र भानु माध्यमिक विद्यालयमा प्राविधिक शिक्षामा (Computer Engineer) को पढाई हुन्छ । यस बाट उत्पादन जनशक्तिहरू रोजगार प्राप्त गरी विभिन्न निकायमा कार्यरत छन् ।

#### ३.५.२ चुनौतीहरू (Challenges)

१. प्राविधिक शिक्षाका लागि आवश्यक स्रोत र पूर्वाधारको कमीले शिक्षाको गुणस्तरमा प्रभाव पार्छ।

२. प्राविधिक शिक्षा प्रति समाजको दृष्टिकोण सामान्यतया नकारात्मक रहन्छ, जसले युवाहरूलाई यसमा आकर्षित गर्न कठिनाइ ल्याउँछ।

३. प्राविधिक शिक्षा र उद्योगका आवश्यकताबिचको समन्वयमा कमी हुँदा, विद्यार्थीहरूको सीप र ज्ञान अद्यावधिक हुँदैन।

४. शिक्षामा भएका सीप र प्रविधिहरू बजारको आवश्यकतासँग मेल नखाएको अवस्थामा, विद्यार्थीहरू रोजगारमा समस्या भोग्न सक्छन्।

५.प्राविधिक शिक्षाका संस्थाहरूमा आवश्यक सुरक्षा र सुविधाहरूको कमीले विद्यार्थीहरूको अध्ययनमा अवरोध पुऱ्याउँछ।

६. ताजा प्रविधिहरूको तीव्र परिवर्तनले शिक्षाका पाठ्यक्रमलाई समय सापेक्ष बनाइ रहन कठिन बनाउँछ।

#### ३.५.३ अवसरहरू (Opportunities)

१ . प्राविधिक शिक्षाद्वारा विशेष सीप र ज्ञानको विकास गर्न सकिन्छ, जसले युवाहरूलाई विविध क्षेत्रमा रोजगारका अवसरहरूमा सक्षम बनाउँछ।

२. शिक्षालय र उद्योग बिचको सहयोगले शिक्षाको गुणवत्तामा वृद्धि गर्न र विद्यार्थीलाई व्यावहारिक अनुभव प्रदान गर्न मद्दत गर्दछ।

३. प्राविधिक शिक्षा प्राप्त गरेका विद्यार्थीहरूले आफ्नै व्यवसाय सुरु गर्ने अवसर पाउँछन्, जस्तै कारिगरी, रेस्टुरेन्ट, मेकानिक्स आदि।

४. प्राविधिक शिक्षा कार्यक्रमहरूमा नयाँ प्रविधिहरूको समावेशले विद्यार्थीलाई अद्यावधिक ज्ञान र कौशल प्रदान गर्दछ।

५. प्राविधिक सीप भएका व्यक्तिहरूलाई अन्तर्राष्ट्रिय बजारमा पनि रोजगारीका अवसरहरू उपलब्ध हुन्छन्।

६ .प्राविधिक क्षेत्रका पेशाहरूमा प्रायः स्थिरता र रोजगारीको सुनिश्चितता बढी हुन्छ, विशेष गरी स्वास्थ्य, निर्माण, र सूचना प्रविधि जस्ता क्षेत्रहरूमा।

७. प्राविधिक शिक्षा हासिल गर्ने व्यक्तिहरूले आफ्ना सीपको प्रयोग गरेर समुदायको विकासमा योगदान गर्न सक्छन्, जस्तै तालिम दिने र स्थानीय सेवाहरू सुधार्ने ।

### ३.५.४ लक्ष्य (Goal)

प्राविधिक तथा व्यावसायिक शिक्षाका माध्यमबाट सर्वसुलभ रोजगारमूलक एवम् जीवनोपयोगी शिक्षा प्रदान गरि सिपयुक्त जनशक्ति विकास गर्ने र स्थानीय उत्पादनमा वृद्धि गर्ने ।

### ३.५.५ उद्देश्य (Objectives)

१. प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको नियमन, व्यवस्थापन र दिगो स्रोत व्यवस्थापनका लागि संयन्त्र स्थापना र विकास गर्नु ।

२. लक्षित समूहका विद्यार्थी तथा युवाहरूलाई समतामूलक, समावेशी र समन्यायिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पहुच पुर्‍याउनु ।

३.प्राविधिक तथा व्यावसायिक शिक्षाका माध्यमबाट रोजगारमूलक तालिमको अवसर प्रदान गर्नु ।

४.प्राविधिक तथा व्यावसायिक शिक्षामा लगानी अभिवृद्धि गर्न निजी क्षेत्रसँग पनि साझेदारी गर्नु ।

### ३.५ .६ रणनीति (Strategies)

१. लक्षित समूह, विद्यार्थी तथा युवालाई छात्रवृत्तिको व्यवस्था गरि प्राविधिक शिक्षातर्फ आकर्षण गर्दै तालिमको अवसर प्रदान गरिने छ ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई समतामूलक, समावेशी र समन्यायिक रूपमा बिस्तार गर्न । नगरपालिकामा भएका सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम लागु गरिने छ । यसका लागि ५० प्रतिशत अनुदान उपलब्ध गराइने छ ।

३. एउटा बहुप्राविधिक शिक्षालय स्थापना र विकास गर्दै त्यसलाई भौतिक, प्राविधिक र शैक्षिक रुपमा नेपालकै नमुना बहुप्राविधिक शिक्षालय निर्माण गरिने छ ।

४. माग तथा आवश्यकतामा आधारित छोटो र मध्यम अवधिका सीप विकासका तालिमहरू सिटिइभिटीसँगको समन्वयमा नियमित रूपमा सञ्चालन गरिने छ ।

५. इन्जिनियरिङ, नर्सिङ्ग, स्वास्थ्य सहायक (एच. ए.) सर्भेक्षक, कृषि, वन विज्ञान, पशु चिकित्सा जस्ता कार्यक्रमहरू सञ्चालन गर्नका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको समन्वयमा सम्बद्ध शिक्षण संस्थाहरूलाई प्रोत्साहित गरिने छ ।

६ . तालिम प्राप्त प्रशिक्षकहरूलाई आकर्षण गर्नका लागि सेवामा स्थायित्व, विभिन्न सेवा सुविधामा बढोत्तरी गर्ने र नियमनकारी एकाइ स्थापन गरिने छ ।

७ . प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासलाई गुणस्तरीय र प्रभावकारी विकास गर्न नगरपालिमा छुटटै इकाइको

व्यवस्था गरि प्रविधिक शिक्षा सञ्चालनमा योजना तर्जुमा, कार्यान्वयनमा प्रभावकारिता ल्याइने छ ।

८ . सञ्चालनमा रहेका प्राविधिक शिक्षालय तथा सामुदायिक विद्यालयका प्राविधिक कार्यक्रमलाई प्रभावकारी, गुणस्तरीय, साधन स्रोत सम्पन्न बनाउन आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिने छ ।

९ .उत्पादित जनशक्तिलाई स्थानीय तहमै रोजगारीको अवसर प्रदान गर्न श्रम बैंक स्थापना गर्ने र विदेशबाट सिप सिकेर फर्केका जनशक्तिलाई समेत उक्त बैंक मार्फत सेवाको अवसर प्रदान गर्ने व्यवस्था मिलाईने छ ।

### ३.५ .७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू (Outcomes, Key Results, Major Activities and Target)

### क) उपलब्धि (Outcomes)

लक्षित समूह, पहुँचमा नभएका विद्यार्थीहरू तथा युवाहरूलाई समेत समतामूलक, समावेशी, समन्यायिक दृष्टिले रुचि, प्रतिभा, र क्षमताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र रोजगारमूलक तालिममा सहजै पहुँच पुर्याउने ।

### ख) प्रमुख नतिजाहरू (Key results)

१) छात्रवृत्ति लगायत आर्थिक तथा प्राविधिक सहयोगका माध्यमबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा लक्षित वर्ग उमेर समूहका विद्यार्थीहरूलाई भर्ना तथा अध्ययन कार्य पूरा गरेका हुने छन् ।

२) संस्थागत विद्यालयमा समेत प्राविधिक तथा व्यावसायिक शिक्षा र छोटो अवधिका तालिमहरू सरकारी तथा निजी साझेदारीमा सञ्चालन हुने छ ।

३) सञ्चालनमा रहेका निजी, सामुदायिक विद्यालयका प्राविधिक शिक्षाका कार्यक्रमहरू प्रभावकारी, गुणस्तरीय र साधन स्रोत सम्पन्न भएका हुने छन् ।

४) नगरपालिकामा कम्तिमा ५ ओटा सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम सञ्चालन भएको हुने छ ।

५) नगरपालिकाभित्र आवश्यकता र औचित्य हेरी एउटा सम्म बहुप्राविधिक शिक्षालय स्थापना र विकास गरिने छ ।

६) माग तथा आवश्यकतामा आधारित सीप विकासका तालिम कार्यक्रमहरू नियमित रूपमा सञ्चालन र बिस्तार भएको हुने छ ।

७) इन्जिनियरिङ, नर्सिङ्ग, स्वास्थ्य सहायक (एच. ए.) सर्भेक्षक, कृषि, वन विज्ञान, पशु चिकित्सा जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

८) तालिम प्राप्त प्रशिक्षकहरूलाई पेसाप्रति आकर्षण गर्न विभिन्न सेवा सुविधा बढाई स्थायी गरिने र नियमन व्यवस्था गरिएको हुने छ ।

## ३.५.८ प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target)

| सि.न. | प्रमुख क्रियाकलाप | इकाइ | बजेट व्यवस्था | | | | | | भौतिक लक्ष १०.वर्ष | जिम्मेवार पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | प्रयोगशाला व्यवस्थापनमा सहयोग | विद्यालय | | १ | १ | १ | १ | ४ | ८ | सङ्घ,प्रदेशको समन्वय र सहकार्यमा |
| २. | सामुदायिक विद्यालयमा बहुप्राविधिक शिक्षालय स्थापना | " | | | | | | १ | १ | सङ्घ,प्रदेशको समन्वय र सहकार्यमा |
| ३. | नगरपलिकामा प्राविधिक एकाइ स्थापना | ओटा | १ | | | | | १ | १ | सङ्घ,प्रदेशको समन्वय र सहकार्यमा |
| ४ . | छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ,प्रदेशको समन्वय र सहकार्यमा |
| ५. | प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी नगर स्तरीय नीतिको तर्जुमा | पटक | | १ | | | | १ | १ | प्रदेश सरकार र नगरपालिका |
| ६. | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपलाई खोजी, प्रमाणीकरण र उपयोग गर्ने कार्य सञ्चालन | जना | | १० | १० | १० | १० | ४० | १०० | सङ्घ,प्रदेशको समन्वय र् सहकार्यमा |
| ७. | युवाहरूलाई खोज र नवप्रर्वतनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन | सङ्ख्या | | १० | १० | १० | १० | ४० | १२० | प्रदेश सरकार र नगरपालिका |
| ८. | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकासको लागि सहयोग कार्यक्रम | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५० | १०० | प्रदेश सरकार र नगरपालिका |
| ९. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन तथा नियम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| १०. | सामुदायिक विद्यायमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन कम्पुटर , Veterinary Program आदि । | ओटा | | | | | | १ | १ | प्रदेश सरकार र नगरपालिका |

## ३.६ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

सिकाइ र जीवन पद्धति सँगसगै अगाडि बढीरहेको हुन्छ । शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र धारणाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली नै अनौपचारिक शिक्षा हो । अनौपचारिक एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोडदै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ ।

सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ अवसर दिगो विकासको मूल मर्म रहेकोले विगतको साक्षरताका कार्यक्रमबाट साक्षर बनेका नवसाक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर उपलब्ध गराउनु पर्नेछ । विशेष गरि विभिन्न कारणहरूबाट शिक्षाको औपचारिक संरचना भन्दा बाहिर ठूलो सङ्ख्यामा रहेका बालबालिका, युवा, महिला र प्रौढहरूका लागि कार्यमूलक साक्षरता, डिजिटल साक्षरता, आय आर्जन, समूह साझेदारी लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । सामुदायिक सिकाइ केन्द्रको स्तरोन्नति तथा सामुदायिक तथा संस्थागत विद्यालयहरूकै अगुवाईमा अबका कार्यक्रमहरू सञ्चालन हुनु पर्दछ । औपचारिक र अनौपचारिक शिक्षाको विचमा लचकदार र व्यक्तिको आवश्यकता र अनुकूलतामा आधारित कार्यक्रम बनाउदै लैजानुपर्ने आवश्यकता रहेको छ । औपचारीक शिक्षा प्राप्त गर्ने अवसर नहुनेलाई वैकल्पिक अनौपचारीक शिक्षाको माध्यमबाट साक्षर तुल्याइ माध्यमिक तहसम्म शिक्षा प्राप्त गर्ने अवस्थासम्म पुऱ्याउने उदेश्य बनाउन आवश्यक हुन्छ । नेपालको संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीति, २०७६ ले अवलम्बन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य (४), सोह्रौं आवधिक योजना र सुदुरपश्चिम प्रदेशको पहिलो आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । नगरपालिकाको भूगोल, हालसम्म शिक्षाको कमजोर पहुँच र नागरिकको सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरि आजीवन सिकाइ संस्कृतिको विकास गर्न अनौपचारिक एवम् आजीवन र खुला शिक्षालाई थप व्यवस्थित गर्न आवश्यक देखिन्छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको बिस्तार, गुणस्तर अभिवृद्धि र संस्थागत क्षमताको विकास गर्नुपर्दछ ।

अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई आगामी १० वर्ष भित्र निरन्तर सिकाइमा संलग्न समाज एवम् सिकाइ संस्कृतिको प्रवर्धन गर्ने तर्फ लैजानु पर्ने देखिन्छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा, सामुदायिक सिकाइ केन्द्र सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्यांकन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसै सन्दर्भमा दोधारा चाँदनी नगरपालिकाले समेत अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी बहन गर्दै आएको छ । यस नगरपालिका अन्तर्गत अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा सम्बन्धी कार्य गर्न हालसम्म नगरपालिका भित्र दुईवटा स्थानमा सामुदायिक सिकाइ केन्द्रहरू स्थापना भई क्रियाशील रहेका छन् । सिकाइ केन्द्रहरूले सामुदायिक पुस्तकालय र वाचनालय तथा महिला समूह निर्माण गरि विभिन्न तालिमहरू एवम् आयआर्जनका कार्यक्रमहरू समेत सञ्चालन गरिरहेका छन् । यसले जीवनपर्यन्त सिकाइलाई समेत सहयोग पुगेको छ । दोधारा चाँदनी नगरपालिकामा स्तरीय सामुदायिक पुस्तकालय स्थापना गर्ने लक्ष्य

राखिएको छ । यसका अतिरिक्त नगरपालिकामा विभिन्न सङ्घ, संस्था तथा सहकारी संस्था र बैंकहरूले पनि साक्षरता कक्षा, वित्तीय साक्षरता, व्यावसायिक साक्षरता, कानुनी साक्षरता लगायतका अनौपचारिक कक्षाहरू सञ्चालन गरिरहेका छन् । नेपाल सरकारले आर्थिक वर्ष २०६९/०७० देखि सञ्चालन गरेको साक्षर नेपाल अभियान अन्तर्गत दोधारा चाँदनी नगरपालिकामा रहेका विद्यालय तथा सामुदायिक सिकाइ केन्द्र समेत परिचालित भई १५ वर्षदेखि माथिका ९५ प्रतिशत नागरिकहरूलाई साक्षर गराएर साविकका दोधारा चाँदनी गा . बि. स हरू साक्षर गा. बि. स. घोषणा भैसकेका छन् ।

### ३.६ .१ चुनौतीहरू (Challenges)

१. दोधारा चाँदनी नगरपालिकामा बसोबास गर्ने सबै नागरिकलाई कार्यमूलक रूपमा साक्षर बनाउनु,

२.साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोडनु,

३.पूर्ण साक्षर नगर निर्माण गर्नु,

४.अनौपचारिक माध्यमबाट साक्षरता सीप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु,

५.अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोडनु,

६. समाजमा पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउनु र औपचारिक शिक्षाबाट वञ्चितहरूका लागि भरपर्दो र सुलभ औपचारिक, खुला तथा वैकल्पिक शिक्षामा पहुँच र निरन्तरता प्रदान गर्नु,

७. अनौपचारिक शिक्षाप्रति अभिरुचिको कमी, सहभागीहरूको अनियमितता, साक्षरोत्तर शिक्षाको कमी हुनु,

८. अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरूबिच समन्वयको अभाव हुनु ,

९. सबै वडाहरूमा सामुदायिक सिकाइ केन्द्रहरू व्यवस्थापन गर्न नसक्नु,

१०. पाठयक्रम तथा पाठयसामग्रीको उपलब्धता र व्यवहारिकता र स्रोत परिचालनमा कमी जस्ता कुराहरू चुनौतीका रूपमा रहेका छन् ।

११. समाजमा विद्यमान अवस्थामा रहेको मोबाइल प्रयोग संस्कारलाई पुस्तक संस्कारमा विकास गर्नु ।

### ३.६.२ अवसरहरू (Opportunities)

१. वर्तमान सन्दर्भमा साझेदारहरूको स्रोत सहितको प्रतिवद्धता,

२. प्राथमिकताका साथै नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका शिक्षासम्बन्धी प्रतिबद्धता,

३.सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था, समृद्ध नेपाल सुखी नेपाली बनाउने सरकारको दीर्घकालिन सोच,

४. साक्षरता अभियान, राष्ट्रिय शिक्षा नीतिमा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन,

५. सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन,

६. माध्यमिक शिक्षा सम्मको व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनुका साथै शिक्षामा तीनै तहका सरकारको साझा अधिकार रहनु पनि अनौपचारिक तथा खुला शिक्षा विकासका लागि सुअवसर हो ।

### ३.६.३ लक्ष्य (Goals)

अनौपचारिक शिक्षालाई साक्षरता र उत्पादनमूलक रोजगारीको मूल आधारको रूपमा विकास गर्दै पूर्ण साक्षर सहितको समुन्नत नगर निर्माण गर्ने ।

### ३.६.४ उद्देश्यहरू (Objectives)

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ

१. दोधारा चाँदनी नगरपालिकालाई पूर्ण साक्षर नगरपालिकाको रूपमा कायम गर्नु ।

२. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु।

३. शिक्षाको अवसरबाट वञ्चित भएका वा बिचैमा पढाइ छाडेका नवसाक्षर र निरक्षर व्यक्तिहरूको पहिचान गरि साक्षरता अभियान, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा र वैकल्पिक शिक्षामार्फत औपचारिक शिक्षा सरहको शिक्षा प्रदान गर्नु।

४. अनौपचारिक तथा खुला शिक्षाका लागि पाठयक्रम, पाठयपुस्तक तथा इ-पाठयपुस्तक , सिकाइ सामग्री निर्माण र वितरण तथा अनुगमन, निरीक्षण र कार्यान्वयन गर्नु।

५. अनौपचारिक, खुला र वैकल्पिक माध्यमबाट प्राप्त ज्ञान सीपलाई दैनिक जीवन र आयआर्जनका पेसा व्यवसायसँग आवद्ध गरि सिकाइलाई जीवनपर्यन्त गर्नु।

६. पठनसंस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउन सार्वजनिक पुस्तकालय, इ-पुस्तकालय, थप सामुदायिक सिकाइ केन्द्र र वाचनालयहरूको स्थापना, विकास र बिस्तार गर्नु ।

७. नगरपालिकामा सञ्चालित उच्च शिक्षा प्रदायक संस्था र विद्यालयहरूलाई खुला तथा दूर शिक्षा प्रदायक संयन्त्रका रूपमा विकास गर्नु।

८. नगरभित्रका निरक्षरलाई साक्षर, साक्षरलाई उत्पादनमुलक रोजगारमा जोडन विद्यालय तथा विश्वविद्यालय तहको साधारण तथा प्राविधिक शिक्षा बाट उत्पादित जनशक्ति परिचालन गर्ने।

९. नगर भित्रका सबै वडाहरूमा कम्तीमा एउटा सामुदायिक सिकाइ केन्द्र स्थापित गर्ने।

१०. व्यवहारिक सीप र ज्ञान लाई जिवन प्रयन्त सिकाइसँग जोड्ने।

### ३.६.५ रणनीतिहरू (Strategies)

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिने छ ।

१. दोधारा चाँदनी नगरपालिकालाई पूर्ण साक्षर नगरपालिकाको रूपमा कायम राख्न नगरपालिकाको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गरिने छ ।

२. साक्षरता सिकाइमा रेडियो, टेलिभिजन, मोवाइल, अनलाईन जस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय, सहभागिमैत्री सामग्री तथा विधि समेतका आधारमा पहुँचको अभिवृद्धि गरिने छ ।

३. मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने छ ।

४. नगरपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरि स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा हरेक वडामा कम्तिमा एउटा फ्री वाइफाई जोन, वाचनालय र पुस्तकालय सहितको सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने तथा सो को प्रभावकारी सञ्चालन गर्दै लगिने छ ।

५. नगरपालिकाको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, अन्य साझेदारहरू परिचालन गरि आवश्यक पर्ने स्थानमा साक्षरता तथा साक्षरोत्तर कक्षा र सिपमुलक व्यावसायिक तालिमहरू सञ्चालन गरिने छ ।

६. सङ्घीय र सुदुरपश्चिमप्रदेश सरकारको समन्वयमा सिकारुका आवश्यकता अनुसार पाठयक्रम र सिकाइ मोडुलका डिजिटल सिकाइ सामग्री विकास गरि निरन्तर शिक्षाका कक्षाहरू सञ्चालन गरिने छ ।

७. राष्ट्रिय योग्यता प्रारूप अनुसार अतिरिक्त, अनौपचारिक तथा औपचारिक शिक्षाबिच समकक्षताको लागि नीति, ऐन, नियमावली, निर्देशिका र मापदण्डको विकास र कार्यान्वयनमा सहजीकरण गरिने छ ।

८. विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइ र सिकाइ संस्कृतिको नगर अवधारणा पत्र तयार गरिने छ ।

९. अनौपचारिक एवम् आजीवन सिकाइका लागि सङ्घ र सुदुरपश्चिम प्रदेश सरकारबिच स्रोत साझेदारी प्रारूप विकास गर्न समन्वय र सहजीकरण गरिने छ ।

१०. सरोकारवालाहरूको क्षमता र अपनत्व विकासका लागि सङ्घीय र प्रदेश सरकार र अन्य सरोकारवालाहरूबिच समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको मापदण्ड निर्धारण तथा संस्थागत सुदृढीकरण गरिने छ ।

११. सामुदायिक सिकाइ केन्द्रहरूलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरि समावेशी एवम् समतामा आधारित स्व: सिकाइ केन्द्र (Self-Learning Zone) को रूपमा विकास गरिने छ ।

१२. जीवनपर्यन्त सिकाइलाई प्रभावपूर्ण बनाउन हरेक वडाहरू सम्मिलित नगरपालिका स्तरीय योजना, अनुगमन र कार्यान्वयन संयन्त्र बनाइने छ ।

१३. होटेल, यातायात, कृषि मजदुर, व्यापार व्यवसाय कलकारखानामा रहेका जोखिमयुक्त बालवालिकाको पहिचान गरि शिक्षामा पुनर्स्थापना गरिने छ ।

### ३.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य (Outcomes, Key Results, Main Activities and Target)

**(क) उपलब्धिहरू (Outcomes)**

अनौपचारिक शिक्षालाई साक्षरता र उत्पादनमूलक रोजगारीको मूल आधारको रूपमा विकास गर्दै पूर्ण साक्षर सहितको समुन्नत नगर निर्माण हुने।

**(ख) प्रमुख नतिजाहरू (Key Results)**

१. पूर्ण साक्षर नगरपालिका घोषणा हुने र नव साक्षरहरूका लागि आवश्यकतामा आधारित निरन्तर शिक्षाका कार्यक्रमहरूको प्रबन्ध हुने।
२. आजीवन सिकाइका लागि परिभाषित ढाँचा र स्तरीकरणका आधारमा सिकाइ अवसरहरूको सिर्जना हुने।
३. स्वरोजगारमुलक व्यावसायहरू जस्तै: ब्युटीपार्लर, कार्पेन्टर, टेलरीङ, वेमौसमी तरकारी खेती, व्यावसायिक पशुपंक्षी पालन, अटोमोवाइल जस्ता व्यावसाय दक्ष सिपयुक्त जनशक्ति कार्यक्रम सञ्चालनमा हुने।
४. नगरपालिकाको पहलमा सिकारुको आवश्यकता अनुसार आजीवन सिकाइका नमुना तथा सिकाइ सामग्रीहरू विकास र कार्यान्वयन हुने।
५. नगरपालिकामा सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत संयन्त्र एवम् सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने स्व:सिकाइ केन्द्र ( self-Learning centre) को रूपमा विकास हुने।
६. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने।
७. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सीपको पहिचान एवम् प्रमाणीकरण गर्ने नीति/नियमावली/कार्यविधि तयार गरि राष्ट्रिय योग्यता प्रारूप अनुरूप समकक्षता प्रदानका लागि समन्वय र सहजीकरण हुने।
८. सङ्घ र प्रदेश सरकारसँगको समन्वयमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारीताको प्रारूप तयार हुने।
९. निरक्षर साक्षर हुने र साक्षर बेरोजगार युवाहरू उत्पादनमुलक रोजगारी संलग्न भइ उत्पादनमा वृदि हुने।

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Main Activities and Target)

| सि. न. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १. | अनौपचारिक तथा आजीवन स्व सिकाइ र यसको आगामी मार्गसम्बन्धी अवधारणापत्रको तर्जुमा तथा अभिमुखीकरण | पटक | | १ | ० | ० | ० | १ | २ | नगरपालि |
| २. | साक्षरता र निरन्तर शिक्षाका लागि लागत सहभागिताको प्रारूपको तर्जुमा | पटक | | १ | ० | ० | ० | १ | १ | सरकार र नगरपालिका |
| ३. | निरक्षरहरूको तथ्याङ्क अद्यावधिक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ४. | जोखिमयुक्त बालश्रमिकहरू को पहिचान तथा पुनस्थापना केन्द्र स्थापना र सञ्चालन | वालकको सङ्ख्या | | १०जना | १० जना | १०जना | १० जना | ४० जना | १०० जना | प्रदेश सरकार, नगरपालिका र विकास साझेदार |
| ५. | सार्बजनिक पुस्तकालय, इ पुस्तकालय, फ्री वाइफाइ जोन तथा वाचनालयहरू स्थापना | वटा | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६. | युवाहरूका लागि व्यावसायीक सिपमुलक तालिम सञ्चालन | जना | २० | २० | २० | २० | २० | १०० | २०० | प्रदेस सरकार ,नगरपालिका र विकास साझेदार |
| ७. | पूर्ण साक्षर नगरपालिका घोषणा | पटक | | १. | | | | १ | १ | नगरपालिका |
| ८. | प्रत्येक वडामा कम्तिमा एउटा सामुदायिक सिकाइ केन्द्र स्थापना | वटा | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ९. | आजीवन सिकाइका लागि प्रिन्टेट तथा डिजिटल सामग्री विकास गर्ने | पटक | ० | ० | १ | १ | ० | २ | ४ | प्रदेस सरकार र नगरपलिका |
| | आयआर्जन समूह निर्माण | समूह | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | सामुदायिक सिकाइ केन्द्र |
| १०. | स्थानिय भाषा, कला र संस्कृति तथा परम्परागत सिपको संरक्षण, प्रबद्र्धन र विकास गर्ने कार्यक्रमहरू सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रदेस सरकार र नगरपालिका |

# परिच्छेद : चार

## अन्तर सम्बन्धित विषय तथा क्षेत्र (Inter Releted Subject and Field)

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन (Carriculam, Textbook, Larnning Materal and Assessment )

आधुनिक औपचारिक शैक्षिक पद्धतिमा मुलुकको शैक्षिक दर्शन कार्यान्वयन गर्ने प्रमुख साधन पाठ्यक्रम हो । यसलाई सिकाइको मुख्य योजनाको रुपमा पनि लिइन्छ । पाठ्यक्रममा शिक्षाका उद्देश्यहरू, समाजका चाहनाहरू, विद्यार्थीका रुचि र उमेर अनुसारको स्तरयुक्त, समसामयिक, वैज्ञानिक तथा प्रभावकारी विषयवस्तुका साथै विषयवस्तुलाई प्रभावकारी पूर्ण ढङ्गले शिक्षण गर्न उपयुक्त शिक्षण विधि र प्रविधि, सामग्री, प्रक्रिया र मूल्याङ्कन प्रविधि समेत निर्धारित हुन्छ । निश्चित शैक्षिक उद्देश्यहरू प्राप्त गर्न सिकाइ अनुभवहरू छनौट गर्ने, सङ्गठित गर्ने र यी उद्देश्यहरू पूरा भएको वा नभएको मूल्याङ्कन गर्ने योजनाको रुपमा पाठ्यक्रमलाई लिन सकिन्छ । राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, सङ्घीय लोकतान्त्रिक गणतन्त्र र नेपाली वैशिष्ट्य प्रति समर्पित जनशक्ति विकासमा विद्यालय शिक्षा केन्द्रित हुनुपर्छ । दिगो विकास, मानव अधिकारको संरक्षण, बाल अधिकार, शान्ति, सामाजिक एवम् लैङ्गिक समानता, जनसाङ्ख्यिकी एवम् वातावरण संरक्षण जस्ता सामाजिक रूपान्तरणका मुद्दालाई सम्बोधन गर्नु आवश्यक छ । त्यसै गरि सूचना तथा सञ्चार प्रविधि लगायतका व्यवहार कुशल, जीवनोपयोगी तथा रोजगार उन्मुख सिप विकास, उद्यमशीलताको विकास जस्ता आर्थिक रूपान्तरणमा सहयोग गर्ने पक्षलाई पनि विद्यालय शिक्षाले सम्बोधन गर्नु आवश्यक छ । शिक्षालाई सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, राजनीतिक विकासको प्रमुख माध्यमका रूपमा विकास गरि सबैका लागि गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नु पर्दछ । उल्लेखित विशेषतामा आधारित शिक्षाको विकास गरी सु-संस्कृत, समृद्ध, प्रतिस्पर्धी, समतामूलक मूल्यलाई आत्मसाथ गर्ने तथा राष्ट्र एवम् राष्ट्रियता प्रति निष्ठावान् नागरिक तयार गर्ने लक्ष्य प्राप्तिका लागि उपयोगी हुने गरी पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूको विकास तथा यसको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक हुन्छ ।

विज्ञान, प्रविधि, ईन्जिनियरिङ र गणित विषयको संस्थागत विकास गरि देश निर्माणको लागि आवश्यक जनशक्ति उत्पादन गर्नमा विद्यालय शिक्षाले आधार प्रदान गर्नु पर्दछ । कक्षा १ देखि नै गणित र विज्ञान विषय पाठ्यक्रममा समेटिएको छ । कक्षा ९ देखि प्राविधिक धारका विद्यालयहरू सञ्चालन गरिएका छन् । प्राविधिक तथा व्यावसायिक धारका विद्यालयहरू सञ्चालनमा ल्याएर प्राविधिक जनशक्ति उत्पादनमा जोड दिएको छ । विद्यालयको तहको शिक्षामा गणित, विज्ञान जस्ता विषयहरूको अध्यापनले स्टेम (STEM) शिक्षाका लागि आधार तय गरेको छ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पाठ्यक्रमसँग सम्बन्धित सहकार्यकलाप र अतिरिक्त क्रियाकलाहरू गरिनु पर्दछ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूरा गर्न अतिरिक्त क्रियाकलाप र सहकार्यकलापको महत्वपूर्ण भूमिका रहेको हुन्छ । पाठ्यक्रमले राखेका अपेक्षा एकोहोरो शिक्षण पद्दतिले पूरा गर्न नसक्ने भएकाले रुचि पूर्ण र विद्यार्थीको सक्रिय सहभागितामा उनीहरूमा ज्ञान, सिप र अभिवृद्धिको विकास गर्न अतिरिक्त क्रियाकलापमा जोड दिनु उपयुक्त हुन्छ । पाठ्यपुस्तक विद्यार्थीहरूको लागि सिकाइको प्रमुख माध्यम हो । खास गरि विद्यालय शिक्षामा अध्ययनको लागि नभई नहुने सामग्री पनि हो । सहायक एवम् सन्दर्भ अध्ययन सामग्रीहरूको पनि व्यवस्था गर्नु उत्तिकै आवश्यकता हुन्छ । तर कम्तिमा पनि एउटा आधिकारिक पाठ्यपुस्तक तयार गरि विद्यार्थीहरूलाई नि:शुल्क उपलब्ध गराउनु पर्ने दायित्व कानुनत: स्थानीय सरकारको नै हो । पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरूलाई

परिपूर्ति हुने गरि पाठ्य सामग्रीहरू सिलसिलेवार राखिनु को साथै सो सँग सम्बन्धीत अन्य कुराहरू पनि समावेश गरिएको हुन्छ, जस्तै व्याकरणका कुरा, शब्दार्थका कुरा आदि । त्यसैले पाठ्यपुस्तक अध्ययन अध्यापन का लागि अत्यन्त महत्वपूर्ण मानिन्छ। दोधारा चाँदनी भौगोलिक हिसाबले राज्यको पहुँचबाट केही ओझेलमा परेका कारण यहाँका बालबालिकाको हात हातमा पाठ्यपुस्तक समयमा नपुग्ने वा ढिलो पुग्ने र कहिलेकाहीँ केही पाठ्यपुस्तक नपाइने गरेको पनि घटनाहरू छन्। तथापि पछिल्लो चरणमा आएर ४ लेनको पक्की पुल निर्माण भएपछि त्यसमा धेरै सुधार भएको छ। स्थानीय विषयको पाठ्यपुस्तक भने हाललाई कक्षा ८ को लागि मात्र प्रथम प्रयासमा तयार गरि विद्यार्थीहरूलाई उपलब्ध गराइएको छ। अन्य कक्षाको लागि पनि क्रमश: पाठ्यपुस्तक तयार गरि उपलब्ध गराइने छ। स्थानीय आवश्यकतामा आधारित जीवनोपयोगी पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक विकास गरी नैतिक एवम् सदाचार आचरण विकास, व्यवहारिक कानुनी विषयवस्तुको ज्ञान, सत्यको स्वतन्त्र खोज गर्न सक्ने ज्ञान र सीपको विकास, संस्कृत भाषा, योग शिक्षा र अन्य सम्वद्ध विषयहरू पाठ्यपुस्तकमा समावेश गरिने छ । समयको गतिसँगै पाठ्यपुस्तक र विषयवस्तुमा नवीनता ल्याउनुपर्दछ। लामो समय देखि उही विषय र उही पाठ्यवस्तु शिक्षण गर्दा समय सापेक्ष जनशक्ति उत्पादनमा बाधा पर्ने हुन्छ। यसै कुरालाई आधार बनाएर नेपाल सरकारले समयसमयमा पाठ्यक्रम परिमार्जन र परिवर्तन गर्दै आएको छ। भाषाको संरक्षण, प्रवर्धन, विकासको पक्ष र पठनपाठनको पक्ष गरि पाठ्यक्रमका दुई वटा पक्षहरू हुन्छन्। औपचारिक विद्यालयीय पठनपाठनको दृष्टिले शिक्षणका हकमा दोस्रो पक्ष बढी महत्वपूर्ण मानिन्छ। विशेष गरि प्रारम्भिक तहका कक्षाहरूमा मातृभाषिक संरचना (ध्वनि, वर्ण, शब्दभण्डार, वाक्य संरचना र बोध) का कारणले सिकाइ सहज हुने हुँदा र विद्यालयप्रति विद्यार्थीको आकर्षण समेत बढ्ने कारणले मातृभाषाका माध्यमबाट पठन पाठन गर्न उपयुक्त हुने कुरा अध्ययनहरूले औँल्याएका छन्। अनुभवबाट समेत यही निष्कर्ष उपयुक्त देखिएको छ। नेपालको विद्यमान कानुनी प्रावधानले मातृभाषाका सम्बन्धमा केही व्यवस्था गरेका छन्। सबैका लागि शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताले समेत आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने कुरालाई जोड दिएको छ। नेपालको संविधानले मातृभाषामा शिक्षा पाउने कुरालाई मौलिक हकका रूपमा लिएको छ। विभिन्न आवधिक विकास योजना र शिक्षा सम्बन्धी राष्ट्रिय योजनाहरूले मातृभाषामा शिक्षा दिने तर्फ नीतिगत व्यवस्था गरेको पाइन्छ। दोधारा चाँदनीको हकमा पनि कुनै समुदाय त्यस्तो छुट्टै भएको पाइएमा सो ही समुदायको मातृभाषामा पाठ्यपुस्तको निर्माण गरि पठन पाठन गराइने छ।

दोधारा चाँदनी नगरपालिकामा पनि राष्ट्रिय शिक्षा नीति वमोजिम नै अध्ययन अध्यापन गर्न सकिने व्यवस्था मिलाएको छ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८–२०३२ लागू भएपछि देशभरि एउटै पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गरियो। यो पाठ्यक्रमको ढाँचामा राष्ट्रिय, तहगत, कक्षागत तथा विषयगत उद्देश्यहरू र विषयवस्तु उल्लेख गर्नुका साथै शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रक्रियाको समेत सङ्केत गरिएको थियो। पाठ्यक्रम कार्यान्वयन योजना र तत्पश्चातका पाठ्यक्रमहरूमा पनि पाठ्यक्रमका यी मूलभूत अङ्गहरू समावेश भएको देखिन्छ। राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनले दिएको सुझाव अनुसार प्राथमिक तहमा मातृभाषा वा ऐच्छिक भाषाले पनि स्थान पायो भने प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ र २०६५ तथा आधारभूत शिक्षा पाठ्यक्रम २०६९ ले कक्षा १ देखि ८ सम्म स्थानीय विषय वा मातृभाषाको पठनपाठन गराउने व्यवस्था गरेको थियो। विद्यालय शिक्षाको संरचनालाई प्रारम्भिक बाल विकास तथा शिक्षा एवम् कक्षा १ देखि कक्षा ८ सम्म आधारभूत र कक्षा ९ देखि १२ सम्म माध्यमिक तह कायम गरिएको अवस्थामा १७ बर्से अवधिको विद्यालय शिक्षा र त्यो भन्दा माथिको उच्च शिक्षा गरि तीन तहमा नेपालको शिक्षा प्रणाली निर्धारण गरिइको छ। शिक्षाको समग्र दृष्टिकोण निर्धारण गर्नुका साथै मुलुकको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक परिवेश सुहाउँदो पाठ्यक्रम विकासका लागि उपयुक्त खाका विकास गर्न दिशा निर्देश गर्ने उद्देश्यले राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास गरिएको छ। विद्यालय शिक्षाका लागि तयार गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले आधारभूत तह कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रमको कार्यान्वयन गर्ने, वार्षिक २६ पाठ्यघण्टा पठनपाठन गर्ने तथा कक्षा ४ देखि १० सम्म वार्षिक ३२ पाठ्यघण्टा र कक्षा ११–१२ मा

वार्षिक २७ देखि ३२ पाठ्यघण्टा पठनपाठन हुने व्यवस्था छ । यसैगरि आधारभूत तहको विद्यमान पाठ्यक्रम संरचनामा आधारभूत तह (कक्षा १ देखि ३) मा मातृभाषिक सिप स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलापमा समावेश गरि वार्षिक ५ पाठ्यघण्टा अर्थात १६० कार्यघण्टा तथा कक्षा ४–८ मा वार्षिक ४ पाठ्यघण्टा अर्थात १२८ कार्यघण्टा तोकिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तथा वर्तमान पाठ्यक्रमले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि स्थानीय तहलाई जिम्मेवारी प्रदान गरेको छ । पाठ्यक्रम प्रारुपले विद्यालय शिक्षाको पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि तीनै तहका सरकारलाई जिम्मेवारी प्रदान गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार प्रत्येक स्थानीय तहले विद्यालय तहको स्थानीय पाठ्यक्रम विकास तथा परिमार्जन, ऐच्छिक विषय छनोट, पाठ्यक्रमको कार्यान्वयन तथा सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्ने छ । यस कार्यका लागि स्थानीय तहले स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक समन्वय समिति गठन गरि सो समितिलाई विद्यालय स्तरीय राष्ट्रिय पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रभावकारी कार्यान्वयन, राष्ट्रिय पाठ्यक्रम प्रारूपको परिधि भित्र रही स्थानीय पाठ्यसामग्री विकास, स्वीकृति, परिमार्जन र कार्यान्यिन, पाठ्यक्रम सम्बन्धी सुपरिवेक्षण, अनुगमन, अनुसन्धान तथा पृष्ठपोषण जस्ता कार्यका लागि जिम्मेवार बनाएको छ ।

सिकाइको स्तर मापन गर्ने मात्र नभई सिकाइ सुधारको आधार पनि मूल्याङ्कन हो । पढाई होस् वा अन्य कार्यक्रम होस् त्यसको उपलब्धि मापन एवम् सही दिशाबोध गराउने माध्यम पनि मूल्याङ्कन नै हो । विद्यालयमा खासगरि दुई प्रकारका मूल्याङ्कनहरू प्रयोग गर्ने गरिन्छ । एउटा निर्माणात्मक र अर्को निर्णयात्मक मूल्याङ्कन । शैक्षिक सत्रको अन्तमा लिइने मूल्याङ्कन निर्णयात्मक मूल्याङ्कन र शैक्षिक सत्रको बिच बिचमा लिइने मूल्याङ्कन निर्माणात्मक मूल्याङ्कन हो । मूल्याङ्कनका विभिन्न तौर तरिकाहरू रहेका छन् । जस मध्ये समय, परिस्थिति, आवश्यकता एवम् उपयुक्तता लाई मध्यनजर गरि मूल्याङ्कनको प्रकार छनौट गर्ने गरिन्छ ।

### समस्याहरू (problems)

१. नेपालमा विद्यालय तहको शिक्षा आर्जन गरेको जनशक्तिले काम खोज्न वा सिर्जना गर्न, पुर्ख्यौली पेसालाई सुधार एवम् आत्मसात गर्न र अपेक्षित रूपमा पारिवारिक कार्यमा सहयोग पुर्याउन सकेको छैन ।

२. सामाजिक मूल्य र मान्यता तथा सत्कर्म जस्ता पक्षलाई अपेक्षित रूपमा सम्बोधन गर्न सकेको छैन ।

३. विद्यालय तहको पाठ्यक्रमले एकातिर पूर्वीय दर्शनका मूल्य र मान्यताका उपयोगी पक्षहरूलाई प्रवर्धन गर्न नसकेको देखिन्छ भने अर्कातिर पश्चिमी ज्ञान प्राप्तिका मूल्य र मान्यताहरूलाई पनि अपेक्षित रूपमा समावेश गर्न नसकेको देखिन्छ ।

४. जीवनोपयोगी सिपको विकासलाई टेवा पुग्ने गरी पाठ्यक्रम विकास र कार्यान्वयन गर्न सकिरहेको छैन ।

५. मातृभाषाको व्यवस्थापन गर्ने सम्बन्धमा ठोस प्रगति हुन सकिरहेको छैन ।

६. विद्यालय तहमा कक्षा १ देखि ७ सम्म लागु गरिएको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन भएको पाइँदैन ।

७. कक्षा ८ देखि १२ सम्म निर्माणात्मक मूल्याङ्कनलाई व्यापक उपयोग गरी सिकाइका लागि मूल्याङ्कन भन्ने मान्यता स्थापित गर्न सकिएको छैन ।

### चुनौतीहरू (Challenges)

१. स्टेम (STEM) शिक्षाको प्रभावकारी कार्यान्वयन एवम् व्यवस्थापन गर्ने ।
२. प्रत्येक विद्यालयमा अतिरिक्त तथा सह क्रियाकलापहरू अनिवार्य रुपमा सञ्चालन गर्ने ।
३. पाठ्यक्रम र निरन्तर मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन गर्ने ।

४. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक भौतिक पूर्वाधार, उपयुक्त वातावरण, शिक्षक तयारी र क्षमता विकास आदिको उचित प्रबन्ध मिलाउने ।

५. स्थानीय पाठ्यक्रम शंसोधनका निम्ति प्राविधिक तथा आर्थिक स्रोतको पर्याप्त व्यवस्था मिलाउने ।

६. स्थानीयको सक्रियतामा स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्ने वातावरणको विकास गर्ने ।

७. विविध सामाजिक, सांस्कृतिक र भाषिक संरचनायुक्त मिश्रित समाजको अवस्थितिमा शिक्षणको व्यावहारिक कार्यान्वयन गर्ने ।

८. स्थानीय विषयको पाठ्यसामग्री विकास र कार्यान्वयन गराउने ।

९. सैद्धान्तिक मात्र नभई व्यावहारिक जीवनोपयोगी सिप विकास गर्ने ।

१०. विद्यालय शिक्षाको गुणस्तरको मानक तथा मापदण्ड विकास र कार्यान्वयन गर्ने ।

११. स्थानीय पाठ्यक्रममा संशोधनगरि परम्परागत तथा मौलिक विषयहरू एवम् पूर्वीय दर्शन र विज्ञान प्रविधिको सन्तुलन मिलाउने ।

१२.पाठ्यक्रम प्रबोधीकरण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण जस्ता कार्यहरूमा प्रभावकारिता वृद्धि गर्ने ।

**लक्ष्य (Goals)**

विद्यार्थीहरूलाई सर्व सुलभ वातावरणमा सिकाइको अवसर प्रदान गर्नु ।

**उद्देश्यहरू (Objectives)**

१. स्टेम( STEM) शिक्षाको प्रभावकारी व्यवस्थापनमा सहयोग पुर्याउनु ।

२. अतिरिक्त र सह क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयन गराउनु ।

३. नैतिकता एवम् सदाचार विकासका लागि आधार प्रदान गर्नु ।

४. पाठ्यक्रम तथा मूल्याङ्कनको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त वातावरण तयार गर्नु ।

५. स्थानीय आवश्यकतामा आधारित जीवनोपयोगी पाठ्यक्रम अनुसारको पाठ्य पुस्तक विकास गरि नैतिकआचरण, व्यवहारिक कानुनी विषयवस्तु र सदाचार विकासका सम्वद्ध विषयहरू पाठ्यपुस्तकमा समावेश गरिने छ ।

६. विद्यालय तहको मूल्याङ्कन तथा परीक्षाका साथै आधारभूत तहको अन्तमा हुने परीक्षा प्रणालीमा सुधार गरिने छ ।

**रणनीतिहरू (Strategies)**

१. विभिन्न शिक्षण विधिहरू (जस्तै, प्रोजेक्टमा आधारित, समस्या समाधान) समावेश गर्नु ।

२. सैदान्तिक र प्रयोगात्मक विषयको सन्तुलन मिलाउनु ।

३. पाठ्यक्रमलाई स्थानीय संस्कृति र आवश्यकतासँग जोड्नु ।

४. नयाँ विचार र प्रविधिहरूको समावेश गरेर पाठ्यक्रमलाई अद्यावधिक गर्नेलाई प्राथमिकता दिनु ।

५. चित्र, ग्राफ, र उदाहरणहरूको समावेश गरेर पाठ्यपुस्तकलाई आकर्षक बनाउनु ।

६. शिक्षाशास्त्रका सिद्धान्तहरूको आधारमा सहायक सामग्री विकसित गर्नु ।

७. पाठ्यपुस्तकको विकासमा शिक्षक र विद्यार्थीहरूको फिडब्याक समावेश गर्नु ।

८. नियमित रूपमा पाठ्यपुस्तकको सामग्रीको समीक्षा र सुधार गर्दै जानु ।

९. अनलाईन प्लेटफर्म र डिजिटल सामग्रीको प्रयोग गर्नु ।

१०. प्रयोगात्मक र अनुभवात्मक सिकाइका लागि सामग्रीको विकास गर्नु ।

११. समूह गतिविधिहरू र सहकार्यको माध्यमबाट सिकाइको प्रवर्धन गर्नु।

१२. विभिन्न प्रकारका सिकाइ सामग्री (जस्तै, भिडियो, लेख, इन्फोग्राफिक) उपलब्ध गराउनु।

१३.निरन्तर मूल्याङ्कनका माध्यमबाट विद्यार्थीहरूको प्रगति मापन गर्नु।

१४.परीक्षा र प्रोजेक्टहरूको माध्यमबाट समग्र मूल्याङ्कन गर्नु।

१५. मूल्याङ्कनपछि विद्यार्थीलाई फिडब्याक प्रदान गर्नु र सुधारका लागि मार्गदर्शन गर्नु।

१६. विद्यार्थीहरूलाई आफ्नै प्रगति र आवश्यकता मूल्याङ्कन गर्न प्रेरित गर्नु ।

**उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcome, Key Result, Major Activities and Target)**

**क) उपलब्धि (Outcome)**

विद्यालय तहको पाठयक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई आवश्यक आधारभूत सक्षमता सहित सकारात्मक सोच, सृजनशिल, निरन्तर सिकाइप्रति प्रतिवद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग हुने।

**ख ) नतिजा (Result)**

१. राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ र स्थानीय पाठयक्रम विकास तथा मार्गदर्शन, २०७६ अनुसार विद्यालय तहको पाठयक्रम विकास र प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने।

२. कक्षा १ देखि ३ मा व्यवहार कुशल सिप सहित अन्तरविषयक तथा बहुविषयक ढाँचाको एकिकृत पाठयक्रम कार्यान्वयन भएको हुने।

३. आधारभूत तहको स्थानीय पाठयक्रमको पाठयसामाग्री विकास तथा कार्यान्वयन भएको हुने।

४. आधारभूत तहसम्म आवश्यकता अनुसार मातृभाषा, स्थानिय भाषा वा बहुभाषाको प्रयोग गरि सिकाइ सहजीकरण हुने।

५. पाठयक्रम विकास केन्द्रले विकास गरेको बहुपाठयपुस्तक पद्धति कार्यान्वयन हुने।

६. विद्यालय तहको सार्वजनिक परीक्षाले विद्यार्थीको क्षमताको उपयुक्त व्याख्या गरेको हुने।

७. पाठयक्रम विकास केन्द्रले निर्माण गरेका सामग्रीहरू अपाङ्गमैत्री तथा भौगोलिक सापेक्षतामा प्रयोग गर्न सहजीकरण भएको हुने ।

८. सिकाइ क्रियाकलाप बालमैत्री, सान्दर्भिक तथा प्रभावकारी हुने।

९. पाठ्यक्रम कार्यान्वयनका लागि विद्यार्थीको सिकाइमा आधारित उत्तरदायित्व वहन हुने।

१०.स्थानीयस्तरमा पाठ्यक्रम निर्माण, परिमार्जन र प्रयोग गर्ने क्षमताको विकास हुने।

## ग) प्रमुख क्रियाक्रलाप र लक्ष्य (Major Activities and Target)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ५ | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ कार्यान्वयन | | | | | | | | | |
| २. | स्थानीय पाठयक्रम कार्यान्वयन र परीक्षण | कक्षागत तथा विषयगत कक्षा | १-८ | √ | √ | √ | √ | | √ | नगरपालिका र विद्यालय |
| ३. | एकिकृत पाठयक्रम कार्यान्वयन | कक्षागत तथा विषयगत | | √ | √ | √ | √ | | √ | नगरपालिका र विद्यालय |
| ४. | शिक्षकनिर्देशिका कार्यान्वयन | कक्षागत तथा विषयगत | | √ | √ | √ | √ | | √ | नगरपालिका र विद्यालय |
| ५. | पाठयक्रम तथा पाठयसामग्री अभिमुखीकरण | कक्षा, विषय, तह वा स्थान | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका र विद्यालय |
| ६. | विद्यार्थी मूल्याङ्कन (आन्तरिक, प्रयोगात्मक र बाह्य, | निरन्तर | √ | √ | √ | √ | √ | आवश्यकता अनुसार | आवश्यकता अनुसार | परिक्षा बोर्ड,नगरपालिका र विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७. | नमुना साधन कार्यान्वयन गर्न सहयोग | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका र विद्यालय |
| ८. | कक्षाकोठामा आधारित परीक्षण तथा मूल्याङ्कनका आधार तथा नमुना विकास र प्रबोधीकरण | विद्यालय | कक्षा १र ६ | कक्षा २,७, ११ | कक्षा ३,८, ११ | कक्षा ४,९, १२ | कक्षा ५,१०, १२ | ५ | १० | नगरपालिका र विद्यालय |
| ९. | प्राविधिक शिक्षाको पाठयक्रम र पाठयसामग्री | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १० | नगरपालिका र विद्यालय |
| १०. | समायोजित परिमार्जित पाठयसामग्री शिक्षक श्रोत सामग्री वितरण | कक्षा विषय क्षेत्र | √ | कक्षा १–५ | कक्षा ६–८ | कक्षा ९-१० | कक्षा ११-१२ | | | नगरपालिका र विद्यालय |
| ११. | प्रधानाध्यापकसँग नतिजामा आधारित कार्यसम्पादन करार | सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका र विद्यालय |
| १२. | छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याडको व्यवस्थापन | विद्यार्थी प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ र नगरपालिका |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था (Current Situation)

कुनै पनि देशको शिक्षा प्रणालीले त्यस देशको विकासका लागि आवश्यक जनशक्ति उत्पादन गर्दछ। शिक्षाको गुणस्तर शिक्षकको गुणस्तर एवम् उसको शिक्षण पेशा प्रतिको लगावमा भर पर्दछ। योग्य व्यक्ति शिक्षा पेशामा भित्र्याउन शिक्षण पेशालाई अन्य पेशाको तुलनामा आर्थिक र सामाजिक रुपमा आकर्षक, सम्मानित बनाइनु आवश्यक छ। शिक्षक व्यवस्थापन भित्र शिक्षकको प्राप्ति, छनौट तथा नियुक्ति, विकास, सम्भार, सरुवा बढुवा, अवकास जस्ता विविध पक्षहरू पर्दछन्। पेशाप्रति हेलचक्र्याइ गर्ने, कानून भन्दा विपरितका कार्य गर्ने शिक्षकलाई कारवाही गर्ने, विद्यार्थी अनुपातमा धेरै शिक्षक भएका शिक्षकलाई कम अनुपात भएका विद्यालयमा सरुवा गर्ने, योग्य शिक्षकलाई प्रधानाध्यापकको जिम्मेवारी सुम्पिने, योग्य व्यक्तिलाई शिक्षक नियुक्ति गर्ने जस्ता कुराहरू पर्दछन्। शिक्षक पेशा प्रति उत्प्रेरित नभएसम्म न त शिक्षण सिकाइ प्रभावकारी बन्दछन्। विद्यार्थीको सिकाइ उपलब्धि नै वृद्धि हुन्छ। शिक्षक विकासका लागि शिक्षा सम्बन्धि विभिन्न आयोगका प्रतिवेदनहरूले समेत सुझावहरू दिएका छन्। उक्त प्रतिवेदनहरूले शिक्षकको प्राज्ञिक योग्यता र तालिम दुबैलाई प्राथमिकता दिएका छन्। त्यस्तै, शिक्षक सेवा आयोग नियमावलीले शिक्षा विषय पढेर तोकिएका योग्यता प्राप्त गरेकालाई प्राज्ञिक योग्यता र तालिम प्राप्त दुबै मानेको छ। शिक्षासम्बन्धी विभिन्न प्रतिवेदन तथा योजनाहरूले शिक्षकको गुणस्तर सुनिश्चिततामा जोड दिएका छन्।

अत: शिक्षक नियुक्तिको लागि छनौट, नियुक्ति, योग्य शिक्षकलाई शिक्षण पेशामा टिकाउने, विद्यार्थी अनुपातमा शिक्षक वितरण गर्ने तथा दरवन्दी मिलाउने सम्मका कार्यमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायतका शिक्षा सम्बन्धी नीति तथा कार्यक्रमले स्थानीय तहलाई बढी जिम्मेवार बनाएको छ। त्यस्ता नीतिहरू निम्ननुसार छन्।

१. समान तहको नोकरीमा भन्दा बढी तलब सुविधा प्रदान गर्ने,
२. सबैभन्दा क्षमतावान व्यक्तिहरूलाई शिक्षण पेसामा आकर्षित गर्ने,
३. शिक्षक तयारी कोर्सलाई प्रभावकारी बनाउने,
४. विद्यालयमा शिक्षक छनौट परीक्षालाई विश्वसनिय बनाउने,
५. आयोगबाट सिफारिस भएका शिक्षकहरूलाई पदस्थापना गरि क्षमता विकास गराउने,
६. शिक्षकको पेसागत विकास तथा प्राविधिक सहायता प्रदान गर्ने,
७. तालिमका विविध पक्षहरूलाई सुदृढीकरण गर्ने र तालिमपछि परीक्षा समेत सञ्चालन गर्ने,
८. शिक्षक वितरणको कार्यलाई पुनर्संरचित गर्ने,
९. विद्यालयमा न्यूनतम सङ्ख्यामा विषयगत शिक्षक पूर्ति भएको सुनिश्चितता गर्ने,
१०. प्रधानाध्यापकको नेतृत्व क्षमता विकास गर्ने।

### शिक्षक तयारी

"शिक्षक तयारी"भन्नाले शिक्षकको व्यावसायिक विकास, शिक्षण रणनीतिहरूको तयारी, र विद्यार्थीहरूको आवश्यकताहरूलाई ध्यानमा राखेर कसरि प्रभावकारी ढङ्गले शिक्षण गर्न सकिन्छ भन्ने कुरा जनाउँछ। यसमा पाठ्यक्रमको तयारी, शिक्षण विधिहरूको चयन, मूल्याङ्कनका तरिकाहरू, र शिक्षकको व्यक्तिगत विकास समावेश हुन सक्छ। शिक्षक तयारीको मुख्य उद्देश्य भनेको शिक्षकहरूलाई सक्षम बनाउनु हो ताकि उनीहरूले प्रभावकारी ढंगले शिक्षण गर्न सकून र विद्यार्थीहरूको समग्र विकासमा योगदान पुऱ्याउन सकून।

"शिक्षक व्यवस्थापन" भन्नाले शैक्षिक संस्थामा शिक्षकहरूको प्रबन्धन, समन्वय, र विकासका गतिविधिहरूलाई जनाउँछ। यसमा निम्नलिखित प्रमुख पक्षहरू समावेश हुन्छन्:

## क. शिक्षण सिकाइ क्रियाकलाप

शिक्षण पेशा भनेको वास्तवमा पेशा मात्र नभएर यो एक सेवा हो। शिक्षणलाई कला र विज्ञानको समायोजनको रुपमा लिइएको पाइन्छ। जसलाई शिक्षक केन्द्रित प्रवचन, विद्यार्थी केन्द्रित खोज, साधारण सिद्धान्तको प्रयोग र परिस्थिति अनुसारको विशिष्ट अभ्यासको रुपमा परिभाषित गरिन्छ। विभिन्न मनोवैज्ञानिकहरूले शिक्षणलाई एउटा कलाको रुपमा लिने गरेको पाइन्छ। यसैको आधारमा तपसिलका शिक्षण सिकाइ क्रियाकलापहरूलाई उल्लेख गर्न सकिन्छ।

१. विद्यार्थीको ज्ञानलाई पुर्नसंरचना गर्नु।
२. चिन्तनलाई अझ स्पष्ट र पूर्णता दिनु।
३. शिक्षणको पूर्ण र सही ज्ञान विद्यार्थीहरूमा हस्तान्तरण र प्रस्तुत गर्नु ।
४. विद्यार्थीहरूले त्यस्तो शिक्षणलाई राम्रो मान्छन् जुन सिकाइमा निम्न कुराहरू समेटिएको हुन्छ।
५. व्यक्तिगत भिन्नता, सक्रिय सहभागिता र सिकाइलाई निरन्तर दिनु।
६. पृष्ठपोषण र पुनर्बल, तत्परता अथवा प्रेरणा, समस्यामूलक सिकाइ सहजीकरण गर्नु
७. भावनात्मक तथा व्यवहारिक समस्याको व्यवस्थापन र अशाब्दिक सञ्चार आदि गर्नु ।
८. आफूले पढेको सिकेको ज्ञान, सीप र अनुभवको हस्तान्तरण गर्नु ।
९. विषयवस्तुको ज्ञान सँगै व्यवहारिक जीवनसँग सिकाइलाई जोड्नु।
१०.सिकाइ वातावरण तथा कक्षा व्यवस्थापन गर्नु।

## ख. शिक्षकको उत्तरदायित्व

विद्यालयमा मायालु, सुरक्षित र रमाइलो वातावरणमा पढ्न र सिक्न पाउनु हरेक विद्यार्थीको अधिकार हो। त्यसकारण कक्षाकोठा मात्र नभएर विद्यालय हातालाई नै मायालु, सुरक्षित र मनोरञ्जनपूर्ण बनाउनु विद्यालयको दायित्व हो। पढ्ने र सिक्ने परिवेशलाई भने जस्तो बनाउन, पाठ्यक्रमलाई पनि प्रभावकारी ढङ्गले लागू गर्न सिकाइका लागि शिक्षक उत्तरदायी हुनै पर्दछ। उत्तरदायी शिक्षकले कक्षामा सिक्ने, ज्ञान निर्माण गर्ने र अवधारणा विकास गर्ने वातावरण सुनिश्चित गरेको हुन्छ। विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्ने कार्यलाई जिम्मेवारी बोधको रुपमा लिएको हुन्छ। शिक्षक सेवा आयोग नियमावली २०५७ मा शिक्षकको बढुवालाई अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिसँग जोड्ने काम गरेर उत्तरदायी बनाउने प्रयास गरेपनि यो अनौपचारिक मात्र हुन गई यस सम्बन्धी व्यवस्था अपेक्षाकृत रूपमा प्रभावकारी कार्यान्वयन भएको छैन्।

**ग.लक्ष्य (Goals)**

सक्षम र पेशाप्रति अभिप्रेरित शिक्षकको व्यवस्था भए विद्यार्थीको सिकाइ सक्षमतामा सुधार हुने।

**घ.उद्देश्यहरू (Objectives)**

१.शिक्षक तयारीको गुणात्मक पक्षको पुनरावलोकन गर्दै शिक्षक तयारीको वर्तमान स्वरूप तथा प्रक्रियामा परिवर्तन गरि पेसाप्रति समर्पित र सक्षम शिक्षक आपूर्ति गर्नु।

२. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु।

३. अपुग शिक्षक दरबन्दी मध्ये राष्ट्रिय शिक्षा नीति अनुसार प्रदेशसँग समन्वय, सहकार्य र सहलगानीका आधारमा कानून बमोजिम शिक्षक दरबन्दीको सिर्जना गरि न्यायोचित किसिमले वितरण गर्नु।

४. सबै तहमा शिक्षकहरूको योग्यताको पुनरावलोकन गरि विषयवस्तुमा दक्ष र निपूण शिक्षकको सुनिश्चितता गर्नु।

५. पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले प्रभावकारी बनाउनु ।

६. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु ।

७.आवश्यक प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु ।

८.सुपरिवेक्षण, शिक्षक तालिम र शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन गरि सान्दर्भिक र प्रभावकारी बनाउनु ।

९.स्थानीय र प्रदेश सरकारद्वारा सिर्जना गरिएका दरबन्दीमा शिक्षकहरूको आपूर्तिको निम्ति आवश्यक संयन्त्रको गठन गरि कार्य सञ्चालन गर्नु ।

## ङ. शिक्षक व्यवस्थापनका समस्या र चुनौतीहरू

१. विद्यार्थी सङ्ख्याका आधारमा प्रत्येक वर्ष शिक्षक दरवन्दी मिलान गर्न नसक्नु ।

२. निम्न माध्यमिक र माध्यमिक तहमा विषयगत शिक्षकहरूको अभाव हुनु ।

३. उत्कृष्ट प्रतिभाहरूलाई शिक्षण पेशा प्रति आकर्षण गर्न नसक्नु ।

४. शिक्षक सरुवालाई व्यवस्थित गर्न नसक्नु,शिक्षकहरूले तालिममा सिकेका ज्ञान सिपहरूको कक्षाकोठामा व्यावहारिक प्रयोग गर्ने उचित वातावरण नबन्नु ।

५. विद्यार्थी सख्याका आधारमा शिक्षकको सन्तुलित वितरण गर्ने ।

६. नपुग शिक्षकको व्यवस्थापन गर्ने,शिक्षकलाई जिम्मेवार, उत्तरदायी, प्रविधिमैत्री एवम् अध्ययनशील बनाउने ।

७. योग्य शिक्षक छनोट र नियुक्ति गर्नु,सरुवालाई स्वचालित र पारदर्शी बनाइ शिक्षण सिकाइमा केन्द्रित गर्नु ।

८. शिक्षकहरूका लागि प्रोत्साहन तथा प्रभावकारी दण्ड र पुरस्कारको व्यवस्था गर्नु ।

९. शिक्षक तालिमको कक्षाकोठामा उपयोग र विद्यार्थीको सिकाइ वृद्धि गर्नु ।

१०. शिक्षकको आवश्यकता केन्द्रित क्षमता विकासका अवसर सिर्जना गर्नु ।

११.शिक्षकको शिक्षण सिकाइ तथा तालिम सम्बद्ध समग्र गतिविधिमा नवीनता ल्याउनु ।

१२.पाठ्यक्रममा आधारित सिकाइ गर्नका लागि शिक्षकको सक्षमता विकास गर्नु ।

१३.शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापना गर्नु ।

१४.विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादनसँग आबद्द गर्नु ।

## च. शिक्षक व्यवस्थापनका अवसरहरू

१.शिक्षक सेवा आयोगको स्थापना भई शिक्षकहरूको स्थायी नियुक्तिको लागि सिफारिस गरिरहेको ।

२.शिक्षक पदमा दरखास्त दिनका लागि अध्यापन अनुमति पत्रको व्यवस्था गरिनु ।

३. शिक्षकहरूको सेवाकालीन तालिमका लागि साविकको शैक्षिक जनशक्ति विकास केन्द्रलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्र मातहत ल्याइ शिक्षक तालिमका लागि केन्द्रीय स्तरमा नीति योजना तथा कार्यक्रम निर्माण गर्नु ।

४. प्रदेश स्तरमा सामाजिक विकास मन्त्रालय अन्तर्गत शिक्षा तालिम केन्द्रहरूको संरचना निर्माण गरिनु ।

५. विभिन्न विश्वविद्यालयहरूले शिक्षक तयारीका कार्यक्रमहरू सञ्चालनमा ल्याउनु ।

६. शिक्षक व्यवस्थापन सम्बन्धि कानुनी प्रावधानहरूको व्यवस्था गरिनु जस्ता मुख्य अवसरहरू रहेका छन् ।

## छ. रणनीति तथा कार्यनीतिहरू

**१.** विद्यालय शिक्षाका उत्कृष्ट विद्यार्थीहरूलाई शिक्षा क्षेत्रका विषयहरू पढ्न अग्रसर गराउने ।

२. विद्यालयमा शिक्षकको व्यवस्थापन, दरवन्दी निर्धारण र व्यवस्थापनका लागि शिक्षा ऐन नियम बमोजिम आवश्यक कार्यविधि तथा मापदण्डहरू विकास गरिने छ ।

३. विद्यालयमा शिक्षक पद रिक्त हुनुपूर्व नै शिक्षक छनौट गर्नका लागि आवश्यक व्यवस्था मिलाईने छ।

४. समयसमयमा विज्ञापन खोली योग्य, दक्ष र क्षमतावान व्याक्ति छनौट गरि शिक्षक बनाउन सङ्घीय सरकार समक्ष माग गर्ने।

५. सङ्घीय सरकाबाट थप दरबन्दी प्राप्त नभएसम्मका लागि पालिकाले खुला प्रतिस्पर्धाबाट शिक्षण स्वयंसेवक छनौट गरि परिचालन गर्ने।

६. पाठ्यक्रममा आधारित सिकाइ तथा नवीन प्रविधिसँग परिचित गराउन मागमा आधारित शिक्षक तालिम

७. कार्यक्रमको विकास गरि सञ्चालन गरिने छ।

८. शिक्षकको पेसागत क्षमता विकासका लागि शिक्षा तालिम केन्द्रसँग समन्वय गरि उपयुक्त कार्यक्रमको विकास गरिने छ।

९. शिक्षकको कार्यसम्पादन मूल्याङ्कन र प्रोत्साहनलाई सिकाइ उपलब्धिसँग सम्बन्धित गरिने छ।

१०. शिक्षकको सहायता प्रणालीलाई सुदृढ बनाइने छ। यसका लागि विषयगत शिक्षक सञ्जाल, रोष्टर समूह .निर्माण गरि पेसागत सहयोग पुर्याउने।

११. शिक्षकको क्षमता विकासको लागि प्रविधिको प्रयोग गर्दै, कार्यथलोमा नै सिक्ने मौकाहरू सिर्जना गर्ने र शिक्षकमा उत्प्रेरणा, पेसागत नैतिकता र सक्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालनमा ल्याइने छ।

१२. शिक्षकमा विद्यार्थी सिकाइप्रति उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गर्न आवश्यक व्यवस्था गरिने छ ।

१३. योग्य, क्षमतावान, आदर्शचरित्रवान व्यक्तिलाई शिक्षक बन्न प्रेरित गर्ने।

१४. कार्यसम्पादनका आधारमा प्रत्येक तहका शिक्षकलाई माथिल्लो शैक्षिक योग्यता हासिल गर्नका लागि अवसर प्रदान गर्ने।

१५. शिक्षकहरूको कार्यसम्पादनको आधारमा प्रत्येक वर्ष प्रत्येक तहका एक एक जना शिक्षकहरूलाई पुरुस्कृत गर्ने।

१६. शिक्षकको सक्षमता, विद्यार्थीको सिकाइ उपलब्धि, सिकाइ क्रियाकलाप सम्वन्धमा गरिएका अनुसन्धान, शैक्षिक सामग्री निर्माण, नवप्रवर्तनात्मक कार्य, अतिरिक्त र सह क्रियाकलाप सञ्चालन, पेसागत जिम्मेवारी तथा जवाफदेहिता बहन जस्ता स्पष्ट र पारदर्शी सूचकका आधारमा शिक्षकको मूल्याङ्कन गर्ने पद्धति बसाली पेसाप्रति थप जवाफेही बनाइने छ ।

१७. प्रयोगात्मक, परियोजनामा आधारित सिकाइलाई प्रभावकारी रूपले कार्यान्वयनमा ल्याउन शिक्षकहरूलाई प्रोत्साहन गरिने छ ।

१८. विद्यालयमा शिक्षकले भोग्नु परेका समस्याहरू छलफलबाट पत्ता लगाई तिनको निराकरण गर्न पालिकाले सहजकर्ताको भूमिका निर्वाह गर्ने।

१९. विषयगत रुपमा शिक्षकहरूको रोष्टर समूह तयार गरि शिक्षकहरूका समस्या समाधानमा सहयोग पुर्याइने छ ।

२०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका शिक्षा क्षेत्रका नवीनतम् प्रविधिलाई शिक्षकको क्षमता विकास सम्बद्ध बनाउन विभिन्न तालिम, गोष्ठी र कार्यशाला सञ्चालन गर्ने एवम् समय समयमा क्षमता विकासका लागि अन्य अवसरहरू प्रदान गर्ने।

२१. शिक्षण पेशासँग सम्बन्धीत राम्रा अभ्यासहरू सङ्कलन गर्ने, प्रकाशन गर्ने र अन्यत्र सञ्चार तथा प्रशारण गर्ने पद्धति स्थापित गरिने छ।

२२. शिक्षण पेशालाई उत्कृष्ट पेशा बनाउन शिक्षकका पेशागत संस्था र अन्य सरोकारवालासँग छलफल अन्तरक्रिया तथा सहकार्यात्मक कार्यक्रमहरू सञ्चालन गरिने छ।

### ४.२.२ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Output, Key Result, Major Activities and Target)

### क) उपलब्धि (Outcomes)

पर्याप्त मात्रामा सक्षम र पेशाप्रति अभिप्रेरित शिक्षकको व्यवस्था भएमा विद्यार्थीको सिकाइ सक्षमतामा सुधार हुने।

### ख) नतिजा (Results)

१. शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन भई राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाका आधारमा शिक्षकको तयारी, छनौट र पेसागत विकास भएको हुने।

२. शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने गरि पुनर्संरचना तथा सुधार भएको हुने।

३. विभिन्न तहका शिक्षकमा प्रवेशका लागि हालको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा सुधार भएको हुने।

४. कक्षाकोठाको आवश्यक्ता र पाठयक्रमको मर्म एवम् बालबालिकाको रुचिअनुसारको शिक्षकको आपूर्तिका निम्ति शिक्षक सेवा आयोगको परीक्षा र पाठयक्रम निर्माण भइ लागू भएको हुने।

५. शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित भएको हुने।

६. पेसागत विकासका प्रावधानहरूको बिस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली मार्फत निरन्तर पेसागत सहयोग प्राप्त भएको हुने।

७. शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौर तरिका र कार्यसम्पादनमा सुधार भएको हुने।

८. विद्यालयमा हुनु पर्ने न्यूनतम शिक्षकका साथै शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रूपमा पर्याप्त सङ्ख्यामा शिक्षक दरबन्दीकोको मिलान एवम् पुनर्वितरण र शिक्षकको आपूर्ति नियमित रूपमा भएको हुने।

९. शिक्षक सरुवा र वृत्ति विकासका लागि पारदर्शी, अनुमानयोग्य र वस्तुनिष्ठ आधार सहितको पद्धति स्थापित भएको हुने।

१०. पारदर्शी, वस्तुनिष्ठ र न्यायोचित आधारमा शिक्षकको प्रोत्साहन र पुरूष्कार पद्धति स्थापित भएको हुने।

११. शिक्षकहरू राजनीतिक आस्थाको हिसाबले हुने गुट उपगुट र झुण्डलाई छोडेर विद्यार्थीको सिकाइ उपलब्धिमा बढोत्तरी र आफू स्वयम्को पेशागत विकासका लागि एउटै साझा संस्थामा आबद्ध हुने भएको कारण शिक्षकहरूमा पेशाप्रतिको समर्पण र विद्यार्थी प्रतिको सेवाभाव उच्च भएको हुने।

### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target)

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ . | शिक्षकहरूका निम्ति कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधाका निम्ति वस्तुनिस्ट मापदण्ड बनाइ कार्यन्वयन गरिने । | सबै शिक्षक | √ | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेश सरकार सँग सहकार्य |
| २. | नगरपालिकाका सबै शिक्षकको स्वास्थ्य विमा गरिने । | सबै शिक्षक | √ | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेश सरकार सँग सहकार्य |
| ३. | सरुवा र बढुवालाई वस्तुनिस्ठ बनाउने गरि कानुनको निर्माण एवम् कार्या न्वयन गर्ने। | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेश सरकार सँग सहकार्य |
| ४. | अस्थायी तथा प्रदेश र स्थानीय तहबाट दरबन्दी सिर्जना गरि नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयूक्त मापदण्ड तथा निर्देशिका निर्माण गरि कार्यान्वयन गर्ने। | दरबन्दी सिर्जना वितरण | √ | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेश सरकार सँग सहकार्य |
| ५. | नगरपालिकाबाट महँगी, यातायात, खाजा खर्चसञ्चार , खर्चआदिको व्यवस्था गरेर अन्य पेशाको तुलनामा शिक्षकको सेवा सुविधालाई अझै आकर्षक बनाउने। | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेश सरकार सँग सहकार्य |
| ६. | बालविकासका शिक्षक र | बालविकासका | √ | √ | √ | √ | √ | √ | √ | सङ्घ र प्रदेश |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालयका कर्मचारीलाई कम्तिमा एउटा शैक्षिक मजदुरले पाउनु पर्ने सुविधामा नघटाइ सङ्घले दिएको सुविधामा थप गरि तलव भत्ता उपलव्ध गराउने । | शिक्षक विद्यालयका कर्मचारी | | | | | | | सरकार सँग सहकार्य |
| ७. | प्रधानाध्यापक प्रोत्साहन भत्ता वडा नम्बर १ देखि १० सम्म | २२ वटा | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका |
| ८. | शिक्षकको तहगत बढुवाको लागि स्थायी शिक्षक मध्येबाट कार्यविधि बनाई विषयगत आवश्यकताका आधारमा गर्ने । | ...जना शिक्षक | २८ | ७ | ७ | ७ | ७ | २८ | ५६ | नगरपालिका |
| ९. | अपाङ्गता भएका व्यक्ति महिला, सीमान्तकृत वर्गका व्यक्तिहरू लाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ र प्रदेश सरकार सँग सहकार्य |
| १०. | नयाँ नियुक्ति पाएका शिक्षकहरूलाई एक महिने सेवा प्रवेश तालिम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ र प्रदेश सरकार सँग सहकार्य |
| ११ . | विधार्थीको सिकाइ सुनिश्चित गर्न शिक्षकले काममा बिताउने समय सुनिश्चित गर्न प्र.अ.लाई जिम्मेवार बनाउने । | सबै प्र .अ. | २ | २ | २ | २ | २ | १० | २० | प्रदेशर स्थानीय तहको सहकार्य । |
| १२ . | प्रत्येक शिक्षकले प्रत्येक शैक्षिक सत्रमा शिक्षण सिकाइ क्रियाकलापहरूको सुधारका लागि कार्यमूलक अनुसन्धान गर्नुपर्ने र त्यस्ता उत्कृष्ट अनुसन्धानलाई नगरपालिकाले प्रकाशन गरि सम्प्रेषण गर्नुपर्ने । | सबै शिक्षक | √ | √ | √ | √ | √ | √ | √ | प्रदेश सरकार सँग सहकार्य |
| १३ . | स्थानीय तहमा शिक्षक पेसागत सहयोग मार्गदर्शन / कार्यविधिको विकास गर्ने | कार्यविधि निर्माण | १ | १ | | | | | | प्रदेश सरकारसँग सहकार्य |
| १४ . | शिक्षकहरूको संस्था शिक्षक महासङ्घलाई शिक्षकहरूको पेशागत | नगरपालिका | √ | √ | √ | √ | √ | √ | √ | शिक्षक |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहयोगको निम्ति जिम्मेवार बनाउने । | | | | | | | | | महासङ्घसँग सहकार्य । |
| १५ . | प्रधानाध्यापकबाट नियमित रुपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मुल्याङकन गर्ने । | सबै विद्यालय | √ | √ | √ | √ | √ | √ | √ | प्रदेश सरकारसँग सहकार्य |
| १६ . | प्रत्येक शिक्षकको प्रत्येक महिनामा कम्तिमा २ ओटा कक्षाअवलोकन र पृष्ठपोषण आदानप्रदान | सबै विद्यालय | √ | √ | √ | √ | √ | √ | √ | विद्यालयसँग सहकार्य |
| १७ . | शिक्षकको पेशा गत आवश्यकता अनुसार शैक्षिक तालिम केन्द्रमा खटाई शिक्षकहरूलाई पेशागत विकास तालिम लिन प्रेरित गर्ने र तालिम पश्चात विद्यालयमा आइ सिकाइ आदानप्रदानको संस्कार विकास गर्ने । | शिक्षक सङ्ख्या | २० | २० | २० | २० | २० | १०० | | प्रदेश र तालिम केन्द्रसँग सहकार्य |
| १८ . | स्थानीय तहमा विषयगत शिक्षक समुह निर्माण गरिउक्त समुहलाई सम्बन्धित विषयमा पेशागत दक्षता अभिवृदीका लागि उपयोग गर्ने । | समूह सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | शिक्षक समूहसँग सहकार्य । |
| १९ . | पालिकास्तरमा सञ्चालन हुने प्रधानाध्यापक बैठकलाई नियमित र व्यवस्थित गराउनका साथै हरेक बैठकमा हरेक प्रधानाध्यापकले आफ्नो विद्यालयमा गरेको केही न केही अनु करणीय कार्य अर्थात् असल अभ्यासलाई प्रस्तुतिका लागि अनिवार्य गरिने । | स्थानीय तह | २० | २० | २० | २० | २० | १०० | | प्रधानाध्यापकहरू सँग सहकार्य । |
| २० . | विद्यालयमा छुट्टै प्रधानाध्यापकको व्यवस्था गरि करारमा नियक्त गर्न कानुनी व्यवस्था गर्ने । | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ र प्रदेशसँग सहकार्य |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २१. | विद्यालयमा उपलब्ध शिक्षकहरूमध्ये हरेक हिसावले उत्कृष्ट शिक्षकलाई प्रधानाध्यापक बनाउने। | सबै विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | विव्यससँग सहकार्य गरेर |
| २२ . | शिक्षक र कर्मचारीले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समि ति र विव्यसले पालिकासँग करार सम्झौता गरि कार्य गर्ने । | सबै विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | विव्यससँग सहकार्य गरेर |
| २३. | शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धि प्रति जिम्मेवार बनाउने र सोका आधारमा शिक्षकको कार्य सम्म्पदन राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम हरेक विद्यालयमा न्युनतम शिक्षक दरबन्दी कायम गर्दा पनि नपुग शिक्षक दरबन्दी का लागि प्रदेश सरकार सँग सहकार्य र सह लगानीका आधारमा शिक्षक दरबन्दी को सिर्जना गर्ने। | ....... शिक्षक दरबन्दी सङ्ख्या | ... | ..... | ....... | ..... | ..... | ..... | ..... | सङ्घ र् प्रदेश सरकार सँग को सहकार्यमा |
| २४. | मौज्दात शिक्षक दरबन्दी सिर्जना गरिएका दरबन्दीको विषयगत हिसाबले फेरिस्ता तयार विज्ञापनका लागि शिक्षक सेवा आयोगमा पठाउने। | शिक्षक दरबन्दी | √ | √ | √ | √ | √ | √ | √ | प्रदेशसँग सहकार्य । |
| २५ . | स्थायी शिक्षक नआउँदा सम्म वैकल्पिक सूचीका उम्मेद् वारहरूलाई करार नियुक्त गरि काममा लगाउने। | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | नगरपालिका |
| २६ . | एउटा विद्यालयमा बढीमा पाच वर्ष भन्दा बढी अवधी काम गर्न नपाउने गरि शिक्षकको सरुवालाई पारदर्शी र अनु मानयोग्य बनाउने। | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | नगरपालिका |
| २७. | एक दिन पनि विद्यालयको शिक्षण सिकाइमा बाधा नपर्ने गरि शि क्षक अवकास, सरुवा र नियुक्ति वा पदस्थापन भइ काम शिक्षकको व्यवस्थापन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | नगरपालिका |

## ४.३ शैक्षिक समता र समावेशीकरण (Educational Equity and Inclusion")

### ४.३.१ वर्तमान अवस्था (Current Situation)

दोधारा चाँदनी नगरपालिकामा सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातीय रुपमा विविधतायुक्त समुदायहरूको बसोवास छ। भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसैगरि विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुच पुर्‍याइ सहभागितामा थप प्रयास आवश्यक छ । उल्लेखित विविधता भएको दोधारा चाँदनीको समाजमा विविधतालाई पहिचान दिनु, सम्मान गर्नु, र भिन्नताको सम्मान गरि विविधतालाई प्रोत्साहित गर्नु आवश्यक छ। बालबालिकामा भएका भिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था स्थापित गरि समता (Equity) कायम गर्नु आवश्यक छ। समता अभिवृद्धि सहित विविधतालाई समावेश (Inclusion) गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नु पर्दछ। यसप्रकार शिक्षामा विविधता (Diversity), समता (Equity) र समावेशिता (Inclusivity) को प्रवर्धन गर्नु आवश्यक छ।

विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरि शिक्षामा सबैको सहज पहुँच पुर्‍याइ अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरि ती बाधाहरू हटाउनु पर्दछ। यस्ता बाधाहरूमा समुदाय तथा परिवेश अनुसार भिन्नता हुन सक्ने कुरालाई पनि ध्यान दिनु पर्दछ। कुनै बाधाहरू भौतिक तथा स्रोत सामग्रीसँग सम्बन्धित हुन सक्दछन् भने कुनै सांस्कृतिक सामाजिक र मनोवैज्ञानिक हुन सक्दछन्। कतिपय बाधाहरू संरचनागत पनि हुन सक्दछन्। समता तथा समावेशीता सम्बन्धी केही रणनीति तथा क्रियाकलापहरू प्रारम्भिक बाल विकास तथा आधारभूत शिक्षा र माध्यमिक शिक्षा लगायत अन्य सम्बन्धित विषयगत खण्डमा पनि समावेश गरिएको भए पनि उल्लेखित उपक्षेत्रसँग अन्तर सम्बन्धित महत्वपूर्ण विषयका रुपमा यस परिच्छेदमा अलग्गै प्रस्तुत गरि योजनाको समग्र खाका प्रस्तुत गरिएको छ।

अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढेको तथ्याङ्कले देखाएको छ तापनि पहुँचमा सुधारका साथै सहभागिता र गुणस्तर सुधारमा अझै थुप्रै कार्यहरू गर्नुपर्ने देखिएको छ। यसै सम्बन्धमा दिगो विकासको लक्ष्य (SDGs) ले समावेशिता र समतालाई विशेष जोड दिए अनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरेको छ । नेपालमा विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँचका लागि उल्लेखित नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरू पनि सञ्चालित छन्। उदाहरणका लागि दिवा खाजा, पाठ्यपुस्तक सहित निःशुल्क शिक्षा, अपाङ्गता भएका बालबालिकाहरू, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरि आवासीय तथा गैर आवासीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन्। त्यसै गरि समता तथा समावेशिताका लागि आधारभूत तहमा मातृभाषा तथा बहुभाषाको प्रयोग गरि सिकाइने नीति, विद्यालय तहमा महिला लगायत शिक्षक नियुक्तिको समावेशी व्यवस्था, विद्यालय नर्सको प्रारम्भ, पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक, धार्मिक, जात जातीय संवेनशीलतालाई विचार गरि विविधताको सम्मान गर्ने प्रयास गरिएको, स्थानीय भाषा, संस्कृति, इतिहास, ज्ञान तथा सिपलाई विद्यालय शिक्षामा समावेश गर्न स्थानीय पाठ्यक्रम तथा सिकाइ क्रियाकलापलाई स्थानीयकरण गर्ने प्रबन्ध, परम्परागत सिकाइ पद्धति र औपचारिक शिक्षासँग सम्बन्ध स्थापित गर्ने नीति, बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्य सम्बन्धी विषयवस्तुलाई पाठ्यक्रममा समावेश गरिएको छ । बालबालिकाहरूको गुनासो तथा सुझावहरू लिखित तथा मौखिक रूपमा सुन्नका लागि लैङ्गिक सम्पर्क विन्दु र विद्यालयमा गुनासो सुनुवाइसम्बन्धी व्यवस्था, समावेशीकरण र समता सम्बन्धी विषयवस्तुलाई शिक्षक तालिममा समावेश लगायतका कार्यक्रमहरू कार्यान्वयन गरिएका छन्। विद्यालय क्षेत्र विकास योजनाले

अर्थपूर्ण पहुँचमा, कार्यमूलक सहभागितामा र अर्थपूर्ण सिकाइ उपलब्धिमा समता गरि तीन ओटा क्षेत्र पहिचान गरेको छ । पहुँच सुनिश्चित गर्नु भनेको विद्यालय शिक्षामा भर्ना भएका बालबालिकाहरूले भयरहित र सौहार्दपूर्ण विद्यालय वातावरणमा स्वागत गर्नु हो; भने सहभागिता भनेको सामाजिक तथा शैक्षिक प्रक्रियामा सुरक्षित भावनाका साथ स्वीकार्य हुनु हो । सिकाइ उपलब्धि भन्नाले बालबालिकाले आवश्यकता अनुसारको जीविकोपार्जन तथा जीवनोपयोगी सिप सिक्नु हो । लिङ्ग, सामाजिक-आर्थिक अवस्था, भौगोलिक अवस्थिति, स्वास्थ्य तथा पोषणको स्थिति, अपाङ्गता, जातजाति, भाषा र सङ्कटापन्न अवस्थाका बालबालिकालाई समता सुदृढीकरणका लागि लक्षित समूह मानेको छ ।

आधारभूत तह कक्षा १-८ र माध्यमिक तह कक्षा ९-१२ को खुद भर्ना दर क्रमशः ९२.७ र ४७.६ पुगेको, माध्यमिक तहमा लैङ्गिक समता सूचक समदरमा पुगेको र आधारभूत तथा माध्यमिक तह पूरा गर्ने दर विगतको तुलनामा बढेको छ । हाल देशभर ३८० ओटा स्रोतकक्षा तथा ३३ ओटा विशेष विद्यालय र २३ ओटा समावेशी विद्यालयबाट अपाङ्गता भएका बालबालिकाहरूले शिक्षामा अवसर पाइरहेका छन् । परिणाम स्वरूप ७७ हजार भन्दा बढी अपाङ्गता भएका बालबालिकाहरू विद्यालयमा भर्ना भएका छन् । स्थानीय तहहरूमध्ये १२६ तहमा आधारभूत तहको विद्यालय उमेर समूह (५-१२) वर्षका बालबालिकाहरू विद्यालय बाहिर नरहेको घोषणा भएको छ । अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षणको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढेको छ । साक्षरता दरमा पनि उल्लेख्य वृद्धि भएको छ । समग्रमा आधारभूत तह पूरा गर्ने दर ८२ प्रतिशत पुगेको छ भने कक्षा ८ र कक्षा १२ सम्मको टिकाउ दर क्रमश: ७९.३ र २४ पुगेको छ । आधारभूत तह कक्षा (१- ८ ) र माध्यमिक तह (९- १२) मा खुद भर्ना दर क्रमश: ९२.७ प्रतिशत तथा ४७.६ प्रतिशत पुगेको छ । त्यसै गरि प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा एकमा भर्ना हुने बालबालिकाको प्रतिशत ६८.७ पुगेको छ । प्रारम्भिक बालविकास कार्यक्रममा कूल भर्ना दर ८६.४ प्रतिशत पुगेको छ । राष्ट्रिय जनगणना २०७८ का अनुसार, नेपालको साक्षरता दर ७६.२ प्रतिशत पुगेको छ। देशभर पाँच वर्ष वा सोभन्दा माथिल्लो उमेरका कूल दुई करोड ६६ लाख ७५ हजार ९७५ जनसङ्ख्यामध्ये दुई करोड तीन लाख ४१ हजार ६२३ जना पढ्न र लेख्न जान्ने रहेका छन् । पुरुषको साक्षरता दर ८३.६ प्रतिशत रहेको छ भने महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेको छ । कक्षा एकमा भर्ना भई कक्षा ८ पूरा गर्ने बालक र बालिकाको अनुपात १:०४ कायम भएको र यही अनुपात माध्यमिक तथा उच्च तहमा पनि पुगेको छ । आधारभूत तहको लैङ्गिक समता सूचक ०.९८ पुगी समदरको नजिक रहेको छ भने माध्यमिक तहको लैङ्गिक समता सूचक समदर (१.०१) मा पुगी सन्तुलित अवस्थामा रहेको छ । आधारभूत तह पूरा गर्ने विद्यार्थीहरूको प्रतिशतमा भएको वृद्धिले माध्यमिक तहमा कूल भर्ना दर पनि वृद्धि भई ५९ प्रतिशत पुगेको छ । आधारभूत तथा माध्यमिक तहमा दलित विद्यार्थीको भर्ना दर वृद्धि भई कक्षा १-५ मा १९.५, कक्षा ६–८ मा १५.६, कक्षा ९–१० मा १२.३ र ११–१२ मा ८.७ प्रतिशत पुगेको छ । त्यसै गरि विभिन्न जनजाति र समुदायका बालबालिकाहरूको भर्ना दरमा पनि वृद्धि भई कक्षा १-५ मा ३३.७ कक्षा ६-८ मा ३७.६ कक्षा ९-१० मा ३७.६ र कक्षा ११-१२ मा ३८.१ प्रतिशत पुगेको छ । आधारभूत शिक्षा मातृभाषामा पाउने व्यवस्था छ । आधारभूत तथा माध्यमिक तहमा महिला शिक्षकको अनुपात क्रमश ४४.९ प्रतिशत र २० प्रतिशत पुगेको छ ।

दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरि आवासीय तथा गैर आवासीय छात्रवृत्ति, विद्यालय तहमा लैङ्गिक समताका लागि महिला शिक्षकको व्यवस्था, विद्यालय नर्स, पाठ्यक्रममा लैङ्गिक सम्वेदनशीलता कायम, समावेशीकरण र समतासम्बन्धी विषयवस्तुलाई शिक्षक तालिममा समावेश लगायतका कार्यक्रमहरू कार्यान्वयन गरिए तापनि अझै विद्यालय शिक्षामा समता र समावेशिता कायम गर्न सकिएको छैन ।

### ४.३.२.समस्याहरू तथा चुनौतीहरू (problems and challenges)

### क) समस्याहरू (Problems)

१. आधारभूत विद्यालय उमेर समूह (५-१२) का अझै ६.२ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् ।

२. बिचैमा विद्यालय छाड्ने दर उल्लेख्य रही तहगत टिकाउ दरमा सुधार गर्न सकिएको छैन ।

३. विभिन्न तहको विद्यालय पूरा गर्ने मध्ये करिब दुई तिहाइ विद्यार्थीको शैक्षिक उपलब्धि सन्तोषजनक छैन ।

४. विद्यालय बाहिर रहेका, बिचैमा विद्यालय छाडी तह पूरा नगर्ने समस्या अझै विद्यालयमा रहेको छ।

**ख) चुनौतीहरू (Callenges )**

१. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्नु।

२. स्थानीय पाठयक्रम, पाठयसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणाली निर्माण गर्नु।

३. समता तथा समावेशीता अभिवृद्धि गर्नु।

४. कुनै पनि प्रकारको विभेद, दूव्र्यवहार नहुने सुनिश्चितता सहित बालमैत्री विद्यालय बनाउने।

५. तालिम प्राप्त शिक्षकहरू , आवश्यकता अनुसारको शैक्षिक सामग्रीको, अपाङगमैत्री भौतिक संरचना स्रोत तथा विशेष विद्यालयमा आवश्यकता अनुसार तालिम प्राप्त शिक्षक ताथा कर्मचारी ब्यबस्थापन गर्नु।

६. सरोकारवाला निकायमा समावेशी शिक्षाको वुझाई नुहुनु।

७. कार्यगत सिमितता र अपाङ्गता भएका बालबालिकाहरूको प्रारम्भिक पहिचान समयमा हुन नसक्नु।

८. प्रत्येक विद्यालयमा सांकेतिक भाषा र ब्रेल लिपीको ज्ञान प्राप्त शिक्षकको व्यवस्था नहुनु।

**४.३.३ लक्ष्य (Goals)**

विद्यालय तहको शिक्षामा समतामूलक एवम् समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने।

**४.३.४ उद्देश्यहरू (Objectives)**

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु,

२. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,

३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरि बालबालिकाको नियमित

४. उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु,

५. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु।

६. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्दै जवाफदेही बनाउनु।

७. शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गरि विद्यालयलाई बालमैत्री बनाउनु।

८. विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिंसा र दूर्व्यवाहार नहुने सुनिश्चितता गर्नु।

**४.३.५ रणनीतिहरू (Strategies)**

स्थानीय तह मार्फत् घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरि सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाईने छ।

१. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराइने छ।

२. जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, सीमान्तकृत समुदायका बालबालिका, सामाजिक बहिष्कारमा परेका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमुनाहरू समेत विकास गरी पहुँच सुनिश्चित गरिने छ।

३. विद्यालयमा दिवा खाजा सहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरिहरू लक्ष्यित महिनावारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिने छ।

४. आधारभूत सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गरिने छ।

५. आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ समाग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ।

६. विद्यालयमा अभिभावकको सहभागिता बढाइने छ।

७. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरि विविधता कायम गरिने छ भने विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गरिने छ।

८. लक्षित समुहका बालबालिकाका सिकाइ आवश्यकता सम्बोधन गरि उनीहरूको गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि समय सापेक्ष पाठ्यक्रममा अनुकूलन, नमुना शैक्षिक सामग्रीको विकास तथा शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गरिने छ

९. विद्यालयका गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गरिने छ।

१०. औपचारिक विद्यालय शिक्षाबाट बञ्चितमा परेका लक्षित समूहका बालबालिकाहरूको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरूलाई सहभागी गराइने छ।

### ४.३.६ अवसरहरू (Opportunities)

१.नेपालको संविधानको प्रस्तावनामा नै नेपाललाई समावेशी बनाउने अठोट राख्दै आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा राख्नु।

२.आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क व्यवस्था, अपाङ्गता भएका एवम् आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनु।

३. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुनु।

४. नेपालको राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता, समावेशीता र सामावेशी शिक्षा अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गर्नु।

५.अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ तथा दिगो विकास लक्ष्य ४ ले समावेशीता र समतालाई विशेष जोड दिनु।

६.नेपालले राष्ट्रिय कार्य योजनामा तीन तहको सरकार सँग अन्तर सम्बन्ध कायम राख्दै आफ्ना योजना र कार्यक्रम अनुसार शिक्षामा समता, समावेशीकरणको व्यवस्था हुनु।

### ४.२.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि (Outcomes)**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने।

**ख) नतिजा (Results)**

१. महिला, दलित, जनजाति, सीमान्तकृत समुदाय, अपाङ्गता भएका, प्रकोप, विपद् तथा कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित, सामाजिक तथा आर्थिक कारणले वञ्चितमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने छन्।

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरि गुणस्तर सुधार हुने।

३. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचनाहरू जवाफदेही बन्ने छन्।

४. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ रहित बालमैत्री वातावरण सिर्जना हुने छ ।

५. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि हुने।

६. विद्यालयहरूमा अपाङ्ग र लैङ्गिक मैत्री वातावरण सृजना हुने।

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू (Major activities and Targets)

| क्र स | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | । कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | स्थानीय तहहरूमा व्यक्तिको अवस्था, सिकाइ आवश्यकता पहिचान गर्ने संयत्र विकास गर्ने | पटक | | | | | | | स्थानीय तह |
| २ | शिक्षाको प्रारम्भिक बालविकास, निरन्तर आधारभूत, माध्यमिक, प्रविधिक तथा व्यावसायिक शिक्षा तथा आजीवन र निरन्तर शिक्षा) अवसरबाट वञ्चित हुनाका कारण पहिचान गरि वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरि कार्यान्वयन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | स्थानीय तह |
| ३ | विद्यालय बाहिर रहेका सबै निरन्तर बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ४ | विशेष लक्षित समूहका विद्यार्थीहरूको । निरन्तर आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागत ( Opportunity Cost ) सँग तादात्म्य गरि छात्रवृत्ति दिने व्यवस्था मिलाउने | | | | | | | | सङ्घ,प्रदेश र स्थानीय तह |
| ५ | सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवम् लैङ्गिक मैत्री बनाउने | । निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | सङ्घ, प्रदेश र स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | बालबालिकालाई अध्ययनको निरन्तरताका लागि दिवा खाजा व्यवस्था लगायतका विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थी बिच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गर्ने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | स्थानीय तह |
| ७ | विशेष आवश्यकता हुने बालबालिकाहरूका लागि मौजुदा पाठ्यक्रममा अनुकूलन गरि कार्यान्वयन गर्ने । | पटक | १ | | | | | १ | अपाङ्गताका आधारमा विषयवस्तुमा घटबढ तथा मूल्याङ्कन प्रक्रियामा (समय थप गर्ने तथा वैकल्पिक प्रश्न निर्माण) समेत सम्बोधन गर्ने । सङ्घ |
| ८ | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरुपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकासका लागि पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश गर्ने । विद्यालय शिक्षा तथा आजीवन निरन्तर | पटक | १ | | | | | १ | सङ्घ र प्रदेश |
| ९ | सङ्घ र प्रदेश सिकाइको आवश्यकता अनुसारको सिकाइ सामग्रीको विकास गर्ने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | सङ्घ प्रदेश |
| १० | सिकाइ सहजीकरणमा सञ्चार तथा सङ्घ र प्रदेश सूचना प्रविधिको उपयोगका लागि आवश्यक पूर्वाधार तथा क्षमता विकास गर्ने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | सङ्घ प्रदेश |
| ११ | राष्ट्रिय पाठयक्रम प्रारूप अनुरुप स्थानीय पाठ्यक्रमको स्थानीयकरण गरि पाठ्यक्रममा स्थानीय आवश्यकता अनुसारका विषयवस्तु समावेश गर्न स्थानीय तहका शिक्षा अधिकृत, प्रधानाध्यापक, शिक्षक तथा विद्यालय | पटक | | १ | | १ | | २ | स्थानीय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण गर्ने | | | | | | | | |
| १२ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउँदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गर्ने। | | | | | | | | सङ्घ प्रदेश र स्थानीय |
| १३ | शिक्षण पेसामा विशेष लक्षित समूहका व्यक्तिहरूको सहभागिता बढाई समावेशी तुल्याउन उल्लिखित समूहलाई शिक्षक तयारीका लागि छात्रवृत्तिको अवसर दिने । | । निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | सङ्घ |
| १४ | आजीवन सिकाइ तथा निरन्तर स्थानीय तह शिक्षाका सहभागीहरूको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि स्थानीय तहका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरूको क्षमता विकास गर्ने | पटक | | १ | | १ | | २ | स्थानीय तह |
| १५ | पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, स्थानीय तह भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने र सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने । | पटक | १ | १ | १ | | | १ | सङ्घ स्थानीय तह |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । सरसफाइ तथा स्वच्छता सम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धी सरसफाइ तथा स्वच्छता (Menstrual Hygiene) सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र अनुपस्थित हुने तथा बिचैमा विद्यालय छाडने दर घटाउन सहयोग गरि सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वर्ष २०७७/२०७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीलाई प्रति विद्यार्थी रु १५ बराबरको खाजा खुवाउन थालिएको छ । सो कार्यक्रमलाई शैक्षिक सत्र २०७९ देखि कक्षा ६ र क्रमशः कक्षा ७ र ८ मा निरन्तरता दिंदै लैजाने सरकारको नीति रहेको छ । यस दोधारा चाँदनी नगरपालिकाका पूर्व प्राथमिक देखि कक्षा ५ सम्मका करिब ३ हजार बालबालिकाहरू लाई एक शैक्षिक सत्रमा बढीमा १८० दिनका लागि दैनिक रु. १५ का दरले रकम निकासा भएर कार्यक्रम कार्यान्वयन निर्देशिका र सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनको पाटो अगाडि बढाइएको अवस्था छ । नगरपालिकाको सबै माध्यमिक र केही आधारभूत विद्यालयहरूमा छात्र र छात्राका लागि अलग अलग शौचालय निर्माण गरिएको र निर्माण गर्ने प्रक्रियामा रहेका छन् । प्राथमिक विद्यालयको हकमा नगन्य रूपमा छात्रा शुलभ शौचालय रहेको अवस्था छ । कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि गतव र्षदेखि सुरु गरिएको निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई चालू आर्थिक वर्षदेखि प्रभावकारी बनाउदै लगिएको छ । सबै विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस, सामुदायिक तथा संस्थागत विद्यालयहरूका सम्पूर्ण किशोरीहरूका लागि निशुल्क आइरन चक्की प्रदान गरिए पनि नगरपालिका अन्तर्गत रहेका २३ वटा विद्यालय मध्ये हालसम्म कुनै पनि विद्यालयमा विद्यालय नर्स कार्यक्रम सञ्चालन गर्न सकिएको छैन तर यस कार्यक्रमलाई प्रभावकारी बनाउने प्रयास गरिएको छ ।

### ४.४.२ चुनौती र अवसरहरू (Challenges and Opportunities)

### क) चुनौतीहरू (Challenges)

१. सबै आधारभूत तथा माध्यमिक विद्यालयमा अ.न.मि. र स्टाफ नर्सको व्यवस्था गर्ने,

२. दिवा खाजा, स्वास्थ्य र सरसफाइ तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध सुनिश्चित गर्ने,

३. उपयुक्त स्वरूप निर्धारण गरि पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने,

४. दिवा खाजाका लागि खाना टोकरी तथा मेनु विकास लगायत पोषण तथा स्वास्थ्यको आधारभूत गुणस्तरका लागि विद्यालयको प्राविधिक क्षमता विकास गर्ने,

५. विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने र सबै कक्षाका विद्यार्थीले प्राप्त गर्ने गरि कानुनी प्रबन्ध गर्ने,

६. विद्यालय खाजा, विद्यालय स्वास्थ्य, पोषण तथा सफाइ तथा स्वच्छता सम्बन्धी कार्यलाई एकीकृत गर्ने तथा सबै विद्यालयमा Wash सुविधासहितको शुलभ शौचालय निर्माण एवम् सञ्चालन गर्ने ।

ख) अवसरहरू (Opportunities)

१. दिवा खाजा सहितको स्वास्थ्य र पोषण कार्यक्रमलाई अन्तरसम्बन्धित अवधारणाको रूपमा अघि सार्नु,

२. सोहि योजनाले एक विद्यालय एक स्वास्थ्य कार्यकर्ताको व्यवस्था गर्नु,

३. विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४ बन्नु ,

४. सबै विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूमा स्वच्छ पिउने पानी सहित पर्याप्त पानी हुनु ,

५.विद्यार्थी सङख्या अनुसार अलग अलग सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरणमैत्री शौचालय निर्माण हुनु ,

६.वातावरणीय सरसफाइ, हरियाली वातावरण र स्वच्छता सुविधा, विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थ सहितको भान्सा खाजा घर निर्माण गर्नु ,

७.विपद् जोखिम व्यवस्थापन, सरसफाइ तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्थाहरू केही मात्रामा भए पनि व्यवस्था हुनु ।

८. बालबालिकाकाको विद्यालयमा पहुँच, भर्ना दर तथा लैङ्गिक समानता सूचक जस्ता सङ्ख्यात्मक शैक्षिक उपलब्धिहरूमा सुधार हुनु

९. विद्यार्थीको टिकाउ दर बढाउन सकिने उल्लेखित कार्यकलापले अवसर समेत प्रदान गरिनु ।

### ४.४.३ लक्ष्य (Goals)

विद्यालय उमेर समूहका सबै वालबालिकाहरूलाई स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गरि विद्यालयमा टिकाउनका साथै रमाइलो वातावरणमा पूर्ण सहभागिताको सुनिश्चित गर्ने।

### ४.४.४ उद्देश्य

१. विद्यालय खाजासँग सम्बन्धित सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।

२.विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु।

३.विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूका स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सकारात्मक व्यवहारलाई प्रोत्साहन गर्नु र सिकाइ उपलब्धिमा सुधार गर्नु।

### ४.४.५ रणनीतिहरू (Strategies)

१.बालबालिकाको लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाँडावर्तन र अन्य सामग्रीहरू तथा समूहमा हात धुने लगायतका सुविधा बिस्तार गरिने छ।

२.दिवा खाजा कार्यक्रमलाई क्रमशः बिस्तार गर्दै अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिने छ।

३. विद्यार्थीले दिवा खाजा पाउने कुरालाई अधिकारका रूपमा स्थापित गराइने कानुनी प्रबन्ध गरिने छ।

४.विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गरिने छ।

५.विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म

पोषक तत्व प्रदायक ट्वाइलेट (भिटामिन ए र आइरन फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइनुका साथै विद्यालयमा सेनेटरी प्याड डिस्पोजल इन्सीनेटरको व्यवस्था गरिने छ।

६.विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिने छ।

७.दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरि प्रभावकारी बनाइने छ।

८.सम्पूर्ण सामुदायिक विद्यालयहरूमा विद्यालय नर्स कार्यक्रम लागू गरिने छ । विद्यार्थी र विद्यालयको अगुवाईमा स्मार्ट विद्यालय कार्यक्रम लागू गरिने छ ।

९.विद्यार्थीलाई प्रति विद्यार्थी रु १५ बराबरको खाजा अपर्याप्त हुने भएको भएकोले दोधारा चाँदनी नगरपालिकाले रु ५ र अभिभावकबाट रु ५ गरि रु २५ बराबरको पोषण युक्त खाजा व्यवस्थापन गर्ने।

उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results, Major Activities and Targets)

## क) उपलब्धि (Outcomes)

१) विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने।

ख) प्रमुख नतिजाहरू (Key results)

१.विद्यालय खाजालाई विद्यार्थीको अधिकारका रूपमा स्थापित गर्ने कानुनी प्रबन्ध हुने।

२.दिवा खाजालगायत स्वास्थ्य तथा पोषण तीनै तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियामक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुने।

३.प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तह मार्फत विद्यालयबाट प्राप्त हुने र तयारी खाजालाई पूर्णरुपमा निरुत्साहित गरिने छ ।

४.सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सबै कक्षाका विद्यार्थीहरूले अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुने।

५.विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था हुने।

६.विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्वाइलेटहरू किशोरीहरूको मासिक महिनावारीमा स्यानेटरी प्याड वितरण र डिस्पोजल इन्सीनेटरको व्यवस्था भएको हुने छ ।

७.विद्यालयमा विद्यर्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी आधारभूत शिक्षा प्राप्त हुने।

८.विद्यार्थी र विद्यालयको अगुवाईमा स्मार्ट विद्यालय कार्यक्रम लागू गरि पूर्ण सरसफाईका सूचकहरू पूरा भएको हुने छ ।

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target)

| क्र. स | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (पहिलो १० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध आधारभूत तहसम्म | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | |
| २. | स्वास्थ्य तथा पोषण सम्बन्धी तालिम, प्रचार प्रसार र मेनु तयारी र अन्य क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन | पटक | | १ | | | | १ | १ | |
| ३. | एक विद्यालय एक नर्स व्यवस्था | विद्यालय | १ | २ | ५ | ७ | ८ | २३ | २३ | |
| ४. | विद्यालयमा विद्यार्थीको आवधिक स्वास्थ्य जाँच | विद्यालय | १ | २ | ५ | ७ | ८ | २३ | २३ | |
| ५. | आँखा जाच | विद्यालय | १ | २ | ५ | ७ | ८ | २३ | २३ | |
| ६. | जुकाको ओषधि र आइरन चक्कीको व्यवस्थापन | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | |
| ७. | विद्यालयहरूलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | |
| ८. | विद्यालयमा स्वास्थ्य, पोषण र किशोरीहरूका लागि महिनावरी स्वच्छतासम्बन्धी शिक्षा | माध्यमिक | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ९. | किशोरीहरूलाई महिनावरी स्वच्छताको लागि निशुल्क स्यानेटरी प्याडको व्यवस्था र वितरण | माध्यमिक | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १०. | विद्यालयम स्यानेटरी प्याड डिस्पोजलका लागि इन्सीनेटरको व्यवस्था | माध्यमिक | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ११. | प्रत्येक कक्षाकोठामा हाइजिन किटको व्यवस्था | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | |
| १२. | विद्यार्थी र विद्यालयको अगुवाईमा स्मार्ट विद्यालय कार्यक्रम | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | |

## ४.५ विद्यालय सुरक्षा ,विपद् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था (Current Situation)

विद्यालय सुरक्षा, विपत न्यूनीकरण, र उत्थानशीलता एक महत्वपूर्ण विषय हुन्, जसले विद्यार्थीहरूको सुरक्षा र कल्याणलाई सुनिश्चित गर्न मद्दत पुऱ्याउँछन्। यी तीनवटै पक्षमा ध्यान दिनाले विद्यालयलाई सुरक्षित र सकारात्मक वातावरण प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेल्छ।

### विद्यालय सुरक्षा ( School Safety)

१. भौतिक संरचना: विद्यालय भवनहरूमा राम्रो संरचनात्मक डिजाइन र निर्माण गर्नुपर्छ, जसले भूकम्प र अन्य प्राकृतिक प्रकोपहरूको सामना गर्न सक्दो सहयोग पुऱ्याउँछ।

२. सुरक्षा उपायहरू: CCTV क्यामरा, सुरक्षा गार्ड, र निश्चित प्रवेशद्वार जस्ता सुरक्षा उपायहरू लागू गर्नुपर्छ।

३. सुरक्षा तालिम: शिक्षक र विद्यार्थीहरूलाई सुरक्षा र आपातकालीन स्थितिहरूमा के गर्ने बारे तालिम दिनुपर्छ।

### विपत न्यूनीकरण ( Disaster Mitigation)

१. जोखिम मूल्याङ्कन: विद्यालयका वरपरका खतराहरूको पहिचान गरेर तिनीहरूको जोखिम मूल्याङ्कन गर्नु आवश्यक छ।

२. आपतकालीन योजना: प्राकृतिक प्रकोपहरू जस्तै भूकम्प, बाढी, र अन्य आपतहरूको लागि तयार योजना बनाउनु महत्त्वपूर्ण छ।

३. समुदायको संलग्नता: विद्यालयका अभिभावक र स्थानीय समुदायलाई विपत न्यूनीकरणको योजनामा संलग्न गर्नुपर्छ, ताकि उनीहरूले पनि सुरक्षा र तयारीमा सहयोग गर्न सकून्।

### उत्थानशीलता ( Resilience)

१. मानसिक स्वास्थ्य समर्थन: विद्यार्थीहरूको मानसिक स्वास्थ्यको ख्याल राख्न काउन्सिलिङ्ग सेवा र मनोवैज्ञानिक सहायता उपलब्ध गराउनु।

२. सकारात्मक वातावरण: विद्यालयमा एक समावेशी र सहयोगी वातावरण सिर्जना गर्न विभिन्न कार्यक्रमहरू आयोजना गर्नुपर्छ।

३. शिक्षकको विकास: शिक्षक र कर्मचारीहरूको क्षमता विकासका लागि तालिम र विकासका अवसरहरू उपलब्ध गराउनु, जसले शिक्षाको गुणस्तरलाई बढावा दिन्छ।

नेपालमा यी सबै पहलहरूलाई एकीकृत गरेर विद्यालय प्रणालीलाई अझ प्रभावकारी र सुरक्षित बनाउने लक्ष्यमा काम गर्नुपर्छ । यसरी विद्यालयहरूले विद्यार्थीहरूको शारीरिक, मानसिक र शैक्षिक विकासमा योगदान पुऱ्याउने छन् । हरेक बालबालिकाहरूले सुरक्षित रूपमा बाँच्न पाउने, सिक्न पाउने, विकास गर्न पाउने, संरक्षित हुन पाउने र सहभागी हुन पाउने उनीहरूको नैर्सगिक अधिकार हो । नेपालको संविधानमा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भन्ने कुरा उल्लेख गरिएको छ । शिक्षा क्षेत्रलाई सुरक्षित राखी दिगो र अनुकूल सिकाइ वातावरण सुनिश्चित गर्न दिगो विकास लक्ष्य ४ को नेपाल राष्ट्रिय कार्य ढाँचाले सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधानहरूको तय गरेको छ । बालबालिका सम्बन्धी ऐन २०७५ ले घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने कार्यलाई बालबालिका विरूद्धको हिंसा भनी उल्लेख गरेको छ । यस्तो कसुर गर्नेलाई ५० हजार रूपैयाँसम्म जरिवाना र एक वर्षसम्म कैद हुन सक्ने व्यवस्था गरेको छ । शिक्षा नियमावली, २०५९ ले पनि विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नपाइने भनेको छ ।

पन्ध्रौं योजनामा प्राकृतिक प्रकोप व्यवस्थापन र उत्थानशीलताका लागि क्षमता विकास गर्ने छुट्टै अन्तरसम्बन्धित विषयको अध्याय उल्लेख गरिएको छ । यस विषयलाई सोह्रौं योजनाले समेत निरन्तरता दिएको छ । यसले अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालयमा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै अङगहरूलाई क्षमतावान बनाउने नीति अख्तियार गरि सुरक्षित विद्यालयको आधार तयार पारेको छ । विद्यालय क्षेत्र विकास योजनाले विपद् जोखिम

न्यूनीकरण र प्रतिकार्यलाई अन्तरसम्बन्धित विषयको रूपमा विशेष प्राथमिकता दिदै मुख्यतः सुरक्षित पुनर्निर्माण तथा भूकम्प प्रभावित जिल्लाहरूका विद्यालयको मर्मत र पुनर्स्थापनाको ढाँचा पनि भुकम्प प्रतिरोधी र हरेक हिसाबले सुरक्षित हुने भनी उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन एवम् कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राख्ने, विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली,बेइज्जती, विभेद लागयतका गैर संरचनात्मक विपद् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री तथा सुरक्षित,  हिंसारहित र भयरहित सिकाइ केन्द्रको रूपमा विकास गरिने उल्लेख गरिएको छ। बालबालिकालाई शारीरिक सजाय,  मानसिक तथा शारीरिक उत्पीडन तथा हेपाइ र यौन दुराचारबाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरि भयरहित शिक्षण सिकाइ निर्देशिका, २०६७  जारी भएको छ भने विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्य ढाँचा र कार्यान्वय निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्ने, विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने र विद्यालयलाई भेदभाव, दुर्वयवहार, बेवास्ता र शोषणबाट मुक्त राखी सिकाइको निरन्तरताको प्रवर्दधन गर्ने विधि तथा प्रक्रिया समावेश गरेको छ।

बृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ ले विशेषतः  शिक्षा क्षेत्रमा प्राकृतिक विपत्तिको प्रभाव र सामान्य अवस्थामा पनि विद्यालयलाई सुरक्षित विद्यालयको रूपमा स्थापित गर्नमा केन्द्रित रही सुरक्षित सिकाइ पूर्वाधार, विद्यालय जोखिम व्यवस्थापन सुदृढीकरण र विपद् जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा प्रदान गर्ने गरि तीनवटा स्तम्भहरूको कार्यान्वियनको परिकल्पना गरेको छ।  समाजको बनावट सरलबाट क्रमशः जटिल प्रकारको हुँदै गएपछि समाजका हुने विकृत्तिहरू पनि बढ्दै गएको अवस्था छ। यो विकृतिमा बालबालिका र त्यसमा पनि विशेष गरि बालिकाहरू बढी प्रभावित भएको देखिन्छ।

बालबालिकाको उमेरसँगै हुने गरेको शारीरिक र मानसिक वृद्धि र विकासको कारण हुने गरेको विविध किसिमका परिवर्तनलाई उचित किसिमले व्यवस्थापन गर्न नसक्नुको कारणले  पनि कतिपय समस्याहरू देखा पर्ने गर्दछन्। यस्तो अवस्थामा विद्यालय र घर परिवारले उनीहरूलाई उचित किसिमले मनोसामाजिक परामर्श उपलब्ध गराउनु पर्ने हुन्छ। बालबालिकाको निम्ति यो परामर्शको टड्कारो आवश्यकता भएपनि सरकारी तवरबाट यसलाई महत्व दिएको देखिदैँन। गैर सरकारी क्षेत्रबाट भने कतिपय आवश्यकता परेका विद्यालयहरूमा शिक्षकहरूका निम्ति छोटो अवधिका तालिम र प्रशिक्षण प्रदान गरेको देखिन्छ। विदेश जाने विद्यार्थीहरूका निम्ति परामर्श दिने उद्देश्यले शहरका गल्ली र चोकहरूमा कल्सल्टेन्सीका नाममा शैक्षिक परामर्श केन्द्रहरू स्थापना भए तापनि यस्ता परामर्श केन्द्रहरू सेवामुखी भन्दा पनि मुनाफामुखी भएको देखिन्छ।  सुरक्षित विद्यालय अधिकारमा आधारित छ, जहाँ शिक्षक, कर्मचारी र बालबालिकाले सुरक्षित महशुस गर्ने वातावरण हुन्छ , यसका लागि विद्यालयसँग सम्बधित सबै सरोकारवालाहरू जिम्मेवार हुन्छन। सुरक्षित विद्यालयमा बालबालिका, शिक्षक र कर्मचारीलाई आपतकालिन अवस्थामा गर्नुपर्ने कार्यका बारेमा जानकारी हुनुका साथै जोखिमबाट सुरक्षित रहनका लागि योजनाहरू तयार गरि कार्यान्वियनमा रहेको, सरोकारवालाहरू बिच सम्मानजनक व्यवहार र सम्बन्धहरू कायम रहेको, विद्यालय भवन र सिकाइका सुविधाहरू सुरक्षित रहनुका साथै सबै बालबालिकाको लागि पहुँच योग्य भएको हुन्छ । यस्तो अवस्थामा शिक्षण संस्थाहरूबाट हिंसा, द्वन्द्व र विविध किसिमका दुर्घटनाको अवस्थाबाट हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्नका लागि रिपोर्टिङ र प्रतिकार्य गर्नका साथै विपद्को अवस्थामा पनि सिकाइलाई निरन्तरता दिन सक्ने गरि योजना बनाइएको हुन्छ।  हाम्रो जस्तो मुलुकमा अभिभावक र  विद्यार्थीका लागि मनोसामाजिक परामर्श सेवाको पनि अहम महत्व छ। अभिभावकहरूमा चेतनाको अभाव छ। बालबालिका चुलबुले र चकचके स्वभाव भएको हाम्रा अभिभावकलाई मन पर्दैन जब कि यो बालबालिकाको प्राकृतिक स्वभाव हो। हाम्रा कतिपय अभिभावकहरूलाई चकचक नगर्ने, एकै ठाउँमा चुप्प लागेर बस्ने, अभिभावकको आज्ञाकारी हुने जस्ता स्वभाव भएको बालबालिका मन पर्छ जबकि बालबालिकामा यस्तो स्वभाव देखिनु भनेको अस्वाभाविक हो र बालबालिकामा देखिएको समस्या हो। बालबालिकाको सम्बन्धमा अभिभावकसँग यस्ता अनगिन्ति भ्रमहरू छन्। जसले गर्दा बालबालिकाको उपयुक्त विकासमा बाधा पुऱ्याइरहेको हुन्छ। कतिपय बालबालिकाले आफ्नो विशेष प्रतिभा र क्षमता देखाउन खोजिरहेको हुन्छ।

हामी त्यसलाई पनि हुर्कन र फष्टाउन नदिएर निषेध गर्न खाजिरहेका हुन्छौँ। यस्तो अवस्थामा बालबालिका, अभिभावक र केही हदसम्म शिक्षकलाई समेत परामर्श सेवा र यस सम्बन्धी सीपको विकास गर्न आवश्यक देखिन्छ।

दोधारा चाँदनी नगरपालिकामा पनि विद्यालय सुरक्षा ,विपत न्यूनीकरण तथा उत्थानशीलताको अति नै महत्वपूर्ण भूमिका छ। यो क्षेत्र भनेको प्राकृतिक रुपमा विपतपुर्ण अवस्थामा रहेको छ। हरेक वर्ष बाढीले प्रभावित हुन्छ। चारैतिर जोगबुडा र महाकाली नदिको पानीले घेरिएकोले यस क्षेत्रमा बर्षेनी विद्यालय भवनहरू डुबानमा पर्ने , अध्ययन अध्यापन प्रभावित हुने गरेको छ। यस कुरलाई मध्यनजर गर्दै विभिन्न सङ्घसंस्थासँग हातेमालो गर्दै नगरपालिकाले बिपद् सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। खुल्ला सिमाना र सामाजिक रुपमा पछि परेका जनसमुदायहरू सामजिक, आर्थिक , सांस्कृतिक रुपमा प्रभावित भइ गुणस्तरीय शिक्षामा असर परिरहेकोले यो क्षेत्र अति नै सम्वेदनशील रहेको छ। यसलाई न्यूनीकरण गर्न सरकारका तिन ओटै तहबाट पहल हुनु आवश्यक छ।

हाल दोधारा चाँदनी नगरपालिका अन्तरगत २२ वटा सामुदायिक विद्यालयहरूमा विद्यालय वृत्ति मार्गदर्शन कार्यक्रम सञ्चालन भएको सि.एम.सि ले मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रमको शुरुवात गरेको अवस्था छ। त्यसै गरी विद्यालय नर्सहरूलाई मनोविमर्श सम्बन्धी क्षमता विकास तालिमको आयोजना गर्दै आई रहेको अवस्था छ। योजनाको प्रस्तुत खण्डमा बालबालिकाका निम्ती विद्यालयलाई सुरक्षित बनाउनका लागि र मनेसामाजिक परामर्शमा भए गरेका प्रयास, सामना गरिरहेका चुनौती, उपलब्ध अवसरहरूलाई मध्यनजर राखी उद्देश्य, रणनीति र कार्यक्रम तथा लक्ष्यहरू निर्धारण गरिएको छ।

### ४.५ .२ चुनौती र अवसरहरू (Challenges and Opportunities)

#### क) चुनौती (Challenges)

१. प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक सांस्कृतिक कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्थाको पहिचान गर्नु,

२. केही हदसम्म अबका दिनहरूमा यन्त्रहरूको माध्यमबाट प्रकोपको पूर्वानुमान गर्न सकिए तापनि समय, स्वरूप र मात्राको एकीन गर्नु,

३. आपतकालीन अवस्थाको शिक्षालाई योजनामा समावेश गरि कार्यान्वयन गर्नु,

४. स्रोत तथा समय सीमा कति हुने र जिम्मेवार को हुने भन्ने बारेमा विश्वस्त र भरपर्दो वातावरणको निर्माण गर्नु ,

५. विद्यालय सुरक्षाका लागि नीतिगत रूपमा भएका व्यवस्थाहरूलाई कार्यान्वयन गर्नु,

६. सुरक्षित विद्यालय अन्तर सम्बन्धित विषयको रूपमा वा छुट्टै विधाको रूपमा सम्बोधन गर्ने ?

७. विपद्को अवस्थामा मात्रै नभइ सामान्य अवस्थामा पनि बालबालिकाको सुरक्षित सिकाइको वातावरणलाई कसरी सुनिश्चित गर्ने ?

८. छुट्टै योजना बनाउने कि योजनाको हरेक अङगमा यस विषयको प्रत्याभूति गर्ने ?

९. प्राकृतिक प्रकोप र सोको जोखिमको विषयमा मात्र सीमित हुने कि महामारी, सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने ?

१०. अनुमान गर्न नसकिने घटनालाई योजनामा कसरि समेट्ने र स्रोतको व्यवस्था कसरि गर्ने ?

११. कतिपय सङ्कट अन्तर्राष्ट्रिय हुन्छन, कतिपय राष्ट्रिय त कतिपय प्रदेश र स्थानीय तहका हुन्छन। यसमा कुन सङ्कटलाई कुन तहमा कसरी सम्बोधन गर्ने र योजना कुन तहको बनाउने ?

१२. योजना तत्कालिक बनाउने कि दीर्घकालिन ? सङ्कटकालीन शिक्षा योजना निर्माणमा को सहभागी हुने र यसको प्रक्रिया के हुने ?

१३. मनोसामाजिक परामर्शका सवालमा जोखिम तथा समस्यामा रहेका बालबालिकाहरूलाई शिक्षकले नै मनोविमर्श प्रदान गर्न शिक्षकले समयको व्यवस्थापन गर्नु,

१४. प्रदेश तथा नगरपालिकाले मनोविमर्शका लागि यथोचित लगानीको व्यवस्थापन गर्नु, समस्यामा रहेका बालबालिकाहरूलाई छुट्टै मनोविमर्श कक्षा मार्फत सेवा प्रवाह गर्नका लागि उचित व्यवस्थापकीय कार्य गर्नु ।

#### ख) अवसरहरू (Opportunities)

१. भवन निर्माण सम्बन्धी आचारसंहिताको प्रभावकारी कार्यान्वयन गर्ने सवालमा दोधारा चाँदनी नगरपालिका विगतदेखि नै सक्रिय हुँदै आएको छ।

२. विभिन्न क्षेत्रमा बनेका ऐन कानून र नीति नियमहरूले विभेद, हिंसा, असुरक्षा र दुर्व्यवहार अन्त्य गर्ने सवाललाई प्राथमिकता दिएको अवस्था छ । विभेद, दुर्व्यवहार, हिंसा अन्तका लागि मुलुकले विभिन्न अन्तर्राष्ट्रिय सन्धी र सम्झौताहरूका हस्ताक्षर गरेको छ।

३. मुलुकभित्र सुरक्षित विद्यालय व्यवस्थापनका लागि सरकारका अतिरिक्त गैरसरकारी क्षेत्रका सङ्घसंस्थाहरू पनि सरकारसँग सहकार्य र सहलगानी गर्ने सवालमा अघि बढेको अवस्था छ।

४. सरोकारवाला र नागरिक समाजमा समेत व्यक्तिगत हिसाबले पनि हिंसामुक्त र विभेदमुक्त समाजका लागि उन्मुख भएको अवस्था छ।

५. महामारी र प्रकोपको अवधिमा मनकारी मानिसहरू र उनीहरू मार्फत सञ्चालन भएका सङ्घसंस्थाहरूले समेत उल्लेख्य योगदान गरेको अवस्था छ।

६. विद्यार्थीको निम्ति प्रदान गरिने मनोसामाजिक परामर्शको क्षेत्र तीन वटै तहको सरकारको प्राथमिकतामा पर्नु,

७. मनोसामाजिक परामर्शको पहुँच लक्षित समूहसम्म पुर्याउनु,

८. मनोसामाजिक परामर्शको क्षेत्र सबैको चासोको क्षेत्र हुदै जानु,

१०. मनोसामाजिक परामर्शको क्षेत्रमा गैरसरकारी क्षेत्रबाट सीमित भए पनि पाठ्यक्रममा समेत मनोसामाजिक परामर्शको क्षेत्रलाई समेटिनु।

## ४.५.३ लक्ष्य (Goals)

बालबालिका र विद्यालयलाई सबै प्रकारका हिंसा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित हुने र समता र समावेशीतामा सुधार हुने।

## ४.५.४ उद्देश्य (Objectives)

१. सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरि पूर्व सावधानी र तयारीको वातावरण निर्माण गर्नु।

२. सम्भावित सङ्कटको सामना गर्न अर्थात उत्थानशील प्रणाली स्थापित गर्नका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्न आवश्यक सहयोग गर्नु ।

३. सङ्कटको प्रतिकार्यको नगरपालिका स्तरीय संयन्त्र बनाउनु ।

४. नगरपालिका स्तरीय अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना केन्द्रको विकास गर्नु।

५. विद्यालयलाई शान्ति क्षेत्र र हिंसामुक्तको रूपमा स्थापित गरि बालबालिकाले सुरक्षित र भयरहित वातावरणमा सिक्ने अवसरको वातावरण सिर्जना गर्नु।

६. कठिन र असहज परिस्थितिका कारण अलमलको जीवन बाँचिरहेका बालबालिकालाई मनोसामाजिक परामर्शको माध्यबाट शिक्षामा उनीहरूको सहभागितालाई सक्रिय र अर्थपूर्ण बनाउनु।

७. विद्यार्थीमा भएका मनोसामाजिक समस्याहरू शिक्षकबाट पहिचान गरि उनीहरूलाई नियमित मनोविमर्श प्रदान गर्नका लागि उपयुक्त वातावरण निर्माण गर्नु।

## ४.५.५ रणनीतिहरू (Strategies)

१. नगरपालिका स्तरीय शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नताको मुल्याङ्कन तथा विश्लेषण गर्ने ।

२. संकटासन्नताको मुल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना निर्माण तथा कार्यान्वयन गर्ने।

३. विपद् तथा सङ्कटमा व्यवस्थापनसँग सम्बन्धित मापदण्ड तयार गरि कार्यान्वयन गर्ने।

४. शिक्षा नीतिमा सुरक्षित विद्यालयका विषयहरूलाई समावेश गर्न र सुरक्षित विद्यालय रणनीति तयार गरि कार्यान्वयन गर्ने।

५.सबै विद्यालयहरूमा विपद्को अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक हुने यन्त्र उपकरण, औषधी,

खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने।

६.विद्यालयको पूर्वाधार निर्माण गर्दा हरेक प्रकारका जोखिम, दुर्घटना, प्रकोप र महामारीबाट सुरक्षित रहने गरि निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्ने गरि कानून बनाइ कार्यान्वयन गर्ने।

७.विद्यालयहरूमा बालबालिकाको लागि सुरक्षित र भयरहित वातावरणमा सिकाइका अवसर सिर्जना गर्नका लागि सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरि सुरक्षित र संरक्षित रहेको सुनिश्चित गर्न आवश्यक सहयोग गर्ने।

८.विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाउन विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रूपमा विकास गर्न विद्यालयहरूसँग समन्वय गर्ने।

९.विद्यालय हातामा खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट, प्राथमिक उपचार बाकस जस्ता आपतकालीन सामग्री व्यवस्थापन गर्नका लागि विद्यालयहरूलाई सहयोग गर्ने।

१०. विद्यालयमा सुरक्षित विद्यालय र विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, जोखिम न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी सुरक्षित विद्यालय सम्बन्धी अनुकरण र अभ्यासका क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्न सहजीकरण गर्ने।

११. सरकारी तथा गैरसरकारी सघंसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायू परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइ सम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यवहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न समन्वय तथा सहजीकरण गर्ने।

१२.मापदण्डका आधारमा विद्यालय तथा शिक्षण संस्थाको भौतिक पूर्वाधार र सिकाइ वातावरण निर्माण गरी विपद् उत्थानशील बनाउनुका साथै शिक्षण सिकाइ प्रक्रिया र व्यवहारमा सुधार गरि विद्यालयलाई सम्पूर्ण रूपमा सुरक्षित बनाउनका लागि सहयोग र सहजीकरण गर्ने।

१३.विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री र सुरक्षित, हिंसारहित एवम् भयरहित सिकाइ केन्द्रको रूपमा विकास गर्नका लागि सहयोग र सहकार्य गर्ने।

१४. सामुदायिक सिकाइ केन्द्रलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरि व्यवस्थापन सिकाइ केन्द्रका रूपमा समेत विकास गर्ने।

१५. विपद्का समयमा विद्यालय र शिक्षालय स्थानान्तरण गर्नका लागि स्थानीय तहको समन्वयमा सुरक्षित स्थानको पहिचान गरि खानेपानी, स्वास्थ्य, पोषण र स्याहारको उचित व्यवस्थापन सहित शिक्षण सिकाइका लागि उपयुक्त वातावरण निर्माण गर्ने।

१६. विपद् व्यवस्थापन र सङ्कटकालमा शिक्षाको निरन्तरता सम्बन्धमा भएका अन्तर्राष्ट्रिय सफल अभ्यासहरूलाई स्थानीयकरण गर्ने ।

१७. विद्यालय शान्ति क्षेत्रसम्बन्धी अवधारणालाई सार्थकता दिन राजनीतिक दल, पेसागत सङ्घसंगठन तथा बाल क्लबहरू र अन्य सामुदायिक क्षेत्र बिच समन्वय सहकार्य गर्दै यस प्रति सबैलाई जिम्मेवार बनाउने।

१८. घरायसी वातावरण र विद्यालयको वातावरण बालमैत्री नहुनुका साथै अन्य विविध कारणले शिक्षा लगायत जीवनका विभिन्न क्रियाकलापहरू अघि बढाउने माध्यमबाट उनीहरूको जीवनलाई अर्थपूर्ण तरिकाबाट अघि बढाउन सहयोग गर्ने। उनीहरूको शिक्षा लगायत समग्र जीवनमा प्रतिकूल असर परिरहेको कुरालाई मध्यनजर राखी नगरपालिकामा आवश्यक पर्ने संरचना र जनशक्तिको व्यवस्थापन गरि कार्यान्वयन गर्ने।

२०.विद्यालयमा अध्यनरत बालवालिकाहरूमा देखिएको समस्यालाई मनोसामाजिक परामर्श सेवाबाट समस्या समाधान गर्नको लागि एक विद्यालय एक मनोसामाजिक मनोविमर्शकर्ताको व्यवस्था गर्ने।

२१. विपद् सङ्कटासन्नता लेखाजोखाको विषय समावेश गर्न सकिने।

२२. वैकल्पिक सिकाइ विधि प्रयोगको विषय समावेश गर्न सकिने।

**२३**. स्थानीयस्तरमा शिक्षा समूह (Education Cluster) गठन तथा परिचालन विषय समावेश गर्न सकिने र स्थानीय स्तरको सिकाइ निरन्तर योजनाको विषय समावेश गर्न सकिने।

**२४**.समुदायस्तरको सञ्जालसँग सहकार्य गरि सिकाइ निरन्तरताको विषय समावेश गर्न सकिने।

२५. अनलाईन र डिजिटल प्रविधि प्रयोगको लागि क्षमता विकास विषय समावेश गर्न सकिने ।

### ४.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य (Outcomes, Key Result, Major Activities and Target)

**क) उपलब्धी (Outcomes )**

सम्भावित जोखिमको पूर्वानूमान गरि उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्वतयारी गरि बालबालिका र विद्यालयलाई सबै प्रकारका हिंसा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित हुने र समता र समावेशीतामा सुधार हुने ।

**ख) प्रमुख नतिजा (Key Results)**

१. सामान्य अवस्था र आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने ।

२. विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनरउत्थानको योजना तथा क्षमता विकास हुने ।

३. आवश्यक भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुने ।

४ .महामारी र सङ्कटको समयमा स्वास्थ्य उपचार सहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह सिकाइको निरन्तरता हुने ।

५. युद्ध, सामाजिक द्वन्द्व, हिंसा र बसाइसराइँको अवस्थामा पनि आधारभूत आवश्यकताको पूर्ति सहित सिकाइको निरन्तरता हुने ।

६. विद्यालयमा शिक्षक विद्यार्थी सुरक्षित र भयरहित वातावरणमा रमाएर सिक्ने सिकाउने वातावरणको सिर्जना हुने ।

७. मनोसामाजिक परामर्श सेवा प्राप्त गरि समस्यामा परिरहेका बालबालिकाको शिक्षामा सहभागिता अर्थपूर्ण हुने ।

## ४.५.७. प्रमुख क्रियाकलाप र लक्ष्य (Major Activities and Target)

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरवलोकन तथा निर्माण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% |
| ३ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% |
| ४ | शिक्षक तथा विव्यस तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ५ | विपत् प्रतिरोधी विद्यालय सङ्ख्या | पटक | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ६ | सकारात्मक अनुशासन,<br>सामाजिक संवेगात्मक<br>सिकाइ, दण्डरहित शिक्षण,<br>लैंगिक तथा सामाजिक<br>समावेशीकरण विषयको<br>तालिम<br>प्याकेजको निर्माण गरि सम्पूर्ण शिक्षकहरूलाई<br>तालिम | सबै शिक्षकहरू | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| ७ | विद्यालयहरूलाई बालमैत्री,छात्रामैत्री, अपाङ्गमैत्री र सुरक्षित, हिंसारहित एवम् भयरहित सिकाइकेन्द्रको रूपमा विकास गर्नका लागि सहयोग र सहकार्य गर्ने | सबै बिधलयहरू | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% |

## ४. ६ विद्यालय भौतिक पूर्वाधार विकास (School Infrastructure Development)

### ४.६.१ वर्तमान ( current Situation)

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढनका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन। एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् बिस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा प्रस्ताव गरिएको छ।

दोधारा चाँदनी नगरपालिकामा हाल २२ वटा सामुदायिक विद्यालय रहेका छन्। सामुदायिक विद्यालयहरूमा करिब १०० को हाराहारीमा विद्यालय भवन रहेकामा धरै जस्तो भवनहरू पक्की छन्। ती भवनहरूमा करिब २०० कक्षाकोठा सञ्चालनमा रहेका छन् भने ५० ओटा कोठा अपुग रहेको तथ्याङ्क रहेको छ। प्रधानाध्यापका लागि बेग्लै कोठा करिब सबै विद्यालयमा देखिन्छ भने १/२ वटा विद्यालयमा मात्रै अलग्गै कम्प्युटर ल्याब, विज्ञान ल्याब र पुस्तकालयको कोठा रहेको छ । सबै विद्यालयमा जम्मा शौचालयको सङख्या ६० रहेकोमा धेरे जसोमा पानीको राम्रो आपूर्ति भएको देखिदैन । सङ्घीयता कार्यान्वयन भन्दा अघि तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट विद्यालय शिक्षामा भौतिक पूर्वाधारको काम हुदै आएकोमा उक्त कार्यको कार्यान्वयनको जिम्मेवारी स्थानीय तहको रहेको छ भने निर्माणको मापदण्ड तथा आधार सङ्घीय तहबाट हुँदै आएको छ। गत आर्थिक वर्षदेखि राष्ट्रपति शैक्षिक सुधार मार्फत विद्यालयमा कक्षाकोठा र सूचना प्रविधि ल्याब स्थापना गर्ने कार्यक्रम सञ्चालनमा छ। यसबाट योजना र कार्यान्वयनमा तालमेल मिलाउन र सूचना प्राप्त गर्न चुनौती भइरहेको छ।

विद्यालयका प्राथमिकता प्राप्त सक्षमता (PMEC) भित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालयको व्यवस्था गर्न सकिएको छैन्। आधारभूत तहमा लागू भइरहेको स्थानीय पाठयक्रमको पाठयपुस्तक कक्षा ८ मा मात्र निर्माण गरि विद्यार्थीलाई उपलब्ध गराइएको छ । अन्य कक्षाहरूका लागि पाठ्यपुस्तक निर्माण गर्ने कार्यले खासै प्राथमिकता पाउन सकेको छैन । विद्यालय निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एकरुपता कायम हुन सकेको छैन। चार कोठाको भवन बनाउदा सङ्घीय सरकारबाट प्राप्त हुने बजेटले नगरपालिकाको सबै विद्यालयमा समान नाप र गुणस्तरको भवन निर्माण गर्ने कार्य सोचनीय छ। प्रदेश सरकारबाट प्राप्त भौतिक पूर्वाधार सम्बन्धी कार्यक्रमहरू मागमा आधारित नहुँदा झनै समस्या भएको छ । विद्यालयमा भवन निर्माण गर्ने सिलसिलामा भवन आचार संहिताको पूर्ण रुपमा पालना नभएका कारण धेरैजसो विद्यालयहरू अपाङ्गमैत्री र विपद्प्रतिरोधी बन्न सकेका छैनन। समग्रमा विद्यालयको पूर्वाधार विकासमा तीन तहका सरकार र विकास साझेदार निकायहरूबिचको समन्वय र सहकार्य अपेक्षित रुपमा प्रभावकारी र नतिजामूलक बन्न सकिरहेको छैन।

### ४.६.२ चुनौती र अवसर (Challenges and Opportunities)

### क) चुनौतीहरू ( Challenges)

१.विद्यालय शिक्षा अन्तर्गत विकास एवम् बिस्तार गर्नुपर्ने,

२.भौतिक पूर्वाधारको स्वरूप तथा यसका लागि आवश्यक भूमिका स्पष्ट पार्नु पर्ने,

३. पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय पारदर्शी एवम् जवाफदेही बनाउनु,

४. सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उययुक्त मापदण्ड र मोडालिटी विकास गर्नु,

५.सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् बिस्तारका लागि गुरुयोजना विकास गर्नु,

६.आवश्यक स्रोतको व्यवस्थापन गर्नु,

७.पूर्वाधारहरूलाई अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु।

## ख) अवसरहरू ( Opportunities)

१.तीनवटै तहका सरकार तथा विकास साझेदार संस्थाहरूले विद्यालयको पूर्वाधारको क्षेत्रमा लगानी गर्नु,

२.दोधारा चाँदनी नगरपालिका अलग्गै नगरपालिका हुनु ,

३. विद्यालयको सिकाइ वातावरण निर्माण गर्ने सवालमा सबैको साझा प्रतिबद्धता रहनु ,

४. नदिजन्य स्रोतहरू सजिलै सुलभ दरमा प्राप्त हुनु,

५. भारतीय सिमा सम्म खुल्ला सिमानाका कारण सामानहरू सजिलै आयात गर्न सक्नु।

## ४.६.३ लक्ष्य (Goals)

सुरक्षित विद्यालय निर्माण गरि बालबालिकालाई सिकाइ अनुकूलको वातावरण सुनिश्चित गर्नु।

### ४.६ .४ उद्देश्य (Objectives)

१. सुरक्षित विद्यालय पूर्वाधार विकास गरि गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु।

२.विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड सहितको गुरुयोजनाको विकास र कार्यान्वयन गर्नु।

३.गुणस्तरीय पूर्वाधार विकास एवम् बिस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्नु।

### ४.६.५ रणनीतिहरू (Strategies)

१. विद्यालयको तह, विद्यार्थी सङ्ख्या र लागतका आधारमा विद्यालयमा आवश्यक पर्ने पूर्वाधार विकासको मापदण्ड र गुरुयोजना निर्माण गरिने छ।

२.विद्यालयको समग्र पक्षमा सुधार ल्याउनका लागि नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिने छ ।

३. नगरपालिकामा सञ्चालन भएका विद्यालयहरूमा पूर्वाधार विकासका लागि सङ्घ र प्रदेश सरकार, विकास साझेदार एवम् नगरपालिकाको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरिने छ।

४. एक माध्यमिक विद्यालय एक पुस्तकालय, एक विज्ञान प्रयोगशाला र सूचना प्रविधि प्रयोगशाला तथा एक आधारभूत विद्यालय एक पढाइ कुना निर्माण गरिने कार्यलाई प्राथमिकता दिइने छ ।

५.विद्यालय पूर्वाधार विकासका लागि सङ्घ र प्रदेश सरकार तथा विकास साझेदार तथा विभिन्न सङ्घसंस्था एवम् निकायहरूसँग लागत साझेदारी गरिने छ।

६.एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्यहरु एकै पटक निर्माण गर्ने गरि विद्यालय पूर्ण निर्माणको अवधारणा कार्यान्वयन गरिने छ।

७.विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय (विद्यार्थी सङ्ख्याको अनुमान तथा उमेरलाई विचार गरेर), भान्सा वा खाजा घर लगायत सबैको योजना समावेश गरि डिजायन गरिने छ भने निर्माण भइसकेका विद्यालयहरूमा थप संरचनाको योजना एकै पटक गरिने छ।

८.पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरि संस्थागत क्षमता अभिवृद्धि गरिने छ।

९.जस्ता पाता भएका विद्यालयका छाना विस्थापित गरी छात्रामैत्री र अपाङ्गमैत्री पूर्वाधार विकास गरिने कार्यलाई प्राथमिकता दिइने छ।

### ४.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू (Output, Key Result, Major Activities and Target)

### क) उपलब्धि (Output)

१. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने।

### ख) नतिजा (Key Results)

१. विद्यालय शिक्षाअन्तर्गत विकास एवम् बिस्तार गर्नुपर्ने भौतिक मापदण्ड तथा गुरुयोजना निर्माण भएको हुने।

२. नगरपालिकामा नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम सञ्चालन भएको हुने।

३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीमा लागत साझेदारीको मोडालिटी अवलम्बन भएको हुने।

४. नगरपालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र बिस्तार भएको हुने।

५. एक विद्यालय सम्पूर्ण पूर्वाधार (A School with Complete Infrastructure) को अवधारणा अनुसार पूर्वाधार विकास भएको हुने।

६. विद्यालयहरूमा अपाङ्गता एवम् छात्रामैत्री संरचना व्यवस्था भएको हुने।

७. सबै माध्यमिक विद्यालयहरूमा पुस्तकालय र प्रयोशालाहरू तथा आधारभूत विद्यालयहरूमा पढाइ कुना भएको हुने।

८. विद्यालयहरूमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मत सम्भारका लागि नियमित पद्धति विकास भएको हुने

## ग) क्रियाकलाप तथा लक्ष्य ( Major Activities and Target)

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | पटक | √ | √ | √ | √ | √ | √ | √ | सबै विद्यालय आवश्यकता अनुसार |
| २ | विद्यालयको सबलीकरण | सङ्ख्या | √ | √ | √ | √ | √ | √ | √ | सबै विद्यालय आवश्यकता अनुसार |
| ३ | विद्यालयमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | विद्यालय सङ्ख्या | √ | √ | √ | √ | √ | √ | √ | सबै विद्यालय आवश्यकता अनुसार |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय, पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | १ | २ | ३ | ३ | ४ | १३ | १० | नगरपालिका र विद्यालय |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका र विद्यालय |
| ६ | अपाङ्ग मैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० | नगरपालिका र विद्यालय |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजुसूची भर्ने | विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका र विद्यालय |
| ८ | नगर प्रमख शैक्षिक सुधार कार्यक्रम | विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ९. | एक माध्यमिक विद्यालय एक पुस्तकालय, विज्ञान प्रयोगशाला | विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ प्रदेश र नगरपालिका को साझेदारीमा |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ( ICT in School)

### ४.७.१वर्तमान अवस्था ( current Situation )

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुने छ भनी मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरि सिकाइमा सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ। त्यसैगरि नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउनु विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial / GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि, शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ। नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीतिहरू उल्लेख गरिएको छ। उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजना, २०१३–२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठयक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोतकेन्द्रहरूमा डिजिटल सामग्री आदानप्रदान गर्नका लागि प्लेटफर्म बनाउने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाईज्ड गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए। सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अङग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर (SAS) कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने जस्ता कार्यक्रमहरू समेत विद्यालय क्षेत्र विकास योजनामा समावेश गरिएको छ।

दोधारा चाँदनी नगरपालिकामा सञ्चालनमा रहेका करिब सबै माध्यमिक विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको सुविधा रहेको छ। विद्यालय क्षेत्र विकास योजनाको समयावधिमा प्रत्येक माध्यमिक विद्यालयमा एउटा सूचना प्रविधि ल्याब स्थापना गर्ने नीति अनुरूप हालसम्म यस नगरपालिकाका आधाजति विद्यालयमा कम्पुटर तथा इन्टरनेट स्थापना भइसकेको अवस्था छ। माध्यमिक तह सञ्चालन भएका र केही आधारभूत तहका संस्थागत विद्यालयहरूमा समेत कम्प्युटर तथा इन्टरनेटको सुविधामा विद्यार्थीको पहुँच पुगेको देखिन्छ। अधिकांश सामुदायिक तथा संस्थागत विद्यालयहरूमा स्थानीय माध्यमिक तहमा कम्प्युटरलाई ऐच्छिक विषयका रूपमा शिक्षण गरेका छन्। जसबाट विद्यार्थीहरूको केही मात्रामा भएपनि सूचना तथा सञ्चार प्रविधिमा विद्यार्थीको पहुँच पुगेको देखिन्छ। सङ्घ, सुदुरपश्चिम प्रदेश, नगरपालिका र विद्यालयहरूले विभिन्न प्रयास गरे तापनि यस क्षेत्रमा

भौगोलिक विकटता तथा अन्य पूर्वाधारगत समस्या हुँदा रेडियो, टेलिभिजन र इन्टरनेट जस्ता सुविधाबाट त्यहाँका केही बालबालिकाहरू वञ्चित भइरहेका छन् । कोभिड १९ का कारण विद्यालयको शैक्षिक गतिविधिहरू प्रभावित भएको अवस्थामा समेत नगरपालिकाले स्थानीय एफ. एम. रेडियोलाई समेत विभिन्न कक्षाका भर्चुअल कक्षाको पाठ उत्पादन तथा प्रसारण गर्ने कार्यमा प्रयोग गर्दै आएको अवस्था छ । सबै विद्यालयहरूमा वैकल्पिक माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्न इन्टरनेट जडानका लागि सबै सामुदायिक विद्यालयहरूलाई अनुदान समेत उपलब्ध गराइएको अवस्था छ । विद्यालयको सम्पूर्ण तथ्याङ्कलाई एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा प्रविष्ट गर्ने कार्यलाई समेत प्रभावकारी बनाइएको छ ।

### ४.७.२ चुनौती तथा अवसरहरू ( Challenges and Opportunities)

### क) चुनौतीहरू ( Challenges )

१.सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटी आदिको बिस्तार तथा सबै विद्यालयहरूमा व्यवस्था गर्नु,

२.शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याव, डिजिटल पुस्तकालय सहितको एकीकृत प्रणालीको विकास गर्नु,

३. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी उपकरणको व्यवस्था एवम् त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्नु,

४. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट समता अभिवृद्धि र डिजिटल डिभाइड कम गर्नु,

५.अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास गर्नु,

६.विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुनेगरि सामग्री विकास र प्रयोग गर्नु,

७. सबै प्रयोगकर्तालाई सहज हुने गरि शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु,

८.शिक्षाको सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई सहज हुने गरि बिस्तार गर्नु,

९. विद्यालयहरूमा शिक्षक र कर्मचारीहरूको प्रविधिमा क्षमता विकास गरि प्रविधिमैत्री बनाउनु,

१०.कोभिड १९ जस्ता महामारीको समयमा सिकाइ सहजीकरणको वैकल्पिक उपायको रूपमा प्रविधिलाई प्रयोग गर्नु,

११.नगरपालिका तथा इन्टरनेट प्रदायक संस्थाहरूका बिच समन्वय र सहकार्य व्यवस्थित गर्नु ।

**ख) अवसरहरू ( Opportunities)**

१.शिक्षामा सूचना तथा सञ्चार प्रविधिले विद्यालयमा शिक्षणसिकाइका लागि इनटरनेट कनेक्टिभिटीका लागि अनुदान उपलब्ध गराई आवश्यक पूर्वाधारको विकास गर्नु ।

२. सूचना प्रविधि विषय पाठयक्रममा समावेश हुनु,

३ .तीनवटै तहका सरकारहरू वैकल्पिक सिकाइ सहजीकरणका विषयमा संवेदनशील रहनु ,

४ .सबै विद्यालयहरूमा डिजिटल सामग्री आदानप्रदान गर्ने प्लेटफर्मको विकास हुनु,

४.शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाईज्ड गराउँदै लगिनु,

५.कोभिड–१९ को अवस्थामा सिकाइलाई निरन्तरता दिन विभिन्न माध्यमबाट भर्चुअल कक्षा सञ्चालन हुनु,

६. छापाका शिक्षण सिकाइ सामग्रीहरू, रेडियोबाट प्रसारित सामग्रीहरू, टि.भी.बाट प्रसारित सामग्रीहरू, वेवसाइट तथा विद्युतीय माध्यमबाट प्राप्त सामग्रीहरू र Online Portal को विकास गरिनु,

७.शिक्षण सिकाइ समूह गठन गरिनु, र Online based Zoom meeting सिकाइका मुख्य विधिहरू हुनु

८ .लगभग सबै माध्यमिक विद्यालय र केही आधारभूत विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको सुविधा रहनु,

९.शैक्षिक व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने क्रममा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास भई कार्यान्वयनमा रहनु,

१०.वि.सं. २०७६ देखि नेपाल दूर सञ्चार प्राधिकरणले पनि ग्रामीण दूर सञ्चार विकास कोष मार्फत केही विद्यालयहरूलाई प्रस्ताव आह्वान गरि इन्टरनेट कनेक्टिभिटीमा सहयोग गर्नु,

११.वैकल्पिक सिकाइ सहजीकरणका लागि वैकल्पिक विधिहरूको छनौट, विकास र प्रयोगलाई नगरपालिकाले प्राथमिकतामा राख्नु।

### ४.७.३ लक्ष्य (Goals)

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइमा सुधार गरि, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गरि शैक्षिक व्यवस्थापन सुधार र सुशासन कायममा सुनिश्चितता गर्ने।

### ४.७.४ उद्देश्यहरू (Objectives)

१.सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग बिस्तार गर्नु।

२.डिजिटल डिभाइड कम गर्दै जाने र विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुर्‍याउनु।

३.शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरि सहज र छिटोछरितो र सस्तो बनाउनु।

४.शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरि प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु।

५.विपद् तथा सङ्कटको समयमा समेत विद्यालयका शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिनका लागि प्रविधिसँग सम्बन्धित संरचना र स्रोत व्यवस्थापन गर्नु।

### ४.७.५ रणनीतिहरू (Strategies)

१.सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने छ र
सुरक्षित भौतिक र प्राविधिक प्रबन्ध मिलाईने छ ।

२.विभिन्न कक्षा र विषयका लागि उपयोगी हुने डिजिटल सामग्रीहरूको विकास गरिने छ ।

३.विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूका लागि उपयोगी हुने गरी डिजिटल सामग्री विकास गरिने छ ।

४.नगरस्तरमा व्यवस्थित ई पोर्टल निर्माण गरिने छ ।

५.विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधा बिस्तार मार्फत् विद्यालय एवम् विद्यार्थीहरूको पहुँचमा बिस्तार गरिने छ ।

६. IEMIS लाई थप व्यवस्थित गरि विद्यालयको लेखा प्रणाली (SAS), शिक्षकको तलबी प्रतिवेदन पारित गर्ने जस्ता कार्यसमेत यस प्रणालीमा एकीकृत गरिने छ । साथै शिक्षाका विभिन्न सेवा तथा व्यवस्थापन सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बिस्तार गरिने छ ।

७. सामुदायिक सिकाइ केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गरिने छ ।

८. सङ्घ र सुदुरपश्चिम प्रदेशसँग समन्वय गरि नगरपालिका र इन्टरनेट प्रदायक संस्थाहरूबिच समन्वय र सहकार्य वृद्धि गरिने छ ।

९. नगरपालिकामा सुविधा सम्पन्न डिजिटल सिकाइ केन्द्रको स्थापना गरिने छ ।

१०. सबै विद्यालयका शिक्षक तथा कर्मचारीहरूको आधारभूत सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित आधारभूत सिपमा क्षमता विकास गरिने छ ।

११.विद्यालय सुपरीवेक्षण, बैठक, गोष्ठी, कार्यशाला, तालिम, शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक प्रयोग गरिने छ ।

१२. विद्यालयहरूमा प्रविधिसँग सम्बन्धित आधारभूत पूर्वाधार सुनिश्चित गर्न सङ्घ र प्रदेश सरकारसँग
सहकार्य र समन्वयात्मक ढङगले एकीकृत कार्यक्रम र बजेटको व्यवस्थापन गर्ने कार्यमा जोड दिइने छ ।

१३. विद्यालयमा शिक्षक तथा कर्मचारीहरूलाई प्रविधिको बढिभन्दा बढी प्रयोग गर्न प्रोत्साहित गरिने छ ।

१४. कक्षा ८, १० र १२ का महत्वपूर्ण विषयहरूमा भर्चुअल कक्षा सञ्चालनको लागि आवश्यक व्यवस्थापन गरिने छ ।

१५. विपद् तथा सङ्कटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने गरि सिकाइका वैकल्पिक विधिको रूपमा प्रविधिलाई प्रयोग गर्न सक्ने गरि कार्यक्रम सञ्चालन गरिने छ ।

१६. सबै माध्यमिक विद्यालयहरूमा वेभसाइट, विद्युतीय हाजिरी र सि.सि. क्यामेराको व्यवस्था गरिने छ ।

१७. राष्ट्रिय तथा स्थानीय पाठयक्रम तथा पाठयसामग्रीका डिजिटल प्रति सबै विद्यालयलाई उपलब्ध गराइने छ ।

## ४.७ .६ उपलब्धि, नतिजा, क्रियाकलाप र लक्ष्य (Outcome, Key Results, Main Activities and Target)

### क) उपलब्धि (Outcome)

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको बिस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्धन भएको हुने।

### ख) नतिजा (Key Results)

१.नगरपालिकामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका डिजिटल सिकाइ केन्द्र स्थापना र सञ्चालन भएको हुने।

२.नगरपालिकाभित्रका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको सहज पहुँच पुगेको हुने।

३.विभिन्न कक्षा र विषयका लागि आवश्यक पर्ने अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच भएको हुने।

४.सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूमा सूचना र सञ्चार प्रविधिसम्बन्धी आधारभूत सुविधामा पहुँच पुगेको हुने।

५.सबै माध्यमिक विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने।

६.सूचना प्रविधिमा आधारित सुपरीवेक्षण र शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएका हुने।

७.सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा बिस्तार भएको हुने।

८.सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुधार भएको हुने।

९. अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन प्रविधिमैत्री भई लागत, जनशक्ति र समयको बचत भएको हुने।

१०. विद्यालयमा शिक्षक तथा कर्मचारीहरूबाट प्रविधिको बढिभन्दा बढी प्रयोग गरिएको हुने।

११. कक्षा ८, १० र १२ का महत्वपूर्ण विषयहरूमा भर्चुअल सिकाइ भएको हुने।

१२.विपद् तथा सङ्कटको समयमा समेत विद्यार्थीको सिकाइ सहजीकरण गर्ने कार्यमा निरन्तरता भएको हुने।

१३. सबै माध्यमिक विद्यालयहरूमा विद्युतीय हाजिरी र सि.सि. क्यामेराको प्रयोग गरिएको हुने।

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Targets)

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना बिस्तार गरि इलाईब्रेरी स्थापना | विद्यालय सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० | सङ्घ र प्रदेश सरकारसँगको सहकार्यमा |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | विद्यालय सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ | सबै | सबै | नगरपालिका |
| ३ | शिक्षकको क्षमता विकास | शिक्षक सङ्ख्या | २० | २० | २० | २० | २० | १०० | २०० | नगरपालिका |
| ४ | प्रत्येक विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | वि धालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका |
| ५ | IEMIS व्यवस्थापन | वि धालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | नगरपालिका |
| ६ | सामुदायिक सिकाइ केन्द्रका कर्मचारीको लागि सम्बन्धी क्षमता विकास गरिने । | सामुदायिक सिकाइ केन्द्र | | १ | | | १ | २ | २ | नगरपालिका |
| ७. | सबै माध्यमिक विद्यालयहरूमा वेभसाइट, विद्युतीय हाजिरी र सि.सि. क्यामेरा जडान गरिन | विद्यालय सङ्ख्या | ६. | ६. | ६. | ६. | ६. | सबै | सबै | नगरपालिका |
| ८. | भर्चुअल सिकाइ सहजीकरण केन्द्र सञ्चालन तथा व्यवस्थापन | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ९. | विद्यालय, शिक्षक, कर्मचारी र विद्यार्थीको अभिलेख डिजिटलाईजेशन | पटक | १ | | | | | १ | २ | नगरपालिका |
| १०. | बालविकास कक्षामा स्मार्ट टेलिभिजनको व्यवस्थापन | विद्यालय | २ | ३ | ४ | ५ | ६ | २० | सबै | नगरपालिका |
| ११. | साझेदारीमा आधारित एक शिक्षक एक ल्यापटप वितरण कार्यक्रमको निरन्तरता | सङ्ख्या | ५ | १० | १५ | २० | ३० | ६० | ६० | नगरपालिका |

# परिच्छेद : ५

# अन्य उपक्षेत्र (Other Sub-sectors)

## ५.१ माध्यमिक शिक्षा र उच्च शिक्षाको सम्बन्ध (Relationship between secondary education and higher education)

माध्यमिक शिक्षा र उच्च शिक्षा बिचको सम्बन्ध एक महत्त्वपूर्ण शैक्षिक संरचना हो जसले विद्यार्थीहरूको विकासमा ठूलो भूमिका खेल्दछ। माध्यमिक शिक्षा, जुन सामान्यतया कक्षा ९ देखि १२ सम्मको अध्ययनलाई जनाउँछ, विद्यार्थीहरूलाई आधारभूत ज्ञान र कौशल प्रदान गर्ने प्रक्रिया हो। यसले उनीहरूलाई उच्च शिक्षा, जस्तै विश्वविद्यालय वा व्यावसायिक प्रशिक्षणमा प्रवेश गर्नको लागि आवश्यक तयारी गराउँछ। माध्यमिक शिक्षा अन्तर्गत विद्यार्थीहरूले विभिन्न विषयहरूको अध्ययन गर्दै आफ्नो रुचि र क्षमताको पहिचान गर्न सक्दछन्। यस प्रक्रियामा, उनीहरूले जीवनका विभिन्न चुनौतीहरू सामना गर्न निर्णय गर्नका लागि आवश्यक सोच्ने क्षमताहरू विकास गर्दछन्।

उच्च शिक्षा, जुन माध्यमिक शिक्षा पछि आउँछ, विशेष ज्ञान र विशेषज्ञता हासिल गर्नमा केन्द्रित हुन्छ। यस चरणमा, विद्यार्थीहरूले आफ्नो रुचिका विषयमा गहिरो अध्ययन गर्न पाउँछन्, जसले उनीहरूको भविष्यका करियर विकल्पहरूलाई खुला गर्दछ। यो सम्बन्ध केवल शैक्षिक पहलमा सीमित छैन, तर सामाजिक, आर्थिक र सांस्कृतिक विकासमा पनि महत्त्वपूर्ण छ। माध्यमिक शिक्षा राम्रोसँग प्राप्त विद्यार्थीहरू उच्च शिक्षामा सफलताका लागि तयारी गरिरहेका हुन्छन्, जसले समग्र समाजको प्रगति र विकासमा योगदान पुर्‍याउँछ। यसप्रकार, माध्यमिक र उच्च शिक्षा बिचको समन्वय र निरन्तरता विद्यार्थीहरूको शैक्षिक यात्रा र भविष्यको अवसरहरूको दृष्यलाई  उजागर गर्दछ।

उच्च शिक्षालाई राष्ट्रको निम्ति विभिन्न क्षेत्रमा योगदान दिन सक्ने उच्चस्तरीय दक्ष र समालोचक, सिर्जनशील, अनुसन्धानमूलक तथा विचार दिनसक्ने जनशक्ति उत्पादन गर्ने शिक्षाको रुपमा लिइन्छ । आजको विज्ञान र प्रविधिको युगमा अत्याधुनिक प्रविधिको उपयोग गरि दिगो विकासका लक्ष्यलाई हासिल गर्दै "दोधारा चाँदनी , शैक्षिक नगर " भन्ने नारालाई सार्थक गराउन योग्य जनशक्ति उत्पादनका लागि प्राज्ञिक उत्कृष्टताको केन्द्र निर्माण गर्ने उच्च शिक्षाको मर्म हो । एकातिर उच्च शिक्षालाई गुणस्तरीय बनाई समतामूलक पहुँच सुनिश्चित गर्नु र आधुनिक ज्ञान, विज्ञान,कला, सीप एवम्  प्रविधिमा दक्ष, प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस तहको शिक्षाको समय सापेक्ष रूपमा विकास र बिस्तार गर्नु आवश्यक छ भने अर्कोतिर देशको उच्च शिक्षालाई माध्यमिक शिक्षाको जगमा विकास गर्नुपर्ने अपरिहार्यता त्यत्तिनै जरुरी छ । नेपालको संविधानले केन्द्रीय विश्वविद्यालय सम्बन्धी अधिकार सङ्घ र उच्च शिक्षासम्बन्धी शासकीय अधिकार प्रदेश सरकारले सुनिश्चित गरेता पनि  संविधानको अनुसूची -९ मा साझा अधिकारको सूचीमा रहेको शिक्षाले स्थानीय तहले समेत माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध राखी आफ्नो क्षेत्रमा रहेका उच्च शिक्षा प्रदायक संस्थाको विकासमा भूमिका निर्वाह गर्न सक्दछ र गर्नुपर्दछ । नेपालको शिक्षाको संरचनामा माध्यमिक तहको शिक्षा पूरा गरेको जनशक्तिलाई उच्च स्तरको मानव संशाधनको विकास गर्नका लागि चार तहको उच्च शिक्षा प्रदान गर्ने नीतिगत प्रावधान रहेको छ । देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वावलम्बी, रोजगारन्मुख तथा मूल्यउन्मुख उच्च तहको जनशक्ति उत्पादन गर्नु यो तहको शिक्षाको प्रमुख ध्येय हो । लागत आपुरण, निजी क्षेत्रको लगानी,सामुदायिक सहभागिता, मागमा आधारित कार्यक्रम सञ्चालन र विश्वविद्यालयबाट आय स्रोतको परिचालन जस्ता नमुना विकास गर्नका लागि तीनै तहका सरकारहरू, समुदाय र निजी क्षेत्रलाई समेत उच्च शिक्षा विकास साझेदारका रूपमा सहभागी हुने अवसर खुला गरिनुपर्दछ ।

## ५.२ वर्तमान अवस्था ( Current Situation)

नेपालमा १७ वटा विश्वविद्यालय तथा ५ वटा राष्ट्रिय प्रतिष्ठान (मानित विश्वविद्यालय) हरू स्थापना भएका छन् । विभिन्न विश्वविद्यालयक आङ्गिक र सम्बन्धन प्राप्त कयाम्पसहरूले उच्च शिक्षा प्रदान गर्दै आइरहेका छन् । त्रिभुवन विश्वविधाल अन्तर्गत ६० वटा आङ्गिक क्याम्पस छन् भने सामुदायिक क्याम्पसहरू (Community Campuses) को सङ्ख्या ५३७ वटा र निजी क्याम्पसहरू (Private Campuses)सङ्ख्या ७५३ वटा रहेको छ। दोधारा चाँदनी नगरपालिकामा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त एक मात्र सामुदायिक क्याम्पसमा शिक्षाशास्त्र, व्यवस्थापन सङ्काय अन्तर्गतका अग्रेजी, नेपाली , जनसङ्ख्या , लेखा, वित्तशास्त्र , बजार व्यवस्थापन , आदि विषयमा स्नातक तहको अध्यापन गराइन्छ । स्थानीय स्तरमा सबैको पहुच पुग्ने गरी सर्वसुलभ ढङ्गबाट उच्च शिक्षा प्रदान गर्न दोधारा चाँदनीका जनसमुदाय , नागरिक समाज , राजनीतिक दल, समाजसेवी, शिक्षाप्रेमी, बुद्धिजीवी, दोधारा चाँदनी वासीको अथक प्रयासबाट २०६४ सालमा यस क्याम्पसको स्थापना भएको हो। क्याम्पसको स्थापना काल देखि नै साविक गा.वि.स.हरू, जि.वि.स. र हालको दोधारा चाँदनी नगरपालिकाले क्याम्पसको आर्थिक , भौतिक ,शैक्षिक कार्यक्रममा सहयोग गर्दै आएको छन्। दोधारा चाँदनीका जनसमुदायलाई घर दैलोमा नै उच्च शिक्षा सर्वसुलभ रुपमा प्रदान गर्न , यस क्याम्पसलाई सुप विश्वविद्यालयको आङ्गिक क्याम्पस बनाउने प्रक्रिया २०७३ साल भाद्र १५ गते बाट भएता पनि यसले पूर्णता पाउन सकेको छैन।

## ५.३. सामुदायिक क्याम्पसका समस्याहरू ( Problems)

१. पाठ्यक्रम र शिक्षण विधिहरूको कार्यान्वयनको समस्या ,
२. शैक्षिक सामग्री, पुस्तकालय, र प्राविधिक उपकरणहरूको कमी,
३. गुणस्तरीय शिक्षक र कर्मचारीहरूको कमीले अध्ययनमा अवरोध पुर्याएको छ।
४. शैक्षिक शुल्क, साधन, र अन्य खर्चहरूको चाप,
५. अध्ययनका लागि आवश्यक सुविधाहरू जस्तै इन्टरनेट, प्रयोगशाला, र अन्य आधारभूत संरचनाको कमी,
६. समुदायको विभिन्न पृष्ठभूमिका कारण सामाजिक सङ्घर्ष र भिन्नता,
७. आधुनिक प्रविधिको प्रयोगमा कमी र यसको प्रभावको बारेमा ज्ञानको अभाव,
८. विद्यार्थीहरूलाई सही करियरको मार्गदर्शन र अवसरहरूको कमी,
९. आर्थिक रूपमा कमजोर विद्यार्थीहरूको लागि छात्रवृत्तिहरूको कमी,
१०.स्थानीय समुदायको शिक्षा र विकासमा सक्रिय सहभागिता कमी,
११.जातीय र आर्थिक भेदभावका कारण शिक्षामा असमानता,
१२.स्वास्थ्य सम्बन्धी समस्याहरू र क्याम्पसको सुरक्षाको कमी,
१३.विधार्थीहरूमा सिकाइ प्रति जागरुकताको कमी,
१४.कार्यरत शिक्षकहरूको भविष्यको अनिश्चिता,
१५.आङ्गिक क्याम्पस नहुनुको समस्या,
१६.प्राविधिक उच्च शिक्षाको अभाव आदि।

## ३.४.३ सामुदायिक क्याम्पसका चुनौतीहरू ( Challenges)

१. उच्च शिक्षामा नगरपालिकाभित्रका आर्थिक रूपले विपन्न र भौगोलिक रूपमा पिछडिएका माध्यमिक तह पूरा गरेका विद्यार्थीहरूको सहभागिता गराउनु,
२. प्राविधिक उच्च शिक्षामा जेहेनदार तथा आर्थिक रुपले विपन्न विद्यार्थीहरूको पहुँचमा वृद्धि गर्नु,
३. माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध कायम राख्नु,
४. भौगोलिक विकटता हुनु,
५. कमजोर भौतिक पूर्वाधार र आर्थिक लगानीको सुनिश्चितता गर्नु,
६. दक्ष र योग्य जनशक्तिको अभावका बाबजुद युग अनुकूलको गुणस्तरीय तथा प्राविधिक उच्च शिक्षा प्रदान गर्ने संस्थाको विकास गर्नु,
७. उच्च शिक्षालाई व्यावसायिक, व्यवहारिक र जीवनोपयोगी बनाई शैक्षिक बेरोजगारी न्यूनीकरण गर्नु,
८. उच्च शिक्षा प्राप्त गरेका जनशक्तिहरूलाई स्थानीय तहमा नै रोजगार सिर्जना गर्नु,
९. नेपालको संविधानमा उच्च शिक्षा तीनवटै तहको साझा अधिकारक्षेत्रभित्र रहनु,
१०. सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिक क्याम्पस बनाउने प्रक्रिया पूरा नहुनु,
११. समुदायको आर्थिक अवस्था कमजोर हुनु , आदि ।

## ५.४ सामुदायिक क्याम्पसका अवसरहरू ( Opportunities)

१. स्थानीय स्रोतको उपयोग: स्थानीय ज्ञान, परम्परा र संस्कृति को समावेश गरेर शिक्षा प्रदान गर्ने अवसर,
२. व्यावसायिक तालिम: स्थानीय उद्योग र व्यवसायका आवश्यकताअनुसार व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गर्ने मौका,
३. समुदायको सहभागिता: स्थानीय समुदायको सक्रिय सहभागिताबाट शिक्षा र विकासमा सहयोग पाउने अवसर,
४. अनलाईन शिक्षा: प्रविधिको उपयोग गरेर अनलाईन र दूरीको शिक्षा प्रवर्धन गर्ने,
५. संशोधन र नवप्रवर्तन: नयाँ शिक्षण विधि र पाठ्यक्रमको विकासमा प्रयोग गर्ने,
६. शिक्षा र स्वास्थ्य कार्यक्रम: सामुदायिक स्वास्थ्य र शिक्षा सँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने,
७. साझेदारी र सहयोग: विभिन्न सङ्घसंस्था र सरकारी निकायसँग सहकार्य गरेर अनुदान र सहायता प्राप्त गर्ने अवसर,
८. पारिस्थितिकीय र दिगो विकास: दिगो विकास र वातावरणीय शिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने मौका,
९. सामाजिक र सांस्कृतिक गतिविधिहरू: विभिन्न सामाजिक र सांस्कृतिक गतिविधिहरूको आयोजना गरेर विद्यार्थी र समुदायलाई संलग्न गर्ने,
१०. दोधारा चाँदनीका महिला छोरी बुहारीहरूलाई अधययन गर्ने थलोको रुपमा विकास हुनु ,
११. अन्तर्राष्ट्रिय सहयोग: अन्तर्राष्ट्रिय शैक्षिक संस्थासँग सहकार्य गरेर ज्ञान र संसाधनको आदानप्रदान गर्ने अवसर,
१२. नगरपालिकाका सबै सरोकारवाला, राजनीतिक दल तथा जनप्रतिनिधिहरूमा यस पालिकाको उच्च शिक्षाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनमा एकमत रहनु,
१३. विश्व विद्यालय अनुदानबाट नियमित रुपमा अनुदान रकम र अन्य सहयोग प्राप्त गर्नु,
१४. प्रदेश सरकारले उच्च शिक्षा लाई प्राथमिकतामा राख्नु, आदि ।

## ५.५ सामुदायिक क्याम्पसका लक्ष्यहरू ( Goals)

१. पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै ज्ञानमा आधारित अर्थतन्त्र निर्माण गर्न सहयोग गर्नु,

२. उच्च शिक्षालाई नगरपालिकाको समग्र सामाजिक र आर्थिक रूपान्तरणको लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित प्राविधिक, व्यावसायिक र उद्यमशील मानव संशाधन विकास गर्न सहजीकरण गर्नु,

३. माध्यमिक शिक्षाको उच्च शिक्षासँग सुमधुर सम्बन्ध कायम रहने गरी उच्च शिक्षा प्रदायक संस्थाको विकास र सञ्चालन गर्नमा भूमिका निर्वाह गर्नु ,

४. प्राज्ञिक उत्कृष्टता तथा उन्नयनका लागि अध्ययन तथा अनुसन्धान गर्ने उच्च शिक्षा प्रदायक संस्थामार्फत उच्चस्तरीय प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्नु, र

५. उच्च शिक्षा अधययन गर्ने प्रवृत्ति घट्दै गइरहेकाले क्याम्पस भर्नामा विमुख भइरहेका युवा जमातलाई विश्वस्त पार्दै उच्च शिक्षाप्रति आकर्षण बढाउनु, आदि।

## ५.६ सामुदायिक क्याम्पसका रणनीतिहरू ( Strategies)

१. नगरपालिकाभित्र सञ्चालनमा रहेको उच्च शिक्षा प्रदायक संस्थाको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउन सङ्घ र प्रदेश तहको सरकारसँग समन्वय र सहकार्य गरि आवश्यक कानुनी तथा संस्थागत संयन्त्रको निर्माण गर्न सहजीकरण गरिने छ ।

२. नगरपालिकामा सञ्चालन रहेको उच्च शिक्षा प्रदायक संस्थामा समतामूलक पहुँच र गुणस्तर अभिवृद्धि गरि उच्चशिक्षालाई प्राविधिक तथा व्यावसायिक शिक्षाको मार्गमा लैजान सहयोग र सहजीकरण गरिने छ ।

३. नगरपालिकामा रहेका उच्च तहको शिक्षा प्रदायक संस्थाहरूको बिस्तार, सवलीकरण, गुणस्तर विकास गर्न सहयोग गर्न सहयोग र सहजीकरण गरिने छ ।

४. नगरपालिकामा बसोबास गर्ने विपन्न महिला, युवा, अल्पसङ्ख्यक, लोपोन्मुख, पिछडिएका वर्ग, क्षेत्र, समुदाय रजनजातिहरूलाई निश्चित मापदण्डका आधारमा उच्च तहको प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन, अनुसन्धानका अवसर सिर्जना गर्न लगानी गरिने छ ।

५. अनौपचारिक मार्गबाट उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्नका लागि खुला एवम् दुर शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्न उत्प्रेरित गरिने छ ।

६. नगरपालिकाका विभिन्न क्षेत्रमा आवश्यक पर्ने उच्च तहको जनशक्ति आपुर्ति गर्न सक्ने गरी उच्च शिक्षाका कार्यक्रमहरूलाई अगाडि बढाउन आवश्यक सहयोग गरिने छ ।

७. ज्ञानमा आधारित अर्थतन्त्रमा टेवा पुर्याउन सक्ने जनशक्ति उत्पादन गर्न तथा रोगजार प्रवर्धन गर्न नवीनतम् खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गर्न आवश्यक सहयोग गरिने छ ।

८. शिक्षा क्षेत्रको विभिन्न विषयमा अनुसन्धान गर्नका लागि नगरलाई अनुसन्धान हबको रूपमा विकास गर्न एक अनुसन्धान केन्द्रको स्थापना गरि सोमार्फत क्याम्पसहरूलाई अनुसन्धान कार्यमा सहभागी हुन उत्प्रेरित गरिने छ ।

९. विपद्, महामारी र सङ्कटको समयमा समेत शैक्षिक गतिविधिहरूलाई निरन्तरता प्रदान गर्नकालागि आवश्यक पर्ने प्रणाली स्थापना गर्न सहयोग, समन्वय र सहजीकरण गरिने छ ।

१०. उच्च तहको प्राविधिक तथा व्यावसायिक शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्न दिगो लगानी सुनिश्चित गरिने छ ।

११. माध्यमिक शिक्षाको उच्च शिक्षासँग सुमधुर सम्बन्ध कायम रहने गरि उच्च शिक्षा प्रदायक संस्थाको विकास र सञ्चालन गर्नमा भूमिका निर्वाह गरिने छ ।

१२.शिक्षाको महत्व र आवश्यकताको बारेमा समग्र जनमानसमा जनचेतना जगाई उल्लेखनीय रुपमा सहभागिता बढाउन प्रोत्साहित गरिने छ।

१३. उच्च शिक्षामा अध्ययन गर्ने छात्राहरूका लागि स्यानिटेरी प्याडको व्यवस्था गरिने छ।

१४. उच्च शिक्षामा अध्ययन गर्ने विद्यार्थीहरूका लागि छात्रवृत्तिको व्यवस्था गरिने छ।

१५.दोधारा चाँदनी नगरपालिकाको एकमात्र सामुदायिक क्याम्पसका विद्यार्थीहरुलाई पढ्दै कमाउँदै कार्यक्रमको अवसर प्रदान गरिने छ ,

१६.उत्कृष्ट नतिजा ल्याउन सफल सङ्कायगत विद्यार्थीलाई नगरपालिकाद्वारा प्रत्येक वर्ष प्रोत्साहन पुरष्कारको व्यवस्था गरिने छ।

### ५.७ अपेक्षित उपलब्धि( expected outcomes )

#### क) उपलब्धि( outcomes)

उच्च शिक्षामा सबैको पहुँच सुनिश्चित भई समतामूलक सहभागिता, सान्दर्भिकता र गुणस्तरमा सुधार हुने तथा उच्च शिक्षा र विद्यालय शिक्षा बिच राम्रो लम्बीय सम्बन्ध स्थापित हुने।

#### ख) प्रमुख नतिजाहरू ( Key Results)

१. नगरपालिकामा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाबाट सञ्चालन हुने उच्च शिक्षाका कार्यक्रमहरूमा समयानुकूल सुधार र स्तरोन्नति भएको हुने।
२. नगरपालिकामा उपलब्ध जल, जमीन, जङ्गल, जडीबुटी र जैविक विविधता, पर्वतीय पर्यावरण, मौलिक कला, संस्कृति र सभ्यताको अध्ययन, अध्यापन र अनुसन्धान सुरुवात भएको हुने।
३. उच्च शिक्षालाई व्यावसायिक, व्यावहारिक र जीवनोपयोगी बनाई उत्पादन र आर्थिक उपार्जनसँग जोडेर स्वः रोजगारी सिर्जना र आत्मनिर्भर प्राविधिक र व्यावसायिक जनशक्ति उत्पादन भएका हुने।
४. उच्च शिक्षालाई उद्यम र व्यवसायसँग जोडेर जनताको आर्थिक समृद्धि र विकासको साधक प्राविधिक र व्यावसायिक जनशक्ति उत्पादन गर्न एक बहुप्राविधिक शिक्षालय स्थापना तथा सञ्चालन गरिएको हुने।
५. विपद् तथा महामारीको समयमा समेत शैक्षिक गतिविधिहरूलाई निरन्तरता प्रदान गर्नका लागि आवश्यक पर्ने प्रणाली स्थापना भएको हुने।
६. क्याम्पसको सञ्चालन तथा व्यवस्थापनलाई नतिजामूलक बनाउनका लागि लगानीमा अभिवृद्धि भएको हुने।
७. उच्च तहको प्राविधिक तथा व्यावसायिक शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्न दिगो लगानी सुनिश्चित भएको हुने।
८. उच्च प्राविधिक जनशक्तिको रुपमा समाजका सबै वर्गका नागरिकहरूको प्रतिनिधिमूलक सहभागिता हुने।

## ५.८ प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target)

| क्र.सं . | प्रमुख क्रियाकलापहरू | | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य (१०) वर्ष वर्ष) | जिम्मेवर पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | क्याम्पसको न्युनतम पूर्वाधार विकास एवम् भौतिक सुधारमा सहयोग गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका र क्याम्पस |
| २. | क्याम्पसमा आधारित अनुसन्धान केन्द्रको स्थापना गर्न आवश्यक सहयोग गरिने | पटक | | १. | | | | १. | १. | नगरपालिका |
| ३. | स्वयम सेवक शिक्षक व्यवस्थापन | विधार्थी | ० | १० | १० | १० | १० | ४० | १०० | क्याम्पस सँग समन्वय गरेर |
| ४. | उच्च शिक्षा प्रदायक संस्थाहरूलाई प्रविधिमैत्री बनाउने कार्यमा समन्वय सहयोग गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका र कयाम्पस |
| ५ | इ- पुस्तकालयको स्थापना | सङ्ख्या | ० | १ | ० | १ | १ | ३ | २ | नगरपालिका |
| ६ | उच्च शिक्षामा छात्रवृत्ति | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | ३०० | नगरपालिका क्याम्पस |
| ७ | आर्थिक अनुदान | रकम | २०लाख | २०लाख | २०लाख | २०लाख | २०लाख | १ करोड | १ करोड | नगरपालिका |

# परिच्छेद : छ

# सुशासन तथा व्यवस्थापन (Goodgovernance and Management)

## ६.१ परिचय ( Introduction)

अव्यवस्थित व्यवस्थापनले शिक्षाको विकाश सम्भव छैन । राम्रो व्यवस्थापनले नै शिक्षण संस्थाहरूको क्षमतामा विकाश भई सुशासन कायम हुने र शैक्षिक संस्थाहरूको क्षमतामा सुधार हुने गर्दछ । जब शैक्षिक संस्थाहरूको क्षमतामा सुधार हुन्छ; तब मात्र आशातीत सिकाइ उपलब्धि प्राप्त हुन सक्दछ । दोधारा चाँदनी नगरपालिकाले पनि शैक्षिक सुधारका साथै सिकाइ उपलब्धिमा उच्चतम स्तर हाँसिल गराउने चाहना स्वरूप शैक्षिक संस्थाहरूलाई व्यवस्थित गर्ने र तिनीहरूको क्षमता विकाश गराउने विषयमा धेरै कसरत गरिरहेको अवस्था छ । त्यसका निम्ति शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधारको विकाश, शिक्षकहरूको लागि तालिमको व्यवस्था, विद्यालय निरीक्षण एवम् पृष्ठपोषण, नि:शुल्क दिवा खाजामा निरन्तरता, छात्रवृत्ति पर्याप्त व्यवस्था, विद्यालयमा शौचालय, खानेपानी, शैक्षिक सामग्री, खेलकुदका कार्यक्रम एवम् खेलकुदका सामानहरूको व्यवस्था, घेरा पर्खाल, वृक्षारोपण, विभिन्न खाले चेतनामूलक कार्यक्रमहरू, सबै विद्यालयहरूमा विद्यार्थीसँग मेयर कार्यक्रम, विविध विधामा प्रतियोगात्मक कार्यक्रम तथा अन्तरक्रिया लगायतका अन्य कार्यक्रमहरू पनि सञ्चालन गरेको अवस्था छ । विगत लामो समयदेखि समस्याको रुपमा रहेको दरबन्दी मिलान एवम् तहगत प्रधानाध्यापकको व्यवस्था, शिक्षा समितिको गठन, नगरशिक्षा कार्यविधिको निर्माण, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको व्यवस्थापन आदि सफलताका साथ सम्पन्न गर्नु त्यसका निम्ति सफल कडीहरू हुन् । त्यसैमा आधारित भएर यो १० वर्षे योजना निर्माण गरिएको छ । यसका साथै स्थानीय तहले राष्ट्रिय स्तरका कार्यक्रमहरूसँग पनि तादातम्यता गराउनु पर्ने भएकाले तपसिलको राष्ट्रिय नीतिलाई पनि आत्मसात गर्दै आएको छ । राष्ट्रियनीति यहाँ प्रस्तुत गरिएको छ ।

शिक्षा पद्धतिमा निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्ध (Governance) लाई जनाउँदछ । यसमा संरचना तथा प्रक्रिया दुवै पर्दछन् । विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रबन्धअन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निर्णय गर्नु तथा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासन (Good Governance) को प्रत्याभूति गर्नुपर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहन्छ ।

शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । सुशासन तथा व्यवस्थापनसम्बन्धी उल्लिखित तीन पक्षहरूको उचित व्यस्थापनका लागि योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधानअनुसारको सङ्घीय संरचनामा विभिन्न तहका सरकारको दायित्त्व, तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ । नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ । यस सन्दर्भमा संविधानमा सङ्घीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका

सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावित भई साझा अधिकार परिपुरक वा सम्पुरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनुका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ । त्यसै गरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्त्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ ।

## ६.२ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास (Management of Education and Institutional Capacity Development"  )

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना सङ्घीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्ने तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र सँगठनात्मक स्वरूपमा केही परिवर्तन गरि व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय सरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक बिस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरि सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको बिस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरि शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरि यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरि सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

दोधारा चाँदनी नगरपालिकाले पनि संस्थागत संरचना र क्षमता विकासको क्षेत्रमा केही काम गरेको छ । विद्यालयका भौतिक संरचनाहरू, शैक्षिक सुधारका कामहरू, परिक्षा  प्रणालीमा सुधारका अभ्यासहरू, शिक्षक विद्यार्थी अनुपात मिलाउने लगायतका कामहरू त्यसैको सिलसिलामा गरिएका फलहरू नै थिए । विगतका वर्षहरू भन्दा १/२ वर्ष यता आएर शिक्षा प्रदायक संस्थाहरूको संस्थागत संरचना र क्षमता विकासको क्षेत्रमा पहलकदमी केही बढाइएको अवस्था छ ।

### ६.२.१ वर्तमान अवस्था( Current Situation)

वर्तमान अवस्थामा सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । राष्ट्रको शिक्षा सम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण, सङ्घीय योजनाको विकास, अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरि स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन् ।

विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि सङ्घीय, प्रादेशिक र स्थानीय तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्यनमा जटिलता सिर्जना भएको छ । विशेष गरि सङ्घीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरू विकास हुन बाधा भै शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू सरोकरवालाहरूबाट आइरहेका छन् ।

सरकारका विभिन्न तहहरूबिच सहजीकरण र समन्वयनका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता महसुस भएको छ भने नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नुपर्ने छ। समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लय र गतिमा तर आ-आफ्ना भिन्नभिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नुपर्ने देखिन्छ। दोधारा चाँदनी नगरपालिकामा पनि वर्तमान कानुनले (स्थानीय स्वायत्त साशन एन २०७४ ले) दिएका कर्तव्य, दायीत्व र अधिकार भित्र परेका २३ वटा कामहरूमा केही मात्र भए पनि अभ्यासहरूको सुरुवात भइराखेको अवस्था छ।

### ६.२.२ चुनौती र अवसरहरू (Challenges and Opportunities)

### क) चुनौती (Challenges)

१.नगरपालिकामा शिक्षा हेर्ने निकायको पुनर्संरचना र वैज्ञानिक ढङगले व्यवस्थापन गर्नु,

२. शिक्षा सेवा र अन्य सेवाका जनशक्तिहरूको उचित व्यवस्थापन गरि नतिजामुलक ढङ्गले परिचालन गर्नु,

३.विद्यालयमा सुशासन कायम गर्नु,

४.विद्यालय लेखा प्रणालीलाई व्यवस्थित गर्नु,

५.नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरूको क्षमता विकास गर्नु,

६.प्रधानाध्यापकमा नेतृत्व सीप लगायत प्रशासनिक क्षमताको विकास गर्नु,

७.शिक्षक र विद्यार्थीको आचारसंहिता पालना गराउनु र विद्यालयहरूमा कर्मचारीहरूको उचित व्यवस्थापन गरि उनीहरूको क्षमता विकास गर्नु।

### ख) अवसरहरू ( Opportunities)

१.नेपालको संविधानले आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको,

२.उपसचिवको नेतृत्वमा दरबन्दी तेरिज बनाइएको,

३. नगरपालिकाको शिक्षा ऐन कार्यान्वयनमा आएर सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन भई क्रियाशील भएको,

४.अधिकांश विद्यालयहरूमा योग्यता पुगेका प्रधानाध्यापकहरू भएको,

५.शिक्षक र कर्मचारीको क्षमता विकासका लागि मानव संशाधन विकास केन्द्रले सहयोग प्रदान गरेको।

### ६.२.३ उद्देश्य ( Objectives)

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी समग्र उद्देश्य सङ्घीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन प्रवर्धन गर्नु रहेको छ। यस योजनामा सुशासन प्रवर्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्नअनुसार रहेका छन्:

१. नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय सह-अस्तित्व र सहकार्य, सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय तहको अन्तर सम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्ने,
२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थीको उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र सङ्घीय तहमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्ने,
३. कार्यसम्पादन प्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेही र समता तथा समावेशितालाई प्रोत्साहन गरि शिक्षामा सुशासन अभिवृद्धि गर्ने,

४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक र स्थापित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने,

५. खासगरि दोधारा चाँदनीको सिकाइ उपलब्धि स्तर उकास्ने र जीवन उपयोगी बनाउने, आदि।

### ६. .२.४ रणनीतिहरू

१. सङ्घ प्रदेश र स्थानीय तहको अधिकार तथा दायित्त्व लगायतका पक्षहरूमा स्पष्टता कायम गर्न, आवश्यक कानुनी प्रबन्ध गरिने छ।

२. सङ्घप्रदेश र स्थानिय तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषदको संरचनामा परिवर्तन गरि प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्नुका साथै र कार्यान्वयन समिति पनि गठन गरिने छ।

३. हालको जिल्ला शिक्षा समन्वय तथा विकास एकाइलाई पुनर्सङ्गठित गरिने छ।

४. शिक्षक तालिम केन्द्रहरू बिस्तार तथा सुदृढ गरिने छ।

५. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ।

६. अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि सङ्घ, प्रदेश, स्थानीय तह तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिने छ।

७. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता सुधार गरिने छ।

८. प्रत्यक ५/५ वर्षमा विद्यालय प्र.अ.हरूलाई आवश्यकता र औचित्यका आधारमा स्तानान्त्रण गरिने वातावर्ण सिर्जना गरिने छ।

९. स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ।

दोधारा चाँदनी नगरपालिकाले पनि राष्ट्रिय रणनीतिलाई पछयाउँदै आफ्नो अधिकार क्षेत्र भित्र रहेर र स्थानीय परिवेश सुहाउँदो रणनीति बनाई अगाडि बढ्ने नै छ। त्यसैका लागि यो लगायत विभिन्न क्रियाकलापहरू अगाडि बढाई रहेको छ।

### ६.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप(Outcomes, Key Results and Major Activities)

#### क) उपलब्धि (Outcomes)

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने।

#### ख) प्रमुख नतिजाहरू (Key results)

१. तीनै तहका सरकार विद्यालय लगायत शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने।

२. तीनै तहका सरकार विद्यालयलगायत शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने।

३. शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास गर्ने पद्धति स्थापना भई क्षमता सुधार हुने।

४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक तथा समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने।

| सि.न. | प्रमुख क्रियाकलाप | इकाइ | बजेट व्यवस्था | | | | | | भौतिक लक्ष १०.वर्ष | जिम्मेवार पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | प्रयोगशाला व्यवस्थापनमा सहयोग | विद्यालय | | १ | १ | १ | १ | ४ | ८ | सङ्घ र प्रदेशको समन्वय र सहकार्यमा |
| २. | सामुदायिक विद्यालयमा बहुप्राविधिक शिक्षालय स्थापना | " | | | | | | १ | १ | सङ्घ र प्रदेशको समन्वय र सहकार्यमा |
| ३. | नगरपलिकामा प्राविधिक एकाइ स्थापना | ओटा | १ | | | | | १ | १ | सङ्घ र प्रदेशको समन्वय र सहकार्यमा |
| ४ . | छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ र प्रदेशको समन्वय र सहकार्यमा |
| ५. | प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी नगर स्तरीय नीतिको तर्जुमा | पटक | | १ | | | | १ | २ | प्रदेश सरकार र नगरपालिका |
| ६. | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपलाई खोजी, प्रमाणीकरण र उपयोग गर्ने कार्य सञ्चालन | जना | | २ | २ | २ | २ | ८ | २४ | सङ्घ र प्रदेशको समन्वय र सहकार्यमा |
| ७. | युवाहरूलाई खोज र नवप्रर्वतनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन | सङ्ख्या | | ५ | ५ | ५ | ५ | २० | ४० | प्रदेश सरकार र नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८. | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकासको लागि सहयोग कार्यक्रम | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० | प्रदेश सरकार र नगरपालिका |
| | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन तथा नियम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| १०. | सामुदायिक विद्यायमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन | ओटा | | | | | | १ | १ | प्रदेश सरकार र नगरपालिका |

## ६.३ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.३.१ वर्तमान अवस्था ( Current Situation)

योजनाको सफल कार्यान्वयन गरि अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि कार्यान्वयनको उपयुक्त प्रबन्ध आवश्यक छ । कार्यान्वयन प्रबन्ध अन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति ,कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्त्व पर्दछन् । यस परिच्छेदको अघिल्लो खण्डमा यस योजनाका लागि आवश्यक सङ्गठन, संरचना तथा क्षमता विकासका रणनीति तथा क्रियाकलापहरू उल्लेख गरि सकिएकोले कार्यान्वयन प्रबन्धको महत्त्वपूर्ण पक्षका रूपमा यसलाई लिई यस खण्डमा कार्यान्वयनको प्रक्रिया तथा जिम्मेवारीलाई थप स्पष्ट पारिएको छ । योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति ,प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन् । नेपालमा सङ्घीय संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ; भने केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ; तापनि राज्य प्रणालीलाई सङ्घीय संरचना अनुरूप पूर्ण रूपमा रुपान्तरण गर्ने कार्य पूरा भएको छैन । त्यसैले एकातिर यो सङ्क्रमणलाई सहज रुपान्तरण गर्न सहयोग गर्ने गरि कार्यान्वयन प्रबन्ध गर्नुपर्ने  छ; भने अर्कोतिर योजना कार्यान्वयनका विशिष्ट कार्यहरू सम्पादनमा लागि आवश्यक संरचना तथा प्रबन्ध पनि आवश्यक हुन सक्दछन् । कार्यान्वयन प्रबन्ध तयार गर्दा विचार पुयाउनु पर्ने अर्को पक्ष भनेको यस योजनाको कार्यान्वयन संरचना तथा प्रक्रियाले समग्र शिक्षा प्रणलीलाई प्रभाव पार्ने भएकाले कार्यान्वयन प्रबन्धको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु हो । उल्लिखित सन्दर्भमा यस खण्डमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनको प्रबन्ध उल्लेख गरिएको छ । कार्यान्वयन प्रबन्धको समग्र पक्षअन्तर्गत यस परिच्छेदको अघिल्लो खण्डमा उल्लिखित सङ्गठन, संरचना तथा क्षमता विकासका रणनीति तथा क्रियाकलापहरू पनि समावेश हुने भएकाले त्यसलाई समेत आधारमा मानेर कार्यान्वयन प्रबन्ध उल्लेख गरिएको छ । यस योजनाको अनुगमन तथा मूल्याङ्कनका विस्तृत रणनीति तथा क्रियाकलापहरू आगामी खण्डमा समावेश गरिएकाले यस खण्डमा कार्यान्वयन प्रबन्धको र जिम्मेवारी मात्र समावेश गरि सङ्घ प्रदेश स्थानीय तह तथा विद्यालय अन्तर्गत कार्यन्वयनको जिम्मेवारी तथा प्रक्रिया इङ्गित गरिएको छ ।

नेपालमा सङ्घीय संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भई केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण भए तापनि राज्य प्रणालीलाई सङ्घीय संरचना अनुरूप रुपान्तरण गर्न थप कार्य गर्नुपर्ने  देखिन्छ । शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने  छ । सङ्घमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयहरूसँग समन्वय तथा सहकार्य गर्दछ । त्यसै गरि विकास साझेदारहरूसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा कार्यक्रमहरूको समग्र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रहेको छ । मन्त्रालय अन्तर्गत समग्र विद्यालय क्षेत्रका कार्यक्रमको रणनीतिक योजना विकास, समन्वय, मापदण्ड विकास, अनुगमन तथा शैक्षिक सूचनाको व्यवस्थापन, शिक्षक तालिमका कोर्सहरू विकास तथा शिक्षा सेवाका कर्मचारीको क्षमता विकास गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका लागि पाठ्यक्रम विकास केन्द्र र शैक्षिक पद्धित, नीति तथा कार्यक्रमको उपलब्धि तथा प्रभाव अध्ययन गरि सुधारका मार्ग पहिचान गर्न सघाउने कार्यका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र गरि तीनओटा विभागीय निकायहरू रहेका छन् । शिक्षक छनोट, बढुवा तथा अध्यापन अनुमति पत्रसम्बन्धी कार्य गर्न शिक्षक सेवा आयोग र शिक्षक अभिलेख तथा निवृत्तिभरण लगायतका निवृत्त शिक्षकको सेवाका लागि सङ्घीय मामला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत शिक्षक किताबखाना रहेको छ । राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ र

कक्षा १० मा सार्वजनिक परीक्षा सञ्चालन गरिरहेको छ । प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र अन्तर्गत एकएकओटा शिक्षा विकास निर्देशनालय र एकएकओटा तालिम केन्द्रहरू रहेका छन् भने केही प्रदेशहरूले केही डिभिजनल कार्यालयहरू खोल्न थालेका छन् । स्थानीय तहमा शिक्षा महाशाखाशाखा रहेका छन् । प्रत्येक विद्यालयमा / विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षकमध्य एक जनालाई प्रधानाध्यापक नियुक्त गरि विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ । यसका अतिरिक्त सङ्घीय शिक्षा मन्त्रालय अन्तर्गत प्रत्येक जिल्लामा एउटाका दरले ७७ ओटा जिल्ला शिक्षा विकास तथा समन्वय एकाइहरू रहेका छन् । सङ्घीय संरचना अनुसार कार्यसम्पादन गर्नका लागि तत्काल परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरि कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएका सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ ।

दोधारा चाँदनी नगरपालिकाले स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध मार्फत नगरभित्रको शिक्षाको गुणस्तर सुधार, पहुँच वृद्धि, र समावेशी शिक्षा प्रवर्धनका लागि विशेष पहलहरू गरिरहेको छ। यसले स्थानीय आवश्यकता, स्रोतसाधन, र समुदायको सहभागितालाई प्राथमिकता दिएर योजना तयार पार्छ र कार्यान्वयन गर्छ।.

## ६.३.२ समस्या तथा चुनौतीहरू ( Problems and Challenges)

१. स्रोतकेन्द्र पद्धति विघटन भई अर्को स्थानीय शिक्षक सहायता पद्धति स्थापना नहुँदा देखिएको कठिनाइ हटाउनका लागि स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु,

२. तत्कालमा रहेका २९ शिक्षा तालिम केन्द्रलाई ७ ओटामा खुम्च्याइएको अवस्थामा शिक्षक तालिमको क्षमता अपर्याप्त भएकाले बिस्तार गर्नु,

३. एकातिर पर्याप्त कार्यविवरण विना नै तात्कालीन जिल्ला शिक्षा कार्यालयहरूलाई जनशक्ति केही कम गरि ७७ ओटा जिल्ला शिक्षा विकास तथा समन्वय एकाइमा रुपान्तरण गरी सङ्घीय शिक्षा मन्त्रालय अन्तर्गत राखिएको छ भने अर्कोतिर स्थानीय तहमा जनशक्ति अभाव हुनाले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित हुन नसकेको अवस्थामा सङ्गठन तथा दरबन्दी पुनरावलोकन गर्नु,

४. विद्यालय शिक्षाका सन्दर्भमा प्रदेश तहको भूमिका तथा कार्य विवरण स्पष्ट गर्नुपर्ने र तदनुकूल कार्यान्वयन संयन्त्र पुनर्संरचित गर्नु,

५. सङ्घीय सरकारबाट प्राप्त सशर्त अनुदानबाहेक अन्य अनुदान तथा प्रदेश र स्थानीय तहको आम्दानीबाट प्राप्त हुने बजेटलाई एकीकृत गरि स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु, र

६. सङ्घ, प्रदेश तथा स्थानीय तहहरूबिच समन्वय र सहकार्य सुदृढ गर्ने, आवश्यक सूचनाको सहज आदान प्रदान गर्ने र अनुगमन प्रतिवेदनलाई व्यवस्थित गरि सबै तहका सरकार तथा सरोकारवालाहरूले सहजै प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनु, आदि

## ६.३.३ योजना कार्यान्वयनको प्रबन्ध

यस योजना कार्यान्वयनको अवधिमा सङ्घीय संरचना अनुसार हालसम्म गरिएका कार्यान्वयन प्रबन्धको अनुभवका आधारमा कार्यान्वयन प्रबन्धमा आवश्यक सुधार सहित स्पष्ट जिम्मेवारी र उत्तरदायित्व निर्धारण गर्नु आवश्यक छ। शिक्षा क्षेत्रका कार्यक्रम कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तर्जुमा, आवश्यक नीतिगत मापदण्ड परिमार्जन तथा विकास कार्यक्रम कार्यान्वयन तथा अनुगमन तथा मूल्याङ्कनका लागि तीन तहका सरकारबिच जिम्मेवारी तथा उत्तरदायित्वको, स्पष्टताका साथै एक अर्कोबिच आपसी समन्वय, सहकार्य र आदान प्रदान पद्धतिको विकास आवश्यक छ । यसका लागि तीन तहका

सरकारबिच ठाडो (Vertical) अन्तरसम्बन्ध र सञ्चार प्रणाली तथा प्रत्येक सरकारका विभिन्न निकायबिचको तेर्सो (Horizontal) समन्वय तथा सञ्चार प्रणाली पनि स्थपित हुनुपर्छ । फेरि यस योजनाको कार्यान्वयनको मुख्य थलो वा एकाइ विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रबन्धका साथसाथै स्थानीय तहले विद्यालयका क्रियाकलापहरूको नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकतानुसार सहयोग र समन्वय गर्नु पर्दछ । , सङ्घीय तहबाट शिक्षाका लागि प्रदेश तथा स्थानीय तहमा जाने अधिकांश बजेट सशर्त अनुदान (Conditional grants) हुने भएकाले सो अनुदानको खर्च गर्दा निर्धारित मापदण्ड पालना गर्नुपर्ने हुन्छ; भने प्रदेश तथा स्थानीय तहले आफ्नै तथा अन्य स्रोतबाट शिक्षामा गर्ने लगानीलाई पनि समग्रतामा शिक्षाको पहुँच, सहभागिता, गुणस्तर तथा समता र समावेशिता प्रवर्धन गर्ने किसिमले व्यवस्थित गर्नु पर्दछ । प्रदेश तथा स्थानीय तहहरूले सङ्घीय तहबाट प्राप्त सशर्त अनुदानका अतिरिक्त अन्य अनुदान र उनीहरूको आफ्नै स्रोतबाट व्यवस्था गरिएको बजेट समेटेर वार्षिक बजेट तथा कार्यक्रम निर्धारण गर्नु पर्दछ । यस प्रकार शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि तीनै तहका सरकार संरचनामा सुधार तथा क्षमता विकास गर्नुका साथै विद्यालयको पनि क्षमता विकास गर्नु आवश्यक छ । शिक्षा क्षेत्रको यस योजनाको समग्र कार्यान्वयन प्रक्रियका लागि विभिन्न तहमा निम्निलखित प्रबन्ध गरिने छः

**सङ्घीय तह**

१. सङ्घीय शिक्षा मन्त्रीको अध्यक्षतामा शिक्षा ऐनमा व्यवस्था भए अनुसारको राष्ट्रिय शिक्षा परिषद्मा प्रदेश सामजिक विकासमन्त्री तथा स्थानीय तहका प्रमुख वा उपप्रमुखको पनि प्रतिनिधित्व हुने व्यवस्था मिलाउनुका साथै यस परिषदको सचिवालय स्थापना गर्ने,
२. मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिमा गरिने चौमासिक समीक्षामा यस योजनाको कार्यान्वयन अवस्था तथा उपलब्धिको समीक्षा गरि अन्तरमन्त्रालय तथा विभिन्न तहका सरकारहरूबिचको समन्वय र सहकार्यका लागि राष्ट्रिय विकास समस्या समाधान समितिले सहयोग गर्ने,
३. शिक्षा सचिवको अध्यक्षतामा गठन हुने योजना कार्यान्वयन समिति शिक्षा मन्त्रालयको योजना महाशाखा प्रमुख, मन्त्रालय अन्तर्गतका केन्द्रीय निकायका प्रमुखहरू, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय लगायतका प्रतिनिधि र प्रदेश समाजिक मन्त्रालयका सचिवको प्रनिधित्त्व रहने छ । यस समितिको बैठकमा आवश्यकता भएमा विकास साझेदारका प्रतिनिधिलाई पनि आमन्त्रित गर्न सकिने छ।
४. सङ्घीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा शिक्षा मन्त्रालयको योजना महाशाखाले कार्यन्वयनका लागि सम्बन्धित निकायहरूबिच समन्वय गर्ने छन् भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिकाको विकास, शैक्षिक सूचनाप्रणाली व्यवस्थापन र वार्षिक स्थिति प्रतिवेदन तयारी गर्ने छ ।
५. पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रदेश तथा स्थानीय तहसँग आवश्यक समन्वय गरि निर्धारित कार्यक्रम सञ्चालन गर्ने छन्।
६. शिक्षा मन्त्रालयको योजना तथा अनुगमन महाशाखा अन्तर्गतको वैदेशिक सहयता समन्वय शाखाले विकास सहायता सञ्चालनका लागि विकास साझेदारहरूबिच समन्वय गर्नेछ।
७. विभिन्न विषय क्षेत्रमा अन्तरमन्त्रालय तथा अन्तरनिकाय समन्वय र सहकार्यका लागि आवश्यकतानुसार समन्वय संयन्त्र विकास हुने छ ।
८. यो योजनाका प्रमुख उपलब्धि सूचकहरू (KPI), कार्यक्रम नतिजा सूचकहरू (PRF) र वार्षिक कार्यक्रम तथा बजेटका आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँग सहकार्य गरि मन्त्रालयको योजना महाशाखाले वार्षिक रूपमा अनुगमन सूचक तयार गरी नियमित रूपमा अनुगमन प्रतिवेदन तयार गर्नेछ ।

९. शिक्षा मन्त्रलयले विकास साझेदार तथा सरकारका सम्बन्धित निकायहरू समेतको सहभागितामा कार्यक्रम कार्यान्वयनको वार्षिक समीक्षा गरि सुधारका लागि सुझाव प्रदान गर्ने तथा सुधारका लागि कार्य योजना तयार गर्न सहयोग गर्ने पद्धतिलाई व्यवस्थित गर्ने ।

**प्रदेश तह**

१. प्रदेश तहमा सामाजिक विकास मन्त्रालयले प्रदेश शिक्षा विकास निर्देशनालयमार्फत आवश्यक समन्वय गर्नेछन् भने प्रदेश मातहतमा रहने शिक्षा डिभिजन कार्यालय तथा तालिम केन्द्रहरूले निर्धारित कार्यक्रम कार्यान्वयन गर्नेछन् ।

२. प्रदेश शिक्षा डिभिजन कार्यालयमार्फत कार्यक्रम कार्यान्वयन सम्बन्धमा स्थानीय तह तथा सङ्घीय तहसँग आवश्यक समन्वय गर्नेछन् ।

३. योजनाका लागि सङ्घीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानका अतिरिक्त अन्य अनुदान तथा प्रदेशको आफ्नै स्रोतबाट सञ्चालन हुने गरी एकीकृत रूपमा वार्षिक योजना तयार प्रदेश सामाजिक विकास मन्त्रालयले तयार गर्ने छ भने कार्यान्वयनको अवस्थाको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत नियमित रूपमा प्रतिवेदन प्राप्त हुने व्यवस्था मिलाउने छन् ।

४. प्रदेशमा प्रदेश परीक्षा बोर्ड स्थापना गरि कक्षा १० को सार्वजनिक परीक्षा सञ्चालन गर्नेछन् ।

**स्थानीय तह**

स्थानीय तहले सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरि वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्नेछन् ।

१. स्थानीय तहका शिक्षा महशाखाशाखाको क्षमता विकास गरि सुदृढ गरिने छ;  भने स्थानीय तहले कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्नेछन् ।

२. स्थानीय तहले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरि विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन् ।

३. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार स्थानीय तहले कानुन तथा मापदण्ड तथा निर्देशिका विकास गर्ने छ।

४. स्थानीय तहले एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरि थप सुधार मा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र सङ्घीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने छन् ।

५. स्थानीय तहले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने छन् ।

**विद्यालय**

१. विद्यालयले विद्यालय सुधार योजना (SIP) तयार गरी वार्षिक रूपमा अद्यावधिक गर्ने छन् ।

२. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरि वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्ने छन् ।

३. विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यपकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने छ ।

४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरि लागु गर्ने छन्।

५. विद्यालयहरूले अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने छन्।

६. विद्यालयले स्थानीय सरकारका सम्बन्धित एकाइहरू, स्थानीय सामुदायिक तथा गैरसरकारी संस्था तथा स्रोतव्यक्ति समेतको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको व्यवस्था र आपत्कालको व्यवस्थापन सम्बन्धी सिप प्रदान गर्नका लागि आवश्यक समिति वा संरचना तयार गर्ने छन्।

७. विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइका साथसाथै विभिन्न अतिरिक्त क्रियाकलाप तथा सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्नेछन्।

# परिच्छेद : सात

## लगानी र श्रोत व्यवस्थापन(Investment and Resource Management)

### ७.१ परिचय (Introduction)

ज्ञान बिना प्रगती सम्भव छैन, शिक्षा बिना ज्ञान सम्भव छैन त्यसैले प्रगतिको लागि शिक्षामा लगानी अनिवार्य छ । शिक्षामा लगानीको विश्वव्यापी प्रवृत्ति तथा राष्ट्रिय आकांक्षालाई विचार गरेर नेपालमा पनि सरकार तथा समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई बिस्तार गरिएको छ । नेपालमा राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकांक्षा तथा आवश्यकता, विश्वव्यापी मान्यता, दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान, अन्तर्राष्ट्रिय समुदायको चासो र चिन्ता इत्यादि पक्षलाई ध्यानमा राखी व्यवस्थापन गरिँदै आएको छ। यसलाई विभिन्न नीतिगत दस्तावेजहरूले आधार प्रदान गरेका छन्।

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध राष्ट्रनिर्माण तथा उन्नत समाज विकासका लागि सरकार तथा समुदायले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । भविष्यका लागि गुणस्तरीय मानव संसाधनको विकास गर्न शिक्षामा लगानी गरिन्छ । त्यसैले बालबालिकाको शिक्षामा गरिने लगानी व्यक्ति, समाज र राज्यको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्त रूप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । शिक्षामा राज्यको लगानीले प्रमुख तीन पक्षलाई ध्यान दिनु पर्दछ । ती तीन पक्षहरूमा पहिलो, "राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता", दोस्रो, "सहभागी भई सकेकालाई उचित र गुणस्तरीय शिक्षाको सुनिश्चितता" र तेस्रो, "स्रोतको समतामूलक वितरण र उपयोग" रहेका छन् । यसलाई विभिन्न नीतिगत दस्तावेजहरूले आधार प्रदान गरेका छन् । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा लिई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ जारी भएको छ भने उक्त ऐन कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ पनि स्वीकृत गरेको छ । संवैधानिक एवम् कानुनी प्रावधान अनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि आवश्यक स्रोतको खोजी, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन र प्रतिवेदन सम्बन्धी व्यवस्था गर्नु आवश्यक छ।

### ७.२ वर्तमान अवस्था ( Current Situation)

संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजीक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ । नेपालको संविधानमा वित्तीय व्यवस्थापन सम्बन्धमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा उल्लेख गरेको पाइन्छ । समानीकरण अनुदानको हकमा प्राकृतिक तथा वित्त आयोगको सिफारिसमा सङ्घीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ । विशेष अनुदान र समपूरक अनुदानको राष्ट्रिय योजना आयोगबाट वित्तीय हस्तान्तरणसम्बन्धी व्यवस्थापन हुँदै आएको छ । सशर्त अनुदान सम्बन्धित विषयगत मन्त्रालयबाट आवश्यक प्रक्रिया पूरा गरि स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा स्थानीय र प्रदेश तहबाट हाल अभ्यास भएको देखिदैन । सङघीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक स्थानीय तथा प्रदेश तहको आफ्नै स्रोतमा आधारित बजेट पनि शिक्षा क्षेत्रमा सम्बन्धित तहले विनियोजन गर्न सक्दछ । एकातिर शिक्षामा राज्यको पर्याप्त लगानी समतामूलक र न्यायपूर्ण समाज व्यवस्था विकासका लागि महत्वपूर्ण पक्ष हो ।

दोधारा चाँदनी नगरपालिकाको सन्दर्भमा यहाँको शिक्षा क्षेत्रको विकासका लागि करिब ९० प्रतिशत रकम सङघीय सशर्त बजेटबाट नै प्राप्त हुने गर्दछ । केही रकम नगरपालिकाले वित्तीय समानीकरण अनुदानबाट विनियोजन गर्दछ भने थोरै मात्रामा सुदुरपश्चिम प्रदेश सरकारबाट शिक्षा क्षेत्रको लागि बजेट प्राप्त भएको अवस्था छ । वर्षेनी बजेट अपर्याप्त हुँदा शिक्षक र कर्मचारीको समेत तलब भत्ता निकासा गर्न समेत समस्या परिरहेको अवस्था छ । सङघीय सरकारबाट प्राप्त हुने बजेट करिब ९९ प्रतिशत रकम तलब भत्ता र अनुदान रहेकाले नगरपालिकाको शैक्षिक गुणस्तर उन्नयनको पाटोमा उक्त रकम निःशर्त परिचालन गर्न सक्ने अवस्था रहदैन । नगरपालिकाले पनि कूल बजेटको करिब १० प्रतिशतको हाराहारीमा शिक्षा क्षेत्रको लागि वर्षेनी बजेट विनियोजन गरिरहेको छ । उक्त रकमध्ये ७५ प्रतिशत बजेट नगरपालिकाले सिर्जना गरेको शिक्षक, खेलकुद प्रशिक्षक, कर्मचारी, बालविकास शिक्षकको पारिश्रमिक तथा प्रधानाध्यापक र कर्मचारीको प्रोत्साहनमा खर्च हुने गरेको छ । नगरपालिकाको समग्र शैक्षिक गुणस्तरमा अपेक्षा गरेबमोजिम लगानी गर्न सकिएको अवस्था देखिदैन । दोधारा चाँदनी नगरपालिकाको समग्र शैक्षिक अवस्थामा सरकारको लगानी अपर्याप्त रहेको छ भने उक्त रिक्त परिस्थितिलाई पूरा गर्ने कार्य निजी लगानीबाट प्राप्त भइरहेको छ ।

सङ्घीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदान बाहेक स्थानीय तथा प्रदेश तहको आफ्नै स्रोतमा आधारित बजेट पनि शिक्षा क्षेत्रमा सम्बन्धित तहले विनियोजन गर्न सक्दछ ।

एकातिर संवैधानिक प्रावधानले मुलुकले समता र न्यायमा आधारित समाजवाद उन्मुख राज्यको परिकल्पना गर्नु, अर्कोतिर शिक्षा राज्यको लगानी र निजीको शिक्षा क्षेत्रमा संलग्नता क्रमशः बढ्दै जानुले शिक्षामा लगानीका सम्बन्धमा चुनौती थपिएको छ । राज्य सङ्घीय स्वरूपमा व्यवस्थापन हुँदै गर्दा सङ्घ, प्रदेश र स्थानीय तहको लगानीलाई कसरी समन्वयात्मक तरिकाले उद्देश्यमूलक बनाउने भन्ने विषय पनि शिक्षामा लगानीका सम्बन्धमा अहम् महत्त्वको विषय बनेको छ ।

शिक्षालाई फलदायी बनाउन यसमा आवश्यक पर्ने स्रोत पहिचान गरि तिनलाई एकत्रित गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनुपर्ने महत्त्वपूर्ण पक्ष हुन् । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने? कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने? विनियोजित स्रोतको प्रवाह कसरी गर्ने? र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने ? भन्ने विषयमा जति ध्यान पुग्दछ; शैक्षिक लगानीको पक्ष उत्तिकै सक्षम हुन्छ र व्यवस्थित हुन्छ ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ । पहिचान गरिएका चुनौतीहरूको सामना गर्दै वित्तीय

व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरि स्रोतको आँकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

अहिले आएर शिक्षाको क्षेत्रमा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ ।

## ७.३ शिक्षामा निजी लगानी

शिक्षा क्षेत्रमा घरपरिवारको लगानी उलेख्य छ भने यसमा निजी क्षेत्रले पनि लगानी गरिरहेको छ । शिक्षामा गरिने सार्वजनिक र घरपरिवार तथा निजी लगानीलाई मुलुकले अवलम्बन गरेको दर्शन र राज्यका समग्र राष्ट्रिय नीतिको सापेक्षतामा हेर्ने गरिन्छ । नेपालको संविधानले नेपाल राज्य समाजवाद उन्मुख हुने र आधारभूत तहसम्मको शिक्षा नि:शुल्क र अनिवार्य हुने तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुने कुरा मौलिक हक कै रूपमा समावेश गरेको छ । त्यसै गरि शिक्षालाई नागरिक अधिकारको रूपमा राज्यका नीतिमा उल्लेख भएको छ । यो पक्षबाट शिक्षामा गरिने सार्वजनिक र निजी लागानीलाई विश्लेषण गर्दा शिक्षामा सार्वजनिक लगानी बढाउनु पर्ने अवस्था देखिन्छ ।

नेपालमा निजी क्षेत्रबाट सञ्चालित संस्थागत विद्यालमा पढ्ने विद्यार्थी सङ्ख्या कूल विद्यार्थी सङ्ख्याको २५ प्रतिशतभन्दा बढी रहेको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा भने ५० प्रतिशत भन्दा बढी बालबालिका निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा रहेका छन् । विद्यालय तहसम्मको शिक्षाको प्रबन्ध राज्यको दायित्व हुने संवैधानिक प्रत्याभूतिलाई सम्बोधन गर्ने सन्दर्भमा निजी क्षेत्रको सहभागिता केकसरी हुने भन्ने विषय पनि शिक्षामा लगानी र स्रोत व्यवस्थामा महत्त्वपूर्ण हुन्छ । नेपालका निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थामा सरकारी खर्च (लगानी) प्रत्यक्ष रूपमा नभए पनि प्रशासनिक र व्यवस्थापकीय कार्यमा सहयोग तथा सहजीकरण र नियमनका पक्षमा सरकारको भूमिका रहेको छ । त्यसका लागि सरकार तथा निजी खर्च के कति भयो भनी हिसाबकिताब गरेको पाइदैन र यो सहज पनि छैन ।

दोधारा चाँदनीको हकमा निजी लगानी अर्थात् संस्थागत विद्यालयहरूको अहम् भूमिका रहेको छ । नगरपालिकाको आर्थिक भारलाई घटाई शिक्षा क्षेत्रको विकाशमा सहयोग गरेको छ । दक्ष जनशक्ति उत्पादनमा अहम भुमिका खेलेको छ । विश्व परिवेशको प्रतिस्पर्धात्मक अवस्थालाई संस्थागत विद्यालयबाट उत्पादन भएका विद्यार्थीहरूले सम्हालि राखेका छन् । यस्तो परिस्थितिलाई दोधारा चाँदनी नगरपालिकाले ध्यानमा राखी निजी लगानी बाट सञ्चालित संस्थागत विद्यालयहरूलाई सम्बोधन गर्ने जमर्को गरिएको छ । तर संविधानत: यो जनताका लागि न्याय सङ्गत देखिदैन र समतामुलक समाजको लागि यो नकारत्मक पक्ष हो । त्यसैले राज्यले संस्थागत विद्यालयहरूको सम्बन्धमा सम्विधानमा व्यवस्था भए वमोजिम नै गर्नु न्यायसँगत हुन्छ । तर सामुदायिक विद्यालयमा अभिभावकको स्वच्छिक लगानी एवम् सहभागिता भने स्वागत योग्य नै मान्न सकिन्छ ।

प्रति विद्यार्थी निजी र सार्वजनिक क्षेत्रबाट के कति लगानी भएको छ भने एउटा अनुसन्धान प्रतिवेदनले देखाएको नतिजा यहाँ प्रस्तुत गरिएको छ । यहाँ प्रति विद्यार्थी सार्वजनिक खर्च विभिन्न तहका सरकारले सम्बन्धित तहले शिक्षामा गरेको खर्चका आधारमा निकालिएको छ भने प्रति विद्यार्थी निजी लगानीले सामुदयिक विद्यालयमा अभिभावकले गर्ने विभिन्न प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च र निजी विद्यालयमा पढाउने अभिभावकले तिरेको शुल्क लगायत सबै खर्चहरू समावेश भएका छन् ।

# दोधारा चाँदनीमा प्रति विद्यार्थी लगानीको तुलनात्मक अवस्था

| सामुदायीक तर्फ | | | | संस्थागत तर्फ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्रसं | विद्यालयको नाम | ठेगाना | तह | क्रसं | विद्यालयको नाम | ठेगाना | तह | औषत प्रति विद्यार्थी लगानी | कै |
| १ | श्री महाकाली आदर्श मा.वि. | वडा नं. १ | ०-१० | १ | पशुपति इ. बो. स्कुल | १ | आ.वि. | | |
| २ | श्री पशुपती आ. वि. | वडा नं. १ | ०-८ | २ | हिमालय एकेडेमी | १ | आ.वि. | | |
| ३ | श्री पूर्णागीरी आ. वि. | वडा नं. १ | ०-५ | ३ | सावलिन इ. बो. स्कुल | १ | आ.वि. | | |
| ४ | श्री पूर्णा आ. वि. | वडा नं. २ | ०-८ | ४ | नोवेल एकेडेमी | २ | मा.वि | | |
| ५ | श्री कालिका आ. वि. | वडा नं. २ | ०-७ | ५ | लिटिल स्टार इ. स्कुल | ४ | आ.वि. | | |
| ६ | श्री शंकर पार्वती मा.वि. | वडा नं. ३ | ०-१० | ६ | सगरमाथा इ. स्कुल | २ | आ.वि. | | |
| ७ | श्री गणेश आ. वि. | वडा नं. ३ | ०-५ | ७ | न्यू सनसाइन इ. स्कुल | ३ | मा.वि | | |
| ८ | श्री जमुना आ. वि. | वडा नं. ३ | ०-५ | ८ | चाँदनी बाल विद्यालय | ३ | आ.वि. | | |
| ९ | श्री शारदा स. मा. वि. | वडा नं. ४ | ०-१२ | ९ | कन्चन लि. बो. स्कुल | ४ | मा.वि | | |
| १० | श्री मालिका आ. वि. | वडा नं. ४ | ०-५ | १० | ध्रुर्वतारा पब्लिक स्कुल | ४ | मा.वि | | |
| ११ | श्री भानु मा. वि. | वडा नं. ६ | ०-१२ | ११ | इलाईट बो. स्कुल | ५ | आ.वि. | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | श्री कमलाशा आ. वि. | वडा नं. ६ | ०-५ | १२ | एशियन स्टार इ. स्कुल | ६ | आ.वि. | | |
| १३ | श्री लक्ष्मी मा. वि. | वडा नं. ७ | ०-१२ | १३ | नवोदय एजुकेशन फा. | ६ | आ.वि. | | |
| १४ | श्री राष्ट्रिय आ. वि. | वडा नं. ७ | ०-८ | १४ | ओम पुष्पान्जली स्कुल | ७ | मा.वि | | |
| १५ | श्री पुर्णागीरी आ. वि. | वडा नं. ७ | ०-५ | १५ | न्यु गार्डेन इ. स्कुल | ७ | आ.वि. | | |
| १६ | श्री जनज्योति मा. वि. | वडा नं. ८ | ०-१० | १६ | आदर्श पब्लिक स्कुल | ७ | आ.वि. | | |
| १७ | श्री भैरव आ. वि. | वडा नं. ८ | ०-५ | १७ | दोधारा न्यु भिजन इ. स्कुल | ८ | आ.वि. | | |
| १८ | श्री अम्बिका मा. वि. | वडा नं. ९ | ०-१२ | १८ | जेरोक्स मंटेशोरी स्कुल | ९ | मन्टेसरी | | |
| १९ | श्री सिर्जना आ. वि. | वडा नं. ९ | ०-८ | १९ | युनिक सनराइज इ.स्कू. | ९ | मा.वि | | |
| २० | श्री नवयुग आ. वि. | वडा नं. ९ | ०-५ | २० | सुदूरपश्चिम एकेडेमी | ९ | आ.वि. | | |
| २१ | श्री ओमकार आ. वि. | वडा नं. १० | ०-८ | २१ | नोभाइस हेभन इ. स्कुल | १० | आ.वि. | | |
| २२ | श्री हरिओम आ. वि. | वडा नं. १० | ०-५ | | | | | | |

उपर्युक्त तालिका विश्लेषण गर्दा पूर्व प्राथमिक /बालविकास शिक्षा बाहेक अन्य तहहरूमा सार्वजनिक लगानीको तुलनामा निजी लागानी बढी भएको देखिन्छ । निःशुल्क विद्यालय शिक्षालाई राज्यको दायित्वका रूपमा कार्यान्वयन गर्नका लागि अहिलेकै अवस्थामा पनि सरकारको लगानी बढाउनु जरुरी देखिन्छ भने समग्रमा शिक्षा प्रवाह सुधार गरी बालबालिकामैत्री वातावरमा सबैका लागि गुणस्तरीय शिक्षाको प्रबन्धका लागि थप लगानी आवश्यक छ । दोधारा चाँदनीको समग्र अवस्था हेर्दा सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी सङ्ख्या हाराहारीमा रहेको देखिन्छ ।

मुलुकमा सङ्घीय स्वरूपको राज्य व्यवस्थापन गर्ने क्रममा सङ्घ, प्रदेश र स्थानीय तीनै तहका सरकारको निर्वाचन भएर ती सरकारहरू क्रियाशील भएको सन्दर्भमा संवैधानिक मार्गदर्शन तथा त्यसबाट सिर्जना भएका दायित्त्व, प्राथमिकता तथा जिम्मेवारीले शिक्षामा स्रोत तथा लगानीको स्वरूप निर्धारणलाई महत्त्वपूर्ण आधार तयार गर्दछ भने दिगो विकास लक्ष्य तथा बालअधिकार तथा शिक्षासम्बन्धी नेपालले गरेका प्रतिबद्धता, राष्ट्रिय कानुन तथा नीतिहरू पनि शिक्षामा सार्वजनिक लगानीका आधारहरू हुन् । सार्वजनिक विद्यालयहरूमा विद्यार्थीको भर्ना दर घट्न थाल्नु र संस्थागत विद्यालयमा बढ्नुले एकातिर सार्वजनिक शिक्षाको व्यवस्थापन तथा गुणस्तरप्रति अभिभावक विश्वस्त हुन नसकेको भन्ने देखिन्छ भने अर्कोतिर आर्थिक रूपले सक्षम तथा सहज परिस्थितिमा रहेका र आर्थिक रूपले कमजोर तथा सुविधा विहिन बिचको भिन्नतालाई फराकिलो पार्दै लैजाने कार्यलाई बालमस्तिष्कमा नै रोपण गरि यसले समाजका असमानता र द्वन्दलाई मलजल गरेको देखिन्छ । यस्तो अवस्थामा शिक्षाको लगानीले यस्तो भिन्नता तथा असमानतालाई घटाउन सहयोग गर्नुपर्छ । सार्वजनिक विद्यालयहरूमा विद्यार्थीको भर्ना दर घट्न थालेको र संस्थागत विद्यालयमा बढ्न थालेको एउटा तथ्य तल प्रस्तुत आँकडाले पनि स्पष्ट पार्दछन्

## तालिका - सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थीको भर्नाको अवस्था

| सामुदायिक तर्फ | | | | | | | | | | संस्थागत तर्फ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | शै. स. २०८० को विद्यार्थी भर्ना सङ्ख्या | | | शै. स. २०८१ को विद्यार्थी भर्ना सङ्ख्या | | | क्र. स. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | शै. स. २०८० को विद्यार्थी भर्ना सङ्ख्या | | | शै. स. २०८१ को विद्यार्थी भर्ना सङ्ख्या | | |
| | | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | | | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | श्री महाकाली आ.मा.वि. | वडा नं. १ | ०-१० | ३५४ | २२५ | ५७९ | २४८ | १५० | ३९८ | १ | पशुपति इ. बो. स्कुल | १ | ०-५ | २२ | ३५ | ५७ | २३ | ३४ | ५७ |
| २ | श्री पशुपती आ. वि. | वडा नं. १ | ०-८ | ११९ | ६८ | १८७ | १०२ | ७३ | १७५ | २ | हिमालय एकेडेमी | १ | ०- ८ | ६७ | ९९ | १६६ | ७७ | ८६ | १६३ |
| ३ | श्री पूर्णागीरी आ. वि. | वडा नं. १ | ०-५ | ४५ | ५३ | ९८ | ४७ | ३५ | ८२ | ३ | सावलिन इ. बो. स्कुल | १ | ०-५ | ६२ | ११४ | १७६ | ६० | १०७ | १६७ |
| ४ | श्री पूर्णा आ. वि. | वडा नं. २ | ०-८ | १७४ | ९९ | २७३ | १६० | ९४ | २५४ | ४ | नोवेल एकेडेमी | २ | ०-१२ | १८० | २९३ | ४७३ | १५८ | २७४ | ४३२ |
| ५ | श्री कालिका आ. वि. | वडा नं. २ | ०-७ | ७३ | ८९ | १६२ | ४१ | ५१ | ९२ | ५ | लिटिल स्टार इ. स्कुल | २ | ०-७ | ९० | १२७ | २१७ | ६९ | १०६ | १७५ |
| ६ | श्री शंकर पार्वती मा.वि. | वडा नं. ३ | ०-१० | ३९० | २८३ | ६७३ | २८८ | २१३ | ५०१ | ६ | सगरमाथा इ. स्कुल | २ | ०-६ | ५६ | ८२ | १३८ | १०४ | १४८ | २५२ |
| ७ | श्री गणेश आ. वि. | वडा नं. ३ | ०-५ | ८२ | ६१ | १४३ | ८८ | ६३ | १५१ | ७ | न्यू सनसाइन इ. स्कुल | ३ | ०-१० | ०० | ०० | ०० | ०० | ०० | ०० |
| ८ | श्री जमुना आ. वि. | वडा नं. | ०-५ | ३२ | ७७ | १० | ३२ | ६५ | ९७ | ८ | चाँदनी बाल | ३ | ०-८ | १७ | २६४ | ४४ | १ | २६१ | ४५२ |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ३ | | | | ९ | | | | | विद्यालय | | | ७ | | १ | ९१ | | |
| ९ | श्री शारदा स. मा. वि. | वडा नं. ४ | ०-१२ | ५०९ | ४२६ | ९३५ | ४३४ | ३६५ | ७९९ | ९ | कन्चन लि. बो. स्कुल | ४ | ०-१० | २०४ | २९५ | ४९९ | १५५ | २२० | ३५५ |
| १० | श्री मालिका आ. वि. | वडा नं. ४ | ०-५ | १४३ | १३९ | २२२ | १४२ | ११७ | २५९ | १० | ध्रुर्वतारा पब्लिक स्कुल | ४ | ०-१० | २१४ | २९६ | ५१० | २५८ | ३५० | ६०८ |
| ११ | श्री भानु मा. वि. | वडा नं. ६ | ०-१२ | ५१७ | ४९४ | १०११ | ३३० | ३०० | ६३० | ११ | इलाईट बो. स्कुल | ५ | ०- ६ | १४१ | १९८ | ३३९ | १७० | २२९ | ३९९ |
| १२ | श्री कमलाशा आ. वि. | वडा नं. ६ | ०-५ | ६२ | ५२ | ११४ | ५८ | ४८ | १०६ | १२ | एशियन स्टार इ. स्कुल | ६ | ०-८ | ९२ | १४४ | २३६ | ८८ | १२४ | २१२ |
| १३ | श्री लक्ष्मी मा. वि. | वडा नं. ७ | ०-१२ | ३५० | २२२ | ५७२ | ३१४ | २०६ | ५२० | १३ | नवोदय एजुकेशन फा. | ६ | ०-५ | ७३ | ७७ | १५० | ७८ | ७३ | १५१ |
| १४ | श्री राष्ट्रिय आ. वि. | वडा नं. ७ | ०-८ | ७९ | ८९ | १६८ | ८१ | ८२ | १६३ | १४ | ओम पुष्पान्जली स्कुल | ७ | ०-१० | ३५५ | ४२४ | ७७९ | ३७२ | ४६२ | ८३४ |
| १५ | श्री पुर्णागीरी आ. वि. | वडा नं. ७ | ०-५ | ४४ | ३३ | ७७ | ४७ | २९ | ७६ | १५ | न्यु गार्डेन इ. स्कुल | ७ | ०-५ | १०४ | १३७ | २४१ | १०१ | १२६ | २२७ |
| १६ | श्री जनज्योति मा. वि. | वडा नं. ८ | ०-१० | २६२ | २२० | ४८२ | २५२ | २२६ | ४७८ | १६ | आदर्श पब्लिक स्कुल | ७ | ०-८ | १०१ | १४९ | २५० | १६९ | २११ | ३८० |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | श्री भैरव आ. वि. | वडा नं. ८ | ०-५ | ४६ | ३४ | ८० | ३० | ३१ | ६१ | १७ | दोधारा न्यु भिजन इ. स्कुल | ८ | ०-५ | १६ | १० | | १३२ | १७९ | ३११ |
| १८ | श्री अम्बिका मा. वि. | वडा नं. ९ | ०-१२ | ५२७ | ३९१ | ९१८ | ४३४ | ३३१ | ७६५ | १८ | जेरोक्स मंटेशोरी स्कुल | ९ | मंटेशोरी | ०० | ०० | ०० | २४ | ४० | ६४ |
| १९ | श्री सिर्जना आ. वि. | वडा नं. ९ | ०-८ | १५४ | ९५ | २४९ | १४१ | ९३ | २३४ | १९ | युनिक सनराइज इ.स्कू. | ९ | ०-१० | १४० | १९५ | ३३५ | १३५ | १९२ | ३२७ |
| २० | श्री नवयुग आ. वि. | वडा नं. ९ | ०-५ | ३४ | २९ | ६३ | ३० | २४ | ५४ | २० | सुदूरपश्चिम एकेडेमी | ९ | ०- ८ | १५८ | २०७ | ३६५ | १७३ | १८५ | ३५८ |
| २१ | श्री ओमकार आ. वि. | वडा नं. १० | ०-८ | १८८ | १५० | ३३८ | १७६ | १३६ | ३१२ | २१ | नोभाईस हेभन इ. स्कुल | १० | ०- ८ | २५० | २९४ | ५४४ | २३५ | २७२ | ५०७ |
| २२ | श्री हरिओम आ. वि. | वडा नं. १० | ०-५ | १६ | २५ | ४१ | १२ | १२ | २४ | | | | | | | | | | |

प्रस्तुत तथ्याङ्क केलाउँदा दोधारा चाँदनीका सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्न थालेको प्रष्ट देखिन्छ; भने संस्थागत विद्यालयमा बढी रहेको देखिन्छ । शिक्षा नीति र लगानीमा राज्यको अदुर दृष्टिले गर्दा विद्यार्थी सङ्ख्या क्रमशः सामुदायिक विद्यालयमा घट्दै गइराखेको अवस्था छ । संस्थागत विद्यालयले शिक्षा क्षेत्रमा गरेको लगानीलाई पनि सरकारले सकारात्मक रुपमा हेर्नु पर्दछ । संस्थागत विद्यालयलाई पनि राज्यको मुलधारमा समावेश गरि गुणस्तरीय शिक्षाको विकासमा एकरुपता ल्याउनु पर्छ।

## ७.४ शिक्षाका विभिन्न उपक्षेत्रमा भएको लगानीको अवस्था

अग्रगमनको प्रमुख आधार शिक्षामा गरिने लगानी सिकारु विद्यार्थीका लागि हो । तीनै सिकारु विद्यार्थीहरूनै भविष्यमा देशका लागि नभई नहुने मानवीय श्रोत/साधन हुन् । त्यसका लागि शिक्षक व्यवस्थापनमा पनि सर्वाधिक लगानी हुने गर्छ र गर्नु पनि पर्दछ । आकर्षक एवम् समय सुहाँउदा भौतिक पूर्वाधार तथा संरचना, प्रशासनिक खर्च, शैक्षिक सामग्री, छात्रवृत्ति, दिवा खाजा लगायत विविध खाले लगानीका प्रमुख विषय क्षेत्र हुन्छन ।

**तालिका - *आर्थिक वर्ष २०८०/८१ को लगानीको अवस्था***

| क्र.सं. | लगानीको शिर्षक | लगानीको क्षेत्र | लगानी को श्रोत | लगानी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | विद्यालय मा.वि | सङ्घीय सरकार | २०५००००० | |
| | | | स्थानीय सरकार | १८४२२९९ | |
| | | विद्यालय आ .वि | सङ्घीय सरकार | ७४५२३२८८ | |
| | | | स्थानीय सरकार | ३४२८७०१ | |
| | | बालविकास/कर्मचारी | सङ्घीय सरकार | ७५२५५०० | |
| | | | स्थानीय सरकार | ९१२००० | |
| | ,, शिक्षण सहयोग अनुदान | विद्यालय मा.वि | सङ्घीय सरकार | ४१८८३१९ | |
| | ,, ,, ,, ,, | विद्यालय आ .वि | सङ्घीय सरकार | १८०५९५९ | |
| ३ | निशुल्क स्यानेटरी प्याड व्यवस्थापन | विद्यालय | ,, सरकार | २६३९७२६ | |
| ४ | दिवा खाजा | विद्यालय | सङ्घीय सरकार | ४९३३९५० | |
| ५ | छात्रवृति ( छात्रा/ दलित ) | | | १२३७४०० | |
| | छात्रवृति ( PMT) | | | २१०००० | |
| ६ | प्रोत्साहन रकम | | | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | भौतिक निर्माण | | | ० | |
| ८ | मर्मत संहार | | | ० | |
| ९ | पुस्तकालय | | | ० | |
| १० | आई.सी.टि. ल्याब | | | ० | |
| ११ | वाह्य वातावरण सुधार | | | ० | |
| १२ | अतिरिक्त कक्षा सञ्चालन(कोबिड -१९) | विद्यालय | सङ्घीय सरकार | ४३८१७४ | |
| १३ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ,, | ,, | १५३४००० | |
| १४ | राष्ट्रपति रनिङ शिल्ड छनौट प्रतियोगिता | स्थानीयतह स्तर | ,, | १००००० | |
| १५ | प्रविधिक शिक्षा सञ्चालन | विद्यालय | ,, | ७००००० | |
| १६ | सिकाइ सामग्री व्यवस्थापन | ,, | ,, | २८९०२०० | |
| १७ | निशुल्क पाठ्यपुस्तक अनुदान | ,, | ,, | ४२५०४९५ | |
| | | | स्थानीय सरकार | | |
| १८ | अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | स्थानीय स्तर | सङ्घीय सरकार | ५००००० | |
| १९. | शैक्षिक गुणस्तर सुदृढिकरण प्रोत्साहन अनुदान रकम | विद्यालय | ,, | १४८९६८९ | |
| २०. | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ्ग तथा विद्यालय सुपरिवेक्षण | ,, | सङ्घीय सरकार | ५७५११० | |
| २१. | अतिरिक्त क्रियाकलाप | ,, | स्थानीय सरकार | २००००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २२. | प्रअ. बैठ क / मासिक समीक्षा | ,, | ,, | १६०००० | |
| २३. | IEMIS कार्यशाला | ,, | ,, | १००००० | |
| २४. | शैक्षिक उपलब्धि परीक्षण | विद्यार्थी | ,, | ६७५००० | |

शिक्षामा गरेको लगानीको वस्तुपरक रुपमा यति लगानी गरेकोले यति उपलब्धि भयो भन्न गाह्रो छ; किनकि शिक्षामा गरिएको लगानीको प्रतिफल तत्कालै देखिदैन। फेरि शिक्षामा गरिने लगानीलाई मानवीय सन्तुष्टिसँग जोड्ने पनि गरिन्छ, जुन मापन गर्न सहज छैन। शिक्षामा गरिने लगानी मानव संसाधन विकासको लागि गरिने लगानीको रूपमा लिइने गरेको पाइन्छ। यी दीर्घकालीन प्रभाव पार्ने विषयक्षेत्रका अतिरिक्त वस्तुपरक सूचकका आधारमा पनि शिक्षामा लगानीको उपलब्धिको रुपमा हेर्ने गरिन्छ। नेपालमा शिक्षामा लगानीका सम्बन्धमा शिक्षक व्यवस्थापनको स्वरूप र शिक्षामा राज्यको लगानीको विषय सर्वाधिक पेचिलो बनेको छ; तर त्यसो नहुनु पर्ने हो।

उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा दोधारा चाँदनीमा रहेका देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ:

१. शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्नुपर्ने ,
२. सङ्घ, प्रदेश बाहेक स्थानीय सरकारलाई पनि शिक्षामा थप लगानीको लागि जिम्मेवार बनाईनु पर्ने,
३. संवैधानिक मार्गदर्शन तथा नीतिअनुरूप निजी क्षेत्र/अभिभावकको तर्फ बाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरि सामाजिक दायित्त्व एवम् सेवामूलक भावनालाई प्रोत्साहन गरिनु पर्ने,
४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्नुपर्ने ,
५. दातृ संस्थाहरूबाट सहायता प्राप्ति, परिचालन, घट्दै गएकाले त्यस प्रकारका सहायताहरूलाई बढाउन र त्यसको दिगोपना सुनिश्चित गर्नुपर्ने ,
६. आधुनिक प्रविधि (Innovation) विशेषगरि सूचना तथा सञ्चार प्रविधि मैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोत साधनको व्यवस्था गर्नुपर्ने ,
७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरू: प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्नुपर्ने ,
८. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्नुपर्ने ,
९. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्नुपर्ने ,
१०. वित्तीय व्यवस्थापनलाई कार्यकुशल बउनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्नुपर्ने ,

११. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरि वित्तीय सुशासन कायम गर्नुपर्ने ।

१२. दोधारा चाँदनीमा कार्यरत शिक्षकहरूको कार्य क्षमता वृद्धि गर्न तालिम तथा कार्यशालाहरू सञ्चालन गर्नुपर्ने , आदि ।

## ७.५ उद्देश्यहरू

शैक्षिक सुधारका निम्ति तयार पारिएको नगर दश वर्षे योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन् :

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,

२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गरि कार्यन्वयन गर्नु,

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धाण गरि कार्यक्रमगत बजेट निर्धारण गर्नु,

४. खर्चको प्रक्रिया र तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु,

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु,

६. उपलब्धिमुलक र औचित्यको आधारमा पारदर्शी एवम् दिगो हुनेगरि लगानीका कार्यक्रम बनाई सिघ्र परिणाम दिनेगरि लगानीको श्रोत पहिचान सहित लगानीको प्रबन्ध गर्नु,

७. विद्यालयहरूमा भौतिक निर्माण तथा खरिदको लागि एउटा छुट्टै नगर स्तरीय *विकास निर्माण विभाग (Dipartment* of *Development and Construction-DDC)* खडा गरि नियमित कामगर्ने वातावरण बनाउनु, आदि ।

## ७.६ रणनीतिहरू

दोधारा चाँदनी नगरपालिकाको दश वर्षे शिक्षा योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुने छन्:

१. विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुने छ । यसका लागि कम्तीमा सङ्घीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ-आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिएको छ ।

२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गरिने छ ।

३. शिक्षामा सार्वजनिक लगानी वृद्धि गर्नुको साथै स्थानीय सरकारबाट आवश्यकतामा आधारित विशेष बजेटको व्यवस्था गरिने छ ।

४. सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरि निश्चित मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरि विद्यालय शिक्षा सञ्चालन गर्ने व्यवस्था गरिने छ ।

५. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिने  छ।

६. मापदण्डका आधारमा खर्च, निष्पक्ष अनुगमन एवम् यथार्थ प्रतिवेदन पद्धति अवलम्बन गरिने  छ।

७. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरि वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइने छ।

८. स्थानीय सरकारको तर्फ बाट शिक्षाका नयाँ नयाँ आयाम तथा पद्धतिहरूको प्रयोगगरि शिक्षा लिने दिने प्रक्रियालाई सहज र जीवन्त गर्न निरन्तर बजेटको व्यवस्था गर्नुको साथै नियमित फलोअप गरिने  छ।

## ७.७ लगानी र स्रोत व्यवस्थापन

दोधारा चाँदनीको आगामी दश वर्षे योजना अवधिको लक्ष्य प्राप्तिको लागि निम्नानुसारको लगानीको क्षेत्र र स्रोत व्यवस्थापन अनुमान गरिएको छ –

**तालिका- *लगानीको क्षेत्र र स्रोत व्यवस्थापन***

| क्र. सं. | कार्यक्रमहरू | एकाई | पहिलो वर्ष ८१/८२ | दोश्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/८६ | कूल पांच वर्ष | कार्यक्रमको कूल लागत रकम (दश वर्ष) | स्थानीय सरकार को लगानी | प्रदेश सरकार को लगानी | सङ्घीय सरकारको लगानी | NGOs/INGOsको लगानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा सम्बन्धि जनचेतना | १०×१० | १५०००० | १५०००० | १५०००० | १५०००० | १५०००० | ७५०००० | १५००००० | स्थानीय | | | | |
| २ | बाल बिकास शिक्षा | | | | | | | | | | | | | |
| | क ) बाल शिक्षक | | ८४३७५०० | ८४३७५०० | ८४३७५०० | ८४३७५०० | ८४३७५०० | ४२१८७५०० | ८४३७५००० | ९१२०००० | | ७५२५५००० | | |
| | ख ) भौतिक पूर्वाधार | | २५००० | २५०००० | २५००० | २५००० | २५००० | १२५००० | २५०००० | | | | २५०००० | |
| | ग ) केन्द्र सञ्चालन तथा शैक्षिक सामग्रीहरू | | ४६००००० | ४६००००० | ४६०००० | ४६०००० | ४६०००० | २३०००००० | ४६०००००० | | | ४६०००००० | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालय शिक्षा ( आधारभूत तथा माध्यमिक ) | | | | | | | | | | | | | |
| | क)भौतिक पूर्वाधार तथा मर्मत | | ११८००००० | ११८००००० | ११८००००० | ११८००००० | ११८०००००० | ५९०००००० | ११८०००००० | | ८०००००० | ११०००००० | | |
| | ख) कक्षा कोठा व्यवस्थापन | | १०००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | १०००००० | १०००००० | | | | |
| | ग) शौचालय | | १२००००० | १२००००० | १२००००० | १२००००० | १२००००० | ६०००००० | १२०००००० | | ६०००००० | | ६०००००० | |
| | घ) खानेपानी | | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | १००००० | १००००० | | | | |
| | ङ) घेरपर्खाल | | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० | ५०००००० | | ५०००००० | | | |
| | च) फर्निचर | | २०००००० | २०००००० | २०००००० | २०००००० | २०००००० | १०००००० | २०००००० | २०००००० | | | | |
| | छ) बिद्युत र सञ्चार | | २६४००० | २६४००० | २६४००० | २६४००० | २६४००० | १३२०००० | २६४०००० | | | २६४०००० | | |
| | ज)वैकल्पिक शिक्षण | | ४५०००० | ४५०००० | ४५०००० | ४५०००० | ४५०००० | २२५०००० | ४५००००० | | | ४५००००० | | |
| | झ)आधुनिक शैक्षिक सामग्री | | १३०००० | १३०००० | १३०००० | १३०००० | १३०००० | ६५०००० | १३००००० | | | | १३००००० | |
| | ञ)विज्ञान प्रयोगशाला | | ६५०००० | ६५०००० | ६५०००० | ६५०००० | ६५०००० | ३२५०००० | ६५०००००० | | ६५००००० | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ट) पुस्तकालय | | ६५०००० | ६५०००० | ६५०००० | ६५०००० | ६५०००० | ३२५०००० | ६५०००००० | | ६५००००० | | | |
| | ठ) खेलकुद तथा सांस्कृतिक क्रियाकलाप | | २५००००० | २५००००० | २५००००० | २५००००० | २५००००० | १२५००००० | २५००००० ० | २४०००००० | | १०००००० | | |
| | ड) भेला/ अन्तरक्रिया/ सेमिनार | | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | १०००००० | | | | १०००००० | |
| | ढ) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक | | २००००० | २००००० | २००००० | २००००० | २००००० | १०००००० | २०००००० | १०००००० | | | १०००००० | |
| | ण) मूल्याङ्कन | | | | | | | | | | | | | |
| | त) प्र.अ बैठक तथा माशिक समिक्षा | | १६०००० | १६०००० | १६०००० | १६०००० | १६०००० | ८००००० | १६००००० | | | | | |
| | थ ) सुचना तथा सञ्चार प्रविधि (ICT LAB) | | ६५०००० | ६५०००० | ६५०००० | ६५०००० | ६५०००० | ३२५०००० | | | ६५००००० | | | |
| | द ) मनोसामाजिक परामर्श | | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० | ५०००००० | | | | ५०००००० | |
| ५ | प्राविधिक/व्यावसायिक शिक्षा | | ७००००० | ७००००० | ७००००० | ७००००० | ७००००० | ३५००००० | ७०००००० | | | ७०००००० | | |
| ६ | शिक्षक भर्ना/ विकास | | | | | | | | | | | | | |
| | क)दरबन्दी मिलान/ सरुवा | १ | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | १०००००० | | | | | |
| | ख) शिक्षक भर्ना/ तालिम | | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | १०००००० | | | | | |
| | ग) एक शिक्षक एक ल्यापटप | २० | १८००००० | १८००००० | १८००००० | १८००००० | १८००००० | ९०००००० | १८०००००० | १८०००००० | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घ) पुरुस्कार,सम्मान/ शिक्षक प्रोत्साहन | | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | १०००००० | १०००००० | | | | |
| ७ | जीवनपर्यन्त शिक्षा, जीवनोपयोगी सीप | | १५०००० | १५०००० | १५०००० | १५०००० | १५०००० | ७५०००० | १५००००० | ७५०००० | | | ७५०००० | |
| ८ | अनुगमन / मुल्याङ्कन | | | | | | | | | | | | | |
| | क)अनुगमन तथा सुपरिवेक्षण | | ५७५११० | ५७५११० | ५७५११० | ५७५११० | ५७५११० | २८७५५५० | ५७५११०० | | | ५७५११०० | | |
| | ख)शैक्षिक उपलब्धि परिक्षण | | ६७५००० | ६७५००० | ६७५००० | ६७५००० | ६७५००० | ३३७५००० | ६७५०००० | | | ६७५०००० | | |
| | ग) शैक्षिक अवलोकन/ अनुसन्धान भ्रमण/ गोष्ठी/ सेमिनार | | ६००००० | ६००००० | ६००००० | ६००००० | ६००००० | ३०००००० | ६०००००० | ५०००००० | | | १०००००० | |
| | घ) प्रदर्शनी | | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | ५००००० | ५००००० | | | | |
| ९ | विद्यालय मर्ज / समायोजन/ स्थानान्तरण/ विषयान्तरण/स्थापना | | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० | ५०००००० | ३०००००० | १०००००० | १०००००० | | योग |
| १० | छपाई | | | | | | | | | | | | | |
| | क)क्यालेन्डर | | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | १०००००० | | | | | |
| | ख) मुखपत्र | | २००००० | २००००० | २००००० | २००००० | २००००० | १०००००० | २०००००० | | | | | |
| | ग) वार्षिक कार्यक्रम | | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | | | | | २५०००० | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्यार्थी/ शिक्षक/ दिवाखाजा | | ८२२३२५० | ८२२३२५० | ८२२३२५० | ८२२३२५० | ८२२३२५० | ४१११२५० | ८२२३२५०० | ३२८९३०० | | ४९३३९५०० | | |
| १२ | निशुल्क स्यानेटरी पेड व्यवस्थापन | | २६३९७२६ | २६३९७२६ | २६३९७२६ | २६३९७२६ | २६३९७२६ | १३१९८६३० | २६३९७२६० | | | | | |

# परिच्छेद : आठ

# अनुगमन तथा मूल्याङ्कन

## ८.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ । शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनको क्रममा सिकिएका पाठहरूको आधार तथा सङ्घीय संरचनाको सन्दर्भमा अनुगमन तथा मूल्याङ्कनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू, उद्देश्य, रणनीति एवम् यस शिक्षा क्षेत्रको योजनामा सङ्घीय स्वरूपअनुसारको अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकासका लागि सबै तहका सरकार, सबै निकाय र सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन ढाँचा, साधन, विषय र प्रतिवेदनसम्बन्धी विषयहरू यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ८ .२ वर्तमान अवस्था

नेपालमा आठौं योजनाबाट अनुगमन तथा मूल्याङ्कनलाई योजनाको अभिन्न अङ्गको रूपमा समेटेको पाइन्छ । राष्ट्रियस्तरमा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) र मन्त्रालयस्तरमा सम्बन्धित मन्त्रीको अध्यक्षतामा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) गठन भई चौमासिक रूपमा बैठक बस्ने र विकास कार्यक्रमहरूको चौमासिक प्रगति समीक्षा गर्ने गर्दछ । राष्ट्रिय शिक्षा पद्दतिको योजना अवधिमा शिक्षा मन्त्रालयमा मूल्याङ्कन शाखा रहेकोमा २०४९ पछि यसलाई अनुगमन शाखाका रूपमा विकास गरियो भने २०६३ पछि अनुगमन महाशाखाका रूपमा विकास गरिएको थियो । सङ्घीय संरचना प्रारम्भ भएपछि मन्त्रालयको संरचनागत परिवर्तन भई योजना तथा अनुगमन महाशाखाअन्तर्गत अनुगमन तथा मूल्याङ्कन शाखा रहेको छ । शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट. प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरूको उपलब्धि परीक्षण गर्दै आएको छ। विद्यालय निरीक्षक तथा

स्रोतकेन्द्रबाट शिक्षकलाई शिक्षण प्रक्रियामा स्थलगत प्राविधिक सहयोगका अतिरिक्त विद्यालय एवम् शिक्षण सिकाइ प्रक्रिया लगायतका विषयमा निरीक्षण तथा सुपरिवेक्षण हुने गरेकोमा अहिले आएर स्रोतकेन्द्र खारेज भएका हुनाले सुपरिवेक्षणका लागि कुनै संस्थागत प्रबन्ध रहेको छैन। दिगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरिएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालू आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरिएका सूचकका आधारमा अनुगमन तथा मूल्याङ्कन गरिने  गरिएको छ।
वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमन सम्बन्धी प्रबन्ध गरिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनमा भएका सबल र कमजोर पक्षको जानकारी लिने तथा लक्ष्य र वास्तविक कार्यान्वनको अवस्था बिचको अन्तर पत्ता लगाउनका लागि नतिजा तालिका अनुसारको सूचना सङ्कलन गरिएको छ । विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लाई लिइएको छ । विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य सुरू गरिएको छ । बाह्य मूल्याङ्कन समूहबाट विद्यालय क्षेत्र विकास कार्यक्रमको मध्यावधि मूल्याङ्कन कार्य सम्पन्न भएको छ । विद्यालय तह, स्थानीय तह, प्रदेश र सङ्घीय तहमा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रममा वैदेशिक सहयोगको कतिपय अंश लक्षित नतिजामा आधारित गरी बाह्य संस्था वा विज्ञद्वारा भुक्तानी सूचकहरू (disbursement indictors-DLI) रुजू गरेर मात्र उपलब्धि अनुसार सरकारले भुक्तानी पाउने व्यवस्था पनि गरिएको छ । उल्लिखित प्रबन्ध भए पनि सङ्घीय संरचनाअनुसार अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरि आवश्यक नतिजाहरू सबै तहको सरकारले प्राप्त गर्न सक्ने गरि स्वचालित बनाइनु पर्ने छ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट तीनै तहका सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाइनु आवश्यक छ । अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ । उल्लिखित विश्लेषणका आधारमा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छः

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवम् राष्ट्रिय रूपमा उपयोगी मापनयोग्य सूचकहरूको निर्धारण, मापनयोग्य सूचकको निर्माण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्न नसकिनु,
२. अनुगमनलाई मागमा आधारित बनाउनु, अनुगमनमा नियमितता र एकरूपता कायम गर्न, अनुगमन कार्यमा दोहोरोपना हटाउन, अनुगमनलाई योजनाबद्ध गर्न, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्न नसकिनु,
३. अनुगमनको प्रतिवेदन व्यस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र सङ्घीयता कार्यान्वयनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात विद्यालय निरीक्षण तथा सुपरिवेक्षणको काम पुनर्सङ्गठित गर्न नसकिएको,

४. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्न, सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता गर्न र अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिलाई उपयोगमा ल्याउन नसकिनु, र
५. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु ।

## ८ .३ उद्देश्य

१. प्रभावकारी, सुधारात्मक, सहयोगी तथा कुशल अनुगमन प्रणालीको विकास गर्नु,
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ,
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल गर्नु, र
४. योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरि आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु ।

## ८.४ रणनीतिहरू

१. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कनको मार्गदर्शन निर्माण र उपयोग गरिने छ ।
२. अनुगमन पूर्णतया सहयोगात्मक एवम् सुधारात्मक पद्धति मा आधारित हुने छ र सबै प्रकारका अनुगमनहरू शिक्षकको पेशागत विकासमा सहयोगी सिद्ध हुने छन् । ।
३. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण (सफ्टवेयरको निर्माण गरी) गरिने छ । शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरि आवश्यक सूचक सहित स्वचालित बनाइने छ ।
४. सूचक विकासका लागि प्रमुख नतिजा सूचक तथा नतिजा खाका लाई मुख्य आधार बनाइने छ ।
५. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकतानुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गरिने छ ।
६. विद्यालयदेखि शिक्षाका स्थानीय, जिल्ला, प्रदेश तथा केन्द्रीय निकायहरू एवम् शिक्षा सम्बद्ध सबै कार्यक्रम, योजना तथा परियोजनाहरूको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि वेबमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइने छ । योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक कानुनी तथा संरचनागत व्यवस्थासहित जनशक्तिको प्रबन्ध गरि प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिने छ र कुन तहले कुन कुन स्तर कुन कुन विषयको अनुगमन तथा मूल्याङ्कनलाई ध्यान दिने भन्ने निश्चित गरिने छ ।

७. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गरिने छ।

८. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रूपमा लागू गर्ने प्रणालीको विकास गरिने छ।

९. अन्तरनिकाय र अन्तरसरकारी तहको समन्वय र सहकार्यमा जोड दिइने छ।

१०. कूल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्वन गरिने छ।

११. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने छ।

१२. प्रत्येक शैक्षिक योजना, कार्यक्रम तथा परियोजनाहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिने छ।

१३. अनुगमन मूल्याङ्कन तथा प्रतिवेदनमा आधारित भई सम्बद्ध जनशक्ति, निकाय, कार्यक्रम,योजना तथा परियोजनालाई पुरस्कृत र दण्ड गर्ने प्रणालीको विकास गरिने छ।

१४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, परिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिने छ।

## ८.५ उपलब्धि, नतिजाहरू, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

**क) उपलब्धि (Outcomes)**

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने।

**ख) प्रमुख नतिजाहरू (Key results)**

१. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने।

२. सहयोगात्मक एवम् सुधारात्मक अनुगमन पद्धति लागु गरिने ।

३. अनुगमनका आधारमा नतिजा सुधार हुने।

४. अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास हुने।

५. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित भई यसका नतिजाहरूका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने।

६. विभन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने।

## ग ) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target )

| क्र स | क्रियाकलाप | एकाइ | लक्ष्य पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष | जम्मा | लक्ष्य १० वर्ष | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अनुगमनको जिम्मेवारी सहित एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन विकास | सङ्घ, प्रदेस ,नगरपालिका | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अध्यावधिक गर्ने | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ३ | कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तह तथा निकायले आफुले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | सङ्घ, नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ४ | कार्यक्रम कार्यान्वयनको मासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | नगरपालिका | प्रत्यक महिना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | शैक्षिक सूचना व्यवस्थापनका पद्धतिमा सुधार गरी तीनै तहका सरकारले आवश्यक कार्यान्वयन तथा प्रत्येक पटक सूचना लिन सक्ने गरी एकीकृत तथा व्यवस्थित गर्ने | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ६ | स्थिति प्रतिवेदन तयार गर्ने | शिक्षा शाखा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ७ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ८ | शिक्षा क्षेत्रको योजना कार्यान्वयनको समग्र मूल्याङ्कन गर्ने | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ९ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | शिक्षा शखा र सम्बन्धित विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| १० | विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने। | वि.व्य. स र नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ११ | स्थानीय तहले अनुगमन पद्धति विकास तथा कार्यान्वयन गर्ने | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गर्न क्षमता विकास गर्ने | सङ्घ, नगरपालिका र विद्यालय | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | नगरपालिका |
| १३ | विद्यालयहरूमा गरिने विद्यालय सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | सम्बन्धित विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | सम्बन्धित विद्यालय |
| १४ | विद्यालयहरूको लेखा परीक्षण | सम्बन्धित विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | सम्बन्धित विद्यालय |
| १५ | विभिन्न विषय तथा मुद्दामा अध्ययन तथा अनुसन्धान | विषय शिक्षक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | विद्यालय तथा शिक्षक |

**सन्दर्भ सामग्री**


१. नेपालको संविधान् २०७२, कानुन किताब व्यवस्था समिति

२. उच्च स्तरीय कार्यदलका प्रतिवेदन २०५५, शिक्षा मन्त्रालय, काठमाण्डौं

३. उच्च स्तरीय कार्यदलका प्रतिवेदन २०५८, शिक्षा मन्त्रालय, काठमाण्डौं

४. चौधौं (त्रिवर्षीय) योजना (२०७३) राष्ट्रिय योजना आयोगको सचिवालय, काठमाण्डौं

५. विद्यालय क्षेत्र सुधार कार्यक्रम मूल दस्तावेज (२०६६–२०७२) शिक्षा मन्त्रालय, काठमाण्डौं

६. विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३–२०८०), शिक्षा मन्त्रालय, काठमाण्डौं

७. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभाग, थापाथली काठमाण्डौं

८. शिक्षा ऐन (संशोधन सहित), २०२८, कानुन किताब व्यवस्था, समिति, काठमाण्डौं

९. शिक्षा नियमावली (संशोधन सहित), २०५९ कानुन किताब व्यवस्था समिति, काठमाण्डौं

१०. स्थानीय सरकार सञ्चालन ऐन २०७४, काठमाण्डौं

११. निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, काठमाण्डौं

१२. दिगो विकास लक्ष्य २०१७–३० राष्ट्रिय योजना आयोग, काठमाण्डौं

१३. उच्च स्तरीय कार्यदलको प्रतिवेदन शिक्षा मन्त्रालय, काठमाण्डौं

१४. नेपाल सरकारको कार्यक्रम बजेट २०८०/८१ , काठमाण्डौं

१५. १६ औं योजनाको आधारपत्र

१६. IEMIS रिपोर्ट

१७. सरोकारवालाहरूसँगको छलफल

१८. CEHRD

१९. दोधारा चाँदनी नगरपालिकाको websites तथा सन्दर्भ सामग्री

२० दोधारा चाँदनीका विद्यालयहरु

# नगर शिक्षा योजन निर्माण मस्यौदा समिति को नामावली





नगरप्रमुख श्री किशोर कुमार लिम्बु
संयोजक

नगर उपप्रमुख श्री गंगा जोशी
सदस्य



श्री ओमप्रकाश रोकाया-
सदस्य



श्री पुरुषोतम पन्त
सदस्य




श्री खिम चन्द
सदस्य



श्री श्रीनाथ बराल
सदस्य



श्री गोकूल देव विष्ट
सदस्य



श्री गगन बहादुर खड्का
सदस्य



श्री कृष्ण बहादुर चन्द
सदस्य



श्री ओकिल बस्नेत
सदस्य



शिक्षा शाखा प्रमुख श्री हरि दत्त जोशी
सदस्य सचिव

# नगर शिक्षा योजन निर्माण मस्यौदा उप-समिति को नामावली



श्री पुरुषोतम पन्त
संयोजक





श्री  खिम चन्द  - सदस्य

श्री श्रीनाथ बराल -सदस्य





श्री गोकुल देव बिस्ट -सदस्य

श्री गगन बहादुर खड्का -सदस्य





श्री कृष्ण बहादुर चन्द - सदस्य

श्री ओकिल बस्नेत-सदस्य



